३५६
भक्तपुर मासिक
Bhaktapur Monthly
पुस २०८२
ISSN 2705-4454



# भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८२

- योमारी प्रतियोगिता तथा प्रदर्शनी
- भक्तपुर नपाको ७६ औं स्थापना दिवस
- जेन–जी के सिद्धान्त र आदर्शबाट सञ्चालित छ ?
- नेपालमा रङ्गीन क्रान्ति ?!
- शासक पार्टीहरूको नाम र नेता फरक तर काम एउटै !
- एमाले जबजबाट बाबवामा पतन !
- भक्तपुर नपाको गतिविधि
- भक्तपुर नगरको नमुना सरसफाइ अभ्यास : फोहोर होइन, मोहोर
- इथियोपियादेखि जाम्बियासम्मको उदाहरणले भन्छ – बीआरआई साझा भविष्य हो
- जान इन्जेनहज : प्रकाश संश्लेषण प्रक्रिया सिद्धान्तका प्रतिपादक
- प्यालेस्टिनी जनतासँग अन्तर्राष्ट्रिय ऐक्यबद्धता दिवस




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)बाट भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको २४ औं र ख्वप कलेज अफ इन्जिनियरिङको १७ औं वार्षिकोत्सव कार्यक्रमको उद्घाटन । मङ्सिर २६ गते




नेमकिपाका सचिव प्रेम सुवालगायत भक्तपुर नपाको ७६ औं स्थापना दिवसको अवसरमा योमारी प्रतियोगिताका विजयीहरूलाई पुरस्कार, सहभागीहरूलाई प्रमाण-पत्र वितरण तथा सहयोगीहरूलाई धन्यवादज्ञापन कार्यक्रममा । पुस २ गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१०    फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४०    भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j Ì $# ★ cÆ  @ ★ g}; ‡!!$^ ★ lj=; ‡@)*@k'; ★ A.D.2026

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

*मुद्रण* :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





## एउटा चित्र

### ङतापोलँ छता मरु

वि. सं. १९९० माघ २ गतेका दिन गएको महाभूकम्पमा ङतापोल्हँको गजुर रहेको तलामात्र बिग्रेको थियो । तर भैरवको मन्दिर पूरै भत्केको थियो । त्यसैबाट नेपालभाषामा एक गीत प्रचलनमा आयो– ‘ङतापोलँ छता मरु भैलद्यः पतामरु ।’ अर्थात् ङतापोल्हँ मन्दिरको एक तला छैन, भैरव मन्दिरको अत्तोपत्तो छैन ।

तस्बिर : फेसबुक


‘भक्तपुर’ मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**‘कुशल शासकहरू भविष्यको सोचाइ गर्दछन्, राजनीतिज्ञलाई चुनावको मात्र चिन्ता हुन्छ ।’**– अब्राहम लिङ्कन

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८२ | – | ३ |
| २) | योमारी उत्सव २०८२ | – | १८ |
| ३) | भक्तपुर नगरपालिकाको ७६ औँ स्थापना दिवस | – | २६ |
| ४) | ‘शासक दलहरूको कारण देश सङ्कटमा पुगेको हो’ | प्रेम सुवाल | ३१ |
| ५) | ‘भक्तपुरलाई पारदर्शी, भ्रष्टाचारमुक्त र स्मारक संरक्षित नमुना नगरको रूपमा विकास गर्ने कोसिस गर्दैछौँ’ | सुनिल प्रजापति | ३३ |
| ६) | जेन–जी के सिद्धान्त र आदर्शबाट सञ्चालित छ ? | प्रधान | ३६ |
| ७) | शासक पार्टीहरूको नाम र नेता फरक तर काम एउटै ! | प्रज्ज्वल | ३७ |
| ८) | सङ्घीयताको प्रभावकारी कार्यान्वयन नहुँदा प्रदेशको औचित्यमाथि प्रश्न उठेको हो : | प्रमुख सुनिल प्रजापति | ३९ |
| ९) | सङ्घीयता कार्यान्वयनका व्यवहारिक पक्ष, भक्तपुर नगरपालिका र सङ्घीयता कार्यान्वयनका चुनौतीहरू | सुनिल प्रजापति | ४१ |
| १०) | एमाले जबजबाट बावबामा पतन ! | विवेक | ४४ |
| ११) | ख्वप विश्वविद्यालय छुट्टै विशेषतासहितको एक नमुना विश्वविद्यालय हुनेछ | प्रमुख सुनिल प्रजापति | ४६ |
| १२) | भक्तपुर नगरको नमुना सरसफाइ अभ्यास : फोहोर होइन, मोहोर | बसन्त भट्टराई | ४९ |
| १३) | इथियोपियादेखि जाम्बियासम्मको उदाहरणले भन्छ– बीआरआई साझा भविष्य हो | चेतनाथ आचार्य | ५५ |
| १४) | नेपालमा रङ्गीन क्रान्ति ?! | ब्रायन बर्लेटिक | ६१ |
| १५) | भक्तपुरमा भूदासबाट उठेर किसान बनेका हुन् | प्रा. डा. सुरेश ढकाल | ६४ |
| १६) | निर्वाचनको सर्न्दभ | – | ६५ |
| १७) | जान इन्जेनहज : प्रकाश संश्लेषण प्रक्रिया सिद्धान्तका प्रतिपादक | राजेन्द्र बहादुर कायष्ठ | ६८ |
| १८) | ल्हासाको आकर्षण : तिब्बती ओपेरा | रविन | ७२ |
| १९) | बानीव्यहोर राम्रो हुनुपर्‍यो नि ! | कुशल | ७४ |
| २०) | प्यालेस्टिनी जनतासँग अन्तर्राष्ट्रिय ऐक्यवद्धता दिवस | – | ७६ |
| २१) | बसिल : किक बक्सिङ खेलाडी | राजकुमार लघु | ८० |
| २२) | महिला नौ बाजा वादक मनसादेवी | सकुन्तला महर्जन | ८२ |
| २३) | भक्तपुर नगरपालिका गतिविधि | – | ८६ |
| | क) शैक्षिक गतिविधि | – | ९४ |
| | ख) स्वास्थ्य सेवा | – | १०७ |
| | ग) अनुभवको आदान–प्रदान | – | ११९ |
| | ङ) सङ्क्षेपमा | – | १२० |
| २४) | विविध समाचार | – | १२१ |
| २५) | भ्रष्टाचारै भ्रष्टाचार | – | १२३ |
| २६) | उत्सवमय मङ्सिर (सम्पादकको पृष्ठ) | – | १४४ |

**साथमा** : जीवन–आचरण–८/ यता–उताबाट–३२/ हाम्रा पुराना मूर्ति–३८/ बसिबियाँलो–४५/ कति शब्द बन्छ होला ?–४८/ सामान्य ज्ञान–६४/ प्रेरणीय–८१/गोपालराज वंशावली (नेपालीमा–६)–८३/ नेवा नां (२)–८५/ Word Search–१०६/ ख्वप अस्पतालको प्रगति–११८/ हाम्रो स्वास्थ्य–१४१/ पर्यटक तथ्याङ्क–१४३/ तस्बिरमा केही गतिविधि ।

# भक्तपुर नगरव्यापी

# विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८२

(मङ्सिर २५–पुस १)

## टेबुलटेनिस, भलिबल, फुटबल, कबड्डी, खो खो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्डो, पोर्टबल, जिम्नास्टिक, कसिमला पाँय र बाघचाल खेलमा प्रतिस्पर्धा




### समुद्घाटन

भक्तपुर नगरपालिकाको आयोजनामा हरेक वर्ष हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८२ मङ्सिर २५ गतेदेखि सुरु भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा एक भव्य समारोहबिच सहिदस्मृति खेलमैदानमा प्रतियोगिताको समुद्घाटन सम्पन्न भयो ।

समुद्घाटन समारोहमा अध्यक्ष **बिजुक्छेँ**ले खेलकुद मित्रता, शिक्षा र संस्कृतिको पनि महत्त्वपूर्ण अङ्ग भएको बताउनुहुँदै खेलकुदले अनुशासन र कर्तव्यप्रति सचेत पार्ने बताउनुभयो ।







खेलकुदले शारीरिक र मानसिक स्वास्थ्य सुधार गर्नुका साथै अनुशासित नागरिक तयार गर्ने र सामाजिक सम्बन्ध मजबुत बनाउने उहाँले बताउनुभयो ।

विद्यालय, वडा, नगर र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताले खेलाडीहरूले व्यक्तित्व

विकासको अवसर पनि पाउने बताउनुहुँदै उहाँले विद्यार्थीहरूलाई आत्मनिर्भरताको पाठ सिकाउनुपर्ने बताउनुभयो ।

भदौ २३ र २४ गते नेपालमा घटेको अकल्पनीय घटनाले देशको प्रशासनिक केन्द्र सिंहदरबार, संसद् भवन र धेरै मन्त्रालयहरू तथा देशभरका धेरै सरकारी कार्यालयहरू जलाइएको सन्दर्भ जोड्नुहुँदै उहाँले नयाँ पुस्तालाई राजनैतिक रूपमा सङ्गठित पार्न नसक्दा देशले ठूलो क्षति व्यहोर्नुपरेको बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देशको लागि अनुशासित, नैतिकवान र देशभक्त नागरिक तयार गर्ने उद्देश्यले खेलकुद प्रतियोगिताहरू आयोजना गर्दै आएको बताउनुहुँदै यस्ता गतिविधिबाट विद्यार्थीहरूले आफ्नो रुचिअनुसारको खेलमा भाग लिन पाउने अवसर पाउने बताउनुभयो ।

उहाँले नगरपालिकाको आयोजनामा भएको नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा ८० भन्दा बढी विद्यालयका करिब ३ हजार २९१ जना खेलाडीहरू प्रतिस्पर्धा गर्ने बताउनुहुँदै खेलकुद गतिविधिले भक्तपुर उत्सवमय हुने बताउनुभयो ।

वाग्मती प्रदेशका प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाई**ले प्रतियोगिता सफलताको लागि शुभकामना दिनुहुँदै बालबालिकाको



पढ्ने, लेख्ने र अतिरिक्त क्रियाकलापमा भाग लिन पाउने अधिकार सुनिश्चित हुनुपर्ने बताउनुभयो ।

देश विकासमा खेलकुद क्षेत्र पनि जोडिएको हुन्छ भन्नुहुँदै उहाँले खेलकुद क्षेत्रको विकासमा सरकारले खासै चासो नदिएको प्रष्ट पार्नुभयो । नयाँ पुस्तालाई विध्वंस, विनाश, अराजकता, उत्तेजनातर्फ होइन, विज्ञान र रचनात्मक बाटो देखाउनु आजको आवश्यकता भएको बताउनुहुँदै उहाँले देशको उज्ज्वल भविष्य निर्माणको लागि खेलकुद पनि सशक्त माध्यम हो भन्नुभयो ।



भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **उमेशकुमार ढकाल**ले विद्यालयहरूले हरेक विद्यार्थीलाई शिक्षा सँगसँगै खेलकुदमा पनि सक्रिय बनाउने काम गर्दै आएको बताउनुहुँदै विद्यार्थीको अन्तरनिहित क्षमता उजागर गर्ने माध्यमको रूपमा खेलकुद क्षेत्रको विकास भइरहेको बताउनुभयो । यस्ता गतिविधिहरूले विद्यार्थीमा गतिशीलता विकास गराउने उहाँले बताउनुभयो ।



भक्तपुर नपा युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले खेलकुदले विद्यार्थीको शारीरिक र मानसिक विकाससँगसँगै जीवनउपयोगी सीप पनि सिकाउने बताउनुभयो ।



भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष **विनोदचरण राय**ले भक्तपुर नपाले जनतालाई गरेको वाचाअनुसार आफ्ना गतिविधिहरू सञ्चालन गरी जनमुखी काम गर्दै आएको बताउनुहुँदै सहिदस्मृति खेलमैदानलाई सुविधा सम्पन्न गर्नुपर्ने पक्षमा जोड दिनुभयो ।

कार्यक्रममा कराँतेका राष्ट्रिय निर्णायक राजुसिं बजिको र खेलाडीको









तर्फबाट सुरभी श्रेष्ठले खेलकुदलाई अनुशासित र मर्यादित बनाउन सपथ लिएका थिए ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व र प्रमुख प्रशासकीय अधिकृत वसन्त** भट्टराईले पनि बोल्नुभएको थियो ।

समुद्घाटन कार्यक्रममा खेलाडीहरूले जिम्न्यास्टिक खेल प्रदर्शन गरेका थिए भने आस्था सांस्कृतिक समूह र गणेश मावि भार्वाचोका विद्यार्थीहरूले नृत्य प्रस्तुत गरेका थिए ।



# समुद्घाटन ऱ्याली

यस अघि समुद्घाटनको ऱ्याली भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा दत्तात्रयबाट सुरु भई गोल्मढी, नासमना, भार्वाचो बसपार्क, जनज्योति पुस्तकालयको अगाडिबाट नगर परिक्रमा गरी सहिदस्मृति खेलमैदानमा पुगी सभामा परिणत भएको थियो ।

ऱ्याली सुरु हुन अगाडि दत्तात्रयमा भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजु र कार्यपालिका सदस्य सुनिता अवालले बोल्नुभएको थियो ।

ऱ्यालीमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, विभिन्न विद्यालयहरू, प्रतियोगी खेलाडीहरू, बाँसुरी बाजा, धिमे बाजा, नेपाल स्काउट टोली, नपाका खेलकुद प्रशिक्षार्थीहरू, टीम/क्लब/पुस्तकालय/सङ्घसंस्थाहरूका प्रतिनिधिहरू, नगरपालिकाका कर्मचारीहरू, खेलप्रेमी तथा सबै वडाका खेलकुद समितिका स्वयम्सेवकहरूको सहभागिता रहेको थियो ।




## समुद्घाटन ऱ्यालीका केही झलक









## विद्यालयस्तरीय खेलकुद प्रतियोगिता हुने खेल तालिका

| क्र.सं. | खेल | खेल हुने स्थान | मिति | सयम | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | भलिबल | सहिद स्मृति खेल मैदान | मंसिर २७ गतेदेखि | बिहान ८ बजे | विनोद चरण राय | ९८५१०३३११७ |
| २ | टेबुलटेनिस | बेखाल टेबुलटेनिस कभर्ड हल | मंसिर २६ गतेदेखि | बिहान १० बजे | रवि सुवाल | ९८४१६२१३२० |
| ३ | उसु | नासमना, भ.न.पा ३ | मंसिर २७ गतेदेखि | बिहान ८ बजे | साजन देसेमरू | ९८४१३९४५३८ |
| ४ | पोटंबल | श्री पद्म मा.वि. | मंसिर २६ गतेदेखि | बिहान ७:३० बजे | श्याम सुन्दर मातां | ९८४१३९४८६८ |
| ५ | कबड्डी | भेलुखेल (एन्टिक ड्राइभिङ्ग सेन्टर) | मंसिर २६ गतेदेखि | बिहान ९:३० बजे | पशुपति प्रजापति | ९८४१३३४२७४ |
| ६ | तेक्वान्डो | विद्यार्थी निकेतन मा.वि. | मंसिर २६ गतेदेखि | बिहान ७:३० बजे | बलराम न्हिसुतु | ९८४३२३७१३४ |
| ७ | बाघचाल | ६ वडा कार्यालय प्रांगण | मंसिर २६ गतेदेखि | बिहान १० बजे | राजुसिं वजिको | ९८५१०५५३८७ |
| ८ | बुद्धिचाल | ६ वडा कार्यालय प्रांगण | मंसिर २६ गतेदेखि | बिहान १० बजे | राजुसिं वजिको | ९८५१०५५३८८ |
| ९ | कंसिमला पाय | ६ वडा कार्यालय प्रांगण | मंसिर २६ गतेदेखि | बिहान १० बजे | राजुसिं वजिको | ९८५१०५५३८९ |
| १० | एथलेटिक्स | सिद्धपोखरी उत्तर तर्फको खेलमैदान | मंसिर २६ गतेदेखि | बिहान ७:३० बजे | राधेश्याम कवां | ९८४१४३२२६२ |
| ११ | फुटबल | महेश्वरी खेल मैदान | मंसिर २३ गतेदेखि | बिहान ८ बजे | अनिल सकुपायो | ९८५११३१८२६ |
| १२ | व्याडमिन्टन | लिवाली कभर्ड हल | मंसिर २८ गतेदेखि | बिहान ८ बजे | किशोर गोसाई | ९८४३८०३१९९ |
| १३ | जिम्न्याष्टिक | लिवाली कभर्ड हल | मंसिर २६ गतेदेखि | बिहान ८ बजे | कृष्णराम जाकिबन्जार | ९८४१६९२९८५ |
| १४ | कराते | सूर्यमढी भ.न.पा ९ | मंसिर २७ गतेदेखि | बिहान ८ बजे | राजन चित्रकार | ९८५११५७४२१ |
| १५ | खो खो | लामगाल चौर | मंसिर २५ गतेदेखि | बिहान ९ बजे | जितेन्द्र मुनंकर्मी | ९८४१४३०१४० |

**खेलकुद प्रतियोगितासम्बन्धी अन्य थप जानकारीको लागि निम्न व्यक्तिहरुलाई सम्पर्क गर्नुहोला ।**

१) श्यामकृष्ण खत्री, संयोजक भ.न.पा युवा तथा खेलकुद समिति : ९८४१२९२१९५

२) कृष्ण गोविन्द सुवाल, सदस्य सचिव, भ.न.पा युवा तथा खेलकुद समिति : ९८४१३९५१४९

# १५ खेलमा ३ हजार बढी खेलाडीबिच प्रतिस्पर्धा

नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा खेलविधाहरू क्रमशः थपिँदै जानुका साथै प्रतियोगितामा भाग लिने खेलाडीहरूको सङ्ख्या पनि प्रत्येक वर्ष बढ्दै गएको छ ।

नगरका १० वटै वडाहरूमा सञ्चालन गरिएको विभिन्न १५ वटा खेलकुद प्रतियोगितामा ३ हजार २९१ जना खेलाडीहरूले प्रतिस्पर्धा गरेका थिए । जसअनुसार भलिबलमा २८८ जना, एथ्लेटिक्समा ४०८ जना, टेबलटेनिसमा १३८ जना, पोर्टबलमा १५३ जना, उसुमा १३९ जना, कबड्डीमा १६० जना, तेक्वान्डोमा ३५० जना, कसिमला पाँय्मा २४३ जना, बुद्धिचालमा १७३ जना, बाघचालमा २४७ जना, फुटबलमा २८८ जना, जिम्नास्टिकमा १०० जना, ब्याडमिन्टनमा १२० जना, कराँतेमा १६० जना र खोखोमा ३२४ जना गरी जम्मा ३ हजार २९१ जना खेलाडीहरूले प्रतिस्पर्धा गरेका थिए ।

# सबै खेलस्थलमा प्राथमिक उपचार केन्द्र







# जीवन–आचरण

## दुःखको स्वाद

एकजना बादशाह आफ्नो कुकुरको साथ डुङ्गामा यात्रा गरिरहेका थिए । नाउमा अन्य यात्रुहरूको साथमा एकजना दार्शनिक पनि थिए । कुकुरको लागि डुङ्गाको यात्रा पहिलोपटक थियो । यसर्थ, कुकुर केही डराइरहेको थियो । कुकुर यताउता गर्दै दौडिरहेको थियो ताकि केही दुर्घटना हुनेवाला छ । उसको गतिविधिले कसैले पनि चयनले बस्न पाएका थिएनन् ।

डुङ्गाको नाविक कुकुरका कारण केही यात्रुले गर्नसक्ने अस्वभाविक गतिविधिका कारण डुङ्गा डुब्न सक्ने सम्भावनाबाट त्रसित थियो । कुकुरले यस्तै गतिविधि जारी राखेपछि बादशाह पनि कुकुरसँग रिसाइरहेका थिए ।

यत्तिकैमा डुङ्गामा सवार दार्शनिकले राजालाई बिन्ती गरे, 'सरकार ! यदि हजुरको आदेश हुन्छ भने म यो कुकुरलाई तह लगाउन सक्थें कि ?' बादशाहले तत्काल अनुमति दिए ।

दार्शनिकले दुई यात्रुको सहारा लिएर कुकुरलाई उचालेर नदीमा फ्याँकिदिए । कुकुर एकछिन पानीमा पौडियो र हायलकायल हुँदै जीवन जोगाउन डुङ्गानेर आयो । दार्शनिकले कुकुरलाई तानेर डुङ्गामा राख्यो । लगत्तै कुकुर एउटा कुनामा गएर घरपालुवा बाखाजस्तै शान्तसँग बस्यो ।

सबै यात्रुहरूसँग बादशाह पनि कुकुरको अचानक फेरिएको व्यवहार देखेर आश्चर्यचकित भए । बादशाहले दार्शनिकलाई सोधे, 'यो पहिला त छटपटाइरहेको थियो, सबैलाई हैरान बनाएको थियो, अहिले अचानक कसरी बदलियो ?'

दार्शनिकले जवाफ दिए, 'आफैले दुःखको स्वाद नचाखेसम्म कसैले पनि अरूको दुःख बुझ्न सक्दैन । यो कुकुरलाई जब मैले पानीमा फ्याँकेँ, तब मात्र यसले पानीको शक्ति र डुङ्गाको उपयोगिता बुझ्यो ।'

शिक्षा : आफैले दुःखको स्वाद नचाखेसम्म कसैले पनि अरूको दुःख बुझ्न सक्दैन ।

# प्रतियोगितामा सहभागी विद्यालयहरु

| क्रसं | विद्यालयको नाम |
|---|---|
| १ | श्रीपद्म माध्यमिक विद्यालय |
| २ | वागीश्वरी माध्यमिक विद्यालय |
| ३ | बाल सेवक आधारभूत विद्यालय |
| ४ | एभरेष्ट इङ्लिस स्कुल |
| ५ | जेसीज इ. स्कुल |
| ६ | ख्वप्रिङ्ग इङ्लिस सेकेण्डरी स्कुल |
| ७ | मेधा माध्यमिक विद्यालय |
| ८ | न्यातापोल इङ्लिस सेकेण्डरी स्कुल |
| ९ | नवीन आधारभूत विद्यालय |
| १० | प्रभात इङ्लिस सेकेण्डरी स्कुल |
| ११ | प्रोक्सिमा इ. एकेडेमी |
| १२ | साइनिङ्ग स्टुडेण्टस एकेडेमी |
| १३ | मोडर्न इ. स्कुल |
| १४ | बासु माध्यमिक विद्यालय |
| १५ | ब्राइट स्टार इङ्लिस सेकेण्डरी स्कुल |
| १६ | बाल विकास इङ्लिस सेकेण्डरी स्कुल |
| १७ | डेमोस इङ्लिस सेकेण्डरी स्कुल |
| १८ | ख्वप माध्यमिक विद्यालय |
| १९ | लनर्स एकेडेमी |
| २० | मिनर्वा इङ्लिस सेकेण्डरी स्कुल |
| २१ | पारागन एकेडेमी |
| २२ | राजर्षी गुरुकुल |
| २३ | सेकरिड् हाट् एकेडेमी |
| २४ | वाइज ल्याण्ड सेकेण्डरी स्कुल |
| २५ | गणेश माध्यमिक विद्यालय |
| २६ | आदर्श आजाद माध्यमिक विद्यालय |
| २७ | अक्सफोर्ड प्राक्टिकल इङ्लिस स्कुल |
| २८ | विद्यार्थी निकेतन माध्यमिक विद्यालय |
| २९ | माउण्ट भ्याली इङ्लिस सेकेण्डरी स्कुल |
| ३० | रोम्बस इ. स्कुल |
| ३१ | सूर्यविनायक इङ्लिस स्कुल |
| ३२ | समता शिक्षा निकेतन |
| ३३ | तारा माध्यमिक विद्यालय |
| ३४ | द राईजिङ्ग इङ्लिस सेकेण्डरी स्कुल |
| ३५ | अमरज्योति ज्ञानकुञ्ज |
| ३६ | भक्तपुर मोर्डन इङ्लिस स्कुल |
| ३७ | विद्या आर्जन इङ्लिस सेकेण्डरी स्कुल |
| ३८ | विद्या विकास इङ्लिस सेकेण्डरी स्कुल |
| ३९ | भक्तपुर रोम्वस सेकेण्डरी स्कुल |
| ४० | बरदायणी आधारभूत विद्यालय |
| ४१ | भारती आधारभूत विद्यालय |
| ४२ | भीम आदर्श आधारभूत विद्यालय |
| ४३ | ब्रम्हायणी आधारभूत विद्यालय |
| ४४ | ब्रम्हचारीणी आधारभूत विद्यालय |
| ४५ | क्रियटिभ इङ्लिस सेकेण्डरी स्कुल |
| ४६ | चण्डेश्वरी आधारभूत विद्यालय |
| ४७ | केयर किन्डर वर्ल्ड |
| ४८ | दतात्रय आधारभूत विद्यालय |
| ४९ | चोला आधारभूत विद्यालय |
| ५० | ईष्ट प्वाईन्ट इङ्लिस सेकेण्डरी स्कुल |
| ५१ | एभरेष्ट भक्तपुर स्कुल |
| ५२ | ज्ञानतारा इङ्लिस सेकेण्डरी स्कुल |
| ५३ | ग्लीटर फ्यूचर इ. सेकेण्डरी स्कुल |
| ५४ | गोल्डेन गेट इङ्लिस सेकेण्डरी स्कुल |
| ५५ | ग्लोवल लाईफ इङ्लिस स्कुल |
| ५६ | जेन्यूईन इङ्लिस सेकेण्डरी स्कुल |
| ५७ | ज्ञान विजय आधारभूत विद्यालय |
| ५८ | हिमालयन ग्लोरी इ स्कूल |
| ५९ | होली गार्डेन इङ्लिस सेकेण्डरी स्कुल |
| ६० | हिमालयन इङ्लिस सेकेण्डरी स्कुल |
| ६१ | हंशबाहिणी आधारभूत विद्यालय |
| ६२ | जागृति माध्यमिक विद्यालय |
| ६३ | जनसेवा आधारभूत विद्यालय |
| ६४ | लिटिल वर्ल्ड इङ्लिस स्कुल |
| ६५ | लिशा इङ्लिस सेकेण्डरी स्कुल |
| ६६ | महेन्द्र विद्याश्रम |
| ६७ | मनकामना इङ्लिस सेकेण्डरी स्कुल |
| ६८ | महेन्द्र आधारभूत विद्यालय |
| ६९ | निकोल्सन इङ्लिस सेकेण्डरी स्कुल |
| ७० | शारदा माध्यमिक विद्यालय |
| ७१ | सैनिक आवसीय महाविद्यालय |
| ७२ | शान्ति निकेतन माध्यमिक विद्यालय |
| ७३ | समाज सुधार माध्यमिक विद्यालय |
| ७४ | सरस्वती विद्यागृह माध्यमिक विद्यालय |
| ७५ | सनसाइन नेशनल इङ्लिस स्कुल |
| ७६ | सूर्योदय इङ्लिस सेकेण्डरी स्कुल |
| ७७ | सामुदायिक इङ्लिस सेकेण्डरी स्कुल |
| ७८ | सन्तति आधारभूत विद्यालय |
| ७९ | शारदा आधारभूत विद्यालय |
| ८० | श्री आधारभूत विद्यालय |
| ८१ | समाजसेवा ईन्स्टिच्यूट आ. विद्यालय |
| ८२ | सिद्धि शारदा आधारभूत विद्यालय |
| ८३ | उदय आधारभूत विद्यालय |
| ८४ | विजडम इङ्लिस स्कुल |

# भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको

# अन्तिम नतिजा

## भलिबल प्रतियोगिता

### छात्र

**प्रथम** : श्री पद्म मावि
**दोश्रो** : वागीश्वरी मावि
**तेश्रो** : आदर्श आजाद मावि





(फाइनल खेल र दर्शक)

**उदीयमान खेलाडी** : सन्तोष सुनार (श्री पद्म)
**बेष्ट स्पाइकर** : प्रबिन खत्री (वागीश्वरी)
**बेष्ट सेटर** : दिलिप धनुके (श्री पद्म)

### छात्रा

**प्रथम** : ख्वप मावि
**दोश्रो** : वागीश्वरी मावि
**तेश्रो** : अक्सफोर्ड ई. स्कूल



**उदीयमान खेलाडी** : अस्मि तामाङ (ख्वप)
**बेष्ट स्पाइकर** : प्रिति तामाङ (वागीश्वरी)
**बेष्ट सेटर** : अनुसा डंगोल (ख्वप)

## टेबलटेनिस प्रतियोगिता

**प्रथम** : प्रभात ई. से. स्कूल
**दोश्रो** : लनर्स एकेडेमी
**तेश्रो** : प्रोक्सिमा इन्टरनेशनल ऐकेडेमी






**उदीयमान खेलाडी (छात्र)** :
१) सौरभराज सुवाल (प्रभात ई. स्कुल)
२) कविराज सिवाकाटी (मोडर्न ई. स्कुल)

**उत्कृष्ट खेलाडी (छात्रा)** :
१) हिसु वैद्य (एभरेष्ट ई. स्कुल)
२) लिप्सा सुवाल (तारा मा.वि)

## उसु प्रतियोगिता

**प्रथम** : मेधा मा.वि
**दोश्रो** : एभरेष्ट ई. स्कुल
**तेश्रो** : साइनिङ स्टुडेन्ट एकेडेमी





**उदीयमान खेलाडी (छात्र) :**

१) राजल खुसु (एभरेष्ट ई. स्कुल)

२) विनेस कपाली (साइनिङ स्टुडेन्ट एकेडेमी)

**उदीयमान खेलाडी (छात्रा) :**

१) सिल्भिया प्रजापति (सैनिक आ.मा.वि)

२) नेन्सा खर्बुजा (मिनर्वा ई. स्कुल)

## पोर्टबल प्रतियोगिता

### छात्र

**प्रथम** : न्यातापोल से. स्कुल

**दोश्रो** : ब्राइटस्टार से. स्कुल

**तेश्रो** : वागीश्वरी मा.वि र बासु मा.वि

**उदीयमान खेलाडी** : समिप फुयाल (न्यातापोल)





### छात्रा

**प्रथम** : प्रोक्सिमा इन्टरनेशनल ऐकेडेमी

**दोश्रो** : पारागन ऐकेडेमी

**तेश्रो** : तारा मा.वि. र विद्यार्थी निकेतन



**उदीयमान खेलाडी** : पूजा लामा (प्रोक्सिमा)

## कबड्डी प्रतियोगिता

### छात्र

**प्रथम** : मोडर्न ई. स्कुल

**दोश्रो** : मिनर्वा ई. स्कुल

**तेश्रो** : वागीश्वरी मा.वि. र रोम्बस ई. स्कुल



**बेष्ट रेडर :** न्युजल किलम्बु (मिनर्वा ई. स्कुल)

**बेष्ट क्याचर :** विरोज तामाङ (मोडर्न ई. स्कुल)

### छात्रा

**प्रथम :** पारागन ऐकेडेमी

**दोश्रो :** मोडर्न ई. स्कुल

**तेश्रो :** वागीश्वरी मा.वि. र रोम्बस ई. स्कुल



**बेष्ट रेडर :** अनुश्रीया तिमल्सिना (पारागान ऐकेडेमी)

**बेष्ट क्याचर :** प्रकृति राई (पारागान ऐकेडेमी)

## तेक्वाण्डो प्रतियोगिता

**प्रथम :** वागीश्वरी मा.वि.

**दोश्रो :** सेक्रेट हर्ट ई. स्कुल

**तेश्रो :** गणेश मा.वि.





**उदीयमान खेलाडी (छात्र) :**

एरोन चौधरी (नवीन नि.मा.वि.)

**उदीयमान खेलाडी (छात्रा) :**

सायरा भण्डारी (मोडर्न ई. स्कुल)

## बुद्धिचाल प्रतियोगिता

**प्रथम :** वागीश्वरी मावि

**दोश्रो :** बाल विकास ई. स्कूल

**तेश्रो :** ख्वप्रिङ ई. एकेडेमी





**उदीयमान खेलाडी (छात्र) :**

रोनियन चिकंबन्जार (नवीन नि.मा.वि.)

**उदीयमान खेलाडी (छात्रा) :**

कृष्टिना घट्वा (सामुदायिक ई. स्कुल)

## कसिमला पाँय प्रतियोगिता

**प्रथम :** बालसेवक आ.वि.

**दोश्रो :** बासु मा.वि

**तेश्रो :** सूर्यविनायक ई. स्कुल





**उदीयमान खेलाडी (छात्र) :**
रायोन शाक्य (द राइजिङ ई.स्कुल)
**उदीयमान खेलाडी (छात्रा) :**
अस्मिता कुमारी शाह (श्री ब्रम्हायणी आ.वि.)

## बाघचाल प्रतियोगिता

**प्रथम** : ख्वपृङ ई. स्कुल
**दोश्रो** : बागीश्वरी मा.वि
**तेश्रो** : द राइजिङ ई. स्कुल





**उदीयमान खेलाडी (छात्र) :**
प्रचित राजचल (ख्वपृङ ई.स्कुल)
**उदीयमान खेलाडी (छात्रा) :**
निभा प्रजापति (लनर्स ई. स्कुल)

## एथ्लेटिक्स प्रतियोगिता

**प्रथम** : जेसिस मा.वि
**दोश्रो** : वासु मा.वि
**तेश्रो** : गणेश मा.वि.









**उत्कृष्ट खेलाडी** : अल्विन लिम्बु (राजर्षी गुरुकुल)
**उत्कृष्ट डिफेन्डर** : अदिप्त बस्नेत (राजर्षी गुरुकुल)
**उत्कृष्ट फर्डवार्ड** : कृषल बनमाला (माउण्ट भ्याली)
**उत्कृष्ट मिडफिल्डर** : दिवेस तामाङ (साइनिङ एकेडेमी)
**उत्कृष्ट गोलकिपर** : पुजन हेंगजु (वागीश्वरी मा.वि.)

**उदीयमान खेलाडी (छात्र) :**
अनिल तामाङ (शान्ति निकेतन मा.वि.)
**उदीयमान खेलाडी (छात्रा) :**
सिल्भि नागा (जेसिस मा.वि.)

## फुटबल प्रतियोगिता

**प्रथम** : साइनिङ एकेडेमी
**दोश्रो** : राजर्षी गुरुकुल
**तेश्रो** : वागीश्वरी मा.वि. र समता शिक्षा निकेतन मा.वि.



## ब्याडमिन्टन प्रतियोगिता

**प्रथम** : नवीन निमावि
**दोश्रो** : ख्वप मावि
**तेश्रो** : वागीश्वरी मावि





**उदीयमान खेलाडी (छात्र)** : सुमन तामाङ (बासु मा.वि.)
**उदीयमान खेलाडी (छात्रा)** : आशा लक्ष्मी दुवाल (नवीन नि.मा.वि.)

## जिम्नास्टिक प्रतियोगिता

**प्रथम** : एभरेष्ट ई. स्कुल
**दोश्रो** : ख्वपृङ ई. स्कुल
**तेश्रो** : वागीश्वरी मा.वि.





**उदीयमान खेलाडी (छात्र)** : यमन सुवाल (प्रभात ई.स्कुल)
**उदीयमान खेलाडी (छात्रा)** : सुरभी श्रेष्ठ (बाल विकास ई. स्कुल)

## कराँते प्रतियोगिता

**प्रथम** : वागीश्वरी मा.वि
**दोश्रो** : डेमोस ई. स्कुल
**तेश्रो** : माउण्ट भ्याली ई. स्कुल
**उदीयमान खेलाडी (छात्र)** :
कुशल थापा (वागीश्वरी मा.वि.)





**उदीयमान खेलाडी (छात्रा)** :
जेनी तामाङ (डेमोस ई. स्कुल)

## खो खो प्रतियोगिता

### छात्र

**प्रथम** : वागीश्वरी मा.वि.
**दोश्रो** : वाइजल्याण्ड ई. स्कुल
**तेश्रो** : बासु मा.वि. र विद्यार्थी निकेतन



**उदीयमान खेलाडी (छात्र)** : युनिक राजचल (वाइजल्याण्ड ई. स्कुल)

### छात्रा

**प्रथम** : वागीश्वरी मा.वि.
**दोश्रो** : आदर्श आजाद मा.वि.
**तेश्रो** : ब्राइटस्टार ई. स्कुल र सरस्वती विद्यागृह



**उदीयमान खेलाडी (छात्रा)** : दीया लाखाजु (वागीश्वरी मावि)

# नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८२ समापन समारोह




भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ मङ्सिर २५ गतेदेखि पुस १ गतेसम्म सञ्चालित भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत भएको टेबुलटेनिस, भलिबल, फुटबल, कबड्डी, खो–खो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्डो, पोर्टबल, जिम्नास्टिक, कसिमला पाँच र बाघचाल खेल पुस १ गते प्रतियोगिता सम्पन्न भयो।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको समापन र विजयी खेलाडीहरूलाई पदक तथा पुरस्कार एवम् सहभागी विद्यालयहरूलाई खेलकुद सामग्री वितरण सहित स्मृति खेल मैदानमा सम्पन्न भयो।

समापन समारोहमा प्रमुख अतिथि सचिव **सुवाल**ले भलिबल नेपालको राष्ट्रिय खेल भएको र भलिबल खेलको लोकप्रियता बढ्दो क्रममा रहेको बताउनुहुँदै उहाँले खेलकुद पूर्वाधार निर्माणमा सरकारले जोड दिनुपर्ने बताउनुभयो।



सचिव सुवालले भलिबल खेलको विकासको निम्ति संसद्मा खेलकुद ऐनमा संशोधन राखेको स्मरण गर्नुहुँदै भन्नुभयो 'नेपालको राष्ट्रिय खेल भलिबलको अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार कर्भर्ड हल बनाउने र एसियाली स्तरको भलिबल प्रतियोगिता नेपालमै हुनसक्ने गरी कर्भर्ड हल निर्माणको लागि संशोधन प्रस्ताव राखेका थियौँ। संसद् विघटनको कारण अहिले विचाराधीन अवस्थामा रहेको र नयाँ संसद्ले अगाडि बढाउने विश्वास छ।'

खेलकुदले नागरिकको व्यक्तित्व विकासमा मात्र नभई सामाजिक विकासमा समेत टेवा पुऱ्याउने बताउनुहुँदै शासक दलहरूले समूहगत कार्यमा जोड नदिँदा भदौ २३ र २४ गते नेपालमा अकल्पनीय घटना घटेको बताउनुभयो।

देशमा आएको विभिन्न परिवर्तनले देशले कुनै उपलब्धी हासिल गर्न नसकेको बताउनुहुँदै उहाँले प्रजग कोरियाको राजनीतिक नेतृत्वले टीम वर्कमा ध्यान दिएका कारण आज संसारका प्रतिस्पर्धी देशको तुलनामा अगाडि बढिरहेको बताउनुभयो।

नयाँ पुस्ताले देशको राजनीतिबारे बुझ्न आवश्यक छ र समूहगत कार्यमा जोड दिनुपर्ने बताउनुहुँदै उहाँले युवा विद्यार्थी भनेका देशका विकासका कर्णधार हुन् भन्नुभयो।



कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नगरपालिकाले आयोजना गरिरहेको खेलकुद प्रतियोगिताले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा टेवा पुऱ्याइरहेको बताउनुहुँदै खेलाडीहरूको आवश्यकता र मागबमोजिम नगरका विभिन्न ठाउँमा कभर्ड हल निर्माणमा जोड दिँदै आएको बताउनुभयो।

भक्तपुरमा व्यवस्थित खेलमैदान निर्माणको प्रक्रियालाई पनि अगाडि बढाउँदै लाने बताउनुहुँदै उहाँले समाजलाई सभ्य र सुसंस्कृत बनाउने नगरपालिकाको उद्देश्य विस्तारै पूरा हुने क्रममा रहेको बताउनुभयो।



वाग्मती प्रदेशका सभासद् **सृजना सैँजू**ले देशको सार्वभौमिकता रक्षा गर्न र देश विकासको लागि १८ वर्ष उमेर पुगेका युवाहरूलाई सैनिक तालिम दिन आवश्यक भएको बताउनुभयो। विद्यार्थीहरूलाई विद्यालयस्तरबाटै खेलकुद क्षेत्रमा सक्रिय बनाउन सके उसले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो प्रतिभा देखाउने अवसर मिल्ने बताउनुहुँदै उहाँले विद्यालय तहदेखि नै इमानदार नागरिक बन्न प्रेरित गर्नुपर्ने बताउनुभयो।

भक्तपुर नपाका प्रमुख



प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले स्वस्थ नागरिक तयार गर्ने उद्देश्यले भक्तपुर नपाले खेलकुद क्षेत्रलाई विशेष प्राथमिकतामा राखी लगानी गर्दै आएको बताउनुहुँदै मानव शरीरलाई स्वस्थ बनाउन खेलकुदको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो।

समापन कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक तथा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले ८४ वटा विद्यालयहरूको सहभागिता रहेको यस वर्षको प्रतियोगितामा १५ वटा खेलहरूमा ३ हजार बढी खेलाडीहरूबिच प्रतिस्पर्धा भएको बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय भलिबल



खेलका प्रशिक्षक **विनोदचरण राय**ले प्रतियोगिताका सबै खेलका उत्कृष्ट र उदीयमान खेलाडीहरूको नाम घोषणा गर्नुभएको थियो।

कार्यक्रमका प्रमुख अतिथि सुवाल



र अन्य अतिथिहरूले विभिन्न खेलमा उत्कृष्ट खेलाडीहरू एवं विद्यालयहरूलाई पदक तथा प्रमाणपत्र वितरण गर्नुका साथै सहभागी विद्यालयहरूलाई खेलकुद सामग्री वितरण गर्नुभयो।



# योमारी उत्सव २०८२




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको दत्तात्रयमा भएको योमारी प्रतियोगिता तथा प्रदर्शनीको मङ्सिर २० गते एक कार्यक्रमबिच पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुभयो ।



योमारी उत्सव तथा प्रतियोगिताको उद्घाटन कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले भक्तपुर नगरपालिकाद्वारा आयोजित सांस्कृतिक गतिविधिले भक्तपुरको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो ।



भक्तपुरको मौलिकता संरक्षणले यहाँको पहिचान जोगाइ राख्न टेवा पुग्ने बताउनुहुँदै उहाँले नगरपालिकाले आगामी दिनमा यी र यस्ता गतिविधिहरूलाई निरन्तरता दिँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको लागि नगरपालिकाले योमारी उत्सवलाई प्रतियोगिताको रूपमा सञ्चालन गरी सबैलाई मौलिकता प्रदर्शन गर्ने अवसरको रूपमा कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले यहाँको मूर्त र अमूर्त सम्पदाहरूको महत्त्व नयाँ पुस्तालाई जानकारी दिने उद्देश्यले नगरभित्र सञ्चालित सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रममार्फत अध्ययन अध्यापन गराइरहेको बताउनुभयो ।

वाग्मती प्रदेश सांसद **सुरेन्द्रराज गोसाईं**ले नगरपालिकाद्वारा आयोजित योमारी उत्सवले भक्तपुरको सम्पन्नतालाई उजागर गरेको बताउनुहुँदै योमारी सम्पन्नता, सभ्यता, प्रेम, संस्कृति, हर्ष उल्लास र विज्ञानको प्रतीक भएको बताउनुभयो ।

देशको राजनीतिक, सांस्कृतिक, ऐतिहासिक धरोहरहरू जलिरहँदा पुर्खाप्रति नै अपमान भएको बताउनुहुँदै उहाँले नयाँ पुस्ता परिवर्तन, सिर्जना र सम्पन्नताको बाटोमा हिंड्नुपर्छ, ध्वंसको बाटोमा होइन भन्नुभयो ।

कार्यक्रममा भनपा ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले उत्सवको महत्त्वमाथि प्रकाश पार्नुहुँदै योमारी महोत्सव सफल पार्न सहभागी सबैमा धन्यवादज्ञापन गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले पुराना कला संस्कृति र सभ्यता नयाँ पुस्ताको पहिचान हो भन्नुहुँदै यसलाई संरक्षण गर्नु सबैको दायित्व भएको बताउनुभयो ।

कार्यक्रमको उद्घाटनअघि नगर प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भक्तपुर नपा वडा नं.१ इनागबाट सुरु भएको सांस्कृतिक र्‍याली दत्तात्रयमा पुगी सम्पन्न भयो ।

उद्घाटन र्‍यालीअघिको भेलामा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी** र वडा नम्बर १ का वडा अध्यक्ष **श्यामकृष्ण खत्री**ले प्रतियोगिता सफलताको शुभकामना दिनुभयो ।

प्रतियोगिताको उद्घाटनपश्चात् नगरप्रमुख सुनिल प्रजापतिसहितको टोलीले सलाँ गणेश, क्वाठण्डौं, जँलामा खाना महोत्सव तथा स्थानीय उत्पादन प्रदर्शनी र सूर्यमढीमा सांस्कृतिक कार्यक्रम स्थलगत अवलोकन गर्नुभएको थियो ।









भक्तपुर नगरपालिकाको आयोजनामा भएको योमारी प्रतियोगिता तथा प्रदर्शनीमा ६८ वटा योमारी प्रदर्शनीका स्टलहरू रहेका थिए । उद्घाटन र्‍याली विभिन्न सांस्कृतिक बाजा समूह, विद्यालय, सहकारी संस्था, नगरपालिकाका कर्मचारीहरू, स्थानीय जनता लगायतको उल्लेख्य सहभागितामा नगर परिक्रमा गरिएको थियो ।

## र्‍यालीका केही झलक










## योमारी प्रदर्शनीका केही झलक




योमरी
श्वेत भैरव – ८ वडा




मिसा
योमरी




योमारी पुन्हिको अवसरमा आयोजित योमरी प्रतियोगिता तथा प्रदर्शनी















"Creation of predecessors — Our art and culture"















"Creation of predecessors — Our art and culture"

# योमारी उत्सवको तयारीस्वरुप कर्मचारीहरूको भेला




भक्तपुर नगरपालिकाको आयोजनामा मङ्सिर २० गते भक्तपुरको दत्तात्रय क्षेत्रमा ऐतिहासिक एवम् सांस्कृतिक पर्व योमारी पूर्णिमाको अवसरमा हुने योमारी उत्सवको तयारीस्वरूप मङ्सिर १७ गते नगरपालिकाका कर्मचारीहरूको भेला भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नगरपालिकाको आयोजनामा हुने योमारी उत्सव भक्तपुरमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्ने सिलसिलाको रूपमा रहेको बउनुभयो।

उहाँले योमारी उत्सवमा सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, जनसमुदायको उल्लेख्य सहभागिता रहने विश्वास व्यक्त गर्नुहुँदै भक्तपुरलाई सधैं चलायमान र सक्रिय बनाउन पनि नपाले विविध गतिविधिहरूको आयोजना गर्दै आएको बताउनुभयो।

नगरपालिकाका गतिविधिहरूलाई जनताले सूक्ष्म रूपमा विश्लेषण गरिरहेको बताउनुहुँदै उहाँले जनतालाई सामाजिक गतिविधिमार्फत सक्रिय बनाउने अभियानको रूपमा यो उत्सव



मनाइने बताउनुभयो।

भक्तपुरलाई सफा र सुन्दर बनाउने संकल्प लिएर नगरपालिका अगाडि बढिरहेको उहाँले बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले योमारी प्रतियोगिताको हालसम्मको तयारीबारे जानकारी दिनुहुँदै प्रतियोगिताको उद्घाटन ऱ्यालीमा ठूलो आकारको योमारी प्रदर्शन, ७–८ वटा वडाहरूबाट बाजा प्रस्तुति, स्थानीय उत्पादन, खाद्य उत्सव र सांस्कृतिक कार्यक्रमहरू पनि हुने बताउनुभयो।

# योमारी प्रतियोगिताका सहभागी भेला



ऐतिहासिक एवम् सांस्कृतिक पर्व योमारी पूर्णिमाको अवसरमा हुने योमारी प्रतियोगितामा सहभागीहरूका प्रतिनिधि भेला मङ्सिर १८ गते भयो।

प्रतियोगितामा ६८ समूहले नाम दर्ता गराएका थिए भने सोही भेलामा स्टल निर्धारण गरिएको थियो।

**भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।**


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

**देको-मिबा-इतापाके जग्गा एकीकरण आयोजना क्षेत्रको**

**स्वीकृत नक्साअनुसारको बाटोमा परेको भौतिक संरचना (टहरा तथा अन्य) हटाउनेसम्बन्धी अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति : २०८२/०८/२४)

यस आयोजना क्षेत्रभित्रको नक्सा सीट नं. १०२११९२१३ देखि १०२११९४२२ सम्म (साबिक १५क,ख,ग,ङ,च,ज, १०क र ५क) को नक्सा तथा श्रेष्ता स्वीकृत भई स्थायी जग्गाधनी प्रमाण पूर्जा वितरण भइरहेको र स्वीकृत नक्साअनुसार आ-आफ्नो जग्गा उपभोग गर्नुहुन अनुरोध गरिन्छ। बाटो तथा अरूलाई परेको जग्गामा रहेको भौतिक संरचना यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र हटाउन सूचित गरिन्छ। अन्यथा नियमानुसार भई जाने व्यहोरासमेत सूचित गरिन्छ।

आयोजना प्रमुख

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## हार्दिक धन्यवाद

ऐतिहासिक एवम् सांस्कृतिक पर्व योमारी पूर्णिमाको अवसरमा भक्तपुर नगरपालिकाद्वारा मिति २०८२ मङ्सिर २० गते, शनिबार आयोजित योमारी उत्सव तथा योमारी प्रतियोगितामा सहभागी भएका तपसिलबमोजिम सांस्कृतिक समूह/सङ्घ/संस्था/विद्यालय/सहकारी/टीम/क्लव र सम्पूर्ण भक्तपुरवासी दाजुभाइ तथा दिदीबहिनीहरूलाई भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

तपसिल

सहभागी समूह

| क्र.सं | समूहको नाम | ठेगाना | क्र.सं | समूहको नाम | ठेगाना | क्र.सं | समूहको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|---|---|
| १. | छिकोड समूह | भनपा ९ | २१. | आदिपद्म मैत्री मिसा पुच: | भनपा ९ | ४१. | जेलाँ ज्ञानमाला भजन खल: | भनपा ८ |
| २. | राजाराम दुमरु | भनपा ९ | २२. | भ्रीगु ख्वप बचत तथा ऋण सहकारी संस्था लि. | भनपा ७ | ४२. | माउन्ट भ्याली ई.स्कूल | भनपा १० |
| ३. | विद्यार्थी हित समिति, तारा माध्यमिक विद्यालय | भनपा ४ | २३. | श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि. | भनपा ८ | ४३. | बालाखु गणेश सांस्कृतिक समूह | भनपा २ |
| ४. | लक्ष्मीकेशरी प्रजापति | भनपा ९ | २४. | लोकेश्वर महिला समूह | भनपा २ | ४४. | लक्ष्मीभक्त सिजख्व | भनपा ६ |
| ५. | थालाछेँ बचत तथा ऋण सहकारी संस्था लि. | भनपा १० | २५. | प्रभात ई.से. स्कूल | भनपा ६ | ४५. | बासु माध्यमिक विद्यालय | भनपा २ |
| ६. | गणेश मावि, भार्वाचो | भनपा १ | २६. | तलेजु बचत तथा ऋण सहकारी संस्था लि. | भनपा ३ | ४६. | पासा पुच: समूह | भनपा ९ |
| ७. | घट्खा दाफा भजन खल: | भनपा ३ | २७. | जेलाँ पुखुचा समूह | भनपा ८ | ४७. | कमलविनायक मन्दिर परिसर सुधार समिति | भनपा १० |
| ८. | वागीश्वरी माध्यमिक विद्यालय | भनपा ९ | २८. | श्री ज्याठा गणेश दाफा भजन | भनपा ४ | ४८. | कोलाछेँ गणेश दाफा भजन खल | भनपा ३ |
| ९. | ख्वप्रिड ई. एकेडेमी | भनपा ८ | २९. | विश्वकर्मा भैल प्याखँ खल: | भनपा ९ | ४९. | गो लोकल टीम | भनपा २ |
| १०. | केयर किन्डर वर्ल्ड | भनपा १० | ३०. | केदार त्वी त्वी | भनपा ४ | ५०. | सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि. | भनपा ४ |
| ११. | ख्वप महिला समूह | भनपा ८ | ३१. | नेपाल क्रान्तिकारी महिला संघ, सूर्यमढी एकाइ समिति | भनपा ९ | ५१. | आसबहादुर कोजुसमेत (बाउ समूह) | भनपा ९ |
| १२. | ब्रह्मायणी आधारभूत विद्यालय | भनपा ८ | ३२. | रमेश साख (श्रेष्ठ) | भनपा ६ | ५२. | जेसिज् माध्यमिक विद्यालय | भनपा २ |
| १३. | दिदीबहिनी समूह, क्वाठण्डौ | भनपा १० | ३३. | रत्नगोपाल माक | भनपा ५ | ५३. | कोलाछेँ लुसी प्याखँ समूह | भनपा ३ |
| १४. | गंगाराम प्रजापति | भनपा ४ | ३४. | नारायण भजन खल: | भनपा ८ | ५४. | हामादेव बचत तथा ऋण सहकारी संस्था लि. | भनपा ८ |
| १५. | राजेन्द्र प्रजापति | भनपा ९ | ३५. | हंस बाहिनी आधारभूत विद्यालय | भनपा १० | ५५. | नवीन आधारभूत विद्यालय | भनपा ७ |
| १६. | कमिचा गल्ली दिदीबहिनी समूह | भनपा ९ | ३६. | छिकोड समूह | भनपा ८ | ५६. | नित्यनाथ बचत तथा ऋण सहकारी संस्था लि. | भनपा ३ |
| १७. | भादगाउँ दिदीबहिनी समूह | भनपा ६ | ३७. | सरस्वती विद्यागृह माध्यमिक विद्यालय | भनपा ९ | ५७. | ३ वडा महिला समूह | भनपा ३ |
| १८. | ख्यो दाफा भजन खल: | भनपा ३ | ३८. | सुनिल जङ्गम | भनपा ९ | ५८. | जसलाल लाखाजु | भनपा ७ |
| १९. | तारा माध्यमिक विद्यालय | भनपा ४ | ३९. | भौल्वा पुखु युवा समूह | भनपा ६ | ५९. | याकती अजिमा बचत तथा ऋण सहकारी संस्था लि. | भनपा ३ |
| २०. | गणेशराम चवाल, क्वाठण्डौ | भनपा १० | ४०. | छिकोड समूह | भनपा ४ | ६०. | २५ गते महिला समूह | भनपा ९ |
| | | | | | | ६१. | छिकोड व्यवस्थापन समिति | भनपा ६ |
| | | | | | | ६२. | विद्यार्थी निकेतन माध्यमिक विद्यालय | भनपा ५ |

| सांस्कृतिक बाजा समूह | | |
|---|---|---|
| १. | नित्यनाथ नायखी बाजा समूह | भनपा ६ |
| २. | लोकेश्वर बाँसुरी बाजा समूह | भनपा २ |
| ३. | नास: हैमा बाजा खल: | भनपा ३ |
| ४. | भैरवनाथ सांस्कृतिक धाँ बाजा समूह | भनपा ४ |
| ५. | लैको बाँसुरी बाजा खल: | भनपा ५ |
| ६. | गणेश माध्यमिक विद्यालय धिमे बाजा | भनपा १ |
| ७. | सिद्धि गणेश बाँसुरी बाजा समूह | भनपा ७ |
| | **नौ दाफा भजन** | |
| १. | वाकुपति नारायण नौ दाफा भजन खल: | भनपा ९ |
| २. | दत्तात्रय नौ दाफा भजन खल: | भनपा ९ |

| सांस्कृतिक कार्यक्रम समूह | | |
|---|---|---|
| १. | कमिचा गल्ली बाँसुरी बाजा समूह | भनपा ९ |
| २. | पासा पुच: | भनपा ९ |
| ३. | नगाँचा बाँसुरी बाजा समूह | भनपा १० |
| ४. | जेलाँ सांस्कृतिक समाज | भनपा ८ |
| ५. | विश्वकर्मा भैल प्याखँ | भनपा ९ |
| ६. | महालक्ष्मी दथुत्वचा | भनपा १० |
| ७. | नगाँचा बाँसुरी बाजा समूह | भनपा १० |
| ८. | जेन्यूइन इङ्लिस स्कूल | भनपा १० |
| ९. | माउन्ट भ्याली इङ्लिस स्कूल | भनपा १० |
| १०. | प्रभात इङ्लिस स्कूल | भनपा ६ |
| ११. | ब्रह्माचारिणी आधारभूत विद्यालय | भनपा १० |
| १२. | हंस वाहिनी आधारभूत विद्यालय | भनपा १० |

- बुरांज्या : भौल्वा पुखु युवा समूह, भनपा ६
- जिल्ला प्रहरी परिसर, भक्तपुर
- ख्वप अस्पताल, च्याम्हासिंह
- भक्तपुर नगरपालिका नगर प्रहरी
- पायोनियर ओपन स्काउट ग्रुप
- १ वडा दिदीबहिनी समूह
- ख्वप टेलिभिजन
- जनसञ्चार टेलिभिजन
- खाद्य स्टल राख्नुहुने स्थानीय दाजुभाइ तथा दिदीबहिनीहरू
- पुस्तक प्रदर्शनी : नेकाविसंघ, ९ वडा समिति
- जिल्ला ट्राफिक प्रहरी परिसर, भक्तपुर
- काशीलाल प्रजापति र भीमप्रसाद प्रजापतिसमेत
- स्थानीय स्काउट परिषद्, भक्तपुर नगरपालिका
- स्वयम् सेवकहरू
- स्थानीय उत्पादन प्रदर्शकहरू
- भादगाउँ टेलिभिजन
- पत्रकार तथा सञ्चारकर्मीहरू
- खेलाडीहरू
- भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहरूमा भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

## योमारी उत्सव तथा प्रतियोगिताका केही झलकहरू










# भक्तपुर नगरपालिकाको ७६ औँ स्थापना दिवस

## योमारी प्रतियोगिताका विजयीहरूलाई पुरस्कार, सहभागीहरूलाई प्रमाण-पत्र तथा सहयोगीहरूलाई धन्यवाद ज्ञापन




## जनप्रतिनिधि र कर्मचारीहरूले नगर र नगरवासीको सेवामा समर्पित भई जिम्मेवारी पूरा गर्नुपर्ने

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको ७६ औँ स्थापना दिवसको अवसरमा नगरपालिकाको आयोजनामा मङ्सिर २० गते सम्पन्न योमारी प्रतियोगिताका विजयीहरूलाई पुरस्कार, सहभागीहरूलाई प्रमाण-पत्र वितरण तथा सहयोगीहरूलाई धन्यवाद ज्ञापन कार्यक्रम एक समारोहबिच पुस २ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि **सुवाल**ले जनप्रतिनिधि र कर्मचारीहरू नगर र नगरवासीको सेवामा थप समर्पित भएर आ आफ्नो जिम्मेवारी पूरा गर्नु नै आजको स्थापना दिवसको औचित्य पुष्टि हुने बताउनुभयो ।




रुसको निर्वाचन पर्यवेक्षणमा पुगेका एक सरकारी अधिकारीले त्यहाँको नगरपालिका, गाउँपालिका र वडा कार्यालयको काम हिउँ सफा गर्ने भएको, हवाईजहाज ओराल्न मिल्ने चौडा-चौडा सडक भएको र विकासमा नेपाल रुसभन्दा ५०० वर्ष पछाडि परेको अनुभव सुनाउनुभएको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, 'अहिले घर-घरमा खानेपानी

ट्याङ्कीको व्यवस्था छ तर ती ट्याङ्की सफा गर्ने प्राविधिकहरूको अभाव देखिन्छ। खानेपानी ट्याङ्की सफा नभए पानीजन्य रोग बढ्नेछ। यतातिर पनि नगरपालिकाको ध्यान जानु जरूरी छ।'

'विद्यालय र कलेजको सङ्ख्या बढी भएको नगरकोट सडकमा बढ्दो सवारी साधनको कारण दुर्घटना हुने खतरा बढ्दो छ। विद्यार्थीको चाप नगरकोट सडकमा नपर्ने गरी वैकल्पिक सडकको व्यवस्था हुनुपर्नेबारे हामीले संसद्मा पटक-पटक उठाएका थियौँ। हनुमन्ते र खासाङखुसुङ खोलाको दुवैतिर सडक विस्तार गरे सवारी साधनको चाप कम हुनेछ र दुर्घटना हुने खतरा पनि कम हुनेछ' उहाँले थप्नुभयो।

सचिव सुवालले भन्नुभयो, 'संस्कृतिभित्र मानिसको बोली व्यवहार, वेशभूषा, लवाइखवाइ, सरसफाइ आदि पर्दछन्।'

सचिव सुवालले भन्नुभयो, 'नगरपालिकाले जनताको सबै समस्या समाधान गर्न जनतासँग छलफल गरी अगाडि बढिरहेको सकारात्मक हो। जनताको गुनासो समयमै सम्बोधन गर्न छलफल महत्त्वपूर्ण हुनेछ। स्थानीय तहलाई आवश्यक कर्मचारी स्थानीय तहमै कर्मचारी पदपूर्ति समितिको व्यवस्था हुनुपर्दछ। यसबारे संसदीय समितिमा हामीले संशोधन पनि राखेका थियौँ। त्यसबेला एक सरकारी अधिकारीले स्थानीय तहका प्रमुख र अध्यक्षले आफ्ना परिवारजन र नातेदार नियुक्ति गर्ने आरोप लगाए। यसको हामीले खण्डन गरेका थियौँ। लोक सेवा आयोगबाट नियुक्ति गरिएका कतिपय निजामती कर्मचारीहरू पनि भ्रष्टाचारमा परेका उदाहरण सार्वजनिक भइरहेका छन्। सुसंस्कृत समाजले मात्र भ्रष्टाचारलाई नियन्त्रण गर्ने सरकारले बुझ्नुपर्ने हो।'

उहाँले भन्नुभयो, 'उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, सबैको निम्ति योग्यताअनुसार काम र कामअनुसार ज्यालाको व्यवस्था हुनु जरूरी छ। भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठूला भ्रष्टाचारीहरूलाई मृत्यु दण्डसमेत हुने कानुनी व्यवस्था जरूरी छ', उहाँले भन्नुभयो, 'कर्मचारीहरूले हाजीर गरेपछि तलब र पारिश्रमिक पाउने ठान्नु हुँदैन, हाजिर सँगसँगै काम पनि गरेर पुष्टि गर्नुपर्दछ। बिहान १० बजे हाजिर हुने र साँझ ४-५ बजे कार्यालयबाट छुट्टि भएपछि पाएको पारिश्रमिकअनुसार काम भए नभएको तर्फ ध्यान दिनुपर्दछ।'

भक्तपुरका जनताले भक्तपुरलाई सफा स्वच्छ, सांस्कृतिक नगर र पर्यटकीय गन्तव्य बनाउने लक्ष्य राखेको र यो लक्ष्य पूरा गर्न जनप्रतिनिधिहरूले नीतिकार्यक्रम बनाउने र कर्मचारीहरूले कार्यान्वयन गर्ने कामलाई निरन्तरता दिनु उपयुक्त हुने धारणा राख्नुहुँदै सचिव सुवालले भन्नुभयो, 'नेपाल मजदुर किसान पार्टीका अध्यक्षले धेरै अगाडि नै कर्मचारीहरू एम्बुलेन्स र दमकलजस्तै देश र जनताप्रति जिम्मेवार हुनुपर्ने बताउनुभएको थियो। कर्मचारीहरू चौबीसै घण्टा देश र जनताप्रति जिम्मेवार र जवाफदेही हुनु आवश्यक छ। भदौ २३ र २४ गतेको घटनापछि राष्ट्रिय मानव अधिकार आयोगले सरकारहरू जनताका माग समयमा सम्बोधन गर्न समर्थ नभएको र सम्भावित दुर्घटनाको पूर्वानुमान गर्न नसकेको वक्तव्य प्रकाशित गरेको तर्फ सबैको ध्यान जानुपर्दछ।'

'२०१९ सालयता नेपाल मजदुर किसान पार्टीका अग्रजहरू जनप्रतिनिधि बनेर भक्तपुर नगरपालिकालाई स्थानीय जनताको उपभोक्ता समिति र श्रमदानसमेतमा विकासका कार्यमा आर्थिक अनुशासन, मितव्ययिता, पारदर्शिता कायम गर्दै अघि बढाउनुभएको हो। भक्तपुर नगरपालिकालाई देशको नमुना नगरपालिका बनाउन जनप्रतिनिधि र कर्मचारीहरूले थप मिहिनेत गर्ने जनताको अपेक्षा हो', सचिव सुवालले भन्नुभयो।

'नयाँ पुस्ता हाम्रा भविष्य हुन्। चिकित्सकहरूका अनुसार सहरका विद्यार्थीहरूमा केही मात्रामा कुपोषण देखिएको, शारीरिक गतिविधि र सरसफाइमा कमी भएको सार्वजनिक भएको छ। यसबारे जनप्रतिनिधि र विद्यालयहरूबिच छलफल हुनु उपयुक्त हुनेछ', उहाँले भन्नुभयो।




कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले २००६ साल असार २४ गते भक्तपुर म्युनिसिपालिटीको रूपमा स्थापना भएको भक्तपुर नगरपालिका स्थापनाकालदेखि आजसम्म विभिन्न कालखण्डमा नगरपालिकामा जनप्रतिनिधिहरूको रूपमा निर्वाचित भएर सेवा गर्नुभएका, प्रत्यक्ष र अप्रत्यक्ष रूपमा भक्तपुरको विकासमा योगदान गर्नुभएका सम्पूर्णमा हार्दिक कृतज्ञता ज्ञापन गर्नुभयो।

उहाँले भक्तपुर नगरपालिकाले संविधानले दिएको अधिकार क्षेत्रभित्र रहेर विभिन्न ऐन-कानुनहरू निर्माण गर्दै सबै क्षेत्रमा विकास निर्माणलाई अगाडि बढाउँदै आएको उल्लेख गर्नुभयो।

उहाँले भक्तपुर नपाले निर्वाचनमा जनताबिच घोषणापत्रमार्फत गरेका प्रतिबद्धताहरू पूरा गर्न शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माण, सीपमूलक तालिमहरू दिएर भनपाले जनभावनाअनुसार कार्य गर्दै आएको छ भन्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले २५-२६ वर्षअघि देख्नुभएको सपनाअनुसार भक्तपुर 'एक घर एक स्नातक', पारदर्शी, भ्रष्टाचारमुक्त, स्मारक संरक्षित, कला संस्कृति जोगिएको र आफ्नो छुट्टै पहिचान बोकेको नमुना नगरको रूपमा विकास हुँदै छ ।'

सांस्कृतिक नगर भक्तपुरका मूर्त तथा अमूर्त सम्पदाहरूलाई जीवन्त राख्न भनपाले निरन्तर जोड दिँदै आएको उल्लेख गर्नुहुँदै उहाँले विदेशीको सहयोगमा होइन आफ्नै पौरखले हाम्रा सम्पदा उठाउनुपर्छ भन्ने भावनाले नगरपालिकाले जनतासँग मिलेर श्रमदान, आर्थिक सहयोग लिएर सम्पदाहरूको पुनर्निर्माण र जीर्णोद्धार गर्दै आएको स्पष्ट पार्नुभयो ।



बागमती प्रदेशका प्रदेश सदस्य **सुरेन्द्रराज गोसाईं**ले भक्तपुर नगरपालिकाले यहाँका संस्कृतिहरूको संरक्षण र प्रवर्द्धनमा जनतालाई उत्साहित गर्दै आएको बताउनुहुँदै नगर निर्माण र दिगो विकासको निम्ति सङ्गठित शक्ति र सही विचार आवश्यक भएको बताउनुभयो ।

उहाँले प्रजग कोरियाले छोटो समयमा संसारलाई आश्चर्यचकित हुने ढङ्गले विकास गरेको चर्चा गर्नुहुँदै प्रजग कोरियाको प्योङयाङ सहर भक्तपुरजस्तै कला, कृति र कलाकारहरूको सहर भएको बताउनुभयो ।

भक्तपुरका पुराना कला र संस्कृतिलाई विज्ञान, प्रविधि र आधुनिकतासँग जोडेर लान सके नयाँ युगको सेवा हुने उल्लेख गर्नुहुँदै उहाँले जनताको सांस्कृतिक र नागरिक भावना जोगाउनु आवश्यक छ भन्नुभयो ।

उहाँले भक्तपुरको नेवार सभ्यता केवल सांस्कृतिक समुदायमा सीमित नरहेको बताउनुहुँदै यहाँका जनता राजनीतिक रूपमा सचेत र सङ्गठित भएकै कारण यसको छुट्टै पहिचान कायम भएको हो भन्नुभयो ।

भक्तपुरका पुस्तकालयहरू स्तरोन्नतिसँगै यहाँका नागरिकहरूको बौद्धिक र सांस्कृतिक स्तर पनि माथि उठ्दै जाने विश्वास व्यक्त गर्नुहुँदै उहाँले भक्तपुर देशकै लागि रोल मोडलको रूपमा अगाडि बढिरहेको छ भन्नुभयो ।



भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाका विविध गतिविधि र कार्यक्रमले गर्दा देशकै उदाहरणीय नगरको रूपमा स्थापित हुन सफल भएको चर्चा गर्नुहुँदै भक्तपुरका मूर्त तथा अमूर्त सम्पदा संरक्षण गरी पर्यटन उद्योगसँग जोडी विभिन्न कार्यक्रमहरू अगाडि बढाउँदै आएको बताउनुभयो ।



भक्तपुरका प्रमुख जिल्ला अधिकारी **उमेशकुमार ढकाल**ले भक्तपुरको संस्कृति संरक्षण र प्रवर्द्धनमा नगरपालिकाले खेल्दै आएको भूमिका प्रशंसनीय छ भन्नुहुँदै यस्ता गतिविधिलाई निरन्तरता दिँदै जानुपर्ने बताउनुभयो ।



नेपाल कर्मचारी एसोसिएसन एकाइ समिति भक्तपुरका अध्यक्ष **गौतम प्रसाद लासिवा**ले भक्तपुर नगरपालिकामा जनप्रतिनिधि र कर्मचारीहरूको समन्वय र समभावमा काम गरेकै कारण देशको उदाहरणीय बन्न सफल भएको बताउनुहुँदै सरकारले स्थानीय तहका कर्मचारीहरूलाई दोस्रो दर्जाको कर्मचारीहरूको रूपमा हेर्न नहुने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**





र ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन गर्नुभयो ।

उक्त कार्यक्रममा योमारी निर्माण र प्रतियोगितासम्बन्धी लघु वृत्तचित्र प्रदर्शनी गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रेम सुवालले योमारी प्रतियोगिताका विजयीहरूलाई नगद पुरस्कारसहित मायाको चिनो र सहभागीहरूलाई प्रमाण पत्र वितरण गर्नुभएको थियो । प्रमुख प्रजापतिले निर्णायकहरूलाई धन्यवाद पत्र र मायाको चिनो वितरण, प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले योमारी उत्सवमा सहभागी सांस्कृतिक समूहहरूलाई धन्यवाद पत्र र मायाको चिनो तथा उपप्रमुख जोशीले सहयोगी सङ्घ–संस्थाहरूलाई धन्यवाद पत्र र मायाको चिनो वितरण गर्नुभयो ।



योमारी प्रतियोगिता : प्रथम



योमारी प्रतियोगिता : द्वितीय



योमारी प्रतियोगिता : तृतीय



योमारी प्रतियोगिता : सान्त्वना



योमारी प्रतियोगिता : सान्त्वना










भक्तपुर नगरपालिकाको आयोजनामा भएको योमरी प्रतियोगितामा ६२ वटा समूहले सहभागिता जनाएका थिए । उक्त प्रतियोगितामा भनपा वडा नं. ८ को छिकोङ समूह प्रथम, भनपा वडा नं. ९ को विश्वकर्मा भैल प्याखँ खल: तौलाछेँ दोस्रो, भनपा ८ को ख्वप्रिङ एकेडेमी तेस्रो, भनपा ६ को भादगाउँ दिदी बहिनी समूह र भनपा ४ को सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि. ले सान्त्वना स्थान हासिल गरेको थियो ।



**मन्तव्य**

# ‘शासक दलहरूको कारण देश सङ्कटमा पुगेको हो’

– प्रेम सुवाल

सचिव, नेमकिपा




जनप्रतिनिधि र कर्मचारीहरूले नगर र नगरवासीको सेवामा समर्पित भएर आ-आफ्नो जिम्मेवारी पूरा गरेमा स्थापना दिवसको औचित्य थप पुष्टि हुनेछ ।

रुसको निर्वाचन पर्यवेक्षणमा पुगेका एक सरकारी अधिकारीले त्यहाँको नगरपालिका, गाउँपालिका र वडा कार्यालयको काम हिउँ सफा गर्नेमात्र भएको, हवाईजहाज ओराल्न मिल्ने चौडा-चौडा सडकलगायत पूर्वाधार निर्माण कम्युनिस्ट सरकारकाबाट अगाडि नै सम्पन्न भएको र विकासमा रुसभन्दा ५०० वर्ष नेपाल पछाडि परेको अनुभव बताउनुभएको थियो ।

संस्कृतिभित्र मानिसको बोली व्यवहार, वेशभूषा, लवाइखवाइ, सरसफाइ आदि पर्दछन् । अहिले भक्तपुरका जनताका घर-घरमा खानेपानी ट्याङ्कीको व्यवस्था छ तर ती ट्याङ्की सफा गर्ने प्राविधिकहरूको अभाव भयो । खानेपानी ट्याङ्की सफा नभए पानीजन्य रोग बढ्नेतर्फ पनि नगरपालिका सचेत हुनु जरुरी छ ।

विद्यालय र कलेज आउने यातायातको सङ्ख्या बढी भएको नगरकोट सडकमा बढ्दो यातायात आवतजावतको कारण दुर्घटना हुने सम्भावना बढ्दो छ । विद्यार्थीको चाप नगरकोट सडकमा कम पर्ने बनाउन र सम्भावित दुर्घटना नियन्त्रण गर्न वैकल्पिक सडक जरुरी छ । यो विषय नेमकिपाले संसद्मा पटक-पटक उठाएको हो । हनुमन्ते र खासाङखुसुङ खोलाको दुवैतिर सडक विस्तार गरिए नगरकोट सडकमा सवारी साधनको चाप कम हुनेछ ।

नगरपालिकाले जनताको समस्या समाधान गर्न जनतासँग छलफल गरी अगाडि बढिरहेको सकारात्मक हो । स्थानीय तहलाई आवश्यक पर्ने कर्मचारी नियुक्तिको लागि स्थानीय तहमा कर्मचारी पदपूर्ति समितिको व्यवस्था गर्नु जरुरी छ । यसबारे संसदीय समितिमा नेमकिपाले संशोधन पनि राखेको हो तर, शासक दलहरू मानेनन् । त्यसबेला एक सरकारी अधिकारीले स्थानीय तहका प्रमुख र अध्यक्षले आफ्ना परिवार र नातेदारलाई कर्मचारीमा नियुक्ति गर्ने आरोप लगाए । यसको नेमकिपाले खण्डन गर्‍यो । लोकसेवा आयोगबाट नियुक्ति गरिएका कतिपय निजामती कर्मचारीहरू पनि भ्रष्टाचारमा परेको सार्वजनिक भइरहेको छ । सुसंस्कृत समाजमा मात्र भ्रष्टाचार नियन्त्रण हुने विषय सरकारले बुझ्नु जरुरी छ । स्थानीय तहमा सङ्घ र प्रदेश सरकारले हस्तक्षेप गर्नु उपयुक्त होइन ।

उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, सबैको निम्ति योग्यताअनुसार काम र कामअनुसार ज्यालाको बन्दोवस्त भए सुसंस्कृत समाज निर्माणमा मद्दत पुग्ने छ । भौतिक पूर्वाधारमा आगजनीभन्दा पनि भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठूला भष्टाचारीहरूलाई मृत्युदण्डसमेत हुने कानुनी व्यवस्था जरुरी छ । यस्तो व्यवस्था बहुदलीय व्यवस्था पुनः स्थापना पछि हटाइएको गलत हो ।

कर्मचारीहरूले हाजिर गरेपछि तलब र पारिश्रमिक पाउने ठान्नु हुँदैन, हाजिर सँगसँगै पारिश्रमिकअनुसारको काम पनि गरेर देखाउन जरुरी हुन्छ । अहिले देशको अर्थतन्त्र कर्मचारीको तलब-पेन्सनको लागि समेत विदेशी ऋण लिनुपर्ने अवस्था छ ।

भक्तपुरका जनताले भक्तपुरलाई सफा-स्वच्छ, सांस्कृतिक नगर र पर्यटकीय गन्तव्यस्थल बनाउने लक्ष्य लिएका छन् । यो लक्ष्य पूरा गर्न जनप्रतिनिधिहरूले नीति कार्यक्रम बनाउने र कर्मचारीहरूले कार्यान्वयन गर्ने कामलाई निरन्तरता दिनु उपयुक्त हुनेछ । नेपाल मजदुर किसान पार्टीका अध्यक्षज्यूले धेरै अगाडि नै कर्मचारीहरू एम्बुलेन्स र दमकलजस्तै देश र जनताप्रति जिम्मेवार हुनुपर्ने बताउनुभएको छ । तत्अनुसार कर्मचारीहरू चौबीसै घण्टा देश र जनताप्रति जिम्मेवार र जवाफदेही भएर सेवा गर्नु जरुरी छ ।

भदौ २३ र २४ गतेको घटनापछि राष्ट्रिय मानव अधिकार आयोगले सरकारहरू जनताका समस्यालाई समयमा



सम्बोधन गर्न असमर्थ भएको र सम्भावित दुर्घटनाको पूर्वानुमान गर्न नसकेको वक्तव्य प्रकाशित गरेकोतर्फ शासक दलहरू सचेत हुनु आवश्यक छ ।

सरकारको प्रधानमन्त्री र मन्त्री हुनुको अर्थ झन्डावाल गाडीमा सिंहदरबार भित्र–बाहिर गर्नुमात्र होइन, देश र जनताको समस्या समयमा समाधान गर्नु हो । यो विषय संसद्मा प्रधानमन्त्री र मन्त्रीहरूको सामु नेमकिपाले बारम्बार दोहोऱ्याएको हो । तर, शासक दलहरू सचेत नहुँदा अहिलेको सङ्कट उत्पन्न भएको हो ।

संवत् २०१९ सालयता नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले भक्तपुर नगरपालिकामा स्थानीय जनताको उपभोक्ता समितिमार्फत श्रमदानमा आधारित भएर विकासका कार्य अगाडि बढाउनु भएको हो । भक्तपुर नगरपालिका आर्थिक अनुशासन, मितव्ययीता, पारदर्शिता भएर अघि बढ्दै छ । भक्तपुर नगरपालिकालाई देशको नमुना नगरपालिका बनाउन जनप्रतिनिधि र कर्मचारीहरूले थप मिहिनेत गर्ने जनताको अपेक्षा हो ।

नयाँ पुस्ता हाम्रा भविष्य हुन् । चिकित्सकहरूका अनुसार सहरका केही विद्यार्थीहरूमा कुपोषण देखिएको, शारीरिक गतिविधि र सरसफाइमा कमी भएको सार्वजनिक भयो । यसबारे जनप्रतिनिधि र विद्यालयहरूबिच छलफल हुनु उपयुक्त हुनेछ ।

(नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले २०८२ पुस २ गते भक्तपुर नगरपालिकाको ७६ औँ स्थापना दिवसको अवसरमा भनपाको आयोजनामा मङ्सिर २० गते सम्पन्न योमारी प्रतियोगिताका विजयीहरूलाई पुरस्कार र सहभागीहरूलाई प्रमाण–पत्र वितरण तथा सहयोगीहरूलाई धन्यवाद ज्ञापन कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार)

# यता–उताबाट

**Full Form**

LAPTOP–The meaning or full form of LAPTOP is "Lightweight Analytical Platform Total Optimized Power".

–a portable computer small enough to use in your lap/

–A laptop computer or notebook computer

PC- personal computer

INTERNET: Interconnected Network

BHAKTAPUR [MONTHLY] मासिक

भक्तपुर नपाको वेबसाइट

bhaktapurmun.gov.np

को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

मन्तव्य

# 'भक्तपुरलाई पारदर्शी, भ्रष्टाचारमुक्त र स्मारक संरक्षित नमुना नगरको रूपमा विकास गर्ने कोसिस गर्दैछौं'

- सुनिल प्रजापति

प्रमुख, भक्तपुर नगरपालिका




विसं २००६ सालमा भक्तपुर म्युनिसिपालिटीको रूपमा स्थापना भएको आजको भक्तपुर नगरपालिका २००७ सालमा नगर पञ्चायत, २०१० सालमा नगरपालिका, २०१९ सालमा नगर पञ्चायत, २०४५ सालमा नगर पञ्चायत समिति हुँदै २०४७ साल जेठ ३० गतेदेखि हालसम्म नगरपालिकाको नाउँमा सञ्चालित छ। नगरपालिका स्थापनाकालदेखि आजसम्म विभिन्न कालखण्डमा निर्वाचित भएर सेवा गर्नुभएका जनप्रतिनिधिहरू, प्रत्यक्ष र अप्रत्यक्ष रूपमा भक्तपुरको विकासमा योगदान गर्नु भएका सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले २०१९ सालमा नगर पञ्चायतको सदस्य निर्वाचित भएर सेवा गर्नु भएको थियो। त्यतिबेलै उहाँहरूले भक्तपुर एउटा सुन्दर, सफा नगरको सपना देख्नुभएको थियो। निरङ्कुश पञ्चायती शासन कालका विभिन्न समयमा निर्वाचनको व्यवस्था थिएन। २०३६ सालको जनआन्दोलनपछि २०३७ सालमा जनमत सङ्ग्रह, २०३८ सालमा राष्ट्रिय पञ्चायतको चुनाव र २०३९ सालमा स्थानीय पञ्चायतहरूको चुनाव सम्पन्न भयो।

त्यतिबेला पार्टी प्रतिबन्धित थियो। प्रतिबन्धित नेपाल मजदुर किसान सङ्गठन (पार्टी)को तर्फबाट किसान नेता का. ज्ञानबहादुर न्याइच्याइँ प्रधान पञ्चसहित बहुमत उम्मेदवारहरू भक्तपुर नगर पञ्चायतमा जित्नुभयो। पारदर्शी, आर्थिक अनुशासन र भ्रष्टाचारमुक्त नगर बनाउने अभियान त्यतिबेलादेखि उहाँहरूले सुरु गर्नुभयो।

त्यतिबेला भक्तपुर अत्यन्त फोहोर र शिक्षामा देशकै पछाडि परेको मध्ये एक नगर थियो भने स्वास्थ्य उपचारको पनि राम्रो बन्दोवस्त थिएन। अर्थात नाउँ मात्रको नगरपालिका थियो। ज्ञानबहादुर न्याइच्याइँको नेतृत्वमा २०३९ सालदेखि सफाइ अभियान, वडा वडामा साक्षरता कक्षा सञ्चालन, सिलाइ–बुनाइका तालिम जस्ता सीपमूलक तालिमहरू दिने कार्य सुरु भयो। नगर पञ्चायतको हिसाब पारदर्शी गर्न 'पञ्चायत' नाउँको पत्रिका प्रकाशन भयो।

२०४४ सालको स्थानीय निकायको निर्वाचनमा नेपाल मजदुर किसान सङ्गठन (पार्टी)को तर्फबाट का. आशाकाजी बासुकला प्रधानपञ्चमा निर्वाचित हुनुभयो। उहाँसँगै नेमकिसं(पार्टी)का बहुमत वडा सदस्यहरू निर्वाचित हुनुभयो। हामी वडा सदस्यको रूपमा कार्यरत थियौं।

देशभरका ३६ वटा नगर पञ्चायतहरूमध्ये भक्तपुर नगर पञ्चायतले पृथक रूपमा काम सुरु गऱ्यो। देशभर कक्षा ५ सम्म सरकारले निःशुल्क गरेको बेला भक्तपुर नगर पञ्चायतभित्र कक्षा ७ सम्म निःशुल्कको व्यवस्था गरियो। 'पञ्चायत' पत्रिकामा पार्टी प्रतिबन्धित अवस्थामा पनि विश्व सर्वहारा वर्गका महान् गुरुहरू कार्ल मार्क्स, ऐंगेल्स, लेनिन, स्तालिन र माओ त्से तुङका जीवनीहरू र समाजवादी साहित्यहरू प्रकाशित हुन थालियो। 'पञ्चायत' पत्रिका देशभरिका नगर पञ्चायतमा पुऱ्याउने व्यवस्था थियो। त्यतिबेला 'पञ्चायतै मासिक पत्रिका 'कम्युनिष्ट' वा क्रान्तिकारी पत्रिका थियो। त्यसमा नपाका बोर्ड निर्णयहरू, आम्दानी र खर्च विवरणदेखि समसामयिक विषयका लेखहरू छापिन्थ्यो। 'पञ्चायत' पत्रिका देशका लोकप्रिय पत्रिकाहरूमध्ये एक थियो। यसरी देशमा भक्तपुर नगर पञ्चायतले छुट्टै छाप निर्माण गर्दै अगाडि बढ्दै गयो। भक्तपुर नगर पञ्चायत त्यतिबेला पनि चर्चित थियो।

प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने लेनिनवादी नीतिलाई नेमकिसं(पार्टी)ले राम्ररी उपयोग गर्दै थियो। तर, त्यो पञ्चायतको आँखामा कसिङ्गर बन्यो। २०४५ साल भदौ ९ गते राज्यस्तरको षड्यन्त्र 'भक्तपुर काण्ड' रचेर नेमकिसं(पार्टी)का अध्यक्ष का. नारायणमान बिजुक्छें (रोहित), रापस गोविन्द दुवाल, प्रधानपञ्च आशाकाजी बासुकला, उपप्रधानपञ्च चैत्यराज शाक्यलगायत हामी सबैजसो वडाध्यक्षहरूलाई त्यो जाली मुद्दामा फसाइयो। नगर पञ्चायत भङ्ग गरियो र मण्डलेहरूको नेतृत्वमा नगरपञ्चायत समिति गठन गरियो। पञ्चायती सरकारले का. रोहितलगायत नेमकिपाका नेता, कार्यकर्ताहरूलाई सर्वस्वसहित जन्मकैद वा ज्यान सजायको माग गऱ्यो। ६८ जना नेता कार्यकर्ताहरूलाई ज्यान मुद्दामा फसाइएको थियो। हजारौं जनताले दुःख पाए।

जनताको तीव्र विरोधसँगै २०४६ सालको जनआन्दोलनको सफलतापछि २०४७ साल वैशाख ५ गते का. रोहितसहित हामी सबै बन्दीहरू रिहा भयौँ।

२०४९ सालमा सम्पन्न स्थानीय निकायको निर्वाचनमा पुनः ज्ञान बहादुर न्याइच्याइँ नगरपालिका प्रमुखमा निर्वाचित हुनुभयो। उहाँको नेतृत्वमा विगतका असल र जनपक्षीय कार्यहरूलाई निरन्तरता दिँदै नगरपालिकाका जनप्रतिनिधिहरू जनताको सेवामा अगाडि बढ्नु भयो। त्यतिबेला सम्पदाहरू बेवारिसे अवस्थामा थिए। न गुठी संस्थानले वास्ता गऱ्यो न पुरातत्त्व विभागले नै। भक्तपुरका अधिकांश सम्पदाहरू छरपष्ट थिए। त्यही समयमा २०५० सालदेखि विदेशी पर्यटकहरूसँग शुल्क लिन सुरु गरियो। भक्तपुरका केही पर्यटक व्यवसायीहरूले त्यसको विरोध गरे। तत्कालीन सरकारले पनि त्यसलाई रोक्न हर तरहले कोसिस गऱ्यो। तर जनप्रतिनिधिहरू पछि हट्नु भएन। पर्यटकहरूबाट उठेको शुल्क र नगरपालिकाका सबै हिसाब पारदर्शी गर्दै गयो। पर्यटकहरूबाट उठेको रकमसमेतबाट सम्पदाहरूको मर्मत, जीर्णोद्धार गर्नुकासाथै शिक्षा, स्वास्थ्य उपचार, सरसफाइलगायतका कार्यहरूमा खर्च गरियो। बिस्तारै विरोधका स्वरहरू कम हुँदै गयो। आज पर्यटक शुल्क भक्तपुर नपाको विभिन्न आर्थिक स्रोतहरूमध्ये एक महत्त्वपूर्ण श्रोत भएको छ। श्रमदानको संस्कृतिले आजसम्म निरन्तरमा पाउँदै छ।

२०५४ सालमा का.प्रेम सुवाल नगर प्रमुखमा निर्वाचित हुनुभयो। 'शिक्षालाई जोड दिने' त्यतिबेलाको निर्वाचन घोषणापत्रमा उल्लेख थियो। त्यही क्रममा २०५६ सालमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित)ले **'सय वर्ष पछिको भक्तपुर'** नाउँको लेख प्रकाशित गर्नु भयो। २०५९ सालमा त्यो पुस्तकको रूपमा प्रकाशित भयो। पुस्तकमा सय वर्ष पछिको भक्तपुर शिक्षा, स्वास्थ्य उपचारको बन्दोवस्त, सरसफाइ, पर्यटन विकास तथा कला संस्कृति विकासको कल्पना गर्दै *'भक्तपुर संसारकै आकर्षक नगर, बिहान प्राचीन शहर जस्तो, दिउँसो विश्वविद्यालय जस्तो र राती सुन्दर आधुनिक सुन्दरी जस्तो देखिने'* उल्लेख गर्नु भयो। त्यो भक्तपुर विकासको मार्गचित्र थियो। २०५६ सालमा उच्च शिक्षा परिषद्बाट स्वीकृति लिई ख्वप माविको सुरुआत भयो। अनेकौँ समस्याबिच ख्वप उच्च मावि सुरु भयो।

२०५८ साल माघ २१ गते भक्तपुरका बुद्धिजिवीहरूको एक बृहत् भेलामा का. नारायणमान बिजुक्छेँले अत्यन्त महत्त्वपूर्ण घोषणा गर्नुभयो। उहाँले *'बिचमा कुनै बाधा व्यवधान आएन भने भक्तपुर पहिलो साक्षर जिल्ला, प्रत्यक घरमा एक स्नातक भएको, पारदर्शी, भ्रष्टाचारमुक्त, स्मारक संरक्षित, कला संस्कृति जोगिएको र आफ्नो पहिचान भएको जिल्ला बनाउन सकिने'* उल्लेख गर्नु भएको थियो। कतिको लागि त्यो पचेको थिएन। त्यो घोषणालाई लिएर महात्त्वाकाङ्क्षी योजना, चर्चाको लागिमात्र घोषणा गरेको, असम्भव योजना जस्ता आलोचनाहरू पनि नभएको होइन। एक घर एक स्नातकको सपनालाई साकार पार्न नगरपालिका निरन्तर अगाडि बढ्यो। २०५८ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएर ख्वप कलेज र पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिएर ख्वप इन्जिनियरिङ कलेजका कक्षाहरू सुरु भयो। कुनै पनि शैक्षिक संस्थाहरूको स्वीकृति र सञ्चालन सहज थिएन। ख्वप मावि स्थानीय तहहरूले सञ्चालन गरेको एक मात्र मावि हो। त्यो कार्यकालमा अन्य कार्यको अतिरिक्त उच्च शिक्षा प्रदान गर्ने महत्त्वपूर्ण शैक्षिक संस्थाहरू स्थापना भए।

२०५९ साल असार मसान्तपछि तत्कालीन निर्वाचित पदाधिकारीहरूको म्याद समाप्त भयो। शेरबहादुर देउवा नेतृत्वको सरकारले न म्याद थप गरियो न निर्वाचित नै गरियो। देशभरका स्थानीय निकायहरू जनप्रतिनिधिविहीन भए। पार्टीले अर्को निर्वाचितहरू नआएसम्म पहिलेका निर्वाचितहरू जिम्मेवारीबाट हट्न नहुने, जनतालाई सङ्कट परेको बेला जिम्मेवारीबाट भाग्न नहुने निर्देशनपछि सबै जनप्रतिनिधिहरूले आआफ्ना ठाउँमा बसेर जनताको सेवालाई निरन्तरता दिइरहनु भयो।

जन प्रतिनिधिविहीन अवस्थामा पनि नगरपालिकाको शैक्षिक विकासको क्रम रोकिएन। २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ र त्यसपछि शारदा मावि/कलेज नगरपालिकाले स्थापना र सञ्चालन गऱ्यो। १५ वर्षसम्म देश जनप्रतिनिधिविहीन हुँदा देश विकासमा २५।३० वर्ष पछि पऱ्यो। भक्तपुर पनि त्यसबाट अछुतो रहेन। सकेसम्म भक्तपुरका जनतालाई जनप्रतिनिधिविहीनताको अनुभव गर्न दिइएन।

२०७४ सालमा स्थानीय तहको निर्वाचन भयो। गणतान्त्रिक राज्य व्यवस्था, नयाँ संविधानसँगै नेपालमा पहिलोपटक सङ्घीयता कार्यान्वयनमा आयो। संविधानमै स्थानीय तहको अधिकार स्पष्ट उल्लेख गरियो। भक्तपुर नगरपालिकाले संविधानले दिएको अधिकार क्षेत्रभित्र रहेर विभिन्न ऐन–कानुनहरू निर्माण गर्दै सबै क्षेत्रमा विकास निर्माणलाई अगाडि बढायो। शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माण, सीपमूलक तालिमहरू दिएर भक्तपुर नपाले जनभावनाअनुसार कार्य गर्दै आएको छ।

२०७९ सालको स्थानीय निर्वाचनमा पनि भक्तपुर नगरपालिकामा शत प्रतिशत नेमकिपाका जनप्रतिनिधिहरूले जीत हासिल गर्नु भयो। पहिले स्थापना गरिएका सबै शैक्षिक

संस्थाहरूलाई निरन्तरता दिँदै थप व्यवस्थित रूपमा सञ्चालन गर्दै आएका छौँ। निर्वाचन घोषणापत्रको आधारमा २०७९ सालमा ख्वप कलेज अफ लको स्थापना गरी जनताको छोराछोरीलाई सस्तोमा गुणस्तरीय कानुन शिक्षा (बिएएलएलबी) ५ वर्षे कक्षा चलाउँदै छौँ। अहिले नपाद्वारा सञ्चालित ७ वटा शैक्षिक संस्थाहरूमा देशभरका ७ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। गरिब विद्यार्थीहरूका लागि रु. ५ लाखसम्म शैक्षिक ऋण, इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्र, नेपालभाषालगायतका विषयमा अध्ययन गर्ने नगरवासी विद्यार्थीहरूलाई विद्यावारिधिसम्म पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै शैक्षिक क्षेत्रलाई अझ व्यवस्थित र व्यापक बनाउँदै छौँ। शिशुस्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्म शैक्षिक संस्थाहरू चलाउने भक्तपुर नेपालको एक मात्र नगरपालिका हो। सरकारले विधेयक पारित गरी दिएको भए ख्वप विश्व विद्यालयहरू सञ्चालन गर्न पनि हामी तयार छौँ। त्यसको लागि हामीले प्रयास जारी राखेका छौँ।

स्वास्थ्य क्षेत्रमा वडा वडामा स्वास्थ्य केन्द्रहरूको व्यवस्था, घरदैलो नर्सिङ सञ्चालन, १०० शैय्याको ख्वप अस्पताल सञ्चालनले भक्तपुरका जनतालाई मात्र होइन सारा जनतालाई स्वास्थ्य उपचार सेवामा सुविधा भएको छ। गत आ.व. २०८१/०८२ मा ७० भन्दा बढी जिल्लाका २ लाख ८९ हजार बिरामीहरूलाई ख्वप अस्पतालले सेवा दिन सफल भयो। जनताको सेवालाई ध्यान दिएर वर्षको ३६५ दिन चल्ने र दैनिक ११ घण्टा विशेषज्ञसहित ओपिडी सेवा दिने ख्वप अस्पतालको विशेषता हो भने नगरपलिकाले भक्तपुरवासीहरूलाई निःशुल्क अक्सिजन र निःशुल्क रगतको पनि व्यवस्थासँगै गरिबहरूको लागि निःशुल्क उपचारको पनि व्यवस्था गर्दै आएका छौँ।

सांस्कृतिक नगर भक्तपुरका मूर्त र अमूर्त सम्पदाहरूलाई जीवन्त राख्न भक्तपुर नपाले निरन्तर जोड दिँदै आएको छ। विदेशीको सहयोगमा होइन आफ्नै पौरखले हाम्रा सम्पदा उठाउनुपर्छ भन्ने भावनाले नगरपालिकाले जनतासँग मिलेर श्रमदान, आर्थिक सहयोग लिएर सम्पदाहरूको पुनर्निर्माण र जीर्णोद्धार गर्दै आएको छ।

२०७२ सालमा ढलेका सयौँ सम्पदाहरू विदेशीको सहयोगबिना जस्ताको तस्तै पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न भइसकेका छन्। भूकम्प पछि हालसम्म क्षतिग्रस्त र नयाँ निर्माण समेत गरेर १६९ वटा सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गरी सकेका छौँ भने अझै डेढ दर्जन सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धारको क्रममा छन्। सांस्कृतिक नगरको पहिचानलाई कायम राख्न समय समयमा सांस्कृतिक प्रतियोगिता, सांस्कृतिक गुरु सम्मान, बहाबही चिनौँ, पोखरी चिनौँ, योमारी उत्सवजस्ता गतिविधिहरू गर्दै आएका छौँ। यसले आन्तरिक र बाह्य पर्यटन विकासमा टेवा पुगेको हाम्रो अनुभव छ। गत वर्षमात्रै हामीले भव्य 'भक्तपुर महोत्सव' सम्पन्न गऱ्यौँ। भक्तपुर पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदैछ। नेपाल आउने पर्यटकहरूमध्ये २५ देखि ३० प्रतिशत भक्तपुर आउने गरेको रेकर्ड छ।

सरसफाइलाई पनि मौलिक शैलीमै व्यवस्थापन गर्दै आएका छौँ। कुहिने र नकुहिने अलग अलग फोहोर सङ्कलन गरी कुहिने फोहोर जतिको कम्पोष्ट मल बनाई किसानहरूलाई बिक्री गर्दै आएका छौँ भने नकुहिने फोहोर छुट्याएर बिक्री गर्दै फोहोरलाई पनि नगरपालिकाको आयस्रोत बनाउने प्रयास गर्दै आएका छौँ।

युवाहरू विदेशिने क्रमलाई न्यूनीकरण गर्न युवाहरूलाई लक्षित गरी विभिन्न सीपमूलक तालिमहरूको व्यवस्था गर्दै आएका छौँ। सिकर्मी, डकर्मी, कुक, सिलाइ, कम्प्युटर, जग्गा नापजाँच, प्लम्बिङ, विद्युत्, हेयर कटिङ, छाला जुत्ता बनाउनेजस्ता थुप्रै तालिमहरू दिइरहेका छौँ। यसले युवाहरूलाई आत्मनिर्भर बन्न मद्दत पुऱ्याएको अनुभव छ।

यसरी भक्तपुर नपाले निर्वाचनमा जनताबिच घोषणामार्फत गरेका प्रतिबद्धताहरू पूरा गर्न शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण, सरसफाइ तथा विभिन्न पर्यटन केन्द्रित गतिविधिहरू गर्दै जनताको सेवा गर्दै आएको छ।

नेमकिपाका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित)ले २५-२६ वर्षअघि देख्नु भएको सपनाअनुसार भक्तपुर एक घर एक स्नातक, पारदर्शी, भ्रष्टाचारमुक्त, स्मारक संरक्षित, कला संस्कृति जोगिएको र आफ्नो छुट्टै पहिचान बोकेको नमुना नगरको रूपमा विकास हुँदैछ। राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा स्पष्ट दृष्टिकोण राख्दै आउनुभएका, देश विकासको दीर्घकालीन सोच तथा भक्तपुरको सय वर्षपछिको मार्गचित्र कोर्नु भएका आदरणीय नेता का. नारायणमान बिजुक्छेँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ। भक्तपुरको विकासको निम्ति विगतदेखि वर्तमानसम्म निर्वाचित पदमा काम गर्नु भएका जनप्रतिनिधिहरू, नेमकिपाका नेता कार्यकर्ताहरू, राजनैतिक रूपमा फरक विचार भए पनि विभिन्न रचनात्मक आलोचना गरी सहयोग गर्ने विभिन्न राजनैतिक दलका नेता कार्यकर्ताहरू र भक्तपुरका सबै तह र तप्काका जनताप्रति नगरपालिका स्थापनाको ७६ औँ वर्षको अवसरमा हार्दिक आभार व्यक्त गर्दछौँ।

(भक्तपुर नगरपालिकाको ७६ औँ स्थापना दिवसको अवसरमा पुस २ गते योमारी प्रतियोगितामा विजयीहरूलाई पुरस्कार वितरण तथा धन्यवाद ज्ञापन कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नु भएको मन्तव्य।)

# जेन-जी के सिद्धान्त र आदर्शबाट सञ्चालित छ ?

प्रधान



केही महिनादेखि जेन-जी विद्रोहबाट नेपाली समाजमा नौलो प्रकारको भ्रम र अन्योल देखा पर्दै छ। जेन-जीको विरोधलाई नेपाली भाषामा 'नयाँ पुस्ताको विरोध' भन्नु बढी उपयुक्त होला। किनभने, तिनीहरूका बाहिर देखिएका व्यक्तिहरूले आफूलाई एक राजनीतिक दलको रूपमा प्रस्तुत गरेका छैनन्। बाहिर प्रस्तुत भएका एक अगुवा रक्षा बमले शान्तिपूर्ण विरोध प्रदर्शनले कसरी हिंसाको रूप लियो थाहा नभएको बताइन्। 'ओलीको सत्ता ढाल्ने योजना थिएन' शीर्षकको १५ मङ्सिर २०८२ को 'नेपाल समाचारपत्र' को अन्तर्वार्तामा उनको भनाइ थियो, '... सुरुमा यो कुनै सत्ता ढाल्न वा चुनावको मिति सार्नको लागि गरिएको थिएन। दमन सहनै नसकेर फ्रस्टेसन ब्लास्ट भएपछि मात्रै नेतृत्व परिवर्तनको माग उठेको थियो। शान्तिपूर्ण आन्दोलन थियो; हिंसामा कसरी रूपान्तरण भयो भनेर मलाई थाहा भएन। साथीहरूले संसद् भवनमा प्रवेशमात्र गर्न खोजेका थिए तर जलाउने वा अन्य अराजक किसिमका गतिविधि गर्ने कुनै मनसाय .... थिएन। तर, सुरक्षाकर्मीले टाउकोमा ताकी ताकी अन्धाधुन्ध गोली प्रहार गरेपछि आन्दोलनले अराजक रूप लिएको हो। भदौ २३ गतेको नरसंहारबाट उत्पन्न भएको जनआक्रोशको परिणाम नै भदौ २४ गतेको विध्वंस हो। यो सरकार नागरिकले सडकबाट बनाएको र सडकको म्यान्डेट बोकेर अगाडि बढिरहेको सरकार हो।'

माथिका भनाइअनुसार रक्षा बमले श्रीलङ्का र बङ्गलादेशमा विदेशी शक्तिहरूले गरेको हस्तक्षेपको कुरा गौण देखियो, जबकि 'नयाँ पुस्ता' कुनै राजनीतिक दल होइन र सामान्य रूपमा भ्रष्टाचारविरोधी शान्तिपूर्ण विरोध प्रदर्शन मात्रै हो। तर, त्यस घटनालाई आन्दोलनको रूपमा व्याख्या गर्दा यस आन्दोलनका सारथीहरू युवाहरू होइनन् बरु चुस्त र अनुभवी व्यक्तिहरूतिर नै इङ्गित गर्दछ।

x x x

कविरस शर्माले १५ मङ्सिर २०८२ को 'नेपाल समाचारपत्र' को लागि किशोरी कार्कीसँग लिएको 'उत्तरदायी नेतृत्व, प्रत्यक्ष कार्यकारी प्रणाली र युवा सहभागिता' शीर्षकमा भनिएका विषय १४-१५ मङ्सिरका घटनाहरूबाट उब्जिएका सच्चाइहरू हुन्। 'हाम्रो माग सजाय होइन, प्रणालीगत उत्तरदायित्व हो। जसले गल्ती गर्छ उसले जवाफ दिनैपर्छ। यही नयाँ सरकार बनाउन खोज्दै छौँ।' शान्तिपूर्ण विरोधको परिणाम हिंसात्मक हुँदा नयाँ दृष्टिकोण देखापर्नु स्वाभाविक हो।

उनी थप्छन्, 'हामी स्थायित्व होइन, सार्थक परिवर्तन खोज्दै छौँ। यो आन्दोलन शासन परिवर्तनको लागि मात्र होइन, सांस्कृतिक परिवर्तनको लागि पनि हो। हाम्रो उद्देश्य होइन, प्रभाव हो। उम्मेदवारी केवल देश निर्माणको माध्यम हो।'

जेन-जीको माझमा देखिएको मत-मतान्तरबारे पत्रकारको जिज्ञासालाई किशोरी कार्कीले भनिन्, 'मतान्तर विचारको सौन्दर्य हो। तर, उद्देश्य एउटै हो नयाँ नेपाल।'

नयाँ नयाँ तर्क र उद्देश्यले 'नयाँ पुस्ता'लाई परिमार्जनको अवसर पनि दिने हुँदा समयले सबैलाई सिकाउँछ र आत्म-आलोचना अगाडि होइन पछाडि गर्ने हुन्छ।

x x x

सुनील महर्जनले १५ मङ्सिरमा 'जेन-जी' का सुदन गुरुङसँगको अन्तर्वार्ता 'नेपाल समाचारपत्र' मा छापिएको छ। उनले भनेका छन्, 'आन्दोलनको तयारी गरिरहँदा 'हामी नेपाल'का ९२ च्याप्टरका झन्डै १६ हजार स्वयम्सेवकहरूलाई आन्दोलनको दिन प्रत्येक सदस्यले पाँच जना मानिसहरू ल्याउन् भनेर भनिरहेका थियौँ। त्यसको लागि सूचना आदानप्रदान गर्न डिस्कर्ड बनाएका थियौँ। हामी जेन-जीका १७ वटा समूह थियौँ। जेन-जीका १७ वटै समूहका नेतृत्वहरूले 'तपाईंले नेतृत्व गर्नुपर्‍यो दाइ, यसमा जोखिम पनि छ तपाई अघि बढ्नुस्' भन्नुभयो। सबैको आग्रह र देखाएको विश्वासको आधारमा जेन-जीको ➲

# शासक पार्टीहरूको नाम र नेता फरक तर काम एउटै !

प्रज्ज्वल

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा ५ पूर्वमन्त्रीसहित ५५ जनाविरुद्ध ८ अर्ब बढी भ्रष्टाचार भएको आरोप लगाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गऱ्यो । यो भ्रष्टाचारमा केहीले ऋण सहयोग दिने चिनियाँ सरकार र निर्माण ठेक्का लिने चिनियाँ कम्पनीलाई पनि संलग्न भएको आरोप लगाएको सार्वजनिक भयो ।

नेपालको एउटा उखान छ, 'नाच्न नजान्ने, आँगन टेढो ।' पोखरामा निर्माण भएको अन्तर्राष्ट्रिय विमानस्थलमा के कति अनियमित भयो ? त्यो किन कसरी भयो ? यसको जवाफदेही नेपाल सरकार नै हुनुपर्छ । सरकारले सम्भावित अनियमितताको पूर्वानुमान गरी स्वदेशी होस् या विदेशी त्यसलाई रोक्ने सबै उपाय गर्नु जरुरी हुन्छ । पूर्वमन्त्रीहरू नेकाका रामशरण महत, एमालेका भीमप्रसाद आचार्य, माओवादीका पोष्टबहादुर बोगटी, खिलराज रेग्मी सरकारका मन्त्री रामकुमार श्रेष्ठ, एमालेकै मन्त्री दीपकचन्द्र अमात्यलगायत सरकारी अधिकारीहरू, पुल्चोक इन्जिनीयरिङ कलेजका प्राध्यापकहरूसमेत यो भ्रष्टाचारमा मुछिएको सार्वजनिक भयो ।

बहुदलीय व्यवस्था पुन:स्थापना र गणतन्त्रको ३५ वर्षयता नेका, एमाले, माओवादी नै सरकारको नेतृत्वमा र मन्त्रीमा थिए । नेपाली जनताले सरकारमा गएका दलका नेता र कार्यकर्ताहरूबाट भएका भ्रष्टाचारको विरोध गर्दै आएका हुन् । कुनै पनि सरकारले जनताको विरोधलाई बुझ्न सकेन ।

मेलम्ची खानेपानी आयोजनालगायतमा भएको भ्रष्टाचारको अभियोगमा नेकाबाट प्रधानमन्त्री भएका शेरबहादुर देउवा पनि महाराजगञ्ज प्रहरी प्रतिष्ठानमा पुर्पक्षको लागि थुनामा परेका थिए । तत्कालीन राजा ज्ञानेन्द्रको प्रतिगामी सरकारको आरोप भनी देउवा चोखिएका थिए । देउवाले आफ्नो पत्नी आरजु राणामार्फत पार्टीका उम्मेदवार भएकाहरूबाट रकम असुल्ने, पार्टीका मन्त्रीहरूमार्फत कमिशन बटुल्ने र राजनीतिक नियुक्तिमा पनि कुम्ल्याउने गरेको सार्वजनिक भएको हो ।

एमालेका केपी ओली यतिखेर चुनावी सरकारका प्रधानमन्त्री सुशीला कार्कीले सम्पत्ति शुद्धीकरण विभागमार्फत पक्राउ गर्न लागेको सार्वजनिक गर्दै छ । एमालेबाटै प्रम भएका माधवकुमार नेपाल भारतीय रामदेवको मातहत खुलेको पतञ्जली कम्पनीलाई काभ्रेको साँगामा हजारौँ रोपनी जग्गा खरिद र बिक्री गराएको आरोपमा अख्तियारको मुद्दा बोक्दै छ । एमालेबाट ३-४ पटक मन्त्री भएका राधाकृष्ण मैनालीले आफ्नो संस्मरण पुस्तकमा 'मन्त्री भएकाहरू भ्रष्टाचारी भएको' उल्लेख गरे । मैनालीका भाइ एमालेका अर्का नेता सीपी मैनालीलाई भारतसँगको चिनी खरिदमा भ्रष्टाचारको आरोप लगाई तत्कालीन एमालेको सरकारका प्रम मनमोहन अधिकारीले आपूर्ति मन्त्रीबाट बर्खास्त गरेका थिए । एमालेका प्रम झलनाथ खनालले ३ ओटा देशको नागरिकता भएका ल्हारक्याल लामालाई मन्त्री बनाएका थिए । माओवादीका पुष्पकमल दाहालले समानुपातिक सांसद बनाएका उही लामाको लकरमा पिस्तोलको गोली भेटिएको सार्वजनिक भयो । प्रम दाहालले भारतीयलाई सजिलै नेपाली नागरिकता दिने विधेयकसँग भारतको मुर्रा भैँसी साटेका

➲ नेतृत्व भनेर सार्वजनिकरूपमा अघि आएको हुँ ।'

'नयाँ पुस्ता' को ठाउँमा 'जेन-जी' नाम र 'समूह' र 'सङ्गठन' को ठाउँमा 'च्याप्टर' शब्दले काठमाडौँ उत्पयकावासीलाई सुरुमा नौलोपन र विदेशीपन अनुभव गरायो । एकै दिन झन्डै सबैजसो जिल्लाका प्रहरी चौकी, नगरपालिका भवन र अन्य सरकारी भवनहरूमा आगो लगाउन आवश्यक जनशक्तिको तयारी पनि एक-दुई दिनमा भएको थिएन भन्ने चर्चा खूब चलेको थियो - त्यसबेला । तर झन्डै दुईतिहाइको बहुमत भएको संसद्को सरकारलाई 'तासको घर' जस्तै ढाल्दा तत्कालीन शासक दलहरूको लाजशरम् र आश्चर्यले सातोपुत्लो गएको होला भनी लख काटे नेपाली जनताले ! नागरिकता दिँदा सिनेमाको टिकट जस्तो दिएको हुँदा शासक दलहरूले अन्य दललाई दिएको उत्तरको रूपमा नेपाल र नेपाली जनताले राम्रै पाठ सिकेको बिर्सनुहुन्न । हाम्रा युवाहरूलाई शासकहरूले घोक्रयाएर विदेश पठाएको परिणामको यो एक छेस्कोमात्र हो । अरू त भोग्न जनता बाँच्दै छन् ।

स्रोत : श्रमिक साप्ताहिक, मंसिर २३, २०८२

थिए । माओवादीबाट प्रम भएका बाबुराम भट्टराईले भारतसँग वीप्पा सम्झौता गरे ।

नेका र एमालेका ओली सरकारले गत भदौ २३ गतेको युवाहरूको सडक प्रदर्शनमा हुनसक्ने घुसपैठबारे पूर्वानुमान गर्न सकेन । सरकारको दमनमा काठमाडौँमा १७ जना र सुनसरीमा २ जनासमेत १९ जनाको मृत्यु भयो । नेकाका गृहमन्त्री रमेश लेखकले सोही दिन राजीनामा दिए । एमालेका प्रम ओलीले भदौ २४ गते शान्ति सुरक्षा कायम गर्न सकेनन् । देशभरि सार्वजनिक भवन र केही निजी भवनमा पनि आगजनी भयो । दिउँसो २ बजे प्रम ओली राजीनामा दिएर सेनाको हेलिकप्टरमार्फत बेठेगान भए । राष्ट्रपति रामचन्द्र पौडेल र नेपाली सेनाको संलग्नतामा भदौ २७ गते सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रममा नियुक्ति गरियो र प्रतिनिधिसभाको विघटनसँगै आगामी फागुन २१ गते चुनाव हुने मिति निर्धारण गरियो ।

यतिबेला निर्वाचन आयोगमा ११४ ओटा पार्टीले प्रतिनिधिसभाको निर्वाचनमा भाग लिने व्यहोरोसहित दर्ता गरे । यसमा नेका र एमाले पनि छन् । तर, यी दुवै पार्टीले विघटित प्रतिनिधिसभा पुनःस्थापना गर्नुपर्ने माग राखी सर्वोच्च अदालतमा निवेदन पनि दिएका छन् भने अन्तरिम सरकारका प्रम सुशीला कार्कीले निर्वाचनबारे बोलाएका बैठकहरूमा पनि सहभागी भइरहेका छन् । केही दिनअघि नेकाका देउवा र आरजु राणा, एमालेका ओली र राधिकाको औपचारिक भेटवार्ता भएको सार्वजनिक भयो । भेटवार्तामा माघ ११ गते हुने राष्ट्रियसभाको रिक्त १९ स्थान र फागुन २१ गते हुने प्रतिनिधिसभाको चुनावमा संयुक्त गठबन्धन बनाउने र फागुन २१ को निर्वाचनमा दुई पार्टीको गठबन्धनको बहुमत प्राप्त गरी देउवालाई प्रम बनाउने सम्बन्धी कुराकानी भएको सार्वजनिक भयो ।

सिद्धान्तहीन गठबन्धन जुनसुकै पार्टीहरूबिच भए पनि त्यस्तो चुनावबाट नेपाल र नेपाली जनताको हित हुने छैन । माओवादीका दाहाल र एसका माधव, झलनाथ, वामदेवलगायतले १५ पार्टी एकीकृत गरी नेपाली कम्युनिस्ट पार्टी गठन गरेको दाबी गरे । रास्वपा र विवेकशील साझा पार्टी पनि एकीकरण गरिएको सार्वजनिक भयो । यसमा ऊर्जामन्त्री कुलमान घिसिङ संलग्न उज्यालो नेपाली पार्टी पनि मिसिने सार्वजनिक भइरहेको छ । यी सबै जनताको लागि 'कागलाई बेल पाक्यो हर्ष न विस्मात' जस्तै हो । पुरानो सामन्तवादी र पुँजीवादी विचार बोक्ने पार्टीहरूका नयाँ र पुराना अनुहारको अहिले औचित्य छैन ।

अन्तरिम सरकारका प्रम सुशीला कार्कीले हटाएका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई सर्वोच्च अदालतले पुनःस्थापना गऱ्यो भने ११ देशका राजदूतहरूलाई यसअघि नै पुनःस्थापना गरेको थियो । नेका र एमालेले विघटित प्रतिनिधिसभा सर्वोच्च अदालतबाट पुनःस्थापना हुने झिनो अपेक्षा गर्दै छन् । कतिपय नेपालीहरू २०८४ सालमा हुनुपर्ने प्रतिनिधिसभाको चुनाव २०८२ सालमा गराउन गत भदौ २३ र २४ गते हत्या, तोडफोड र आगजनी गरिएको हो भनी प्रश्न गर्दै छन् । यतिखेर राजनीतिक विश्लेषकहरूले बहुदलीय व्यवस्था पुनःस्थापना र गणतन्त्रको ३५ वर्षयता सरकारमा गएका दलहरू र तिनका नेताहरूले नागरिक शासनलाई कमजोर पारेको दाबी गर्दै छन् । यसर्थ नेपाली जनताले पार्टीको नाम फरक तर प्रम, मन्त्री तथा सरकारको उच्च निकायमा पुगेर विस्तारवाद र साम्राज्यवादका दलाल भएकाहरूलाई चिन्नु जरुरी छ ।

स्रोत : श्रमिक साप्ताहिक, मंसिर २३, २०८२

# हाम्रा पुराना मूर्ति



**वज्रसत्व (१९ औं शताब्दी)**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

# सङ्घीयताको प्रभावकारी कार्यान्वयन नहुँदा प्रदेशको औचित्यमाथि प्रश्न उठेको हो : प्रमुख सुनिल प्रजापति




नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको आयोजनामा ४० औँ आधारभूत प्रशासनिक तालिमअन्तर्गत *'सङ्घीयताको कार्यान्वयन र व्यवहारिक पक्ष'* बारे नवनियुक्त शाखा अधिकृतहरूबिच अन्तरक्रिया कार्यक्रम पुस १४ गते भयो ।

कार्यक्रमका प्रमुख वक्ता भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सङ्घीयताको प्रभावकारी कार्यान्वयन नभएकोले प्रदेशहरूको औचित्यमाथि प्रश्न उठेको बताउनुहुँदै नेपालको लागि सङ्घीयता राज्य सञ्चालनको नयाँ प्रणाली वा अभ्यास मात्रै भएको बताउनुभयो ।

संविधान र कानुनमा सङ्घीयता आए पनि शासन सत्तामा बस्ने नेता, प्रधानमन्त्री, मन्त्रीहरू र माथिल्लो तहका सङ्घीय कर्मचारीहरूमा भने अझै एकात्मक शासन व्यवस्थाकै सोच र चिन्तन कायम रहेको पनि उहाँले बताउनुभयो ।

कतिपय राजनैतिक दलका नेताहरूले नेपालमा सङ्घीयता स्थापित भएमा '१० वर्षभित्र नेपाललाई स्वीट्जरल्याण्ड वा सिंगापुर बनाउने' सपना बाँडे पनि बौद्धिक जगत र जनताबिच व्यापक छलफल र अन्तरक्रियाबिना पारित भएको सङ्घीयता कार्यान्वयनमा सकस भइरहेको उहाँले स्पष्ट पार्नुभयो ।

सङ्घीयता राज्यको मोडल मात्र हो, यसको राम्रो व्यवस्थापन गर्न नसकेमा विभाजनको खतरा निम्तिने उदाहरणहरू प्रस्तुत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले सोमालिया, रुवान्डालगायतका देशहरू जातीय सङ्घीयताका कारण युद्धमा फसिरहेको बताउनुभयो ।

सङ्घीयताको ८ वर्षको अभ्यासले कतिपय प्रदेशहरूले आफ्नो औचित्यसमेत पुष्टि गर्न नसकेको बताउनुहुँदै प्रमुख प्रजापतिले प्रदेशले आफ्नो अधिकार क्षेत्रको काममा ध्यान नदिई बारम्बार सरकार परिवर्तनको फोहोरी राजनैतिक खेलमा मात्रै दलहरू केन्द्रित हुनाले देशले आजको दूर्दशा भोग्नुपरेको हो भन्नुभयो ।

स्थानीय तहले बनाउने अधिकांश कानुनमा 'प्रदेश कानुनबमोजिम' भन्ने उल्लेख छ तर प्रदेशले कानुन निर्माण नगर्दा धेरै स्थानीय तहहरूले काममा असहजता महसुस गरिरहेको बताउनुहुँदै उहाँले सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयले मात्रै सङ्घीयताको प्रभावकारी कार्यान्वयन सम्भव भएको बताउनुभयो ।

सङ्घीय शासन व्यवस्था कार्यान्वयनमा आएपछि विगतका जिल्लास्तरीय सबै संरचनाहरू खारेज भई पालिकास्तरमा आउनुपर्ने बताउनुहुँदै उहाँले राज्यका हरेक योजना ठेक्कापट्टामा गराउने नीतिले देशमा व्यापक आर्थिक अनियमितताहरू भइरहेको बताउनुभयो ।

नेपालको संविधानभित्र रहेर भक्तपुर नगरपालिकाले गरेका व्यवहारिक अभ्यासहरूबारे अवगत गराउनुहुँदै उहाँले भक्तपुर नपाले २ वटा इन्जिनियरिङ कलेजसहित सातवटा शैक्षिक संस्थाहरू सञ्चालन, वर्षको ४ करोडभन्दा बढी छात्रवृत्ति, इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपालभाषा, दर्शनशास्त्रलगायतका विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति, सामुदायिक र संस्थागत विद्यालयहरूको गुणस्तरमा प्रतिस्पर्धाको नीति आदि अवलम्बन गर्दै आएको प्रष्ट पार्नुभयो ।

कार्यक्रममा नवनियुक्त अधिकृतहरूले प्रस्तुत गरेका जिज्ञासामाथि प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले समाजवादउन्मुख कार्यलाई जोड दिँदै आत्मनिर्भरताको अभ्यास पनि गरिरहेको बताउनुभयो । उहाँले विदेशी सहयोगबिना भक्तपुर नपाले यहाँका सम्पदाहरूको पुनःनिर्माण तथा जीर्णोद्धार जनसहभागिता र उपभोक्ता मोडलमा सम्पन्न गरेको स्पष्ट पार्नुभयो ।

शिक्षकहरूलाई स्थानीय तहले तलब खुवाउने तर नियन्त्रण सङ्घ सरकारले गरिरहेको गलत भएको बताउनुहुँदै उहाँले तलब खुवाउने र नियन्त्रण एकै ठाउँबाट हुनुपर्ने सामान्य मान्यतासमेत सरकारले पालना नगरेको हुँदा सङ्घीयता कार्यान्वयनमा समस्या देखिएको हो भन्नुभयो ।

कार्यक्रमका अर्का वक्ता चितवनको खैरहनी



नगरपालिकाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत एवम् राष्ट्रिय योजना आयोगका उपसचिव **विष्णुप्रवाह सापकोटा**ले स्थानीय तहमा बसेर काम गर्दाका आफ्ना अनुभव सुनाउनुहुँदै स्थानीय तह जनताको नजिकको सरकार भएको हुँदा यसलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो ।

सङ्घ र प्रदेशको भरमा बस्ने होइन, स्थानीय तह आफैमा स्वतन्त्र र स्वायत्त हुनुपर्ने बताउनुहुँदै उहाँले स्थानीय सरकार सङ्घीयताको मजबुत जग हो र स्थानीय तह बलियो भए मात्र समग्र राष्ट्र विकासमा मद्दत पुग्ने धारणा राख्नुभयो ।

उहाँले स्थानीय तह सिकाइको केन्द्र पनि हो भन्नुहुँदै नवनियुक्त अधिकृत कर्मचारीहरूलाई देशका विभिन्न स्थानीय तहहरूमा गएर काम गर्न प्रेरित गर्नुभयो ।

कार्यक्रमको सहजीकरण नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका अध्ययन निर्देशक **राजेन्द्र अधिकारी**ले गर्नुभएको थियो ।

उक्त कार्यक्रममा उपस्थित नवनियुक्त अधिकृतहरूले स्थानीय तहका बेरुजु, सङ्घ, प्रदेश र स्थानीय तहले निर्माण गर्ने ऐन, कानुन र कार्यविधिको सामन्जस्यता, स्थानीय तहको सेवा प्रवाह, जनप्रतिनिधि र कर्मचारीबिचको समन्वय, तीन तहको सरकारबिच सहकार्य र समन्वय, जिल्ला समन्वय समितिको भूमिका, कानुन निर्माणमा देखिएका कठिनाइ र चुनौती, कर्मचारी भर्नाको अधिकार, स्थानीय तहको आन्तरिक लेखा परीक्षण, प्रदेश सरकारको औचित्यता आदिबारे आफ्ना जिज्ञासा प्रस्तुत गरेका थिए ।

# एकतर्फी सवारी सञ्चालन

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**चारपाङ्ग्रे सवारी साधन एकतर्फी सञ्चालन हुने सम्बन्धी सूचना**

भक्तपुर नगरपालिका वडा नं.४ बोलाछेँदेखि राममन्दिर पुलपारिसम्म र भक्तपुर नगरपालिका वडा नं.३ वंशगोपालदेखि बाराही पुलपारिसम्म चारपाङ्ग्रे सवारी साधन मिति २०८२ कार्तिक १५ गतेदेखि देहायबमोजिम एकतर्फी रूपमा सञ्चालन हुने भएकोले सम्पूर्ण सवारी चालक नगरवासी दाजुभाइ, दिदीबहिनीहरू तथा सरोकारवालाहरूबाट सहयोगको अपेक्षा गर्दै जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क) भ.न.पा.४ बोलाछेँदेखि राममन्दिर पुलपारिसम्म बिहान ७:०० बजेदेखि १०:०० बजेसम्म र दिउँसो ३:०० बजेदेखि साँझ ७०० बजेसम्म चारपाङ्ग्रे सवारी साधन पुरानो नगर क्षेत्रबाट सूर्यविनायकतिर बाहिर जाने मात्र व्यवस्था हुने ।
ख) भ.न.पा.३ बाराही पुलपारिबाट वंशगोपाल चोकसम्म बिहान ७०० बजेदेखि १०:०० बजेसम्म र दिउँसो ३:०० बजेदेखि साँझ ७:०० बजेसम्म चारपाङ्ग्रे सवारी साधन विस्तारित नगर क्षेत्रबाट वंशगोपाल पुरानो नगर क्षेत्रतिरभित्र प्रवेश गर्ने मात्र व्यवस्था हुने ।
ग) दुईपाङ्ग्रे सवारी साधनको लागि विगतमा जस्तै दुवै बाटोमा निर्बाध आवतजावतको व्यवस्था हुने ।
घ) आकस्मिक सेवाका सवारी साधन जस्तै: दमकल, एम्बुलेन्सलगायतका सवारी साधनलाई निर्बाध आवतजावतको व्यवस्था हुने ।
ङ उपर्युक्त सडकहरूमा सवारी साधन सञ्चालन गर्दा गति सीमित गरी सुरक्षा व्यवस्था हुने गरी सञ्चालन गर्नुपर्ने ।



**मन्तव्य**

# सङ्घीयता कार्यान्वयनका व्यवहारिक पक्ष, भक्तपुर नगरपालिका र सङ्घीयता कार्यान्वयनका चुनौतीहरू



- सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका

## नेपालमा सङ्घीयता

२०६२/६३ को आन्दोलनमा सङ्घीयताको माग उठेको थिएन । आन्दोलनको सफलतापछि निर्मित अन्तरिम संविधान २०६३ माघ १ गतेबाट लागु भयो । अन्तरिम संविधान जारीपछि त्यसको विरोधमा सङ्घीयताको माग गर्दै तराईका जिल्लाहरूमा आन्दोलनहरू भए । 'एक मधेश एक प्रदेश' को नारा लागियो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र तराई आन्दोलनका नेतृत्वकारीहरूबिच सम्झौता भयो । सम्झौतामा 'देश सङ्घीय प्रणालीसहित अग्रगामी संरचना गर्ने (अन्तरिम संविधानको धारा १३८), जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने' उल्लेख गरियो । २०६२।११।२५ गते अन्तरिम संविधानको पहिलो संशोधन गरी सङ्घीयताको व्यवस्था गरियो ।

सङ्घीयताबारे दलहरूबिच पर्याप्त छलफल भएको थिएन । सङ्घीयता मधेसको आन्दोलनलाई सम्बोधन गर्ने क्रममा संविधानको अङ्ग बनेको थियो । संसद्मा सङ्घीयताबारे छलफलको क्रममा नेपाल मजदुर किसान पार्टीले स्पष्ट भनेको थियो– *'विकेन्द्रीकरण र स्वायत्तताको पूर्ण कार्यान्वयन गर्ने हो भने नेपालजस्तो सानो देशको लागि सङ्घीयता आवश्यक छैन । सङ्घीयता जादुको छडी होइन, सङ्घीयता हुँदैमा देश विकास हुन्छ भन्नेमा हामी विश्वास गर्दैनौं ।'*

दुई दुई पटक संविधानसभाको निर्वाचन भयो । २०७२ सालमा नेपालको संविधान जारी भएको पनि १० वर्ष भयो । सङ्घीयता कार्यान्वयनमा आएको ८ वर्ष पूरा भयो । संविधानले तीन तहको सरकारको व्यवस्था गऱ्यो । संविधानमै सङ्घलाई ३५, प्रदेशलाई २५ र स्थानीय तहलाई २२ वटा एकल अधिकार तोकियो । यी सबै अधिकार राम्रोसँग कार्यान्वयनको निम्ति १८० वटा ऐनहरू आवश्यक पर्छ तर सङ्घ र प्रदेशले ती कानुनहरू निर्माण गरी नदिँदा अहिले सङ्घीयता कार्यान्वयनमा समस्या भएको हो ।

संविधानमा सङ्घीयता आए पनि सिंहदरबार चलाउने नेता, प्रधानमन्त्री र मन्त्रीहरूको सोच र चिन्तनमा अझै पनि एकात्मक सोच हटेको छैन । पूर्वप्रधानमन्त्री केपी ओलीले पटक पटक 'स्थानीय तह सङ्घको इकाइ मात्र हुन्' भनी सार्वजनिक अभिव्यक्ति दिएबाट त्यसको पुष्टि हुन्छ । नेताहरूमा एकात्मक सोच भएसम्म सङ्घीयता राम्रोसँग कार्यान्वयन हुन सक्दैन ।

शिक्षा, प्रदेश प्रहरी, निजामती कर्मचारी जस्ता महत्त्वपूर्ण विषयहरूकै अहिलेसम्म कानुन निर्माण गर्न सकेको छैन । निजामती विधेयक पारित भए पनि कुलिङ पिरियडको कारण विवादित बन्यो । संसद् विघटनपछि त्यो विधेयक स्वतः निष्कृय भयो । प्रहरी ऐन नबनेको कारण अहिले प्रदेशहरूमा प्रहरीबिनाका गृहमन्त्रीहरू छन् । जिल्लाका सिडिओको भन्दा प्रदेश गृहमन्त्री कमजोर अवस्थामा छन् । प्रदेश प्रहरीको व्यवस्था भएको भए सायद भदौ २३ र २४ गते उपत्यका बाहिरका प्रदेश संरचना र स्थानीय तहहरूमा त्यति ठूलो क्षति हुने थिएनन् कि !

कति नेताहरूले सङ्घीयतालाई देश विकासको 'अचुक अस्त्र' जस्तो पनि व्याख्या गरे । ८ वर्षको अभ्यासले त्यो सही नभएको प्रमाणित भयो । चीन, जापान, प्रजग कोरियालगायत एकात्मक देशहरूले पनि आआफ्नै शैलीमा देशको विकास गर्दैछन् । कतिले सङ्घीयताले देश विभाजन हुने खतरा देखाए । यी सबै विषयमा राज्य सञ्चालकहरूले ध्यान दिनु आवश्यक छ । संरा अमेरिका, स्वीट्जरल्याण्ड, जर्मनी, अष्ट्रेलिया,

भारतलगायतले सङ्घीयतामै आआफ्नो देश विकास गरिरहेका छन्। त्यसैले सङ्घीयता राज्यको एउटा मोडेल मात्र हो। राम्रो व्यवस्थापन गर्न नसकेमा त्यसले दुष्परिणाम पनि ल्याउन सक्छ। सङ्घीय राज्यहरू सोभियत सङ्घ १५ वटा, युगोस्लाभिया ७ वटा र चेकोस्लाभाकीया २ टुक्रामा विभाजित भयो। सोमालिया, रुवान्डा, बुरुन्डीलगायतका देशहरू जातीय सङ्घीयताका कारण युद्धमा फसिरहेका छन्। ती देशहरूको अर्थतन्त्र अत्यन्त कमजोर अवस्थामा छन्।

केही नेताहरूले १० वर्षमा नेपाललाई 'स्वीट्जरल्याण्ड बनाउने' सपना देखाए भने कतिले 'सिंगापुर बनाउने' बताए। स्वीट्जरल्याण्ड एकै दिन एकै वर्षमा बनेको होइन। क्षेत्रफल ४१ हजार वर्ग कि.मि. र जनसङ्ख्या ९० हजारमात्र भएको स्वीट्जरल्याण्ड नेपालभन्दा झन्डै ३ गुणा सानो छ। तर त्यहाँ २६ वटा क्यान्टोनहरू छन्। सांसदहरू मासिक भत्ता बुझ्दैनन्। सांसदहरूले संसदीय कार्यलाई आंशिक कामको रूपमा लिन्छन् र राष्ट्रपतिसमेत त्यहाँ जम्मा ७ जनाको मन्त्रिमण्डलको व्यवस्था छ। राष्ट्रपति एक एक वर्षमा परिवर्तन हुन्छ। दोहोर्‍याएर राष्ट्रपति बन्न पाउँदैन।

नेपालमा १०० भन्दा बढी मन्त्री, ८०० भन्दा बढी सांसदहरू छन्। उनीहरूको मासिक भत्ता करोडौँ जान्छ। नेपालले स्वीट्जरल्याण्डसँग तुलना गर्न सम्भव छैन। नेपाललाई नेपालकै मोडलमा विकास गर्ने कोसिस गर्नु पर्छ।

२०४६ सालदेखि शासन सत्तामा पुगेका राजनैतिक दलहरूले गरेको चरम भ्रष्टाचार, पक्षपात र भागबन्डाको परिणाम सारा जनता असन्तुष्ट भए। युवा, विद्यार्थीहरू रोजगारी र उच्च शिक्षाको निम्ति विदेश जान बाध्य छन्। भदौ २३ र २४ गतेको युवाहरूको आन्दोलन वा प्रदर्शन शासक दलहरूप्रतिको असन्तोषको परिणाम हो।

सङ्घ, प्रदेश र स्थानीय तहबिच कुनै समन्वय छैन। समन्वय र सहकार्यको आधारमा विकास गर्ने संविधानले देखाएको बाटो हो। सङ्घ र प्रदेशले स्थानीय तहलाई आफ्नो आदेश पालक मात्रै ठान्नु नै अहिलेको समस्या हो।

सङ्घीयताको प्रभावकारी कार्यान्वयन नभएपछि प्रदेशहरूको औचित्यमाथि पनि प्रश्नहरू उठेका छन्। प्रदेशका राजनीतिक दलहरूले सरकार गठन र विघटनमै समय व्यतित गरे। राप्रपा, रास्वपा र राजमोले सुरुदेखि नै सङ्घीयताको विरोध गर्दै आएका छन्। प्रदेश सरकारहरूको प्रभावहीनताले ती आवाजहरूलाई थप बल पुग्न गएको छ। नेपालको सन्दर्भमा अहिले नै सङ्घीयता ठीक र बेठिक भनी मूल्याङ्कन गर्ने बेला भएको छैन। सङ्घीयता नेपालको लागि नयाँ राज्य संरचना हो। यसको अभ्यास गर्दै कमी कमजोरीलाई सुधार्दै अगाडि बढ्नु पर्ने आवश्यकता छ।

## सङ्घीय संरचनामा भक्तपुर नगरपालिका

नेपालको संविधानले समाजवादउन्मुख राज्य घोषणा गरेको छ। समाजवादको अर्थ उत्पादनका मुख्य मुख्य साधनहरूको सामाजिकीकरण, शिक्षा, स्वास्थ्य उपचार निःशुल्क, योग्यताअनुसार काम र कामअनुसार ज्यालाको बन्दोवस्तसहित आर्थिक समानता हुने समाज हो।भक्तपुर नगरपालिकाले संविधानको त्यही भावनाअनुसार काम गर्दैछ।

शिक्षामा भक्तपुर नगरपालिकाले २ वटा ईन्जिनियरिङ कलेजसहित उच्च शिक्षा प्रदान गर्ने ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दैछ। ती शैक्षिक संस्थाहरूमा देशभरका ७ हजारभन्दा बढी विद्यार्थी पढ्दैछन्। गरिब र जेहेनदार विद्यार्थीका लागि वर्षको ४ करोडभन्दा बढी छात्रवृत्तिको बन्दोवस्त र इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपालभाषा, संस्कृति, दर्शनशास्त्रलगायत पढ्ने नगरवासी विद्यार्थीहरूलाई पीएचडीसम्म छात्रवृत्तिको व्यवस्था गर्दै आएको छ। वडा वडामा शिशुस्याहार केन्द्रहरूको सञ्चालन, ९२ वटा विद्यालयहरूमा गुणस्तरीय शिक्षा, कक्षा ५, ८ र १० को परीक्षाको व्यवस्थाले भक्तपुरको शिक्षाको गुणस्तरमा वृद्धी भइरहेको छ। नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालनको तयारी पनि गरिरहेको छ।

त्यस्तै स्वास्थ्यतर्फ घरदैलो नर्सिङ सेवा, वडा वडामा स्वास्थ्य केन्द्र सञ्चालन, १०० शय्याको ख्वप अस्पताल र ख्वप तिलगंगा आँखा अस्पताल सञ्चालन गरी जनतालाई सहज स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। श्वासप्रश्वास केन्द्रको व्यवस्था गर्नुका साथै जनतालाई अक्सिजन र रगत निःशुल्क वितरण तथा नियमित स्वास्थ्य शिविरहरू गर्दै आइरहेको छ।

भक्तपुरमा सम्पदा संरक्षणतर्फ विदेशीको सहयोगबिना नगरपालिकाले २०७४ सालपछि १७१ वटा सम्पदाहरूको स्थानीय जनताको साथ र सहयोगबाट पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न भइसकेको छ। अझै डेढ दर्जन महत्त्वपूर्ण सम्पदाहरू निर्माणाधीन छन्।

सम्पदा पुनःनिर्माण र जीर्णोद्धार ठेक्कामा गर्न नहुनेमा हाम्रो जोड रहँदै आएको छ। संस्कृति संरक्षणतर्फ हेर्ने हो भने परम्परागत बाजा, नाच नयाँ पुस्तालाई प्रशिक्षण, सांस्कृतिक गुरु सम्मान, समय समयमा महोत्सव, सम्पदा पदयात्रा कार्यक्रमहरू गरेर मूर्त र अमूर्त सम्पदाहरूको संरक्षणमा पनि नगरपालिका उत्तिकै लागिरहेको छ।

फोहोर व्यवस्थापनमा कुहिने र नकुहिने फोहोर घर घरबाटै अलग अलग सङ्कलन गरी कुहिने फोहोर जतिको

कम्पोष्ट मल बनाई किसानलाई बिक्री वितरण गर्दै आएको र नकुहिने जतिलाई पुनः प्रयोगको लागि बिक्री गरी नगरपालिकाले आम्दानी गर्दै आएको छ ।

युवाहरूलाई खेलकुद तथा सीपमूलक तालिमहरू दिएर आत्मनिर्भर बनाउने प्रयास गर्दै आएको छ भने भक्तपुर नगरपालिकाले सुशासनतर्फ पनि जोड दिँदै आएको छ । विकास निर्माणको काम जनसहभागितामा गर्ने, आर्थिक अनुशासन, मितव्ययिता र पारदर्शिता अपनाउँदै भ्रष्टाचारशून्य नगरपालिकाको पहिचान कायम गर्दै आएको छ । आवश्यकताअनुसार कानुनहरू, ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका बनाई काम गर्दै आएको नगरपालिकाले हालसम्म ७० वटाभन्दा बढी कानुनहरू निर्माण गरिसकेको छ ।

जनतालाई सुसूचित गर्न विभिन्न सञ्चारमाध्यमहरू 'भक्तपुर' मासिक, 'ख्वप पौ' पाक्षिक, 'भक्तपुर खबर डट कम' अनलाइन पत्रिका, भक्तपुर म्युनिसिपालिटी फेसबुक पेज, विभिन्न पुस्तक प्रकाशन, 'ख्वप टिभी' र 'ख्वप सः'रेडियो कार्यक्रम सञ्चालन पनि गर्दै आएको छ ।

## सङ्घीयता कार्यान्वयमा देखिएका चुनौतीहरू

राज्यको जिम्मेवार पदमा बसेका व्यक्तिहरूबाट पटक पटक प्रदेश र स्थानीय तहहरू सङ्घको इकाइमात्र भएको जस्ता गैर जिम्मेवार अभिव्यक्ति आउनु, अनावश्यक जिल्ला समन्वय समिति कायम रहनु, सङ्घ र प्रदेश अन्तर्गतका इकाइहरू शिक्षा, स्वास्थ्य, कृषि, पशु, सिँचाइलगायत यथावत रहनु सङ्घीयता कार्यान्वयनका चुनौतीहरू हुन् । त्यस्तै सङ्घ, प्रदेश र स्थानीय तहहरूबिच समन्वय र सहकार्यको अभाव, १–२ लाखको स–साना योजनाहरू समेत सङ्घ र प्रदेशको योजनामा राख्नु, सशर्त बजेट बढाउँदै समानीकरण अनुदान घटाउँदै लानु र पुराना ऐनहरू यथावत राख्नु पनि सङ्घीयताका थप चुनौतीहरू हुन् भने स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नहुनु स्थानीय तहका लागि सबैभन्दा ठूलो समस्या हो ।

यी र यस्ता चुनौतीहरूलाई ध्यान दिएर सरकारले आवश्यक काम गर्न सके नेपालमा सङ्घीय प्रणालीको प्रभावकारी कार्यान्वयन हुने अपेक्षा गर्न सकिन्छ ।

(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) ललितपुरको आयोजनामा २०८२ पुस १४ गते भएको 'सङ्घीयता कार्यान्वयन र व्यवहारिक पक्ष' विषयमा नव नियुक्त शाखा अधिकृतसँगको अन्तरक्रिया कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार ।)



# एमाले जबजबाट बाबवामा पतन !

विवेक

एमालेको ११ औं महाधिवेशन हालै सम्पन्न भयो। पोखरामा गर्ने भनिए पनि भदौ २३ र २४ गतेको युवाहरूको आन्दोलनपछि एमालेले भक्तपुरको सल्लाघारीमा महाधिवेशन सम्पन्न गऱ्यो। महाधिवेशनमा कुनै वैचारिक बहस भने भएन। पूर्वराष्ट्रपति विद्या भण्डारीलाई पार्टीमा ल्याउने वा नल्याउने भन्ने विषय नै महाधिवेशनको मुख्य मुद्दा बन्यो। केपी ओली पक्ष जसरी पनि भण्डारीलाई रोक्ने पक्षमा थियो भने इश्वर पोखरेल पक्ष जसरी पनि भण्डारीलाई एमालेको सदस्यता दिएरै छाड्ने पक्षमा। त्यसैले एमालेको महाधिवेशन जनताको लागि खास चासोको विषय भएन। आफ्नै कार्यकर्ताहरूबिचको निर्वाचनमा भारी मतले केपी ओली पक्षका उम्मेदवारहरू विजयी बन्नुमा कुनै आश्चर्यको विषय पनि थिएन। आगामी निर्वाचनमा एमालेको अवस्था के हुन्छ त्यो भने हेर्न बाँकी नै छ।

महाधिवेशनमा कुनै किसिमको वैचारिक बहस नहुँदा एमाले विचार शून्य पार्टीमा रूपान्तरण भएको धेरैले अड्कल काट्दै छन्। एमालेले पहिले नै माओ त्सेतुङ विचारधारा छोडिसकेको थियो। तापनि एमाले नाममा मात्रै भए पनि मार्क्सवादी लेनिनवादी झुन्ड्याएर पार्टी चलाइरहेको छ र जनतालाई कम्युनिष्ट भनी झुक्याइरहेको छ। पाँचौं महाधिवेशनदेखि मदन भण्डारीले अघि सारेको जनताको बहुदलीय जनवाद (जबज)लाई अङ्गीकार गर्दै आएको एमालेले यस पटकको महाधिवेशनमा इश्वर पोखरेल पक्षले जबजको वकालत गऱ्यो। केपी ओली पक्षले भने जबजको नाम लिनसमेत चाहेको देखिएन। बरु महाधिवेशनको केही समय अघि ओलीले एक सार्वजनिक कार्यक्रममा मदन भण्डारीको नामै किटेर 'चार श्रीमती राख्ने, सहकारी ठग' सम्मको आरोप लगाए। त्यो केपी ओली पक्षले महाधिवेशनबाट जनताको बहुदलीय जनवाद (जबज) छोड्ने सङ्केत थियो भने निर्वाचन पछि त्यसको पुष्टि पनि भयो।

केपी ओली पार्टी अध्यक्षमा निर्वाचित भएको लगत्तै राखिएको सभामा बोल्दै ओलीले 'एमालेलाई छुने प्रयास गऱ्यो भने देश ठप्प पार्न' कार्यकर्ताहरूलाई निर्देशन दिए। त्यो गौरीबहादुर कार्की आयोगलाई चेतावनी थियो। पटक पटक प्रधानमन्त्री भइसकेका व्यक्तिबाट देश ठप्प पार्ने चेतावनी आउनुले एमाले निर्वाचन होइन अराजकता चाहन्छ भन्ने पुष्टि गर्छ। हुन पनि ओली पक्षबाट निर्वाचित पदाधिकारीहरू विभिन्न फौजदारी मुद्दामा विवादित छन्। सचिवमा निर्वाचित महेश बस्नेत बलात्कार र भ्रुण हत्याको मुद्दा अदालतमा खेपिरहेका व्यक्ति हुन्। उनी सांसद अपहरण, चन्दा आतङ्क मच्चाउने, गुण्डा नाइकेको नाउँमा पार्टीभित्रै बद्नाम व्यक्ति हुन्। उनी आफैले लेखेको पुस्तकमा 'युथ फोर्सलाई विभिन्न क्यासिनोले महिनाको २-३ लाख सहयोग गरेको' उल्लेख छ (पेज १४०)। पुस्तकमा कोटेश्वरमा भएको रामहरी हत्या काण्डको सम्बन्धमा उनले 'रामहरीको दाजु बनेर दर्जनौं पटक झूट बोलेको' बहादुरीपूर्वक उल्लेख गरेका छन् (पेज ८०)। त्यस्तै विष्णु पौडेल (उपाध्यक्ष) बालुवाटारको जग्गा हिनामिना प्रकरणमा, शेरधन राई (सचिव) महिलामाथि दुर्व्यवहार, ऐन महर र विशाल भट्टराई पनि विवादित व्यक्तिहरू हुन्।

एमाले नेतृत्वको सरकारको पालामा भएको गिरिबन्धु टि स्टेटको जग्गा सट्टापट्टा प्रकरण, स्वास्थ्य सामग्री खरिदमा भएको 'ओम्नी' काण्ड, नेपाल ट्रष्टको जग्गा कौडीको मूल्यमा यति समूहको गोकर्ण रिसोर्टलाई दिएको सम्बन्धी मुद्दालगायत चर्चित काण्डहरू हुन्। यसले एमालेले जबज त्याग गरेर बाहुवलीवाद (बावबा) अवलम्बन गरेको रूपमा जनताले बुझ्न थालेका छन्। पार्टीले अवलम्बन गरेको सिद्धान्त र विचाराधाराको आधारमा देशलाई अगाडि बढाउने सपना देखाउनु पर्नेमा एमाले नेतृत्वले धम्क्याएर र तर्साएर शासन गर्ने चेतावनी सार्वजनिक रूपमा दिइरहेका छन्। धम्काउनु, तर्साउनु राजनीति होइन, त्यो त डरपोक अभिव्यक्ति हो। एमाले नेताहरू भित्र भित्र डराइरहेको सङ्केत हो।

एमाले निर्वाचनमा इश्वर पोखरेल पक्षीय गुट जितेकै अवस्थामा पनि जनताको निम्ति तात्त्विक फरक पर्ने छैन किनभने एमालेले जबजलाई लामो समयदेखि पूँजीवादी सरकारमा जाने भऱ्याङमात्र बनाउँदै आइरहेको छ। नेका, राप्रपा, रास्वपा जोसुकैसँग जुनसुकै अवस्थामा मिलेर पनि सरकारमा जाने जबजको सार हो। राप्रपाका कमल थापा, राजेन्द्र लिङ्देन, परिवार दलका एक नाथ ढकालदेखि हृदेश त्रिपाठीसम्मलाई एमालेको टिकट दिएर निर्वाचन जित्न सहयोग गर्नु नै जबज हो। एमालेभित्र जबजको

व्याख्याताहरू धेरै छन्। उनीहरूले जबजलाई संसारकै 'नवीनत्तम सिद्धान्त' भनेर व्याख्यासमेत गरेका छन्। उनीहरूले दाबी गरे जस्तै जबज न नवीन विचार हो न मार्क्सवाद लेनिनवादसँग छेउ टुप्पो मिल्ने विषय हो। जबज मार्क्सवादविरोधी संशोधनवादी विचार हो, त्यो पूँजीवादी विचार हो। जबजका 'प्रणेता' मदन भण्डारीलाई कम्युनिष्टहरू संशोधनवादी बर्नस्टिनसँग तुलना गर्छन् र नेपालका बर्नस्टिन भएको बताउँछन्।

बर्नस्टिन मार्क्सवाद विरोधी थिए। उनले सन् १८९६–१८९८ तिर जर्मन सामाजिक जनवादीहरूको मुखपत्र (नयाँ युग) मा 'समाजवादका समस्याहरू' लेखहरू लेखेर मार्क्सवादका दार्शनिक, आर्थिक र राजनैतिक सिद्धान्तहरूको संशोधन गर्ने प्रयास गरे। उनले पूँजीवाद शान्तिपूर्ण तरिकाले समाजवादमा विकास हुने विचार अघि सारे। संसद्मा बहुमत सदस्यहरू जितेरै शासन सत्ता मजदुर वर्गले कब्जा गर्न सक्छ भन्ने उनको विचार थियो।

- महाधिवेशनमा कुनै वैचारिक बहस भएन। पूर्वराष्ट्रपति विद्या भण्डारीलाई पार्टीमा ल्याउने वा नल्याउने भन्ने विषय नै महाधिवेशनको मुख्य मुद्दा बन्यो।
- महाधिवेशनको केही समय अघि ओलीले मदन भण्डारीको नामै किटेर 'चार श्रीमती राख्ने, सहकारी ठग' सम्मको आरोप लगाए।
- सिद्धान्त र विचाराधाराको आधारमा देशलाई अगाडि बढाउने सपना देखाउनु पर्नेमा एमाले नेतृत्वले धम्क्याएर र तर्साएर शासन गर्ने चेतावनी सार्वजनिक रूपमा दिइरहेका छन्।
- जबजलाई संसारकै 'नवीनत्तम सिद्धान्त' भनेर व्याख्यासमेत गरेका छन्। जबज मार्क्सवादविरोधी संशोधनवादी विचार हो, त्यो पूँजीवादी विचार हो।
- एमाले महाधिवेशनमा भएको प्रचार प्रसार कुनै पूँजीवादी पार्टीहरूको भन्दा कम थिएन।

सन् १९५६ मा का. स्तालिनको निधनपछि सोभियत सङ्घको सत्तामा पुगेका ख्रुश्चेभले त्यही संशोधनवादी नीतिलाई अवलम्बन गरे। पार्टीको २० औँ महाधिवेशनले वर्ग सङ्घर्ष आवश्यक नभएको र शान्तिपूर्ण तरिकाबाटै समाजवाद आउँछ भन्ने संशोधनवादी विचार अघि सारे। संसदीय निर्वाचन जितेर नै कुनै पनि देशमा समाजवाद स्थापना गर्न सकिन्छ भन्ने मार्क्सवाद विपरीत संशोधनवादी वा पूँजीवादी विचार थियो त्यो। त्यही गलत सैद्धान्तिक आधार बनाउँदा सोभियत सङ्घमा समाजवाद तासको घरझैँ भत्क्यो। आज न समाजवाद रह्यो न सोभियत सङ्घ नै। देश १४–१५ वटा टुक्रामा विभाजित भयो। पूर्व सोभियत सङ्घ अहिले रुस र युक्रेन बिच वर्षौंदेखि युद्धरत छन्। सिद्धान्त छाड्नाको परिणाम हो त्यो दुर्दशा।

एमाले महाधिवेशनमा भएको प्रचार प्रसार कुनै पूँजीवादी पार्टीहरूको भन्दा कम थिएन। निर्वाचन स्थल भृकुटी मण्डपमा नेताहरूको फोटाहरू, झन्डाहरू छरपष्ट थिए। महाधिवेशन प्रतिनिधिहरू ती फोटा र झन्डाहरूमा कुल्चेर आआफ्नो गुटको प्रचार गरिरहेको, छाडा गीत गाएर अर्धनग्न भई नृत्य गर्ने नायिकाहरू समेत भोट मागिरहेका दृश्य देखिन्थ्यो। ती सबै दृश्यले अब एमाले जनताको बहुदलीय जनवाद (जबज) बाट रूपान्तरण भई बाहुबलीवाद (बाबवा) मा परिणत भएको जनताले अनुभव गर्दै छन्।

## बासिबियाँलो



क) दिइएको नौ कोठामा अङ्क १ देखि ७ सम्म भरेर सीधा जोड्दा १४ बनाउनुहोस्। उत्तर यसै अङ्कमा दिइएको छ।

तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोऱ्याइ हात नझिकी अर्को धर्को तान्नुहोस्।



भक्तपुर टाइम्स, चाँगुपत्र साप्ताहिक र एडु खबर डटकमका लागि अन्तरवार्ता

# ख्वप विश्वविद्यालय छुट्टै विशेषतासहितको एक नमुना विश्वविद्यालय हुनेछ

## – प्रमुख सुनिल प्रजापति



★ लामो समयदेखि भक्तपुर नगरपालिकामा नेमकिपाको जित भइरहेको छ। राजनीतिक नेतृत्व स्थायित्व छ। यसले नगरपालिकाको शिक्षा नीतिमा कस्तो दीर्घकालीन प्रभाव परिरहेको छ ?

सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने, एक्काइसौँ शताब्दीका लागि योग्य, सक्षम र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने र भावी समाज सभ्य र सुसंस्कृत बनाउने नगरपालिकाको दीर्घकालीन उद्देश्य हो। त्यही उद्देश्य पूरा गर्न भक्तपुर नगरपालिकाले विभिन्न विषयका शैक्षिक संस्थाहरू सञ्चालन गरी शैक्षिक विकासको काम गरिरहेको छ।

★ भक्तपुर नगरपालिकाको शिक्षाको खास दर्शन के हो ?

काम गरी खाने वर्गका सन्तानलाई पनि उच्च शिक्षामा सहज पहुँच पुऱ्याउने हाम्रो उद्देश्य हो। नगरका हरेक घरमा स्नातक वा सो सरहको योग्यता भएका नागरिक तयार गर्ने हाम्रो लक्ष्य हो। त्यो करिब पूरा भएको छ।

★ 'नगरपालिकाले सस्तोमा गुणस्तरीय शिक्षा' भन्ने अवधारणा बनाएको देखिन्छ। यसको मापन कसरी गरिन्छ ?

भक्तपुर नगरभित्र सरकारी र संस्थागत गरी ९२ वटा विद्यालयहरू सञ्चालनमा छन्। एसईईसम्म पढाइ हुने ६० वटा विद्यालयहरू छन्। २०८१ सालको एसईईको परिणाम हेर्ने हो भने १०० प्रतिशत आउने १९ वटा, ९०–९९ सम्म उत्तीर्ण हुने २१ वटा, ८०–९० प्रतिशत आउने ८ वटा र ६०–८० प्रतिशत आउने ५ वटा र ६० प्रतिशतभन्दा कम उत्तीर्ण हुने विद्यालय जम्मा ६ वटा मात्र छन्। कुल २ हजार ४१० ले एसईई दिएकोमा २ हजार १६९ जनाले पहिलो चरणमै उत्तीर्ण गरेका थिए । यो परीक्षा दिनेहरूमध्ये ८९.८८ प्रतिशत उत्तीर्ण हो।

नगरपालिकाले ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ गरी २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको छ। ख्वप इ. कलेज पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित ११७ कलेजमध्ये सर्वोत्कृष्ट कलेज हो भने ख्वप कलेज अफ इन्जिनियरिङ त्रिविअन्तर्गत सञ्चालित इन्जिनियरिङ कलेजहरूमध्ये दोस्रोमा पर्छ। यो वर्ष ख्वप कलेज अफ इन्जिनियरिङ सिभिल विभागका विद्यार्थी गौरव भूषाल सिभिल विभागको विश्वविद्यालय प्रथम हुन सफल भएको छ। ख्वप बहुप्राविधिक अध्ययन संस्थानले हरेक वर्ष उत्कृष्ट नतिजा ल्याइरहेको छ। यस वर्ष ३९ जनाले परीक्षा दिएकोमध्ये ३७ जना विशिष्ट श्रेणीमा र २ जना प्रथम श्रेणीमा उत्तीर्ण भएका छन्। ख्वप कलेज अफ लको उत्तीर्ण प्रतिशत पनि तुलनात्मक रूपमा राम्रो छ। यस वर्षको हालै सार्वजनिक भएको परीक्षाफलअनुसार ९५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् भने ख्वप कलेजको १२ कक्षाको उत्तीर्ण प्रतिशत पनि हरेक वर्ष नेपालको उत्कृष्ट २० मध्येमा पर्छ। ख्वप कलेज पनि देशको राम्रा कलेजहरू मध्येमा पर्छ।

★ नगरपालिकाले सञ्चालन गरिरहेको शिक्षा मोडल अन्य स्थानीय तहका लागि नक्कलयोग्य छ ?

शिक्षामा सबैले आआफ्नो तरिकाले विकास गर्नु आवश्यक छ। कसैको नक्कल गरेर होइन, मौलिक शैलीमा विकास गर्नेतर्फ ध्यान दिनु जरुरी छ।

★ शिक्षामा लगानी गर्दा नाफाभन्दा सामाजिक प्रतिफललाई कसरी प्राथमिकता दिइने अभ्यास छ ?

'शिक्षा व्यापार होइन, सेवा हो' भन्ने भावनाले हामीले काम गर्दैछौँ। शिक्षाको प्रतिफल आजको भोलि नै देखिने

होइन। ८-१० वर्षपछि मात्र उपलब्धि प्राप्त हुने क्षेत्र हो शिक्षा। भनपाले २०५६ सालमै शैक्षिक क्षेत्रमा हात हालेको थियो। अहिले भक्तपुरका जनतालाई मात्र होइन, देशभरका जनताका छोराछोरीहरूलाई कम शुल्कमा उच्च शिक्षा प्रदान गर्न सफल भएको छ। जनताको सेवालाई प्राथमिकतामा राखेर नै भक्तपुर नपाले शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आइरहेको छ।

★ सात हजारभन्दा बढी विद्यार्थी ख्वप सर्कलमा अध्ययनरत रहँदा भक्तपुरका र बाहिरी जिल्लाको अनुपात कति छन् ?

भक्तपुर नगरपालिकाले २०५८ सालमा ख्वप कलेज, सोही वर्ष पूर्वाञ्चल विश्वविद्यालयबाट स्वीकृति प्राप्त ख्वप इ. कलेज स्थापना गऱ्यो। २०६० सालमा नर्स र ओभरसिएरका लागि सिटिइभिटीयबाट स्वीकृति लिएर ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ, २०६७ सालतिर शारदा मावि/कलेज र २०७९ सालमा ख्वप कलेज अफ ल सञ्चालन गरी हाल नपाको पूर्ण स्वामित्वमा ७ वटा शैक्षिक संस्थाहरू सञ्चालनमा छन्। ७७ जिल्लाका ७ हजार ५०० भन्दा बढी विद्याथीहरू ती शैक्षिक संस्थाहरूमा अध्ययनरत छन्।

भक्तपुर नपाले शिक्षालाई प्राथमिकतामा राखेर कलेजहरू सञ्चालन गरेपछि कलेज पढ्ने विद्यार्थीहरूमा छात्राहरूको सङ्ख्या उल्लेख वृद्धि भएको छ। नगरपालिकाद्वारा सञ्चालित ख्वप मावि, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज अफ ल र ख्वप बहुप्राविधिक अध्ययन संस्थान तथा वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्ट गरी आठ वटा शैक्षिक संस्थाहरूमा जम्मा ४ हजार १८८ छात्र र ४ हजार ३५ जना छात्रा रहेका छन् अर्थात छात्र ५०.९३ र छात्रा ४९.०७ प्रतिशत रहेका छन्।

त्यस्तै कलेज पढ्ने विद्यार्थीहरूमध्ये नगर भित्रका २० प्रतिशत र नगरभन्दा बाहिरको ८० प्रतिशत रहेको अनुमान गर्न सकिन्छ।

★ छात्रवृत्ति पाउने विद्यार्थी छनोटमा पारदर्शिता कसरी सुनिश्चित गरिएको छ ?

गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई निश्चित प्रतिशत छात्रवृत्तिको व्यवस्था छ। हरेक सेमेस्टरको परीक्षामा प्रथम, दोस्रो र तेस्रो हुनेहरूको लागि स्वतः छात्रवृत्तिको व्यवस्था छ भने गरिब विद्यार्थीहरूको लागि छात्रवृत्ति छनोट समितिले प्रक्रिया पुऱ्याएर छात्रवृत्ति वितरण गर्छ। नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा वर्षको ४ करोड रुपैयाँभन्दा बढीको छात्रवृत्ति वितरण गर्दै आएको छ।

★ समग्र नगरमा विद्यार्थी ड्रप आउट दर कति छ र त्यसलाई कसरी न्यूनीकरण गरिँदै छ ?

विद्यालय छाड्ने विद्यार्थीको अनुपात बढ्दो छ। यो भक्तपुरको मात्र होइन, देशभरिकै समस्या हो। कलेज पढ्ने विद्यार्थीहरूमा भर्ना भएर बिचमा कक्षा छोड्ने विद्यार्थीहरूमा इन्जिनियरिङतर्फ २ देखि ५ प्रतिशत र अन्य विषयमा २५ देखि ३० प्रतिशत हुने अनुमान छ। त्यसरी कक्षा छोड्नेहरूमा छात्राहरूको तुलनामा छात्रहरूको सङ्ख्या बढी छ।

★ रु. ५ लाखसम्मको शैक्षिक ऋण कति विद्यार्थीले पाए ? कतिले उपयोग गरे ? अनि ती विद्यार्थीले नगरसँग कस्तो सामाजिक दायित्व बहन गर्छन् ?

कुनै पनि विद्यार्थी गरिबीको कारण उच्च शिक्षाबाट वञ्चित हुन नपरोस् भनी भक्तपुर नपाले रु. ५ लाखसम्म शैक्षिक ऋणको व्यवस्था गर्दै आएको हो। २०७४ सालदेखि हालसम्म ८५० जना विद्यार्थीहरूलाई शैक्षिक ऋण स्वीकृति गरिसकेकोमा रु. १७ करोडभन्दा बढी ऋण प्रवाह भइसकेको छ भने ८५ जनाले साँवा ब्याज फिर्ता बुझाइ पनि सकेको छ।

★ इतिहास, भूगोल, नेपालभाषा विषयलाई किन विशेष प्राथमिकता ? यी विषय पढेका विद्यार्थीको रोजगार सम्भावनालाई विस्तार गर्ने योजना के बनाउनुभएको छ?

इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्र, दर्शनशास्त्र, नेपालभाषालगायत विषयलाई राज्यले प्राथमिकतामा नराखेको कारण ती विषयहरू अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या न्यून हुँदै गयो। भक्तपुर नगरपालिकाले देशको भविष्यको लागि आवश्यक जनशक्ति उत्पादन गर्ने महत्त्वपूर्ण उद्देश्यले ती विषयहरू पढ्ने विद्यार्थीहरूलाई स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधिसम्मपूर्ण छात्रवृत्तिको व्यवस्था गरी उत्साहित गर्दै आएको हो। अहिले ती विषय अध्ययन गरेका विद्यार्थीहरूले राम्रै रोजगारी पाएको अनुभव गर्दैछौं।

★ नगरपालिकाले प्रारम्भिक बालविकास शिशुस्याहारदेखि स्नातकोत्तर तहसम्म सञ्चालन गर्दाका संरचनागत चुनौति के छन् ?

चुनौतीबिनाको कुनै काम हुँदैन। भक्तपुर नपाले शिशुस्याहारदेखि स्नातकोत्तर कक्षाहरूसम्म सञ्चालन गर्दा थुप्रै चुनौतीहरूको सामना गर्नुपऱ्यो। कलेज सञ्चालन स्वीकृति लिने बेलामा होस् वा नयाँ नयाँ विषय स्वीकृति पाउने समयमा,

सरकारले अनेकौँ बाधा व्यवधानहरू खडा गऱ्यो। १०० शय्याको आफ्नै अस्पताल नभएको भनी शिक्षा मन्त्रालयले १ वर्ष नर्सिङ कलेजको भर्ना रोकिदियो। त्यसले नपाको करोडौँ रुपैयाँ बढी खर्च भयो। ख्वप कलेज अफ इन्जिनियरिङमा त्रिभुवन विश्व विद्यालयबाट स्वीकृति लिएर कम्प्युटरको कक्षा सञ्चालन गरेको वर्षौंपछि मात्र मन्त्रिपरिषद्ले स्वीकृत गऱ्यो। यस्ता थुप्रै समस्याहरू भोग्दै नगरपालिका अगाडि बढिरहेको छ ।

★ अभिभावक र विद्यार्थीको सन्तुष्टि दर कस्तो छ ?

हाम्रो अनुभवमा अधिकांश अभिभावक र विद्यार्थी सन्तुष्ट छन्। हामी शत प्रतिशत सन्तोष पार्ने कोसिसमा छौँ।

★ ख्वप विश्वविद्यालयको शैक्षिक मोडेल कस्तो हुने अवधारणा छ ?

सरकारले ख्वप विश्वविद्यालय विधेयक पारित गरी दियो भने उत्पादनमूलक र सीपमूलक जनशक्ति उत्पादनमा केन्द्रित हुने छ। गुणस्तरीय शिक्षामा सबैको पहुँच पुग्ने मुलुकलाई आत्मनिर्भर बनाउने शिक्षा हुने छ र ख्वप विश्वविद्यालय अध्ययनसँगै नयाँ नयाँ अनुसन्धानमा केन्द्रित विश्वविद्यालय हुने छ।

★ सङ्घीय सरकारले ख्वप विश्वविद्यालय विधेयक पास नगर्दा नगरपालिकालाई परेको अप्ठ्यारो के हो ?

विद्यार्थीहरूको चाहनाअनुसार नयाँ नयाँ विषयहरू पढाउन सकिरहेका छैनौँ। कम शुल्कमा चिकित्सा शिक्षा प्रदान गर्ने हाम्रो उद्देश्य पूरा हुन सकेको छैन। विद्यार्थीहरूलाई स्नातकोत्तरभन्दा माथि विद्यावारिधिसम्मको अध्ययनको अवसर प्रदान गर्न सकेनौँ।

★ ख्वप विश्वविद्यालय स्थापना भए राष्ट्रिय शिक्षा प्रणालीमा यसको भूमिका के हुन्छ ?

ख्वप विश्वविद्यालय स्थापना भए देशमा एउटा विश्वविद्यालय थपिने मात्र होइन, छुट्टै विशेषतासहितको एक नमुना विश्वविद्यालय स्थापना हुनेछ।

★ भक्तपुर नगरलाई आगामी ५-१० वर्षमा शैक्षिक नगर बनाउने योजना के छ ?

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले २ दशक अघि नै घोषणा गर्नुभएको थियो। अहिले भक्तपुर नगर भित्रका १० वटा वडामध्ये प्रत्येक वडामा २०० भन्दा बढी इन्जिनियरहरू भइसकेका छन् अर्थात् नगरभित्र २ हजारभन्दा बढी इन्जिनियरहरू छन्। अन्य विषयका जनशक्ति पनि त्यही अनुपातमा बढ्दै छन्।

★ भक्तपुरको शैक्षिक मोडललाई सङ्घीय नीतिले कसरी संस्थागत गर्न सक्छ ?

निजी क्षेत्रलाई विद्यालय, कलेज सञ्चालनको अनुमति दिनुभन्दा भक्तपुर नपाले सञ्चालन गरेजस्तै अन्य पालिकाहरूले पनि शैक्षिक संस्थाहरू सञ्चालन गरेको खण्डमा जनताका छोराछोरीहरूले कम शुल्कमा गुणस्तरीय शिक्षा प्राप्त गर्न सकिन्छ।

(भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले २०८२ पुस १५ गते दिनुभएको अन्तरवार्ता)

## गैर सार्क पर्यटक शुल्क समायोजन

भक्तपुर नगर अवलोकनमा आउने गैर सार्क पर्यटकहरूसँग अमेरिकी डलर १५ वा नेपाली रु. १,८००।- प्रवेश शुल्क सङ्कलन गरी आएकोमा हाल अमेरिकी डलर १ बराबर नेपाली रु. १३६।३० विनिमय दर कायम भएकोले अमेरिकी डलर १५ बराबर रु.२०४४।५० हुन आएको छ । हालको विनिमय दर लाई समायोजन गरी **२०८२ श्रावण १ गतेदेखि** लागू हुने गरी अमेरिकी डलर १५ वा नेपाली रु. २०००।- प्रवेश शुल्क कायम गर्ने निर्णय गरियो ।

(भक्तपुर नगरपालिकाको २०८२ जेठ २३ गते बसेको कार्यपालिका बैठकको निर्णय)



## विद्यार्थीको लागि कति शब्द बन्छ होला ?




दिइएका छ अक्षरबाट कतिवटा अङ्ग्रेजी शब्द बन्छ होला ? (१२ ?) (उत्तर पृष्ठ १२८ मा)

# भक्तपुर नगरको नमुना सरसफाइ अभ्यास : फोहोर होइन, मोहोर



बसन्त भट्टराई
प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नपा


## सारांश

संविधानतः सरसफाइ व्यवस्थापन स्थानीय सरकारको कार्य क्षेत्रमा रहेको छ *(कानून किताब व्यवस्था समिति, २०७२)*। सोही अनुरूप फोहोरमैला व्यवस्थापन ऐनले समेत फोहोरमैला व्यवस्थापनको मुख्य जिम्मेवारी स्थानीय तहलाई नै तोकेको छ *(नेपाल कानून आयोग, २०६८)*। तर यो कार्य देशका अधिकांश जनप्रतिनिधिहरूलाई टाउको दुखाइको विषय बन्दै आइरहेको छ। यसै बिच भक्तपुर नगरपालिकाले देशमा स्थानीय स्वायत्तताको अभ्यास सँगसँगै अपनाएको दीर्घकालीन र दिगो फोहोर व्यवस्थापनको नमुना अभ्यास अवलम्बन गरिरहेको छ। उपत्यकाकै अधिकांश नगरपालिकाहरू सिसडोल र बन्चरेडाँडा जस्ता केन्द्रीय ल्यान्डफिल साइटमा भर परिरहेका छन् भने सो स्थान पनि अधिकांश भरिने अवस्थामा पुगेको छ *(सहरी विकास तथा भवन निर्माण विभाग, २०८२)*। भक्तपुर नगरपालिकाले भने विगत २८ वर्षदेखि आफ्नै नगरभित्रै फोहोर सङ्कलन र व्यवस्थापन गर्दै आएको छ।

नगरपालिकाले घर-घरमा फोहोर छुट्याउने अभ्यास, कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन, नकुहिने फोहोरको पुन:प्रयोग र बिक्री, वर्गीकरण नगरेको फोहोर नउठाउने नीतिजस्ता उपायहरू अवलम्बन गर्दै आएको छ। दैनिक करिब ३० टन फोहोरमध्ये २८ टन सङ्कलन नगरपालिकाको १६२ जना सफाइ कर्मचारीमार्फत नियमित रूपमा गर्ने गरिएको छ *(श्यानिटेशन शाखा, २०८२)*।

नगरपालिकाले जनचेतनामूलक कार्यक्रम, सफाइ शुल्क सङ्कलन र वातावरणमैत्री प्रविधिको प्रयोगमार्फत फोहोरलाई बोझ नभई आम्दानीको स्रोतको रूपमा परिवर्तन गरेको छ। भक्तपुरको यो अभ्यास अन्य नगरपालिकाहरूका लागि पनि उपर्युक्त र दिगो रूपमा सरसफाइ व्यवस्थापनको क्षेत्रमा अनुकरणीय हुन सक्छ।


## १) विषय प्रवेश

विक्रम संवत् २०७९ सालको स्थानीय निर्वाचनमा काठमाडौँ उपत्यकाका जनप्रतिनिधिहरू निर्वाचित भई कार्यभार ग्रहण गर्दाको समयमा फोहोरमैला व्यवस्थापन विषय चोटिलो बन्दै गइरहेको थियो। यसै पनि नेपालको फोहोर व्यवस्थापन विश्वव्यापी सूचकमै निकै पछाडि रहेको छ। अमेरिकाको यल विश्वविद्यालयले हरेक वर्ष प्रकाशित गर्ने फोहोरमैला व्यवस्थापन सूचकमा सन् २०२४ मा विश्वका १८० देशमध्ये १६५ स्थानमा रहेको छ *(Yale University,2024)*। तत्कालीन समयमा काठमाडौँ महानगरपालिकाका नवनिर्वाचित प्रमुख बालेन्द्र शाहले त यो मुद्दा समाधान नभएसम्म खादा माला नपहिरिने भनी सार्वजनिक घोषणा नै गर्नुभयो *(नेपाल खबर, २०७९)*। तर यो विषयमा भने भक्तपुर नगरपालिकाका प्रतिनिधिहरूलाई खासै चिन्ताको विषय थिएन कारण यस नगरपालिकाले वि.सं. २०५५ सालदेखि नै फोहोरलाई कुहिने र नकुहिने गरी स्रोतमा वर्गीकरण गर्ने, स्रोतमै फोहोरको व्यवस्थापन गर्ने र नकुहिने फोहोरलाई नगरकै विभिन्न क्षेत्रमा व्यवस्थापन गर्ने कार्य गरिरहेको थियो। भक्तपुर नगरपालिकाको लागि नेपाल मजदुर किसान पार्टीको घोषणापत्र-२०७४ अनुसार फोहोरमैला कुहिने र नकुहिने अलग्ग गरी अन्तिम व्यवस्थापन गर्ने *(मजदुर दैनिक, २०७७)* गरी जनतासमक्ष बाचा गरेका जनप्रतिनिधिहरूले सोही प्रतिवद्धताअनुसार विक्रम संवत् २०७४ सालमै नगरपालिकाले फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन कुहिने र नकुहिने फोहोर अलग अलग सङ्कलन गर्ने र कुहिने फोहोरलाई कम्पोष्ट मल बनाई किसानलाई न्यूनतम मूल्यमा बिक्री गर्ने नीति अवलम्बन गरेको थियो *(भक्तपुर नगरपालिका, २०७४)*।

केही पहिले भक्तपुरलाई फोहोरको सहर, खुला शौच गर्ने स्थान भन्ने सम्बन्धमा बुझाइ रहेको सुनिन्छ। अहिले भने उपत्यकामा सबैभन्दा सफा सहरको रूपमा लिइन्छ। भक्तपुर घुम्न आउने पर्यटक र देशका विभिन्न स्थानीय तहहरूबाट असल अभ्यास सिक्न आउने जनप्रतिनिधि र कर्मचारीहरूले भक्तपुर नगरपालिकाको सरसफाइ कार्यको व्यवस्थापन उत्कृष्ट रहेको बताउँदछन्। नगरपालिकाले पूर्ण रूपमा आफ्नै कर्मचारी राखेर यस सम्बन्धी कार्य सम्पादन गरिरहेको छ। अन्य नगरमा हप्तामा तीन दिन फोहोर सङ्कलन हुने गरेकोमा भक्तपुरमा भने दिनको ३ पटक कर्मचारीले फोहोर उठाउँछन्। शुल्क भने भक्तपुर नगरपालिकाले महिनामा रु. ७५ का दरले वर्षमा ९०० रुपैयाँ मात्र सङ्कलन गरेको छ।

सङ्घीय शासन प्रणालीपश्चातको पहिलो स्थानीय तहको निर्वाचन पश्चात नै नगरपालिकामा प्रस्तुत नीति तथा कार्यक्रममा किसानहरूको हितका लागि कम्पोष्ट मलको उत्पादन र बिक्री वितरणको व्यवस्थापन मिलाउने भनी उल्लेख गरिएको थियो *(भक्तपुर नगरपालिका, २०७५)* । हाल नगरपालिकाले फोहोरको प्रयोग गरेर कौसी खेती गर्ने, कम भन्दा कम फोहोर घरबाट विसर्जन गर्ने, नकुहिने फोहोरलाई पुनः प्रयोग गरेर आम्दानीको स्रोत बनाउने, कुहिने फोहोरको प्रशोधनबाट जापानिज सि.एन.वि.एम. प्रविधिको मल उत्पादन गरी फोहोरबाट मोहोर बनाउँदै आइरहेको छ ।

## २) शून्य डम्पिङ मोडल र स्रोतमै समाधान : भक्तपुर नगरको फोहोर व्यवस्थापन नीति

भक्तपुर नगरपालिकाले फोहोरको समस्या समाधानका लागि स्रोतमै नियन्त्रण गर्ने नीति अपनाएको छ । फोहोरलाई घरमै छुट्याउने, कुहिने फोहोरलाई मल बनाउने र नकुहिने फोहोरलाई पुनः प्रयोग वा बिक्री गर्ने प्रयास नगरस्तरमै भइरहेको छ । नक्सा पाससँगै सबै घर धनीलाई कुहिने र नकुहिने फोहोर वर्गीकरण गर्न डस्टबिन र कम्पोष्ट मल तयार गर्ने विन वितरण गरिएको छ जसले गर्दा नगरवासीहरूलाई कुहिने र नकुहिने फोहोर अलग गर्न प्रेरित गरिएको छ । यसबाट घरबाट फोहोर नै कम मात्रामा सङ्कलन भई सो को व्यवस्थापन सहज हुने गर्दछ ।

छिमेकी राष्ट्र भारतको दून विश्वविद्यालयले गरेको एक अध्ययनका अनुसार एउटा सामान्य घरबाट प्रति घर औषतमा २६७.१७ के.जी. फोहोर सृजना हुन्छ, त्यसमध्ये खाना/भान्साजन्य ८० प्रतिशत वा सो भन्दा बढी, प्लाष्टिकजन्य करीब ७ प्रतिशत, कागज, कार्डबोर्डजन्य ८ प्रतिशत, सेरामिक्स काँचजन्य १ प्रतिशत, कपडा, रबरजन्य ४ प्रतिशत रहने देखिएको छ *(Surindra Suthar, 2014)* । जसमध्ये ८० प्रतिशतभन्दा बढी फोहोर त कुहिने नै हुन्छ । भक्तपुर नगरपालिकाको हकमा भने यस्तो फोहोरको मात्रा भने ६७.५ प्रतिशत रहेको छ **(तालिका नं.१)** । त्यसैले यसको व्यवस्थापन घरमै सम्भव भएको हो। नकुहिने फोहोरलाई रिसाइकल गरी बेच्दा नगरपालिकाले निश्चित आम्दानी पनि गर्न सकेको छ । नगरले कागज, प्लास्टिक, फलाम, धातुजन्य तथा अस्पतालजन्य फोहोरको छुट्टै व्यवस्थापन गर्दै आएको छ ।

**तालिका नं. १ :** नगरपालिकाबाट उत्पन्न हुने फोहोरमैलामा विभिन्न बस्तुहरूको प्रतिशत

| सि.नं. | वस्तु वा सामानको प्रतिशत | प्रतिशत |
|---|---|---|
| १ | Organic | ६७.५ |
| २ | Plastic | ८.३२ |
| ३ | Paper | ४.२० |
| ४ | Textile | ३.५७ |
| ५ | Glass | ३.४९ |
| ६ | Iron | १.३९ |
| ७ | Wood | ०.४२ |
| ८ | Construction Material | ८.२४ |

*(श्यानिटेशन शाखा, २०८२)*

फोहोर वर्गीकरणको अभ्यास विक्रम संवत् २०५१ सालदेखि सुरु भएको हो । सुरुमा घरधनीहरूलाई दुईवटा बाल्टिन वितरण गरिएको थियो । यो कार्य केही समय स्थगित भए पनि विक्रम संवत् २०६२ सालदेखि पुनः निरन्तरता दिइएको छ । अहिले पनि ४० प्रतिशत फोहोर पूर्ण रूपमा छुट्याइएको हुन्छ भने बाँकी मिश्रित अवस्थामा पाइन्छ । जनप्रतिनिधिको सक्रियता र नागरिकमा जनचेतनाको वृद्धिसँगै वर्गीकरणको अनुपात बिस्तारै बढ्दै गएको छ ।

नगर क्षेत्रमा दैनिक करिब ३० टन फोहोर उत्पादन हुन्छ । जसमध्ये २७ देखि २८ टन नियमित रूपमा सङ्कलन गरिन्छ । नगरमा वायु प्रदूषणसमेत नगर्ने ट्राइसाइकल र गाडाहरूको प्रयोगबाट प्रत्येक साताको ४ दिन (आइतबार, मंगलबार, विहीबार र शनिबार) कुहिने फोहोर र बाँकी ३ दिन नकुहिने फोहोर सङ्कलन गरिन्छ । यस बाहेकका अन्य सवारी साधनमा भने कुहिने र नकुहिने फोहोर राख्न अलग अलग हुने गरी खण्डीकरण गरिएको छ ।

फोहोर सङ्कलन पश्चात् सङ्कलन केन्द्रमा ल्याइन्छ, जहाँ कुहिने फोहोरलाई लर्के क्षेत्रको कम्पोस्ट प्लान्टमा मलमा रूपान्तरण गरिन्छ । गत आ.व. मा यसरी करीब २३८ टन कुहिने फोहोरलाइ मल बनाउन प्रयोग गरिएको थियो **(तालिका नं. २)** । नगरमा प्रयोग भइरहेका सवारीसाधन र कर्मचारी व्यवस्थापनले दैनिक फोहोर सङ्कलन कार्यलाई सहज बनाएको छ । जहाँ फोहोर निस्कन्छ, त्यहीं व्यवस्थापन गर्ने दृष्टिकोणले गर्दा नगर स्वच्छ र व्यवस्थित देखिन्छ । नागरिकमा फोहोर वर्गीकरणको चेतना अभिवृद्धि गराउन जोड दिँदै आएको छ । स्थानीयको साथ र कर्मचारीको लगनशीलताले गर्दा अहिले नगरवासीहरू स्वयं फोहोर छुट्याएर ल्याउने अवस्थामा दिनानुदिन सहज बन्दै गइरहेको छ । भक्तपुरले फोहोर व्यवस्थापनलाई बोझ होइन, अवसरको रूपमा प्रयोग गरेको छ ।

**तालिका नं. २** : आ.व. २०८१/८२ मा कम्पोष्ट मल बनाउन प्रयोग गरिएको जैविक फोहोर

| सि.नं. | महिना | फोहोरको मात्रा (के.जी.मा) |
|---|---|---|
| १ | श्रावण | १,१११ |
| २ | भाद्र | ० |
| ३ | आश्विन | ५,५७६ |
| ४ | कार्तिक | ७,७९० |
| ५ | मंसिर | ६५,४३६ |
| ६ | पुस | ० |
| ७ | माघ | ६३,०९९ |
| ८ | फाल्गुण | ० |
| ९ | चैत्र | २४,१४९ |
| १० | बैशाख | ० |
| ११ | जेष्ठ | ० |
| १२ | असार | ७१,२१७ |
| जम्मा | | २,३८,३७६ |

*(श्यानिटेशन शाखा, २०८२)*

### ३) फोहोरको पुनर्जन्म : भक्तपुरको सुपथ मूल्यको मलदेखि नीति निर्माणसम्म

नगरपालिकाले नक्सा पासकै समयमा करीब रु. २,५००।– पर्ने डस्टबिन र कम्पोस्ट फोहोर छुट्याउन प्रोत्साहन गर्न घर घरमा दुईवटा रु. १,०००।– मा वितरण गर्ने गरेको छ । उक्त डस्टबिन एक कुहिने र अर्को नकुहिने फोहोरको लागि प्रयोग हुने गर्दछ । हरेक दिन माइकिङमार्फत नागरिकहरूलाई वर्गीकरणबारे सचेत गराउने काम निरन्तर गरिन्छ । वर्गीकरण नगरिएको फोहोर ल्याएमा सुरुआतमा सम्झाइन्छ, आवश्यक परे फिल्डमै छुट्याउन सघाइन्छ, तर अन्ततः पनि वर्गीकरण नगरिएमा फोहोर फिर्ता गरिन्छ । यसले गर्दा नगरवासीहरूमा चेतना र उत्तरदायित्वको भावना बढेको देखिन्छ ।

नगरपालिकाले कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन गरी बजारमा बिक्री गर्ने गरेको छ । जसबाट नगरले वार्षिक रूपमा झन्डै २६ लाख रुपैयाँको आम्दानी गर्दै आएको छ **(तालिका नं. ३)** । साथै, नकुहिने तर पुनःप्रयोग गर्न मिल्ने वस्तुहरूलाई छनौट गरी छुट्टै व्यवस्थापन विभिन्न स्थानमा कच्चा पदार्थ वा पुनःप्रयोगका लागि पठाइन्छ ।

**तालिका नं. ३ :** सफाइ शुल्क र कम्पोष्ट मल बिक्रीबाट भएको आम्दानी

| सि.नं. | आ.ब. | कम्पोष्ट मल | सफाइ शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | २०७६।७७ | ५,३३,६०० | ६०,००,३८१ | |
| २ | २०७७।७८ | ६६,००० | ३६,६१,३८२ | |
| ४ | २०७८।७९ | १०,२८,४०० | ७२,७२,३६० | |
| ५ | २०७९।८० | ९,४३,८४६ | ८६,७०,०४७ | |
| ६ | २०८०।८१ | १८,२७,९९९ | १,०७,८५,८७३ | |
| ७ | २०८१।८२ | २५,८६,४३० | १,२०,२१,२५६ | |
| जम्मा | | ६९,८६,२७५ | ४,८४,११,२८९ | |

*(आर्थिक प्रशासन शाखा, २०८२)*

कुहिने मल जापानिज सि.एन.बि.एम. प्रविधिबाट कम्पोष्ट मल बनाइन्छ । सि.एन.वि.एम. को पूरा रूप कार्बन, नाइट्रोजन, ब्याक्टेरिया र मिनरल (Rikishi, .) हो । यस्ता तत्त्वहरू बिरूवालाई अत्यावश्यक हुने तत्त्व हुन् । यो प्रविधि गन्ध नआउने र फोहोर थप नसड्ने हुन्छ *(RIKISHI COMPOST PVT.LTD, .)* । कुहिने फोहोरबाट बन्ने मल तयार हुन सामान्यतः तीन महिना लाग्छ । यसरी बनेको मल स्थानीय किसानले मल उत्पादनस्थलमै खरीद गर्न आउने गर्दछन् **(तालिका नं. ४)** । उत्पादित मल निरन्तर रूपमा प्रति के.जी २० रुपैयामा बिक्री वितरण भइरहेको हुन्छ । कृषि सहकारी, विभिन्न कृषि फर्महरूले ठूलो मात्रामा मलको माग गरिरहेका हुन्छन् । किसानले खेती बाली लगाउने समयमा सहुलियत दरमा (५० प्रतिशत कम मूल्यमा) मलको बिक्री वितरण गरिन्छ । सहुलियतपूर्ण रूपमा मल वितरण गर्ने निर्णयपश्चात सर्वसाधारणको जानकारीको लागि प्रचार प्रसार गरिन्छ । मललाई स्थानीय किसान तथा नगरवासीलाई सहज उपलब्ध गराउन वडा वडा मार्फत पनि मलको बिक्री वितरण गर्ने गरिन्छ । उत्पादन भएको मलको माग, बिक्री तथा प्रयोग हुने क्रमले के देखाउँछ भने फोहोरको सही व्यवस्थापन नगरको आम्दानी र खाद्य सुरक्षासँग समेत जोडिन सक्छ । नकुहिने फोहोरको हकमा वर्गीकरण गरी कच्चा पदार्थ र पुनः प्रशोधनका लागि फोहोरको प्रकृतिअनुसार प्लास्टिक, कागज, फलामजस्ता अन्य वस्तुहरू पनि पुनः प्रयोग तथा प्रशोधनयोग्य भएमा बिक्री वितरण गर्ने गरिन्छ । अन्त्यमा अवशिष्ट पदार्थलाई मात्र डम्पिङ गरिन्छ ।

**तालिका नं. ४** : आ.व. २०८१/८२मा बिक्री गरिएको कम्पोष्ट मलको विवरण

| सि.नं. | महिना | वडा कार्यालयबाट बिक्री भएको मात्रा (के.जी.मा) | उत्पादन केन्द्रबाट बिक्री भएको मात्रा(के.जी.मा) |
|---|---|---|---|
| १ | श्रावण | २४०० | २०० |
| २ | भाद्र | ० | २०२५ |
| ३ | आश्विन | ५०० | ३२४५ |
| ४ | कार्तिक | ३००० | ४६५२ |
| ५ | मंसिर | १०१४० | ४७५१७ |
| ६ | पुस | १०५०० | ४४९२३ |
| ७ | माघ | ४५०० | ४०७८१ |
| ८ | फाल्गुण | २५०० | ११७३ |
| ९ | चैत्र | ५०० | ७७८७ |
| १० | बैशाख | ४५२० | ३६५०.५ |
| ११ | जेष्ठ | १२६० | ६०८० |
| १२ | असार | ९४० | ३३६६५ |
| जम्मा | | ४०६७० | १९५,६९८.५ |

*(श्यानिटेशन शाखा, २०८२)*

भक्तपुर नगरपालिकाको यो अभ्यासले फोहोरलाई बोझ होइन, स्रोतको रूपमा परिवर्तन गर्न सकिने विकल्प प्रस्तुत गरेको छ। कुहिने फोहोरबाट मल उत्पादन र पुनः प्रयोगयोग्य वस्तुहरूको व्यवस्थापन कार्यले स्थानीय सरकारको कार्यदक्षता मात्र होइन, नागरिक सहभागिता र वातावरणीय चेतनाको पनि प्रतिबिम्ब प्रस्तुत गरेको छ। यसरी मलको रूपमा, आम्दानीको रूपमा फोहोरको 'पुनर्जन्म' भएको छ ।

## ४) सफा सहरको रहस्य : स्वच्छता र स्वावलम्बन

भक्तपुर नगर सरसफाइको अवस्था सहज रूपमा आजको अवस्थामा भने आइपुगेको होइन। सुरुमा सफाइ मजदुरहरूलाई हेलचक्र्याइँ गर्ने, पारिवारिक चाडपर्वका काममा बहिस्कार गर्नेलगायतका कार्य गर्ने गर्थे। देशकै फोहोर स्थानको रूपमा चिनिने भक्तपुरमा वि.सं. २०३९ सालमा तत्कालीन जनप्रतिनिधिहरूको अगुवाइमा स्थानीय जनताले निरन्तर सरसफाइ अभियान चलाएपछि सफाइ कार्यमा सुधार आएको थियो। नगर क्षेत्रमा विभिन्न कथा, कविताजस्ता साहित्यिक लेखन तथा नाटक प्रदर्शन गरी जनचेतनामूलक कार्य अघि बढाइएको थियो *(प्रमुख, २०८२)*। नगरपालिकाले सरसफाइ सम्बन्धी आवश्यक कानूनी व्यवस्था लागू गरी सरसफाइ कार्यको व्यवस्थापन गर्दै आएको छ *(भक्तपुर नगरपालिका, २०७८)*। भक्तपुर नगरपालिकाले सफाइ व्यवस्थापनमा जनशक्ति र स्रोतसाधनको समुचित उपयोग गर्दै आएको छ। नगरपालिकाबाट खटाइएका १६२ जना कर्मचारीहरूले नै फोहोरमैला व्यवस्थापनसम्बन्धी कार्य गरिरहेका छन्। यी कर्मचारीहरू दैनिक रूपमा विभिन्न वडामा फोहोर सङ्कलन, वर्गीकरण, ढुवानी र व्यवस्थापनको कार्यमा सक्रिय छन्। यस सम्बन्धी कुनै पनि कार्यमा कुनै निजी, गैरसरकारी संस्थालाइ यस कार्यको जिम्मेवारी प्रदान गर्ने वा सम्झौता गरिएको छैन। राज्यले दिएको जिम्मेवारी आफैले पूरा गरेर जनताको सेवा गर्नुपर्ने जनप्रतिनिधिको बुझाई रहेको छ।

कम्पोष्ट मल उत्पादन प्रयोजनका लागि नगरपालिकाकै लर्के भन्ने स्थानमा करीब पाँच रोपनी क्षेत्रफल बराबरको जग्गा छुट्याइएको छ, जहाँ कुहिने फोहोरलाई प्राकृतिक विधिबाट प्रशोधन गरिन्छ। कम्पोस्ट मल उत्पादन प्रक्रिया नगरभित्रै सम्पन्न हुने भएकाले फोहोर व्यवस्थापनको चक्र पूर्णरूपमा स्थानीयस्तरमै बनाइएको छ। हाल यस्तो उत्पादन केन्द्र विस्तार गर्ने सोच अनुरूप आगामी वर्षदेखि सञ्चालनमा ल्याउने गरी सिलखे भन्ने स्थानमा समेत निर्माण कार्य अघि बढिरहेको छ। यसले फोहोर व्यवस्थापनमा स्वावलम्बी हुन सघाउ पुग्ने ठानिएको छ।

नगरपालिकाले उत्पादन भएको मललाई केवल बिक्रीमा मात्र सीमित नराखी त्यसको प्रयोगमा आधारित ज्ञान प्रवाहमा समेत ध्यान दिएको छ। नगरवासीलाई कौसी खेतीप्रति आकर्षित गर्न विशेष तालिमहरू आयोजना गरिएका छन्। हरेक वडा वडामा यस सम्बन्धी तालिम प्रदान गर्ने गरिएको छ। एक वडामा एक पटकमा २० देखि ३० जनासम्म नगरवासी यस सम्बन्धी तालिमबाट लाभदायी हुने गरेका छन्। यसको माग पनि निरन्तर बढिरहेको छ। फोहोरबाट उत्पादन गरिएको जैविक मललाई आफ्नै घरको कौसी वा बगैंचामा प्रयोग गर्न सिकाउने अभ्यासले नगरवासीहरूमा स्वच्छता र आत्मनिर्भरता दुवैको भावना जगाएको छ। यसै अभियानको सकारात्मक प्रभावस्वरूप हाल नगरका धेरै घरहरूमा कौसी खेती सुरु भएको छ। घर घरबाट निस्केको फोहोरलाइ मलको रूपमा घरघरमै प्रयोग गर्न सकिने भएकोले नगरवासीहरू अझ सचेत र सहभागी बनेका छन्। यो केवल स्वच्छतामै सीमित नभई हरित जीवनशैली र सहरी कृषि प्रवर्द्धनको अभियानसमेत बनेको छ।

नगरपालिकाले फोहोरलाई व्यवस्थित रूपमा प्रयोग गरी मल उत्पादन गर्दै त्यसको पुनः प्रयोगसम्मको चक्र पूरा गरिरहेको छ। नगरवासी र नगर प्रशासनबिचको सहकार्यले भक्तपुरलाई सफा, हरित र आत्मनिर्भर सहरको रूपमा स्थापित गरेको छ।

## ५) भक्तपुरको स्वावलम्बी फोहोर व्यवस्थापन :

### सफाइ, सहकार्य र समृद्धिको यात्रामा

भक्तपुर नगरपालिकाले फोहोर व्यवस्थापनमा आत्मनिर्भरता र स्थानीय सहभागितालाई मूल आधार बनाउँदै आएको छ। 'फोहोर जहाँ निस्कन्छ, त्यहीं व्यवस्थापन गर्नुपर्छ' भन्ने सोचअनुसार नगरले आफ्नो वडाभित्रै फोहोर व्यवस्थापनका लागि वैकल्पिक उपाय अपनाएको छ। डुबान हुने वा घर निर्माणका लागि अनुपयुक्त जग्गामा जग्गाधनीको सहमतिमा खाल्डो खनी त्यहाँ फोहोर व्यवस्थापन गरिएको छ। यसले नगरलाई बाह्य डम्पिङ साइटमा आश्रित हुनबाट मुक्त बनाएको छ। आकस्मिक अवस्थामा डम्पिङ साइटको विकल्प समेत जीवितै राख्न प्रतिकात्मक रूपमा दैनिक ३ देखि ५ गाडी वर्गीकृत नकुहिने फोहोर बन्चरे डाँडामा समेत पठाउने गरिएको छ। देशकै कम क्षेत्रफल रहेको र अधिक जनघनत्व रहेको नगरपालिकामा सदैब फोहोर ब्यवस्थापनका लागि स्थान उपलब्ध हुने विषय संशय नै हुने गर्दछ। त्यसैले गर्दा बन्चरे डाँडा ल्यान्डफिल साइटमा पनि नगरपालिकाले आफ्नो उपस्थिति प्रस्तुत गरेको छ।

नगरले फोहोर व्यवस्थापनलाई केवल सरसफाइको विषय होइन, सामुदायिक उत्तरदायित्व र समृद्धिको आधारको रूपमा लिएको छ। प्रत्येक महिनाको १ र १५ गते नगरपालिकाले व्यापक सरसफाइ अभियान सञ्चालन गर्ने गर्छ। यस अभियानमा जनप्रतिनिधि, नगरपालिका कर्मचारी, स्थानीय क्लब, सहकारी, डाफाभजन समूह, सङ्घ संस्था, विद्यालय र समुदायका सदस्यहरू सक्रिय रूपमा सहभागी हुन्छन्। कहिले मठ मन्दिरको सरसफाइ गरिन्छ भने कहिले खोलानाला, घाट र सार्वजनिक स्थलहरू सफा गरिन्छ। यसले नगरवासीहरूमा सहकार्य, स्वामित्व र सफा वातावरणप्रतिको सामुहिक चेतना बढाएको छ। यसका साथै, नगरभित्र रहेका ९२ वटा विद्यालयहरूमध्ये प्रत्येक विद्यालयलाई आफूले रोजेको सम्पदा वा सार्वजनिक स्थान सफा राख्ने जिम्मेवारी दिइएको छ। यसले बालबालिका र किशोरकिशोरीहरूमा पनि सरसफाइप्रतिको व्यवहारिक शिक्षा र सामाजिक जिम्मेवारीको भावना विकास गर्न सहयोग पुऱ्याएको छ।

नगरपालिकाले जुन अभ्यास अघि सारेको छ, त्यो सफा सहर निर्माणको यात्रालाई जनसहभागिता, स्थानीय समाधान र दीर्घकालीन सोचसँग जोडेर अगाडि बढाएको छ। भक्तपुरको यस समन्वयात्मक अभ्यासले केवल वातावरणीय सुधारमात्र होइन, सामाजिक समृद्धि र संस्थागत सुदृढीकरणको आधार तयार गरेको छ।

### ६) फोहोरबाट अवसरसम्म : भक्तपुर नगरको सफल अभ्यास

भक्तपुर नगरपालिकाले फोहोरलाई बोझ होइन, अवसरका रूपमा रूपान्तरण गर्ने नीति अवलम्बन गर्दै आएको छ। कुहिने फोहोरलाई सदुपयोग गरेर नगरले एक वर्षको अवधिमा २ सय ५० टनसम्म मल उत्पादन गर्न सफल भएको छ। यो प्रक्रिया वैज्ञानिक पद्धतिमा आधारित छ, सुरुमा रिकिशि नामको संस्थासँगको प्राविधिक सहयोगमा यो कार्य थालिएकोमा हाल नगरपालिकाले नै प्राविधिक जनशक्ति तयार गरी पूर्ण रूपमा आफै नै मल उत्पादन कार्य गरिरहेको छ। नगरपालिकाद्वारा तयार गरिएका जनशक्तिले मल उत्पादनको हरेक चरणमा गुणस्तरको जाँच र सुधारको प्रत्यक्ष निगरानी गरिरहेका हुन्छन्।

नगरपालिकाले कुहिने फोहोरलाइ घर घरमै उपयोग हुने अवस्था सिर्जना गर्नुका अतिरिक्त बढीभन्दा बढी कम्पोष्ट मल उत्पादन गरी त्यसको प्रयोगमा केन्द्रित रहेको छ। त्यसैगरी नकुहिने सामानहरूलाई पुन:प्रयोग र प्रशोधनका लागि आवश्यक मेशिनरी सामानको खरिद प्रक्रियामा छ। नेपालमा सफल मानिएको डोको रिसाइकल भन्ने संस्थासँग समेत सहकार्य गरी नकुहिने फोहोरबाट आर्थिक उपार्जनको माध्यम बनाउने योजनामा नगरपालिका रहेको छ। भविष्यका यस योजनाको मूल सोच – नगरपालिकाबाट निस्कने फोहोर नगरमै व्यवस्थापन गरियोस्, फोहोर बाहिर नजाओस् भन्ने नै हो। यस उद्देश्यले दीर्घकालीन योजना, भौतिक पूर्वाधार, कर्मचारी व्यवस्थापन र प्रविधि प्रयोगमा ध्यान दिइएको छ।

फोहोरबाट मल पुन: प्रयोग योग्य वस्तुको व्यवस्थापन, जनसहभागिता र नीति संयोजनको यस अभ्यासले भक्तपुरलाई सफा र आत्मनिर्भर नगरको उदाहरणमात्र होइन, भविष्यमा अन्य नगरका लागि अनुकरणीय अभ्यासको रूपमा प्रस्तुत गरेको छ। यसबाट के देखिन्छ भने इच्छाशक्ति, योजनाबद्धता तथा नागरिक सहभागितासँगै आउँछन् भने फोहोर पनि समृद्धिको स्रोत बन्न सक्छ।

### निष्कर्ष- नगरमै फोहोर, नगरमै समाधान : एक सफल स्थानीय प्रयास

भक्तपुर नगरपालिकाले फोहोर व्यवस्थापनमा देखाएको प्रतिबद्धता, कार्यदक्षता र दूरदृष्टिले नेपाली स्थानीय शासन प्रणालीमा एक महत्त्वपूर्ण उदाहरण प्रस्तुत गरेको छ। उपत्यकाका अधिकांश नगरहरू ल्यान्डफिल साइट र बाह्य निकायमा निर्भर हुँदा भक्तपुरले आफ्नै स्रोत, क्षमता

र जनसहभागिताको आधारमा स्वतन्त्र र आत्मनिर्भरताको नमुना विकास गरेको छ ।

नगरभित्रै वर्गीकृत फोहोर सङ्कलन, मल उत्पादन, पुनः प्रयोग, र नियमित सरसफाइ अभियानमार्फत भक्तपुरले 'फोहोर' शब्दलाई सरसफाइ व्यवस्थापनको रूपमा सकारात्मक तवरले लिँदै आएको छ । नागरिकलाई घरमै फोहोर छुट्याउन प्रेरित गर्ने, नछुट्याएमा सङ्कलन नगर्ने नीति, र सामुहिक सरसफाइ अभ्यासले समुदायमा अपनत्व, उत्तरदायित्व र अनुशासनको भावना विकास गरेको छ ।

शून्य डम्पिङ मोडल, स्थानीय क्षेत्रमै दीर्घकालीन व्यवस्थापनको योजना र कौसी खेतीजस्ता अभियानहरूले नगर विकास र वातावरणीय संरक्षणबिचको सन्तुलन कायम गरेका छन् । साथै शिक्षण संस्था, सङ्घसंस्था, क्लब र समुदायको सरसफाइ प्रतिको सक्रिय सहभागिता भक्तपुरलाई केवल सफा सहर मात्र नभई सहकार्यको सफल नमुना सहरको रूपमा स्थापित गर्न सफल भएको छ ।

अन्त्यमा जनप्रतिनिधिको इच्छाशक्ति, स्पष्ट र कठोर नीति, प्रविधिको अवलम्बन, कर्मचारीमा तत्परता र नागरिक सहभागिताको प्रभावकारी संयोजन भयो भने फोहोरको समाधान नगरमै सम्भव छ र आम्दानीको गतिलो स्रोत समेत बन्न सक्दछ ।

**सन्दर्भ सामग्री**


Rikishi. (.). gorokimu.wixsite.com/Importance-of-cnbm-technology

RIKISHI COMPOST PVT.LTD. (.). *RIKISHI COMPOST JAPANESE TECHNOLOGY*. gorokimu.wixsite.com

Surindra Suthar, P. S. (2014). Household solid waste generation and composition in different family size and socio-economic groups: A case study. *Sustainable Cities and Society*, 56-63.

Yale University (2024). *Environmental Performance Index, 2024.*

- आर्थिक प्रशासन शाखा (२०८२), भक्तपुरः भक्तपुर नगरपालिका
- कानून किताब व्यवस्था समिति (२०७२), नेपालको संविधान, बबरमहल, कानून किताब व्यवस्था समिति
- नेपाल कानून आयोग (२०६८, असार १)-फोहोरमैला व्यवस्थापन ऐन, २०६८
- नेपाल खबर (२०७९, जेठ १६), फोहोर व्यवस्थापन नभएसम्म खादा-माला लगाउँदिनँ : बालेन्द्र शाह
- प्रमुख, न. (२०८२, श्रावण ९), भक्तपुर नगरपालिकामा फोहोर व्यवस्थापनको इतिहास. (ब. भट्टराइ, Interviewer)
- भक्तपुर नगरपालिका (२०७४), नीति तथा कार्यक्रम, भक्तपुर मासिक, नीति तथा कार्यक्रम २०७४, भक्तपुरः भक्तपुर नगरपालिका
- भक्तपुर नगरपालिका (२०७५), भक्तपुर, मासिक
- भक्तपुर नगरपालिका (२०७८), भक्तपुर नगरपालिका क्षेत्रको सरसफाइ सम्बन्धी ऐन २०७६
- मजदुर दैनिक (२०७७, पुस १५), भक्तपुर नगरपालिका क्षेत्रको सरसफाइसम्बन्धी ऐन, २०७६ – एक चर्चा
- सहरी विकास तथा भवन निर्माण विभाग (२०८२, असार), बञ्चरेडाँडा स्यानीटरी ल्यान्डफिल साइट : फोहोर व्यवस्थापनको नयाँ दिशातर्फको कदम, सहरी विकास बुलेटिन,
- श्यानिटेशन शाखा (२०८२), वार्षिक प्रतिवेदन, भक्तपुरः भक्तपुर

**वेभसाइटहरू**

– nayapatrikadaily.com/2023-02-28

–nepalkhabar.com/2022-5-23

–bhaktapurmun.gov.np/BKT_241.pdf

–onlinemajdoor.com/

-kathmandu.gov.np/2021/05/table

-nepalsamaya.com

-bhaktapurmun.gov.np/BKT-312.pdf


☐ राष्ट्रिय प्राकृतिक तथा वित्तिय आयोगबाट प्रकाशित वित्तिय सङ्घीयता दर्पण, २०८२ बाट साभार ।

**बसिबियाँलो (क) को उत्तर**



# इथियोपियादेखि जाम्बियासम्मको उदाहरणले भन्छ- बीआरआई साझा भविष्य हो

**चेतनाथ आचार्य**




बेल्ट एन्ड रोड इनिसिएटिभलाई बीआरआई (BRI) भनिन्छ। यसलाई नयाँ सिल्क रोड पनि भनिन्छ। चीनले सन् २०१३ मा विकासोन्मुख मुलुक र अन्तर्राष्ट्रिय संस्थाहरूमा लगानी गर्न अपनाएको विश्वव्यापी पूर्वाधार विकास रणनीति हो यो। बीआरआई सडक, रेल, ऊर्जा र डिजिटल पूर्वाधारद्वारा जोडिएका ६ शहरी विकास भूमि कोरिडोरहरू र बन्दरगाहहरूको विकासद्वारा जोडिएको समुद्री सिल्क रोड मिलेर बनेको छ।

सन् २०१३ को सेप्टेम्बर ७ मा सी चिनफिङले पहिलोपटक काजाकिस्तानको अस्तानास्थित नजरबायेभ विश्वविद्यालयमा 'सिल्क रोड इकोनोमिक बेल्ट'का रूपमा बीआरआई अवधारणाको घोषणा गरेका हुन्। सोही वर्षको अक्टोबरमा इन्डोनेसियामा सीले गरेको सम्बोधनमा चीनले दक्षिणपूर्व एसिया र त्यसभन्दा बाहिर सहयोग बढाउन 'एक्काइसौँ शताब्दीको समुद्री सिल्क रोड' निर्माण गर्ने योजनाको घोषणा गरेका थिए।

चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी)का महासचिव सीले मूल रूपमा सन् २०१३ को सेप्टेम्बरमा कजाकिस्तानको औपचारिक भ्रमणका क्रममा 'सिल्क रोड इकोनोमिक बेल्ट'का रूपमा रणनीति घोषणा गरेका थिए। 'बेल्ट'ले पश्चिमी क्षेत्रहरूको प्रसिद्ध ऐतिहासिक व्यापार मार्गहरूमा भूपरिवेष्ठित मध्य-एसिया हुँदै सडक र रेल यातायातका लागि प्रस्तावित भूमि मार्गहरूलाई जनाउँछ। 'रोड'ले २१औँ शताब्दीको समुद्री रेसमी मार्गलाई जनाउँछ। दक्षिणपूर्वी एसिया हुँदै दक्षिण एसिया, मध्यपूर्व र अफ्रिकासम्मको इन्डो प्यासिफिक समुद्री मार्गहरूलाई रोड भनिन्थ्यो।

चीनले बीआरआईलाई विदेश नीतिको केन्द्रविन्दु मानेको छ। बीआरआईले चीनको 'प्रमुख कूटनीति' रणनीतिको केन्द्रीय घटकका रूपमा चीनलाई यसको बढ्दो शक्ति र स्थितिअनुसार विश्वव्यापी मामिलामा ठूलो नेतृत्व भूमिका ग्रहण गर्न आह्वान गर्छ।

बीआरआई सुरु भएको १० वर्षमै १५० भन्दा बढी देशहरू यसको हिस्सा बनिसकेका छन्। बीआरआईमा हिस्सेदार राष्ट्रहरूले विश्वको जनसङ्ख्याको लगभग ७५ प्रतिशत प्रतिनिधित्व गर्छन् र विश्वको जीडीपीको आधाभन्दा बढी ओगटेका छन्।

बीआरआईलाई सन् २०१७ मा चिनियाँ कम्युनिस्ट पार्टीको विधानमा समावेश गरिएको छ। बीआरआईलाई *'क्षेत्रीय सम्पर्क बढाउने र उज्ज्वल भविष्यलाई अँगाल्ने प्रयास'*का रूपमा वर्णन गरिएको छ। बीआरआईको लक्ष्य सन् २०४९ सम्म पूरा हुने ठानिएको छ। सन् २०४९ नयाँ चीन स्थापनाको सयौँ वार्षिकोत्सव हो।

विश्व बैङ्कद्वारा गरिएका धेरै अध्ययनहरूका अनुसार बीआरआईले १५५ सहभागी देशहरूमा व्यापार प्रवाहलाई ४.१ प्रतिशतले बढाउन सक्छ। साथै, विश्वव्यापी व्यापारको लागत १.१ प्रतिशतदेखि २.२ प्रतिशतले घटाउन सक्छ। पूर्वी एसियाली र प्रशान्त विकासशील देशहरूको जीडीपी २.६ देखि ३.९ प्रतिशतले बढाउन सक्छ। लन्डन आधारित परामर्शाता केन्द्र फर इकोनोमिक्स एन्ड बिजनेस रिसर्च (सीईबीआर) का अनुसार, बीआरआईले सन् २०४० सम्ममा विश्व जीडीपीलाई प्रतिवर्ष ७.१ ट्रिलियन डलरले बढाउने सम्भावना छ। सुधारिएको पूर्वाधारले 'विश्व व्यापारलाई पछाडि राख्ने घर्षण' कम गर्ने भएकाले त्यो फाइदा 'व्यापक' हुनेछ। सीईबीआरले यो पनि निष्कर्ष निकालेको छ कि यदि विश्वव्यापी पूर्वाधार पहल अगाडि बढ्यो र गति प्राप्त गऱ्यो भने, परियोजनाले थप देशहरूलाई सामेल हुन आकर्षित गर्ने सम्भावना हुनेछ।

बीआरआईको विश्वव्यापी जीडीपी बढाउने सम्भावना भएकाले धेरै विकासशील देशहरूले यसको प्रशंसा गरेका छन्।

बीआरआईका मुख्य उद्देश्यहरूमा 'एकीकृत ठूलो बजार' निर्माण गर्ने र सांस्कृतिक आदानप्रदान गर्दै एकीकरणमार्फत अन्तर्राष्ट्रिय र घरेलु बजार दुवैको पूर्ण उपयोग गर्नु हो, जसले सदस्य राष्ट्रहरूको पारस्परिक समझदारी र विश्वास बढाउँछ। पुँजी प्रवाह, प्रतिभा प्रस्फुटन र प्रविधि डेटाबेसको नवीन ढाँचा सिर्जना हुन्छ।

बीआरआईले 'पूर्वाधार खाडल'लाई सम्बोधन गर्छ। फलस्वरूप यसले एसिया प्रशान्त, अफ्रिका र मध्य तथा पूर्वी




युरोपमा आर्थिक वृद्धिलाई तीव्रता दिने सम्भावना बोकेको छ। वर्ल्ड पेन्सन काउन्सिलको एक प्रतिवेदनका अनुसार चीनबाहेक एसियालाई अर्को दशकमा ऋण उपकरणहरूका लागि प्रति वर्ष ९०० अर्ब अमेरिकी डलरसम्म पूर्वाधार लगानी आवश्यक पर्दछ। जुन हालको पूर्वाधार खर्च दरभन्दा ५० प्रतिशत बढी हो। दीर्घकालीन पुँजीको खाडलको आवश्यकताले धेरै एसियाली र पूर्वी युरोपेली राष्ट्र प्रमुखहरूले 'वास्तविक सम्पत्ति' र पूर्वाधार सञ्चालित आर्थिक वृद्धिमा मात्र केन्द्रित यो नयाँ अन्तर्राष्ट्रिय वित्तीय संस्थामा सामेल हुन खुसी साथ आफ्नो रुचि देखाएका छन्।

बीआरआईको प्राथमिकता पूर्वाधार लगानी, शिक्षा, निर्माण सामग्री, रेलवे र राजमार्ग, अटोमोबाइल, घर जग्गा, पावर ग्रिड र फलाम तथा इस्पातमा केन्द्रित छ। बीआरआईलाई इतिहासको सबैभन्दा ठूलो पूर्वाधार र लगानी परियोजनाहरूमध्ये एकका रूपमा सूचीबद्ध गरिएको छ।

यो परियोजनाले पहिले चीनलाई पश्चिममा जोड्ने पुरानो व्यापार मार्गहरू, उत्तरमा मार्को पोलो र इब्न बतुताको मार्गहरू र दक्षिणमा मिङ राजवंशका एडमिरल चङ खको समुद्री अभियान मार्गहरू फेरि ब्युँझाउने अभियान गर्छ। बीआरआईले अहिले ऐतिहासिक 'सिल्क रोड' व्यापार मार्गको सम्पूर्ण भौगोलिक क्षेत्रलाई जनाउँछ, जुन आदिम कालमा निरन्तर प्रयोग हुँदै आएको थियो।

सन् २०१५ मा प्रकाशित दस्तावेजअनुसार संयुक्त रूपमा परियोजना निर्माण गर्ने दृष्टिकोण र कार्यहरूमा बीआरआईका लक्ष्यहरू पहिलोपटक आधिकारिक रूपमा प्रस्तुत गरिएको थियो, जहाँ व्यापार र लगानीका लागि ६ आर्थिक कोरिडोरहरू कार्यान्वयन गर्ने रूपरेखा प्रस्तुत थिए। बीआरआईले चिनियाँ फर्महरूका लागि नयाँ बजारहरू विकास गर्छ। विदेशमा अतिरिक्त औद्योगिक क्षमतालाई प्रवर्द्धन गर्छ। स्रोतहरूमा चीनको पहुँच बढाउँछ र साझेदार देशहरूसँगको सम्बन्धलाई बलियो बनाउँछ।

विकासशील देशहरूका लागि बीआरआई आकर्षक छ, किनभने यसले पश्चिमी देशहरूको तुलनामा उनीहरूको आर्थिक बेफाइदाहरू कम गर्नका लागि अवसरहरू प्रदान गर्छ। बीआरआईले उनीहरूलाई पूर्वाधार विकास, वित्तीय सहायता र चीनबाट प्राविधिक सहयोग गरेर विदेशी प्रत्यक्ष लगानीमा वृद्धि र बढ्दो व्यापार सम्बन्धले यी देशहरूमा रोजगारी र गरिबी निवारण पनि प्रवर्द्धन गर्छ।

केही देशहरू, विशेषगरी संयुक्त राज्य अमेरिकाले सम्भावित चिनियाँ सरकारको प्रभावका कारणले परियोजनालाई आलोचनात्मक रूपमा हेर्छन् भने अरूले एसिया, युरोप र अफ्रिकालाई एकअर्कासँग जोडेर र नजिक सारेर नयाँ विश्वव्यापी वृद्धि इन्जिनको सिर्जनालाई औँल्याउँछन्।

विश्वका आधाभन्दा बढी कन्टेनरहरूका लागि मार्ग बनिसकेको समुद्री रेसम मार्गमा गहिरो पानीका बन्दरगाहहरू विस्तार भइरहेका छन्। त्यहाँ रसद केन्द्रहरू निर्माण भइरहेका छन् र भित्री क्षेत्रमा नयाँ ट्राफिक मार्गहरू सिर्जना भइरहेका छन्।

समुद्री रेसम मार्गले चिनियाँ तटबाट दक्षिणमा यसको जडानहरू बढाएर हनोई, क्वालालम्पुर, सिंगापुर र जाकर्तालाई जोड्छ। त्यसपछि पश्चिममा श्रीलंकाको राजधानी शहर कोलम्बो र माल्दिभ्सको राजधानी मालेलाई जोड्छ। अनि पूर्वी अफ्रिका र केन्याको मोम्बासा शहरलाई जोड्छ। त्यहाँबाट उत्तरतिर जिबुतीमा सर्छ। लाल सागर र सोएज नहर हुँदै भूमध्यसागरमा पुग्छ, जसले हाइफा, इस्तानबुल र एथेन्स हुँदै माथिल्लो एड्रियाटिक क्षेत्रलाई उत्तरी इटालियन हब ट्रिएस्टेसँग जोड्छ। अन्तर्राष्ट्रिय मुक्त बन्दरगाह र मध्य युरोप तथा उत्तरी सागरसँग यसले रेल सम्पर्क गराउँछ।

फलस्वरूप पोल्याण्ड, बाल्टिक राज्यहरू, उत्तरी युरोप र मध्य युरोप पनि समुद्री रेसम मार्गसँग जोडिएका छन्। एड्रियाटिक बन्दरगाहहरू र पिरियसमार्फत पूर्वी अफ्रिका, भारत र चीनसँग जोडिएका छन्। समग्रमा एसिया र युरोपबीचको कन्टेनर ढुवानीका लागि जहाज सञ्जालहरू पुनर्गति हुनेछ।




उत्तरपश्चिम युरोप हुँदै लामो पूर्वी एसियाली ट्राफिकको विपरीत सोएज नहर हुँदै ट्राइस्टे जंक्सनतर्फ दक्षिणी समुद्री मार्गले सामान ढुवानीको समयलाई कम्तिमा चार दिन छोटो बनाउँछ ।

चीनले बीआरआईलाई लचिलो रूपमा प्रस्तुत गरेको छ । यसलाई कोभिड महामारीको समयमा 'स्वास्थ्य सिल्क रोड' थप्नेजस्ता परिवर्तनशील आवश्यकताहरू वा नीतिहरूमा अनुकूलन गरिएको थियो । हेल्थ सिल्क रोड चीनको बीआरआईअन्तर्गत एक पहल हो, जसको उद्देश्य जनस्वास्थ्य पूर्वाधार बढाउनु र स्वास्थ्य सेवामा अन्तर्राष्ट्रिय सहयोगलाई बढावा दिनु हो ।

विश्वव्यापी स्वास्थ्य शासनमा संलग्न हुने चीनको व्यापक रणनीतिको एक भागका रूपमा सुरु गरिएको हेल्थ सिल्क रोडले सहभागी देशहरूमा स्वास्थ्य सेवा सुविधाहरू सुधार गर्न, रोग रोकथाम बढाउन र स्वास्थ्य सेवा सहयोगलाई बलियो बनाउने उद्देश्य राखेको छ । यस पहलमा पाकिस्तान र लाओसमा अस्पतालहरूजस्ता स्वास्थ्य सेवा सुविधाहरूको निर्माण र विश्व स्वास्थ्य सङ्गठनजस्ता विश्वव्यापी संस्थाहरूसँग सहयोगी कार्यक्रमहरू समावेश छन् । यसले सहभागी राष्ट्रहरूमा स्वास्थ्य क्षेत्र सुधारमा योगदान पुऱ्याएको छ । साथै विकास लक्ष्यहरू र भूराजनीतिक रणनीतिबीचको जटिल अन्तरक्रियालाई प्रतिविम्बित गर्दै विश्वव्यापी स्वास्थ्य कूटनीतिमा चीनको भूमिकाको उदाहरण प्रस्तुत गरेको छ ।

केही पश्चिमा विश्लेषकहरूले बीआरआईलाई चिनियाँ आर्थिक र राजनीतिक प्रभाव विस्तार गर्ने तरिका भनेका छन् । केही भूराजनीतिक विश्लेषकहरूले बेल्ट एन्ड रोड इनिसिएटिभलाई हाल्फोर्ड म्याकिन्डरको हार्टल्याण्ड सिद्धान्तको सन्दर्भमा प्रस्तुत गरेका छन् । बीआरआईले चिनियाँ नीति र कार्यहरूलाई मार्गदर्शन गर्छ । चीनका लागि रणनीतिक हितहरूलाई अगाडि बढाउँछ र 'साझा भविष्यको विश्वव्यापी समुदाय निर्माण'मा आधारित विश्व व्यवस्थाका लागि चिनियाँ दृष्टिकोणलाई पनि प्रतिविम्बित गर्छ ।

चीनको शाङहाईमा रहेको फुतान विश्वविद्यालयको हरित वित्त तथा विकास केन्द्रको सर्वेक्षणअनुसार सन् २०२५ को मे महिनासम्म बीआरआईमा १४६ देखि १५० देशहरू आबद्ध भएका छन् ।

बीआरआईमा आबद्ध रहेको सबैभन्दा ठूलो वित्तीय संस्था एसियाली पूर्वाधार लगानी बैङ्क (एआईआईबी) हो । सन् २०१३ को अक्टोबरमा पहिलोपटक प्रस्ताव गरिएको यो बैङ्कको मुख्य उद्देश्य नै पूर्वाधार परियोजनाहरूका लागि ऋण दिनु हो ।




(May, 2025 अनुसार)

सन् २०१५ सम्म चीनले एक ट्रिलियन युआन (अमेरिकी डलर १६० अर्ब भन्दा) बढी पूर्वाधार सम्बन्धित परियोजनाहरू योजना वा निर्माणमा लगानी गर्ने घोषणा गरेको थियो ।

एआईआईबीको प्राथमिक लक्ष्यहरू एसियाभरि विस्तार भइरहेको पूर्वाधार आवश्यकताहरूलाई सम्बोधन गर्न, क्षेत्रीय एकीकरण बढाउन, आर्थिक विकासलाई प्रवर्द्धन गर्नु र सामाजिक सेवाहरूमा सार्वजनिक पहुँच सुधार गर्नु हो । एआईआईबी स्पष्ट रूपमा बीआरआईसँग जोडिएको छ ।

त्यसैगरी सन् २०१४ को डिसेम्बर २९ मा चीनले ४० अर्ब अमेरिकी डलर र १०० अर्ब चिनियाँ युआनको कुल पुँजीका साथ सिल्क रोड कोष स्थापना गरेको छ । सिल्क रोड कोषले बीआरआई पूर्वाधार, स्रोत विकास, ऊर्जा विकास, औद्योगिक सहयोग र वित्तीय सहयोगमा लगानी गर्ने उद्देश्य बोकेको छ । यसले पहिलोपटक पाकिस्तानमा कारोट जलविद्युत परियोजनामा लगानी गरेको छ ।

सन् २०१७ मा चीनले दिगो वित्तपोषणका लागि जी बीस समूह सञ्चालन दिशानिर्देशहरू र २०१९ मा गुणस्तरीय पूर्वाधार लगानीका लागि जी बीस समूह सिद्धान्तहरूमा सामेल हुने निर्णय गरेको छ । विश्वव्यापी विकास केन्द्रले चीनको नयाँ ऋण दिगोपन ढाँचालाई विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषको आफ्नै ऋण दिगोपन ढाँचासँग 'लगभग समान' भनेर वर्णन गरेको छ । धेरै गरिब देशहरूका लागि विकास वित्त र व्यावहारिक सहयोगका लागि चीन सबैभन्दा राम्रो उपलब्ध विकल्प हो ।

| | |
|---|---|
| Africa | 53 |
| Central Asia | 6 |
| East Asia | 3 |
| Europe | 29 |
| Latin America & Caribbean | 22 |
| Middle East | 9 |
| Pacific | 12 |
| South Asia | 6 |
| Southeast Asia | 10 |

पश्चिमी लगानीकर्ताहरू र विश्व बैङ्क पाकिस्तान, कम्बोडिया, ताजिकिस्तान र मोन्टेनेग्रोजस्ता समस्याग्रस्त देशहरूमा लगानी गर्न अनिच्छुक छन्, जहाँ चीन बीआरआईमार्फत लगानी गर्न इच्छुक छ। सामान्यतया, संयुक्त राज्य अमेरिका र युरोपियन युनियनले विश्वव्यापी दक्षिण देशहरूलाई चीनले बीआरआईमार्फत प्रस्ताव गरेको लगानीको तुलनामा लगानी प्रस्ताव गरेका छैनन्। त्यसकारण चीन संसारको सबैभन्दा ठूलो द्विपक्षीय ऋणदाता बनेको छ।

बीआरआई चीनको विदेश नीति परियोजना हो, जसको उद्देश्य विश्वसँग चीनको कनेक्टिभिटीलाई बलियो बनाउनु हो। यसले नयाँ र पुराना परियोजनाहरूलाई संयोजन गर्छ। विस्तृत भौगोलिक दायरामा समेट्छ र कडा पूर्वाधार तथा नरम पूर्वाधारसँगै जनस्तरको सम्बन्धलाई बलियो बनाउने प्रयासहरू समावेश गर्छ। सन् २०२३ को अक्टोबरसम्ममा बीआरआईले ४१ ट्रिलियन डलरको संयुक्त कुल गार्हस्थ उत्पादन र लगभग ५.१ अर्ब जनसङ्ख्या भएका १५१ देशहरूलाई समेटेको छ।

बीआरआईमार्फत चीनले युरेसिया र बाहिर कनेक्टिभिटी बढाउने विविध पहलहरूलाई समर्थन गरेर विदेशी विकासलाई सबल बनाउँदै आर्थिक र सुरक्षा हितलाई बलियो बनाउन खोजिरहेको छ। सन् २०१७ को मे महिनामा बेइजिङमा भएको पहिलो बेल्ट एन्ड रोड मञ्चमा चिनियाँ राष्ट्रपति सी चिनफिङले बेल्ट एन्ड रोड इनिसिएटिभलाई पछ्याउँदै चीनले विकासको आधारभूत मुद्दामा ध्यान केन्द्रित गर्नुपर्ने बताएका थिए। विभिन्न देशहरूको आर्थिक वृद्धि गराउने र आर्थिक एकीकरण तथा अन्तरसम्बन्धित विकास हासिल गर्ने कुरामा जोड दिँदै यसले सबैलाई फाइदा पुऱ्याउनुपर्ने कुरामा उनले जोड दिएका थिए।

> बीआरआई परियोजनाले विश्व अर्थतन्त्रमा व्यापक योगदान दिएको छ। बीआरआईले युरोप, एसिया र अफ्रिकालाई जोडेर वैश्विक व्यापारको ४० प्रतिशत समेटेको छ। पूर्वाधार ढाँचा विकास गरेर विकासोन्मुख देशहरूलाई सडक, रेलवे र बन्दरगाहजस्ता आधारभूत संरचना प्रदान गरेको छ।

बीआरआई एउटा छाता हो, जसले सामान, लगानी र मानिसहरूको प्रवाहलाई प्रवर्द्धन गर्ने उद्देश्य बोकेको छ। बीआरआईद्वारा बढाइएका नयाँ जडानहरूले सम्बन्धहरूलाई पुनः ताजगी गर्ने आर्थिक गतिविधिलाई पुनः मार्गनिर्देशन गर्ने र राज्यहरू भित्र र आपसमा शक्ति परिवर्तन गर्ने कार्य हुन्छ। सन् २०१५ को मार्चमा चिनियाँ परराष्ट्र मन्त्रालयले बीआरआईको विशिष्ट नीतिगत लक्ष्यहरूलाई स्पष्ट पार्ने कार्य योजना (राष्ट्रिय विकास तथा सुधार आयोगद्वारा जारी गरिएको) सार्वजनिक गरेको थियो। उक्त कार्य योजनामा समावेश भएका बुँदाहरू यस प्रकार थिए :

*- आर्थिक विकास रणनीति र क्षेत्रीय सहयोगका लागि योजनाजस्ता उच्चस्तरीय सरकारी नीतिहरूलाई राम्रोसँग मिलाउन अन्तरसरकारी सञ्चार सुधार गर्ने,*

*- यातायात प्रणाली र पावर ग्रिडहरूजस्ता कडा पूर्वाधार नेटवर्कहरूलाई राम्रोसँग जोड्न पूर्वाधार योजनाहरूको समन्वयलाई सुदृढ पार्ने,*

*- व्यापार सम्झौताहरूमा हस्ताक्षर, नियामक मापदण्डहरूको पङ्क्तिबद्धता र वित्तीय एकीकरण सुधार गर्ने जस्ता नरम पूर्वाधारको विकासलाई प्रोत्साहन गर्ने,*

*- विद्यार्थी, विशेषज्ञ र सांस्कृतिक आदानप्रदान तथा पर्यटन प्रवर्द्धन गरेर जनस्तरको सम्बन्धलाई सुदृढ पार्ने।*

बीआरआई साझेदार देशहरूले बीआरआईको सबैभन्दा आकर्षक तत्त्व- यसको कडा पूर्वाधारको प्रावधान भएको पाएका छन्। एसियाली विकास बैङ्कले अनुमान गरेअनुसार एसियाका विकासशील देशहरूलाई सामुहिक रूपमा विकासलाई दिगो बनाउन पूर्वाधार लगानीमा २६ ट्रिलियन डलर आवश्यक पर्नेछ। बीआरआईमार्फत चीनले विश्वभर यी पूर्वाधार परियोजनाहरूलाई वित्तपोषण र सञ्चालन गर्न आफ्नो पर्याप्त आर्थिक स्रोतहरू प्रयोग गर्न खोजेको छ। बीआरआईको पहिलो १० वर्ष (२०१३ देखि २०२३)मा चीनले बीआरआई देशहरूसँग लगभग एक ट्रिलियन डलरको लगानी र निर्माण सम्झौताहरूमा हस्ताक्षर गरेको छ।

चिनियाँ राज्य परिषद् सूचना कार्यालयले तेस्रो बीआरआई मञ्चको एक हप्ताअघि सन् २०२३ को अक्टोबरमा चीनको

बीआरआई महत्त्वाकाङ्क्षाका बारेमा नयाँ श्वेतपत्र जारी गरेको थियो । उक्त श्वेतपत्रका अनुसार बीआरआईको पहिलो दशकको सफलताको रूपरेखा प्रस्तुत गर्दै बीआरआईको भविष्यको ध्यान दिगो विकासका परियोजनाहरूमा केन्द्रित भएको छ ।

त्यस्ता परियोजनाहरूमा हरित विकास, विज्ञान र प्रविधि सहयोग र डिजिटल कनेक्टिभिटीमा रहेका छन् । मञ्चमा चिनियाँ राष्ट्रपति सीको सम्बोधनले बीआरआईका यी नयाँ विशेषताहरूप्रति चीनको प्रतिबद्धतालाई पनि उत्तिकै प्रकाश पारेको थियो । उनले चीनका लागि प्रतिबद्धताका आठ क्षेत्रहरू प्रस्तुत गरेका थिए । ती आठ क्षेत्रहरूमा बहुआयामिक बीआरआई कनेक्टिभिटी नेटवर्क निर्माण, खुला विश्व अर्थतन्त्रलाई समर्थन, व्यावहारिक सहयोग, हरित विकासको प्रवर्द्धन, वैज्ञानिक र प्राविधिक नवप्रवर्तनलाई प्रोत्साहन, जनता–जनता आदानप्रदानलाई समर्थन, अखण्डतामा आधारित बीआरआई सहयोगलाई प्रवर्द्धन र अन्तर्राष्ट्रिय बीआरआई सहयोगका लागि संस्थागत निर्माणलाई सुदृढ रहेका छन् ।

उल्लेखित आठ प्रतिबद्धताहरूको एक भाग कृत्रिम बुद्धिमत्ता (एआई) शासनका लागि नयाँ ग्लोबल इनिसिएटिभ हो, जसले आदानप्रदान र संवादमार्फत 'विश्वमा ध्वनि, व्यवस्थित र सुरक्षित एआई विकास'का लागि प्रयास गर्छ । चिनियाँ अधिकारीहरूका अनुसार एआईमा ध्यान केन्द्रित गर्नाले चीनका अन्य तीन व्यापक पहलहरू, विश्वव्यापी विकास पहल, विश्वव्यापी सुरक्षा पहल र विश्वव्यापी सभ्यता पहललाई पनि अगाडि बढाउनेछ । यी लक्ष्यहरू चिनियाँ हितहरूलाई राम्रोसँग समर्थन गर्ने विश्वव्यापी व्यवस्थाका लागि नयाँ रूपरेखाहरू सिर्जना गर्ने हुन् । तिनीहरू सीको कार्यकालको नयाँ पहिचान बनेका छन् ।

पछिल्लो समय सन् २०२५ को अगस्ट अन्तमा थिआनचिनमा आयोजित शाङहाई सहयोग सङ्गठनको शिखर सम्मेलनमा सी चिनफिङले विश्वव्यापी शासन व्यवस्था पहल नामक नयाँ पहल अगाडि सारेका छन् ।

## बीआरआईका केही नमुना परियोजनाहरू

बीआरआई परियोजना प्राचीन सिल्क रोडको आधुनिक संस्करण हो । यसले युरेसिया, अफ्रिका र युरोपलाई व्यापार, पूर्वाधार ढाँचा र सांस्कृतिक आदानप्रदानमार्फत जोड्ने महत्त्वाकाङ्क्षा राखेको छ । सन् २०१५ मा चीनले आधिकारिक रूपमा बीआरआईको रूपरेखा जारी गऱ्यो, जसमा जमिनबाट जोडिने क्षेत्र (युरेसियाली सडक नेटवर्क) र समुद्री मार्ग समावेश गरिएको छ । सन् २०१७ मा चीनले पहिलोपटक बीआरआई मञ्च आयोजना गरेको थियो जसमा १३० भन्दा बढी देशले सहभागिता जनाएका थिए ।

अन्तर्राष्ट्रिय व्यापार बढाउनका लागि यातायात, ऊर्जा र डिजिटल पूर्वाधार ढाँचा विकास गरेर युरेसियाली व्यापारलाई सुगम बनाउनु बीआरआईको पहिलो उद्देश्य हो । चीनको विकास र पुँजी वितरण गर्दै विकासोन्मुख मुलुकको आर्थिक तथा सामाजिक उन्नति गर्नका लागि चिनियाँ उद्योग, प्रविधि र मुद्रा (युआन) को वैश्विक प्रभाव बढाउने उद्देश्य पनि बीआरआईले बोकेको छ । त्यसैगरी बीआरआईमार्फत सबै देशहरूसँग चीनको रणनीतिक सम्बन्ध सशक्त बनाउने उद्देश्यलाई पनि अगाडि सारिएको छ ।

बीआरआईका ठूला परियोजनाहरूमा चीन पाकिस्तान इकोनोमिक करिडर (सिपेक)लाई उदाहरणका रूपमा लिन सकिन्छ । सिपेकमार्फत पाकिस्तानमा ग्वादर बन्दरगाह र राजमार्ग निर्माण गरिएको छ ।

त्यसैगरी दक्षिणपूर्व एसियामा लाओस चीन रेलवे सेवा र इन्डोनेसियामा जाकर्ता बान्डुङ उच्च गतिको रेलवे सेवा पनि बीआरआईकै परियोजना हुन् । बीआरआईका परियोजना अफ्रिकी महादेशमा पनि थुप्रै छन् । उदाहरणका रूपमा इथियोपिया जिबुती रेलवे र मोम्बासा नैरोबी रेलवेलाई लिन सकिन्छ । एसिया र अफ्रिकामा मात्र नभई युरोपमा पनि बीआरआईका परियोजनाहरू रहेका छन् । ग्रिसको पिराइयस बन्दरगाहमा चिनियाँ लगानी रहेको छ ।

> यी योगदानसँगै चिनियाँ मुद्रा युआनलाई अन्तर्राष्ट्रिय मुद्राका रूपमा बढावा मिलेको छ । फलस्वरूप अमेरिकी प्रभाव घट्दै गएकाले अमेरिकी गठबन्धन मुलुकहरूले बीआरआईलाई रुचाएका छैनन् । त्यसैले उनीहरूले चीनलाई बदनाम गर्नका लागि बीआरआईलाई ऋणको पासो भनेर अपव्याख्या गरिरहेका छन् ।

बीआरआईले गर्दा पूर्वाधार ढाँचाको विकासअन्तर्गत निर्माण, ऊर्जा र यातायात क्षेत्रमा व्यापक प्रगति भएको छ । नेपाल, पाकिस्तानजस्ता देशहरूमा चीनले लगानी वृद्धि गर्दा रोजगारी बढेको छ । बीआरआईले सांस्कृतिक आदानप्रदानसँगै शैक्षिक, पर्यटन र प्रविधि सहयोग बढेको छ ।

बीआरआई परियोजनाअन्तर्गत दक्षिण अमेरिकाको पेरुमा चीनको निकै ठूलो लगानी रहेको छ । सन् २०२४ को नोभेम्बर १४ तारिख चिनियाँ राष्ट्रपति सी र पेरुका राष्ट्रपति डिना बोलुआर्टेले लिमास्थित राष्ट्रपति भवनबाट 'रिमोट' दबाएर चानकेई बन्दरगाहको उद्घाटन गरेका थिए । लिमादेखि करिब ६० किलोमिटर दूरीमा रहेको चानकेई बन्दरगाह चीनबाट करिब १७ हजार किलोमिटरको दूरीमा छ । यो बनिसकेपछि ल्याटिन अमेरिकाकै महत्त्वपूर्ण 'हब बन्दरगाह' बन्नेछ ।

सन् २०१९ देखि बनाउन थालिएको चानकेई बन्दरगाह चीन र पेरुको संयुक्त लगानी र विकासमा आधारित छ । यो

बीआरआईको एक महत्त्वपूर्ण परियोजना हो। यसको तीन अर्ब ५० करोड अमेरिकी डलर लगानीमध्ये ६० प्रतिशत चीनको र ४० प्रतिशत पेरुको छ। यो बन्दरगाह बनिसकेपछि, चीन र ल्याटिन अमेरिकाबीच एक नयाँ भूमि समुद्री करिडोर बन्नेछ। 'चानकेईदेखि शाङहाईसम्म' नारा लिएर सञ्चालन हुने यो बन्दरगाह चीन र पेरुको साझा विकास बढाउने मार्ग कहलिनेछ।

बन्दरगाह खुलेपछि दुई देशबीच एकतर्फ समुद्री ढुवानी समय २३ दिनले घट्नेछ। कम्तीमा २० प्रतिशत लागत बचत हुनेछ। प्रत्येक वर्ष चार अर्ब ५० करोड अमेरिकी डलरको कारोबार गर्नेछ। र, पेरुका लागि ८ हजारभन्दा बढी प्रत्यक्ष रोजगारी सिर्जना गर्नेछ।

बीआरआईले विश्व व्यापारको ४० प्रतिशत हिस्सा लिएको छ। अर्थ सञ्जालमा यसले प्रत्यक्ष रूपमा युरोप, एसिया र अफ्रिकालाई जोडेको छ। यो परियोजनाले चीनलाई 'विश्व विकासको इन्जिन'का रूपमा स्थापित गरेको छ।

बीआरआई नेपालका लागि पनि महत्त्वपूर्ण छ। नेपालले हिमालय सीमापार रेलवे र सडक सञ्जालमार्फत चीनसँग थप जोडिने मौका पाएको छ। बीआरआई विश्वको सबैभन्दा ठूलो पूर्वाधार ढाँचा परियोजना हो, जसले आर्थिक विकास र भूराजनीतिक प्रतिस्पर्धालाई परिवर्तन गरिरहेको छ। यसले एसिया, अफ्रिका, युरोप र अन्य क्षेत्रहरूलाई जोडेर वैश्विक अर्थतन्त्रलाई थप चलायमान बनाएको छ। विशेषगरी एसिया र अफ्रिकामा बीआरआईले व्यापार, यातायात, ऊर्जा र डिजिटल कनेक्टिभिटीमा ठूलो परिवर्तन ल्याएको छ। यसले विकासशील देशहरूलाई आर्थिक वृद्धिको अवसर दिएको छ।

एसियामा बीआरआईले यातायात, ऊर्जा र वाणिज्य क्षेत्रमा विकास गरेर क्षेत्रीय एकीकरणलाई बढावा दिएको छ। उदाहरणका रूपमा सिपेकलाई लिन सकिन्छ। चीन–पाकिस्तान–इकोनोमिक करिडर अर्थात् सिपेक परियोजनाअन्तर्गत ग्वादर बन्दरगाहले मध्यपूर्व अफ्रिका र युरोपसम्म चीनको व्यापारिक मार्ग छोटो बनाएको छ। यही परियोजनामा कोइला, जलविद्युत र सौर्य ऊर्जा संयन्त्रहरूले पाकिस्तानको विद्युत् आपूर्तिमा ठूलो सुधार आएको छ। यसले पाकिस्तानको अर्थतन्त्रमा पनि व्यापक प्रभाव परेको छ। पाकिस्तानको जीडीपीमा वृद्धि गराएको छ।

यसैगरी लाओस चीन रेलवेको विश्लेषण गर्न सकिन्छ। ६ अर्ब अमेरिकी डलरको लागतमा निर्मित यो रेलवे सेवाले लाओसलाई दक्षिणपूर्व एसियाली देशहरूसँग जोडेको छ। यसले लाओसलाई भूपरिवेष्ठितबाट भू–जडित मुलुक बनाएको छ।

इन्डोनेसियामा जाकर्ता बान्डुङ उच्च गतिको रेलेवे सेवा पनि बीआरआईकै परियोजना हो। ७ अर्ब ३० करोड अमेरिकी डलरमा चीनले निर्माण गरेको इन्डोनेसियाकै पहिलो उच्च गतिको यो रेल सेवाले ३ घण्टा लाग्ने समयलाई घटाएर ४० मिनेटमा झारेको छ। यसले पर्यटन र व्यापार बढाएको छ।

अफ्रिकाको सामाजिक तथा आर्थिक अवस्था सुधार गर्न बीआरआईले अहम् भूमिका निर्वाह गरेको छ। अफ्रिकामा बीआरआईले बन्दरगाह, रेलवे सेवा र ऊर्जा परियोजनाहरू मार्फत आर्थिक विकासलाई गति दिएको छ।

इथियोपिया जिबुती रेलवे सेवा ४ अर्ब अमेरिकी डलरमा निर्माण भएको हो। यो रेलवे सेवाले इथियोपियालाई समुद्री बन्दरगाह (जिबुती)सँग जोडेको छ। यसले इथियोपियाको निर्यात समयलाई ३ दिनबाट १२ घण्टामा झारेको छ।

केन्यामा निर्मित मोम्बासा नैरोबी रेलवे सेवालाई अर्को उदाहरणका रूपमा लिन सकिन्छ। ३ अर्ब २० करोड डलर लागतको यो रेलवे सेवाले केन्याको यातायात प्रणाली सुधारेको छ। बीआरआई परियोजनाअन्तर्गत नै मिश्रको नयाँ राजधानी परियोजना निर्माण भइरहेको छ। चीनले ३ अर्ब डलर लगानी गरेर नयाँ प्रशासनिक राजधानी निर्माण गरिरहेको छ। यसले सो क्षेत्रमा रोजगारीदर बढाएको छ।

अङ्गोला र जाम्बियामा बन्दरगाह र सडक निर्माणका काम पनि बीआरआई परियोजनाअन्तर्गत भइरहेका छन्। अफ्रिकाको लोबिटो बन्दरगाह (अङ्गोला)ले अफ्रिकी खनिज निर्यात बढाएको छ। जाम्बिया–तान्जानिया रेलवे सेवाले तामा निर्यात गर्न सजिलो बनाएको छ।

उल्लेखित उदाहरणबाट के स्पष्ट हुन्छ भने बीआरआई परियोजनाले विश्व अर्थतन्त्रमा व्यापक योगदान दिएको छ। बीआरआईले युरोप, एसिया र अफ्रिकालाई जोडेर वैश्विक व्यापारको ४० प्रतिशत समेटेको छ। पूर्वाधार ढाँचा विकास गरेर विकासोन्मुख देशहरूलाई सडक, रेलवे र बन्दरगाह जस्ता आधारभूत संरचना प्रदान गरेको छ।

यी योगदानसँगै चिनियाँ मुद्रा युआनलाई अन्तर्राष्ट्रिय मुद्राका रूपमा बढावा मिलेको छ। फलस्वरूप अमेरिकी प्रभाव घट्दै गएकाले अमेरिकी गठबन्धन मुलुकहरूले बीआरआईलाई रुचाएका छैनन्। त्यसैले उनीहरूले चीनलाई बद्नाम गर्नका लागि बीआरआईलाई ऋणको पासो भनेर अपव्याख्या गरिरहेका छन्। श्रीलंका, जाम्बियाजस्ता देशहरूमा भएको प्रशासनिक कमजोरी र व्याप्त भ्रष्टाचारका कारण बीआरआई परियोजनाको ऋण तिर्न ती मुलुकलाई कठिन भएको भनिएको छ। अमेरिका, भारतजस्ता देशहरूले बीआरआईलाई चीनको 'रणनीतिक विस्तार' र चीनको प्रभुत्व भनेर चीनमाथि हिलो छ्याप्ने काम गरिरहेका छन्।

(मकालु ग्रुप अफ कम्पनीद्वारा प्रकाशित चेतनाथ आचार्यको 'चिनियाँ दृष्टिकोण' पुस्तकको अंश।)

स्रोत : शिलापत्र, मङ्सिर ५, २०८२

# नेपालमा रङ्गीन क्रान्ति ?!





ब्रायन बर्लेटिक

भदौ २३ र २४ गते 'जेन-जी' को नाममा भएको आन्दोलनसँगै नेपालमा विभिन्न देशी-विदेशी स्वार्थ-समूहले चलखेल गर्ने ढोका खुल्यो ।

नेपालमा हालै भएको प्रदर्शनमा अमेरिकी सहयोग संस्था नेड, एनडीआई र आईआरआईको संलग्नता देखिन्छ । एनडीआईले नेपाल पत्रकार महासङ्घलाई आर्थिक सहयोग गर्दै आएको छ । यो संस्थाले सरकारको सामाजिक सञ्जाल विधेयकको विरोध गरेको थियो । यो विधेयकलाई पश्चिमा प्रभाव नियन्त्रण गर्ने प्रयासको रूपमा हेरिएको थियो । साथै यसले कमिटी टु प्रोटेक्ट जर्नालिस्ट (सीपीजे), फ्रिडम फोरम, अकाउन्टाबिलिटी ल्याब नेपाल (एएलएन) र चाइल्डसेफ नेटजस्ता संस्थालाई पनि अमेरिकी तथा युरोपेली सरकार एवम् सङ्घसंस्थाले सहयोग गर्दै आएका छन् ।

'सीपीजे' एक पश्चिमा सङ्गठन हो । यसलाई पश्चिमा सरकार र कर्पोरेट प्रतिष्ठानले वित्तीय सहयोग गर्दै आएका छन् । यसले नेपालको आन्तरिक मामिलामा चलखेल गर्ने गरेको बताइन्छ । 'नेड' ले स्पष्ट र निर्लज्ज पाराले नेपालमा सहयोग गऱ्यो । उनीहरूले भ्रष्टाचारविरोधी युवा समूहहरूलाई कोष उपलब्ध गराएर भ्रष्टाचारविरोधी युवा नेतृत्वको विकास गरे । 'एनडीआई' र 'आईआरआई' जस्ता संस्थाहरूले सरकारविरोधी प्रदर्शनकारीहरूलाई प्रशिक्षण र आर्थिक सहायता दिएको देखिन्छ ।

जेनजी आन्दोलनमा अन्य गैरसरकारी संस्थाको भूमिका पनि देखिएको छ । प्रदर्शनकारीहरूको पक्षमा जनमत तान्न र हिंसालाई बढाइचढाइ गर्न 'नक्कली मानव अधिकार सङ्गठन' को प्रयोग गरियो । यी सङ्गठनले प्रदर्शनकारीले गरेको हिंसालाई बेवास्ता गर्दै प्रहरी र सेनाले गरेको हिंसामा मात्र जोड दिए ।

## 'हामी नेपाल' र यसका सम्बन्धहरू

जेन-जी आन्दोलनमा 'हामी नेपाल' नामक संस्थाको पनि नाम जोडिएर आयो । बीबीसी र न्युयोर्क टाइम्सले यो संस्थाले नै प्रदर्शन आयोजना गरेको र पछिल्लो राजनीतिक सङ्क्रमणको व्यवस्थापन गरिरहेको बताए । 'हामी नेपाल' अमेरिकी बहुराष्ट्रिय कम्पनी कोकाकोला, आयरल्यान्डको चेम्बर, ठूला पश्चिमा बैङ्क, औषधि कम्पनीहरूसँग जोडिएको पाइएको छ । साथै, 'हामी नेपाल' चीनविरोधी पृथकतावादी सङ्गठन 'तिब्बती स्वतन्त्रताका लागि विद्यार्थी' को साझेदार संस्था हो । सो सङ्गठनलाई अमेरिकी गुप्तचर निकाय 'सीआईए' ले प्रायोजन गर्दै आएको छ । यसरी 'हामी नेपाल' एक स्वतन्त्र युवा संस्था हो भन्ने दाबीमा शङ्का उत्पन्न हुन्छ ।

## सामाजिक सञ्जाल र अमेरिकी साँठगाँठ

आन्दोलनकारीहरूले डिसकर्ड (Discord), भाइबर (Viber), प्रोटोन भिपिएन (Proton VPN) र बिटच्याट (Bit Chat) जस्ता सामाजिक सञ्जाल तथा प्रविधिको प्रयोग गरेको पाइयो । (**टिपोट** : प्रविधि क्षेत्रका अर्बपति ज्याक डोर्सीले नै बिटच्याटको थालनी गरेका थिए । ब्लुटुथको प्रयोग गरी बिटच्याटमा सन्देश पठाउन सकिन्छ । डोर्सी पहिले ट्वीटर कम्पनीमा थिए । पछि उनले अमेरिकाको विदेश मन्त्रालयसँग मिलेर अन्य देशका सरकार ढलाउन भूमिका खेलेको चर्चा छ ।) नेपाल सरकारले सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने निर्णय गरेपछि यिनको प्रयोग ह्वात्तै बढ्यो । फेसबुक, गुगल, एमटीभी, कोलम्बिया ल स्कूल र अमेरिकी विदेश मन्त्रालयले प्रायोजन गरेको बैठकहरूमा युवा नेताहरूलाई सामाजिक सञ्जाल तथा मोबाइल प्रविधि प्रयोग गर्न सिकाइएको थियो । अमेरिकी सरकारको एउटा कार्यक्रम छ – इन्टरनेट स्वतन्त्रता कार्यक्रम । यसले विभिन्न देशका अहङ्कारी सरकारले प्रयोग गर्ने छेकबारी 'फिल्टर' र अन्य 'सेन्सरसिप' प्रविधिलाई छल्न विभिन्न 'छलकारी टुल' प्रयोग गर्दै आएको छ । यी टुलको विकास अमेरिकी सरकारले नै गरेको थियो । नेपालमा अलगोरिदमलाई देशका कुलीन वर्गको शानदार जीवनशैली र भ्रष्टाचारका घटनालाई भाइरल बनाउन प्रयोग गरियो । यसले गर्दा जनतामा आक्रोश उत्पन्न भयो । सबैजना अकस्मात् एकैबाजि आक्रोशित हुनु संयोग थिएन । इन्टरनेटको अलगोरिदमलाई प्रयोग गरी जनतालाई एकैपल्ट आक्रोशित बनाइएको थियो ।

## सूचना सार्वभौमिकता

२१ औँ शताब्दीमा सूचना क्षेत्र देशको सार्वभौमिकता र सुरक्षाको हिस्सा बन्न पुगेको छ । सूचना क्षेत्र देशको सीमाना, हवाई क्षेत्र र सीमा सुरक्षा जत्तिकै महत्त्वपूर्ण बन्न पुगेको छ । सूचना क्षेत्रलाई सुरक्षित बनाउन विश्वभरि नै कडा एनजीओ कानुन पारित गर्ने, अमेरिका प्रायोजित सङ्घसङ्गठनको भण्डाफोर गर्ने, स्वदेशी सामाजिक सञ्जाल प्लेटफर्मको निर्माण गर्ने र देशभक्त आइटी पेशेवरको विकास गर्ने काम चलिरहेको छ ।

नेपालले पनि सूचना सार्वभौमिकता हासिल गर्ने प्रयास गऱ्यो । (केपी ओली नेतृत्वको) नेपाल सरकारले सूचना सार्वभौमिकताको निम्ति सामाजिक सञ्जालसम्बन्धी कानुन ल्याउन खोज्यो । आफ्नो 'महाहतियार' (सुपर वेपन) गुमाउने डरले अमेरिकी सरकारले विरोध गऱ्यो । यही मौका छोपेर पश्चिमा शक्तिहरूले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने र यहाँको भूराजनीतिक अवस्थितिबाट फाइदा लिने मनसाय राखेको देखिन्छ ।

## वास्तविक जनआन्दोलन र रङ्गीन क्रान्ति कसरी छुट्याउने ?

कुनै पनि आन्दोलन सफल पार्न नेतृत्व, स्रोत, रसद, सञ्चार, समन्वय र तयारीजस्ता तत्त्व चाहिन्छ । वास्तविक जनआन्दोलनमा पनि यिनै तत्त्व चाहिन्छ । देशभित्रकै राजनीतिक दल, सङ्घसंस्था, व्यापारी वा विद्यार्थीले ती आन्दोलनको सङ्गठन गर्छन् र खर्च जुटाउँछन् । रङ्गीन क्रान्तिमा प्रायः विदेशी सरकार (खासगरी पश्चिमा शक्ति) बाट पालित–पोषित संस्था, गैरसरकारी संस्था र मिडियाले काम गर्छन् । यी संस्थाले नक्कली मानव अधिकारवादी सङ्गठनलाई प्रयोग गर्छन् । आन्दोलनको वित्तीय स्रोत र यसमा संलग्न मुख्य सङ्घसङ्गठनको विश्लेषण गरेर वास्तविक जनआन्दोलन र रङ्गीन क्रान्तिबिच भिन्नता छुट्याउन सकिन्छ ।

## रङ्गीन क्रान्तिको पृष्ठभूमि

सन् १९८३ मा 'विकासोन्मुख राष्ट्रहरूमा लोकतन्त्र प्रवर्द्धन गर्न' दानदक्षिणा वा चन्दा (अनुदान) दिने उद्देश्यले 'नेड' को स्थापना गरियो । यो संस्थाले विश्वभरि विभिन्न सरकारलाई अपदस्थ गर्दै र आफूले भनेको मान्ने कठपुतली सरकार स्थापना गरी भरथेग गर्दै हिँड्यो । (**टिपोट :** 'नेड' का संस्थापक अध्यक्षले भनेका थिए, 'आज हामी जे गर्दै छौँ त्यसमध्ये धेरै काम २५ वर्षअघि (अमेरिकी गुप्तचर निकाय) सीआईएले गुपचुप रूपमा गर्थ्यो ।' विश्वभरि मानव अधिकार तथा मिडियामा सहयोग गर्ने अमेरिकी धनाढ्य जर्ज सोरोसको संस्था (फ्रिडम फाउन्डेसन) ले पनि 'नेड' सँग मिलेर काम गर्दै आएको छ ।)

सन् १९९८–२००० मा सर्बियामा मिलोसेभिच सरकारलाई अपदस्थ गर्न 'नेड' ले महत्त्वपूर्ण भूमिका खेल्यो । यसको लागि खुफिया रूपमा पैसाको खोलो बगाइयो । आन्दोलनकारी नेताहरूको बैठक देशबाहिर राखिन्थ्यो । सर्बियामा सर्गे पापाभिच सत्ताविरोधी आन्दोलनका नेता थिए । उनले विश्वभरि ४० देशका 'अधिकारकर्मी' लाई 'अहिंसात्मक विरोध' का प्रविधिबारे तालिम दिइसकेका छन् । यी प्रविधिलाई 'सामुहिक विनाशको औजार' भन्ने चलन छ । सर्बियाकै मोडलमा पछि विश्वभरि रङ्गीन क्रान्तिहरू हुन थाले ।

सन् २००४ मा युक्रेनमा **सुन्तले क्रान्ति** भयो । सन् २००८ मा अमेरिकाको विदेश मन्त्रालयले फेसबुक, गुगल, एमटीभी र कोलम्बिया ल स्कूलसँग मिलेर न्युयोर्कमा एउटा प्रविधि सम्मेलनको आयोजना गऱ्यो । सम्मेलनमा विश्वभरिका युवा नेताहरूलाई सामाजिक सञ्जाल र मोबाइल प्रविधिको प्रयोग गरेर कसरी लोकतन्त्र प्रवर्द्धन वा विद्रोहको आयोजना गर्ने भनी तालिम दिइयो । त्यसपछि बर्सेनि अमेरिकामा त्यसप्रकारका प्रविधि सम्मेलन हुँदै आएका छन् ।

सन् २०११ मा **अरब वसन्त**को लहर चल्यो । पश्चिमा मिडियाले युवाहरू स्वतःस्फूर्त रूपमा आन्दोलनमा आएको प्रचार गरे । (**टिपोट :** अरबी देशहरूमा'डेमोक्रेसी प्रोजेक्ट' चलाउने स्टिभन म्याकइनरीले युवाहरूलाई तालिम दिएको स्वीकार्दै भनेका थिए, 'अन्त्यमा जे भयो, त्यसमा (तालिमले) भूमिका खेल्यो, तर यो उनीहरूको क्रान्ति थियो । ती क्रान्ति हामीले सुरु गरेका थिएनौँ ।') पछि 'न्युयोर्क टाइम्स' ले अमेरिकाको 'पालन–पोषणमै' ती युवा–आन्दोलन भएको स्वीकाऱ्यो । अरबका ती आन्दोलनका अगुवालाई 'नेड', 'आइआरआई' र 'फ्रिडम हाउस' जस्ता संस्थाले तालिम र आर्थिक सहयोग दिएका थिए । सन् २०१२ मा 'लोकलाइजेसन ल्याब' को स्थापना भयो । यसले 'हुकुमी सरकारले प्रयोग गर्ने 'फिल्टर' र अन्य 'सेन्सरसिप' प्रविधिलाई बाइपास गर्न 'छलकारी टुल' को विकास गऱ्यो । नेपालमा पनि यी टुलको भारी प्रयोग भयो ।

सन् २०१४ मा युक्रेनमा **रङ्गीन क्रान्ति** भयो । पश्चिमा मिडियाले आन्दोलनकारीहरूलाई 'स्वतन्त्रता सेनानी' र 'लोकतन्त्र पक्षधर' भनी समर्थन जनाए । आन्दोलनकारीहरूले गरेको हिंसालाई ती मिडियाले बेवास्ता गरे । त्यही वर्ष थाइल्यान्डमा पनि अमेरिकापरस्त सत्ताविरुद्ध विरोध प्रदर्शन भएको थियो । अमेरिकाले दोहोरो चरित्र देखायो ।

थाइल्यान्डका जनप्रदर्शनलाई उसले 'अलोकतान्त्रिक भीड' वा 'भीडतन्त्र' भनी निन्दा गऱ्यो ।

सन् २०१९ देखि २०२२ सम्म हङकङमा विरोध प्रदर्शन भयो, म्यानमारमा विद्रोह भयो र इन्डोनेसिया एवम् थाइल्यान्डमा अमेरिकासमर्थित आन्दोलनहरू भए । यी सबै घटनामा रङ्गीन क्रान्तिकै चिरपरिचित मोडल वा शैली प्रयोग गरिएको थियो । यी घटनामा सामाजिक सञ्जालको व्यापक प्रयोग गरिएको थियो । तर, पश्चिमा मिडियाले यी घटनालाई 'स्वतःस्फूर्त' विरोध भनिरहे ।

## नेपालको घटनाक्रम

सन् २०२२ को अन्त्यतिर नेपालमा 'कायापलट गर्ने' चीन–नेपाल रेलमार्ग परियोजनाको चर्चा चुलियो । यसले नेपाललाई भूपरिवेष्टित मुलुकदेखि भू–जडित मुलुकमा परिणत गर्ने सोचियो । यो परियोजनालाई अमेरिकाको भू–राजनीतिक स्वार्थमा ठूलो धक्का ठानियो । सन् २०२३ मा अमेरिकी उपविदेशमन्त्री भिक्टोरिया नुल्यान्डले नेपाल भ्रमण गरिन् । उनी जहाँ जान्छिन्, त्यहाँ अस्थिरता मच्चिन्छ भन्ने आहान नै छ । (**टिपोट** : युक्रेनका रङ्गीन क्रान्तिमा उनको प्रत्यक्ष संलग्नता थियो ।)

सन् २०२५ फेब्रुअरी १४ मा नेपाल सरकारले सामाजिक सञ्जाल विधेयक ल्याउने प्रयास गऱ्यो । पश्चिमा मिडिया र अमेरिकापोषित संस्थाहरूले प्रेस स्वतन्त्रतामाथि खतरा भन्दै विरोध गरे । नेपाल पत्रकार महासङ्घ, कमिटी टु प्रोटेक्ट जर्नालिस्ट ( सीपीजे), फ्रिडम फोरम, अकाउन्टाबिलिटी ल्याब नेपाल (एएलएन) र चाइल्डसेफ नेटजस्ता संस्थाले पश्चिमा सरकार र कर्पोरेट प्रतिष्ठानबाट आर्थिक सहयोग लिँदै आएका छन् ।

भदौ १९ गते नेपाल सरकारले दर्ता नगरेका (२६) सामाजिक सञ्जाल प्लेटफर्म (फेसबुक, एक्स युट्युबलगायत) मा प्रतिबन्ध लगायो । पश्चिमा मिडियाले 'जेन–जी पुस्ता' भ्रष्टाचारविरोधी आन्दोलनमा 'स्वतःस्फूर्त' सहभागी भइरहेको बताए । लगत्तै ठूलो भ्रष्टाचारविरोधी प्रदर्शनहरू सुरु भए । लगातार पाँच दिनसम्म चलेका प्रदर्शनहरूमा सरकार अपदस्थ भयो । प्रदर्शनकारीहरूले डिसकर्ड, भाइबर, प्रोटन भिपिएन र बिटच्याट जस्ता प्रविधिको प्रयोग गरे । प्रोटोन भिपिएनको प्रयोग ६ गुणा बढ्यो ।

अलगोरिदम प्रयोग गरेर कुलीन वर्गको 'शानदार जीवनशैली' र भ्रष्टाचार काण्डलाई भाइरल बनाइयो । जनआक्रोश बढ्यो । प्रदर्शनमा ३० भन्दा बढी (७२ जना) मारिए । संसद् भवनमा आगजनी भयो भने प्रधानमन्त्रीले राजीनामा दिए । सेनाले कर्फ्यू लगाएर आन्दोलनलाई नियन्त्रणमा लियो । 'हामी नेपाल' नामक सङ्गठनले हाल राजनीतिक सङ्क्रमणलाई व्यवस्थापन गरिरहेको बताइएको छ । ७३ वर्षकी 'हजुरआमा' (सुशीला कार्की) को नेतृत्वमा अन्तरिम सरकार गठन भयो । 'डिसकर्ड' मा बसेको बैठकबाट केही गिनेचुनेका युवाले 'हास्यास्पद रूपमा' उनलाई चुनेको बताइन्छ । (**टिपोट** : हाल नियुक्त भएका तीन मन्त्रीमध्ये अर्थमन्त्री र ऊर्जामन्त्री नेपालको विद्युत्लाई विदेशमा बेच्ने र नेपालमा अमेरिकी सैन्य उपस्थिति बढाउने उद्देश्यले गरिएको देशघाती 'एमसीसी' सम्झौताका पक्षधर हुन् ।)

## नेपालमा अमेरिकी स्वार्थहरू

नेपालजस्तो देशमा अमेरिकी सरकारको के नै रुचि होला र ? मान्छेहरूले यहीँनिर गल्ती गर्छन् । उनीहरू भन्छन्, 'नेपाल पहाडको बिचमा छ । यो भूपरिवेष्टित छ । त्यहाँ ३ करोड जनता मात्र बस्छन् । त्यहाँ केही छैन । नेपालबाट अमेरिकाले के नै लिन सक्छ र ?' खासमा, भारत र चीनबिच नेपाल अवस्थित छ । त्यसकारण, यो अमेरिकी हस्तक्षेपको तारो बनेको हो । खासगरी चीन–नेपाल रेलमार्ग जस्ता बेल्ट र रोड अगुवाइ (बीआरआई) का परियोजनालाई रोक्ने उद्देश्य छ अमेरिकाको । यसले गर्दा चीनको सिमानामा थप अस्थिरता मच्चिनेछ र चीनको टाउको दुखाइ बढ्नेछ ।

चीन र रुससँग हिमचिम बढाइरहेको भारतलाई दण्डित गर्नु अमेरिकाको अर्को स्वार्थ हुन सक्छ । भारतले रुसी तेल खरिदमा कमी ल्याउनुपर्ने अमेरिकी आग्रहलाई अस्वीकार गऱ्यो । भारतको अनुकूल छिमेकी बङ्गलादेशमा अस्थिरता मच्चाएर यसअघि नै उसले भारतलाई तनाव दिइसकेको छ ।

अमेरिका आफूलाई विश्वको महाशक्ति मान्छ । यसको लागि उसले विश्वभरि प्रभुत्व चलाएको छ । आफ्ना कुनै पनि प्रतिस्पर्धीलाई फस्टाउन नदिने दीर्घकालीन लक्ष्यका साथ अमेरिकाले विश्वभरि अस्थिरता फैलाउँदै आएको छ । प्रतिस्पर्धी बलियो भए आफ्नो प्रभुत्वमा क्षति पुग्ने अमेरिकी बुझाइ छ । यसै सिलसिलामा समग्र युरेसियामा अस्थिरता उत्पन्न गर्ने अमेरिकी उद्देश्यमा नेपाल मोहरा बनेको छ ।

अमेरिकी हस्तक्षेपले नेपालमा दीर्घकालीन रूपमै अस्थिर र विभाजन ल्याउन सक्छ । रङ्गीन क्रान्ति भएका धेरै देशको यस्तै बेहाल छ । ती देश प्रायः विदेशी नियन्त्रणमा छन् । कठपुतली सरकारले देशको भन्दा बाह्य स्वार्थ पूरा गर्दै आएका छन् । (**टिपोट** : हालसम्म कुनै पनि सरकारको समर्थनमा नबोलेका दलाई लामाले वर्तमान सरकारलाई समर्थन गर्नुलाई बेवास्ता गर्न सकिन्न ।)

नेपालको भूराजनीतिक अवस्थितिको प्रयोग गरेर

अमेरिकाले छिमेकमा तनाव सिर्जना गर्न सक्छ। यसले यो भेगमा चल्ने व्यापार र पूर्वाधार निर्माणमा भाँजो हाल्न सक्छ। चीन–नेपाल सम्बन्ध, व्यापार र यातायात अवरुद्ध हुनसक्छ। थाइल्यान्डमा पनि अमेरिकाले चीनसँग जोड्ने भनिएको रेलमार्ग अघि बढाउन दिएको थिएन। भौतिक पूर्वाधारले दुई देशलाई पछिसम्मै जोड्छन्।

युक्रेनको रङ्गीन क्रान्तिले जसरी त्यहाँको संस्कृति, सामाजिक बनोट र राजनीति बिगार्‍यो, त्यो नेपालमा पनि हुनसक्छ। यस्तो स्थितिमा देशको दीर्घकालीन विकास र सार्वभौमिकतामा क्षति पुग्न सक्छ। कुनै देशलाई असफल राज्य बनाएर पनि अमेरिकाले आफ्नो सामरिक स्वार्थ पूरा गरेको इतिहास छ। सिरिया र लिबियामा त्यही भएको थियो। नेपाली जनताले पनि थप दुःख र कठिनाइ नपाउलान् भनी ढुक्क हुने आधार छैन।

(ब्रायन बर्लेटिक (Brian Berletic) भू–राजनीतिक विश्लेषक तथा अध्येता हुन्। उनी युट्युब च्यानल 'द न्यूएटलस' चलाउँछन्। यो लेख उनको विश्लेषणमा आधारित भई तयार पारिएको हो।)

स्रोत : मजदुर, मङ्सिर २७,

अनुवाद : सम्यक

# सामान्य ज्ञान

(विभिन्न स्रोतबाट)

- नेपालको सबभन्दा पुरानो खेलकुद सङ्घ कुन हो ? (नेपाल क्रीकेट सङ्घ (२००४)
- नेपालले ओलम्पिक खेलमा सर्वप्रथम कहिले सहभागीता जनायो ? (सन् १९६४ मा)
- राष्ट्रिय खेलकुद परिषद्को स्थापना कहिले भयो ? (वि.सं. २०१७)
- प्राचीन ओलम्पिक खेलको सुरुवात कहिले भएको हो ? (इ.पु. ७७६,ग्रीसको ओलम्पिक)
- ओलम्पिकमा प्रथमलाई स्वर्ण, दोश्रोलाई रजत र तेश्रोलाई कास्य पदक दिने प्रचलन कहिलेदेखि सुरुवात गरिएको हो ? (सन् १९०४ देखि)
- हिउँदे ओलम्पिक कहिलेबाट सुरुवात भयो ? (सन् १९२४, फ्रान्स)
- कुनै पनि खेललाई ओलम्पिकमा सहभागी गराउन कति देशको सहभागिता आवश्यक पर्दछ ? (१२ देश)
- फिफाको स्थापना कहिले भएको हो ? (सन् १९०४ मे २१)
- विश्वको सबभन्दा पुरानो खेल कुनलाई मानिन्छ ? (पोलो)
- एसियाली खेलकुदको झन्डामा कतिवटा रिङ छन् ? (११ ओटा)

# भक्तपुरमा भूदासबाट उठेर किसान बनेका हुन्



प्रा. डा. सुरेश ढकाल

भूमि ऐनअनुसार फिल्डबुकमा मोहीको नाम दर्ता गर्नुपर्ने प्रावधान छ। भक्तपुरमा नेपाल मजदुर किसान पार्टीले नापी आएको वेलामा प्रत्येक किसानको खेतमा पुगेर तिनीहरूले नाम लेखाए।

फिल्डबुकमा मोहीको नाम नै भएन भने मैले खेत जोतेको भनेर हुँदैन। तर तल्सिङले नापी आउँदा फिल्डबुकमा मोहीको नाम नलेखाउ है, खेत तिमी नै जोती राख भन्छ। कानुन थाहा नभएका मोहीले हस मालिक भन्ने नै भयो।

तर, त्यहाँ (भक्तपुरमा) उनीहरू (नेमकिपाका) ले नापी आएको वेलामा त्यहीँ बसेर नाम लेखाए; मोहीहरूका घरघरमाग गएर किसानहरूलाई सचेत पारे।

भूमिमा मोहीको हक स्थापित गराए। त्यही भएर भक्तपुरमा अहिलेसम्म नेमकिपाको प्रभाव रहनुको एउटा कारण हो।

त्यहाँ कृषि उत्पादन गर्नेलाई ज्यापु भन्दैनन्, हेपेको ठान्दछन्। उनीहरू हामी किसान हौँ भन्छन्।

यसरी त्यहाँ भूदासको अवस्थाबाट उठेर किसान बनेको हो।

त्यसैले भूमिसुधार सफल भएको भक्तपुर हो। त्यसको राजनीतिक प्रभाव अहिलेसम्म देखिएको छ।

(त्रिवि मानवशास्त्र केन्द्रीय विभागका प्राध्यापक डा. सुरेश ढकालसँग **उकेरा**कर्मी प्रजु पन्तले गरेको विस्तृत संवादबाट)

भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौँ।

# निर्वाचनको सन्दर्भ

## समानुपातिक निर्वाचनको लागि नेमकिपा दर्ता




समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन २०८२ को लागि नेपाल मजदुर किसान पार्टी निर्वाचन आयोगमा दर्ता भएको छ।

पार्टीका सचिव प्रेम सुवालले मङ्सिर २१ गते आयोगमा पार्टीको निवेदन दर्ता गर्नुभएको हो।

राजनीतिक पार्टीहरूले आयोगको सूचनाअनुसार पुस १३ र १४ गते समानुपातिक निर्वाचन प्रणालीको लागि उम्मेदवार पेश गर्नेछन्।

२०८२ माघ ६ गते आ-आफ्नो निर्वाचन क्षेत्रमा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) प्रणालीअनुसार उम्मेदवारको मनोनयनपत्र दर्ता गरिने छ।

## समानुपातिकमा कम्तीमा पचास प्रतिशत महिला

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ (३) मा दलले समानुपातिक उम्मेदवारको बन्दसूची तयार गर्दा कूल उम्मेदवारको कम्तीमा पचास प्रतिशत महिलाको नाम समावेश गर्नु पर्ने प्रावधान छ।

## प्रतिनिधिसभा पुनर्स्थापनाको माग

नेकपा एमाले र नेकाले प्रतिनिधि सभाको आगामी चुनावमा भाग लिन निर्वाचन आयोगमा दल दर्ता गराएका छन्।

अर्कोतिर ती दुवै दलले प्रतिनिधि सभा पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालतमा निवेदन पनि दिएका छन्। समाचारअनुसार यही विषयमा अन्यले पनि सर्वोच्च अदालतमा रिट दायर गरेका छन्।

## निर्वाचन आयोगमा १३७ दल दर्ता कायम

आयोगले १-१४ मंसिरसम्म प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि दल दर्ताका लागि आह्वान गरे अनुसार आयोगमा कुल १४३ दर्ता भएको छ। तर, तीमध्ये निर्वाचन प्रयोजनका लागि ११४ दल मात्रै दर्ता भएका छन्। दर्ता भएका मध्ये २९ दलले चुनावमा भाग लिन इच्छा नजनाएको बताइएको छ।

निर्वाचन आयोगको पुस ८ गते बसेको निर्णयअनुसार जरिवाना नबुझाउने ६ वटा राजनीतिक दलको दर्ता खारेज गरेको छ। जेनजी आन्दोलनपछि २५ वटा नयाँ दल दर्ता भई दर्ता हुने दलको सङ्ख्या १४३ पुगेको थियो। अब आयोगमा १३७ दलको दर्ता कायम रहेको छ।

## फौजदारी अभियोग लागेकालाई रोक्न आयोगको गृहकार्य

निर्वाचन आयोगले आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा फौजदारी अभियोग लागेका व्यक्तिलाई जवाफदेही बनाउने तयारी थालेको छ। फौजदारी कसुर तथा भ्रष्टाचारसम्बन्धी मुद्दा लागेका व्यक्तिलाई उम्मेदवारी दिन निरुत्साहित गर्न आयोगले प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन निर्देशिका संशोधन गर्न थालेको छ। निर्देशिकामा सहकारी हिनामिनामा संलग्न व्यक्तिलाई पनि समेट्न खोजिएको छ।

हाल मुद्दा अन्तिम अदालतबाट किनारा नलागेसम्म उम्मेदवार बन्न पाउने कानुनी व्यवस्था छ। यही व्यवस्थाका कारण फौजदारी अभियोगमा फरार रहेका व्यक्तिसमेत उम्मेदवार बनेर निर्वाचित हुने र त्यसपछि आमनागरिकबाट प्रश्न उठ्ने गरेको छ।

मनोनयनपत्र पेस गर्दा सम्बन्धित उम्मेदवारले १८ वटा विषय स्वघोषणा गर्नुपर्ने उल्लेख छ। यसमा आयोगले ६ वटा विषय थप्न मस्यौदा बनाएको छ। त्यसमा १) भ्रष्टाचारसम्बन्धी अनुसन्धानमा नरहेको, मुद्दा दायर र भ्रष्टाचार ठहर नभएको, २) ठेक्का सम्झौताको तोकिएको समयमा कार्य सम्पन्न नगरेको, ३) कालोसूचीमा परेको कम्पनी वा संस्थाको पदाधिकारी नरहेको, ४) सहकारी संस्थालाई हानि-नोक्सानी नपुऱ्याएको, ५) पक्राउ पुर्जी जारी भई फरार नरहेको, र ६) व्यक्तिगत रुपमा बेरुजु कायम नभएको रहेको छ।

# सर्वपक्षीय बैठक

प्रधानमन्त्री सुशीला कार्कीको निमन्त्रणामा सिंहदरबारमा पुस ७ गते फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन कानुन एवम् व्यवस्थापन सम्बन्धमा सर्वपक्षीय बैठकको आयोजना भयो ।



बैठकमा नेपाल मजदुर किसान पार्टीका सचिव **प्रेम सुवाल**ले स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचन गर्नु जरुरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'गते भदौ २३ र २४ गतेपछि राष्ट्रिय मानव अधिकार आयोगको वक्तव्यमा सरकारमा गएकाहरूले जनताको समस्या समयमा समाधान गर्न नसकेको र सम्भावित विध्वंसको पूर्वानुमान गर्न नसकेको उल्लेख गरेकोले यसबारे सम्बन्धित सबै सचेत हुनु जरुरी छ ।'

'राजनीतिक पार्टी दर्शन र वर्ग आधारमा स्थापना र सञ्चालन हुने हो; राजनीतिक पार्टी स्थापनाको उद्देश्य देश र जनताको निःस्वार्थ सेवा गर्ने हो । यो विषय निर्वाचन आयोगको कानुनमा उल्लेख हुनु जरुरी छ', उहाँले थप्नुभयो ।

सचिव सुवालले भन्नुभयो, 'चुनावमा धेरै स्थान जितेको र पटक-पटक प्रम र मन्त्री भएको नै जनताको समर्थन हुने गर्दैन; राणाहरूले पनि १०४ वर्षसम्म शासन गरे तर तिनीहरूलाई जनताले रुचाएनन् । सरकारमा पुगेका प्रम र मन्त्रीहरूको दल तथा नेता फरक भए पनि ती पार्टीहरूको वैदेशिक र आर्थिक मामिला एउटै हुनु देश र जनतालाई धोका नै हो ।"

चुनाव जित्न र सरकारमा पुग्न सिद्धान्तहीन गठबन्धन गर्ने शासकहरूकै कारण देशमा अराजकता र भ्रष्टाचार बढेको स्पष्ट पार्नुहुँदै उहाँले पद नपाएसम्म इमानको कुरा गर्ने र पद पाएपछि बेइमान गर्नेहरू लामो समय जेलमा बसेको दाबी गरे पनि त्यसको औचित्य पुस्टि हुनेछैन भन्नुभयो ।

उहाँले भन्नुभयो, 'देश र जनताको हितविरुद्ध लागेका नेपोलियन परिवारलाई फ्रान्समा चुनावमा उठ्न नदिएको तर्फ शासक दलहरू सचेत हुनु आवश्यक छ ।'

सचिव सुवालले भन्नुभयो, 'संविधानविपरीत निर्वाचन ऐन, नियम र निर्देशिका जारी गर्नु हुँदैन; १६ वर्ष पुगेका नेपालीले नागरिकता प्रमाणपत्र पाउने, जागिर र सम्पत्तिको हक पाउने हुँदा मतदानको अधिकार पनि पाउनु जरुरी छ ।'

खुला सिमाना भएका जिल्लाहरूमा निर्वाचनको लागि उम्मेदवार मनोनयन पत्र दर्ताको दिनदेखि नतिजा प्रकाशित नभएसम्म विदेशी नम्बर प्लेटका गाडी सञ्चालन बन्द गराउनु जरुरी भएको उहाँले उल्लेख गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, 'कतिपय देशमा फौजदारी अभियोग लागेका, पैसा र सामान बाँडेका उम्मेदवारहरू निर्वाचनमा जितेको सार्वजनिक भइरहेको छ । नेपालमा पनि त्यस्तो सम्भावना बढ्दो छ, यसतर्फ निर्वाचन सरकारको ध्यान जान आवश्यक छ । निर्वाचन आयोगलाई आवश्यक बजेट र जनशक्ति सरकारले उपलब्ध गराउनु जरुरी छ । आयोगलाई सोझै विदेशीसँग भेटघाट र सहयोग लिन नपर्ने गरी सरकारले बन्दोबस्त गर्नु जरुरी छ ।'

देशको सन्तुलित विकास गरिए र देशभित्र रोजगारीको व्यवस्था भए निर्वाचन क्षेत्र र देश बाहिर बसेकालाई मतदान गराउने अलग कानुनी व्यवस्था गर्न नपर्ने उल्लेख गर्नुहुँदै सचिव सुवालले विप्रेषणको भरमा देश आत्मनिर्भर नहुने बताउनुभयो ।

बैठकमा प्रधानमन्त्री **सुशीला कार्की**ले सबै दलको चाहना फागुन २१ गते नै निर्वाचन गर्ने हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, 'केही दल अदालतमा पनि पुगेका छन्, ६ महिनाभित्र चुनाव सम्पन्न गर्नु संविधानसम्मत हो ।'

देशको सर्वेसर्वा जनता नै भएको उल्लेख गर्नुहुँदै प्रधानमन्त्री कार्कीले सरकारमा गएका दलहरूको भागबन्डा नमिलेकै कारण जनता प्रताडित हुनुपर्ने स्थिति आउन नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'हिजो सरकारमा गएका दलहरूले मनोरञ्जन गरेर बिताए; यो कसैप्रति आक्षेप लगाएको होइन । सबैलाई निर्वाचनमा ल्याउने प्रयास भइरहेको छ । एक आपसमा रिस पोख्दा बङ्गलादेश जस्तो वा मुलुक नरहने अवस्था हुनेतर्फ सचेत हुनु जरुरी छ ।'

निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त **रामप्रसाद भण्डारी**ले आयोगले राजनीतिक दल फुटाउने काम नगरेको बरु राजनीतिक दलहरू आफै फुटेर आएको बताउनुहुँदै नेमकिपाबाहेक अधिकांश दलहरू टुटफुट भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, 'निर्वाचनसम्बन्धी कानुन समयमा नआए निर्वाचन सम्पन्न गर्न आयोगलाई कठिन हुनेछ । विदेशमा बसेका नेपालीलाई मतदान गराउने, नेपालभित्रै निर्वाचन क्षेत्र बाहिर बस्नेलाई मतदान गराउने र कसैलाई पनि मत नदिनेलगायत सर्वोच्च अदालतको २०७४ सालको निर्देशनअनुसार तत्तत् निकायबाट कार्य सम्पादन नभएको हो ।'

निर्वाचन आयोगका पूर्वप्रमुख आयुक्त **सूर्यप्रसाद श्रेष्ठ**ले सर्वोच्च अदालतको निर्देशनअनुसार विदेशमा बसेकालाई मतदान गराउने र निर्वाचन क्षेत्र बाहिर बसेकालाई मतदान गराउने कानुनी व्यवस्था फागुन २१ गतेको चुनावको लागि सम्भव नहुने धारणा राख्नुभयो ।

कानुन आयोगका पूर्वअध्यक्ष **माधव पौडेल**ले कसैलाई 'मत नदिने पक्षमा' ५० प्रतिशतभन्दा बढी भएमा के गर्ने ? भन्ने जस्ता विषयमा राम्रो अध्ययन नगरी यो व्यवस्था राख्न नहुने धारणा राख्नुभयो ।

पत्रकार **कनकमणि दीक्षित**ले चुनावपछिको संसद्ले संविधान संशोधन गर्नु उपयुक्त हुने धारणा राख्नुहुँदै भदौ २३ र २४ गतेको घटनाबारे चुनावी सरकारले अनुसन्धान पूरा गर्नुपर्नेमा जोड दिनुभयो ।

संविधानसभा सदस्य **राधेश्याम अधिकारी**ले निर्वाचनको मिति घोषणा भइसकेपछि निर्वाचनसम्बन्धी ऐन संशोधन गर्नु उपयुक्त नहुने धारणा राख्नुभयो ।

पूर्वसचिव **विद्याधर मल्लिक**ले जेन-जीसँग गरेको सम्झौताका विषयलाई अल्पकालीन र दीर्घकालीन रूपमा पूरा गरिनुपर्ने बताउनुभयो ।

**सरू जोशी**ले अस्ट्रेलियामा कसैलाई भोट नहाल्ने व्यवस्था होइन, भोट हाल्नैपर्ने अधिकारको रूपमा राखिएको र फिलिपिन्सले जहाँ बसे पनि जनताले भोट हाल्न पाउने व्यवस्था गरेको बताउनुभयो ।



बैठकमा नेपाली काङ्ग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी, रास्वपा, राप्रपा, जनमत, सङ्घीय समाजवादी पार्टी नेपाल, लोसपा, नागरिक उन्मुक्ति पार्टी, देश विकास पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, सङ्घीय समाजवादी पार्टीका प्रतिनिधिहरूको सहभागिता थियो ।

बैठकमा जेन-जीका दुई प्रतिनिधिले बोलेका थिए ।

कुलमान घिसिङबाहेक सबै मन्त्रीहरू सहभागी भएको उक्त बैठकमा प्रधान सेनापति, आईजीपी, प्रहरी महानगर निरीक्षक, मन्त्रालयका सचिव आदिको उपस्थिति थियो ।

उक्त बैठकमा नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्र राज गोसाई पनि सहभागी हुनुहुन्थ्यो ।

# नेमकिपाको समानुपातिक उम्मेदवारको बन्दसूची आयोगमा दर्ता



नेपाल मजदुर किसान पार्टीले प्रतिनिधिसभाको समानुपातिक उम्मेदवारको बन्दसूची पुस १३ गते निर्वाचन आयोगको कार्यालय, काठमाडौँमा दर्ता गर्‍यो । आयोगका अनुसार नेमकिपा बन्दसूची दर्ता गर्ने पहिलो पार्टी हो ।

बन्दसूची दर्ताको लागि पार्टीका सचिव प्रेम सुवाल, केन्द्रीय सदस्यहरू सुनिल प्रजापति, नारायण महर्जन, राजवीर डंगोल, अनुराधा थापा, न्हुछेमाया सुवाललगायत आयोगमा पुग्नुभएको थियो ।

नेमकिपाले देशभरिका मुस्लिम, थारु, दलित, मधेसी, आदिवासी जनजाति र खसआर्यसहित ६ समूहमा आवश्यक ११० जनाको उम्मेदवार संलग्न गरेको छ ।

आयोगले नेमकिपालाई बन्दसूची जाँचबुझको लागि पुस १७ गते समय दिएको छ । अन्य केही पार्टी पनि दर्ताको लागि आयोग पुगेका थिए ।

आयोगले बन्दसूची छानबिन गरी सच्याउन पुस १५ गतेदेखि २० गतेसम्म सूचना दिने र सो सूचनाअनुसार दलहरूले पुस २१ गतेदेखि २७ सम्म संशोधित बन्दसूची पेस गर्नेछन् ।

पुस २८ गते एकदिन उम्मेदवारलाई नाम फिर्ता लिन समय दिइनेछ । आयोगले पुस २९ गते रिक्त उम्मेदवारबारे सम्बन्धित दललाई जानकारी दिनेछ । पुस ३० गतेदेखि माघ २ सम्म रिक्त स्थानमा मनोनयन गर्न दललाई समय दिइनेछ । आयोगले माघ ४ गते बन्दसूचीको नामावली प्रकाशन गर्नेछ । माघ ५ गतेदेखि १० गतेसम्म दाबी विरोधको समय हुनेछ । आयोगले माघ ११ देखि १७ सम्म दाबी विरोधमा जाँचबुझ र निर्णय गरिनेछ । आयोगले माघ २० गते बन्दसूचीको अन्तिम नामावली प्रकाशन गर्नेछ ।

माघ ६ गते प्रत्यक्ष निर्वाचनको उम्मेदवारी सम्बन्धित निर्वाचन क्षेत्रको कार्यालयमा दर्ता गर्ने कार्यतालिका राखिएको छ ।

# जान इन्जेनहज : प्रकाशसंश्लेषण प्रक्रिया सिद्धान्तका प्रतिपादक





राजेन्द्र बहादुर कायष्ठ

**विषय प्रवेश :** पृथ्वीमा भएका वस्तुहरूलाई सजीव र निर्जीव गरेर दुई भागमा वर्गीकरण गरिएको छ। त्यसमध्ये निर्जीवको लागि खानाको आवश्यक हुँदैन तर सजीवहरूलाई जीवन निर्वाह गर्नको लागि खाना आवश्यक हुन्छ। खाना प्राप्त गर्ने आधारमा सजीवहरूलाई परपोषित र स्वपोषित गरी दुई भागमा वर्गीकरण गरिएको छ। खानाको लागि पूर्ण रूपले अन्य जीवहरूमा भरपर्ने सजीवहरूलाई परपोषित भनिन्छ भने आफूलाई आवश्यक ग्लुकोज आफै तयार गर्न सक्ने हरितकण भएका वनस्पतिहरूलाई स्वपोषित भनिन्छ। हरितकण भएका वनस्पतिहरूले प्रकाशको उपस्थितिमा जराबाट लिएको पानी र वायुमण्डलबाट लिएको कार्वन डाइअक्साइडबाट ग्लुकोज बनाउने प्रक्रियालाई प्रकाशसंश्लेषण भनिन्छ। यस प्रक्रियाबारे सर्वप्रथम पत्ता लगाउने वैज्ञानिक **जान इन्जेनहज** (Jan Ingenhousz (1730-1799) थिए। इन्जेनहजले प्रकाशसंश्लेषण सम्बन्धी सिद्धान्त सन् १७७९ मा पत्ता लगाएका थिए। पछि सन् १८९८ मा यस क्रियालाई प्रकाशसंश्लेषण भनेर अमेरिकी वनस्पतीशास्त्री Charles Barnes ले पहिलो पटक नाम दिएका थिए। प्रकाशसंश्लेषणलाई अङ्ग्रेजीमा photosynthesis भनिन्छ। जुन ल्याटीनी भाषाको phos र synthesis मिलेर बनेको हो। ल्याटीनी भाषामा phos को अर्थ light वा प्रकाश र synthesis को to put together वा सँगसँगै राख्नु भन्ने बुझिन्छ। यसरी photosynthesis को अर्थ प्रकाशसँगसँगै राख्नु भन्ने बुझिन्छ।

इन्जेनहजले प्रकाशसंश्लेषण क्रियामा अक्सिजन फाल्ने र कार्वन डाइअक्साइड लिने कुरा पत्ता लगाए। जब उनले प्रकाशसंश्लेषण प्रक्रियाको आविष्कार गरे, उनले दुईटा कुरामा ठूलो योगदान गरे। **पहिलो**, पृथ्वीमा बोटबिरुवाले कसरी काम गर्दछ भनी बुझ्न सम्भव भयो। **दोस्रो,** वायुमण्डलका अक्सिजन र कार्बन डाइअक्साइड ग्यास के हुन् भन्ने जान्न सम्भव भयो। आधुनिक वनस्पति इन्जिनियरिङ र बालीविज्ञानको जग तयार गर्ने काम उनै जान इन्जेनहजले गरेका हुन्। प्रकाशसंश्लेषण क्रिया प्रकाशको उपस्थितिमा हरितकण भएका वनस्पतिहरूको पातमा हुन्छ। यस क्रियामा बन्ने ग्लुकोजले वनस्पतिहरूलाई बाँच्नको लागि शक्ति प्रदान गर्दछ भने जराबाट लिने मलले वनस्पतिको वृद्धि र विकासको लागि आवश्यक खनीज पदार्थलगायत पोषक तत्त्वहरू प्रदान गर्दछ।

**बाल्यकाल र शिक्षा :** जान इन्जेनहजको जन्म ८ डिसेम्बर १७३० मा नेदरल्याण्ड्सको ब्रेडा शहरमा भएको थियो। उनको बुबा र आमाको नाम क्रमशः Arnoldus Ingen-Housz र Maria Beckers थियो। सुरुमा उनको बुबा छालाको व्यापार गर्दथे। पछि औषधालय सञ्चालन गरे। यसले इन्जेनहजलाई चिकित्सा क्षेत्रतर्फ आकर्षित गऱ्यो र पछि चिकित्सक बने। उनी सम्भ्रान्त परिवारका सदस्य भएकोले बाल्यकालमा इन्जेनहजलाई राम्रो शिक्षा प्रदान गरियो। उनी स्थानीय ल्याटिन विद्यालयमा पढे, जुन त्यतिबेलाको लागि उत्कृष्ट शिक्षा मानिन्थ्यो। सन् १७४६ मा १६ वर्षको उमेरमा उनी बेल्जियमको लेउभेन विश्वविद्यालय (University of Leuven) मा चिकित्साशास्त्र अध्ययन गर्न थाले। किनभने प्रोटेस्टेन्ट विश्वविद्यालयहरू क्याथोलिकहरूका लागि बन्द थियो। त्यहाँ उनले सन् १७५३ मा एमडी (Docter

of Medicine) डिग्री प्राप्त गरे। त्यसपछि, उनी दुई वर्ष थप अध्ययनका लागि नेदरल्याण्ड्सको लेइडेन विश्वविद्यालय (University of Leiden) गए, जहाँ उनले पिटर भान मुसेनब्रुक जस्ता वैज्ञानिकका प्रवचन सुने। यी प्रवचनहरूले उनलाई विज्ञानमा जीवनभर रुचि जगायो। उनको प्रारम्भिक जीवन र शिक्षाले उनलाई चिकित्सा, रसायनशास्त्र र जीवविज्ञानमा आधार प्रदान गऱ्यो भने जोसेफ प्रिस्लेको अक्सिजन आविष्कारले प्रकाशसंश्लेषणको खोजमा योगदान दियो।

**करियरको सुरुवात :** सन् १७६४ मा बुबाको मृत्युपछि, उनले युरोप यात्रा गर्ने योजना बनाए। उनले आफ्नो यात्रा ब्रिटेनबाट सुरु गरे। पछि अन्य देशमा पनि घुम्न गए। यसबाट उनले स्मलपक्स भ्याक्सिनेसनका नयाँ प्रविधिहरू सिके। लण्डनमा रहँदा चिकित्सक जोन प्रिन्गलमार्फत विभिन्न अन्य चिकित्सकहरूसँग सम्पर्क गरे। सन् १७६७ मा हर्टफर्डशायरमा ७०० जना गाउँलेहरूलाई विफरविरुद्ध खोप दिए। सन् १७६८ मा अष्ट्रियाकी महारानी मारिया थ्रेसाको अनुरोधमा भियनामा रहेका प्रतिष्ठित हाब्सबर्ग परिवारलाई सफलतापूर्वक भ्याक्सिन दिए। यस सफलताले उनलाई मारिया थ्रेसाको दरबारीया चिकित्सक बनायो। त्यसपछि उनी भियनामा बस्न थाले।

## जान इन्जेनहजको वैज्ञानिक योगदान

इन्जेनहजको प्रकाशसंश्लेषण सम्बन्धी अध्ययन गर्ने जिज्ञासा अक्सिजनको आविष्कारक जोसेफ प्रिस्लेको प्रयोगको अध्ययन पछि सुरु भएको हो।

सन् १७७४ मा जोसेफ प्रिस्लेले नयाँ ग्यास अक्सिजनको आविष्कार गरे र परीक्षण पनि गरेर देखाए। हुन त उनीभन्दा दुईवर्ष पहिले स्चिलिले अक्सिजन ग्यास आविष्कार गरिसकेका थिए। तर उनले धर्मगुरुको कोपभाजनबाट बच्न यसको प्रचार गरेका थिएनन्। किनभने त्यसबेला धर्म अनुसार आगो बल्नु भनेको प्रोमेथस भन्ने भगवानले गर्दा हो भने विस्वास गरिन्थ्यो। प्रिस्लेले गरेका परीक्षणहरूमध्ये एउटा परीक्षण जारभित्र एउटा बलिरहेको मैनवत्ती राखे र जारभित्र अक्सिजन रहेसम्म बलिरह्यो र अक्सिजन सकिएपछि मैनवत्ती निभ्नु पनि एक हो। यसमा उनले जारभित्र अक्सिजन छिर्न नसक्ने गरी बन्द गरेका थिए। त्यसपछि उनले जारलाई घाममा राखेर जारभित्र एउटा हरितकण भएको विरुवा सहितको गमला र मैनबत्ती राखे। घामभएसम्म मैनवत्ती निभेन। यसको दुई महिनापछि उनले विरुवासहितको गमला र मुसा राखे। यस प्रयोगमा मुसा पनि बाँच्यो। यसबाट उनले पत्ता लगाए कि बिरुवाले अक्सिजन पैदा गर्दो रहेछ। यसलाई आश्चर्य मान्दै यस सम्बन्धी थप अध्ययन नगरी प्रिस्ले अन्य परीक्षणतिर लागे। सन् १७७७ मा जान इन्जेनहजले प्रिस्लेको परीक्षणबारे पढ्न पाए। उनलाई यसबारे अध्ययन गर्ने उत्सुकता जाग्यो। उनी प्रिस्लेको परीक्षणको रहस्योद्घाटन र व्याख्या गर्न चाहन्थे। त्यसपछि उनले साउथल ग्रीनमा उनले दुईवर्षसम्म नियमित र आकस्मिक प्रकृतिका प्रकाशसंश्लेषण सम्बन्धी ५०० वटा जति परीक्षण गरे। यसबाट उनले हरितकण भएका बिरुवाहरूले सूर्यको उज्यालोमा अक्सिजन उत्सर्जन गर्दछ। तर अन्धकारमा कार्बन डाइअक्साइड (श्वास प्रश्वास क्रिया) निकाल्दछ।




उनले बिरुवाहरूले प्रकाशसंश्लेषण क्रियामा उत्पादन गर्ने ग्यासलाई दुई तरीकाले सङ्कलन गरे। एउटा तरीका अनुसार बिरुवालाई बन्द भाँडोमा राखेर र अर्को तरीका अनुसार बिरुवालाई पानीभित्र डुबाएर राखेर। बिरुवालाई पानीमा डुबाएर राख्दा ग्याँस मसिना फोकाका रूपमा परिणत हुन्थ्यो। उनले दुवै तरीकाबाट उत्पादन भएको ग्यास सङ्कलन गरे र त्यो ग्यासले आगो बल्न सहयोग गर्छ कि निभाउँछ भन्ने परीक्षण गरेर हेरे। ती ग्यासले आगो बल्नमा सहयोग गरेको पाए। उनले पत्ता लगाए कि मानिसले अक्सिजन भित्र लिने गर्छ र कार्वन डाइअक्साइड बाहिर फाल्छ। तर बोटबिरुवाले प्रकाशसंश्लेषण क्रियामा यसको ठिक उल्टो वा अक्सिजन फाल्छ र कार्वन डाइअक्साइड लिने गर्दछ। यसको अर्थ बोटबिरुवाहरूले प्रकाशको उपस्थितिमा मानिसको लागि ताजा अक्सिजन फाल्छ भने मानिसले फालेको कार्वन डाइअक्साइड लिने गर्दछ। तर अँध्यारो वा रातमा भने बिरुवाले मानिसले जस्तै अक्सिजन लिन्छ र कार्वन डाइअक्साइड फाल्छ। यसकारण दिउँसो बोटबिरुवाको छहारीमा बस्नु फाइदा हुन्छ भने राती विशेषगरी वरपिपलको मुनी वा झ्वाम्म परेको झाडीमुनी बास बस्नु खतरनाक हुन्छ। इन्जेनहजले यस सम्बन्धी सयौँ परीक्षण पछि बोटबिरुवाले जति अक्सिजन लिन्छ त्यसको कयौँ गुणा बढी उत्पादन गर्छ भनी पत्ता

लगाए। उनले परीक्षणबाट पानीमुनि राखिएको बिरुवाले सूर्यको प्रकाश पायो भने अक्सिजनका मसिना फोका उत्पादन गर्दछ तर रातमा यस्ता फोका उत्पादन गर्दैन। अँध्यारोमा राखेको बिरुवाले उत्पादन गरेको ग्यासले आगो निभ्छ तर त्यही बिरुवा फेरी घाममा राखे, जसबाट पैदा भएको ग्यासले आगो झलमल बल्यो। इन्जेनहजले बोटबिरुवाले उत्पादन गर्ने ग्यास सूर्यको प्रकाशमा निर्भर हुन्छ भन्ने परीक्षणबाट पुष्टि गरेर देखाए। यसरी नै उनले यस सम्बन्धी निरन्तर परीक्षणबाट परम्परागत विश्वास गरेझैं बोटबिरुवाले जमिनबाट खाद्यपदार्थ लिएर शक्ति प्राप्त गर्दछ भन्ने धारणा गलत प्रमाणित गरिदिए। जमिनबाट प्राप्त हुने खाद्य पदार्थहरूले बिरुवाहरूको वृद्धि र विकासमा प्रभाव पार्ने खनीज पदार्थयुक्त पोषक तत्त्वहरू मात्र प्रदान गर्दछ। तर बोटबिरुवाहरूले बाँच्नको लागि शक्ति सूर्यको प्रकाशको उपस्थितिमा प्रकाशसंश्लेषण क्रियाबाट उत्पादन हुने ग्लुकोजबाट गर्दछ भन्ने प्रमाणित गरिदिए।

प्रकाशसंश्लेषण क्रियाको लागि चारवटा वस्तुहरू वनस्पतिमा हरितकण, सूर्यको प्रकाश, जराबाट लिएको पानी र पातमा भएका रन्ध्रहरूबाट लिएको कार्वन डाइअक्साइड आवश्यक हुन्छ। प्रकाशसंश्लेषण क्रियामा रासायनिक प्रतिक्रिया निम्नअनुसार हुन्छ –

6CO2 + 6H2O ---- प्रकाश + हरितकण ---- C6H12O6 + 6O2

यसरी प्रकाशसंश्लेषण क्रियामा कार्वन डाइअक्साइड र पानी, प्रकाश र हरितकणको उपस्थितिमा रासायनिक प्रतिक्रियाबाट ग्लुकोज र अक्सिजनमा परिवर्तन हुन्छ। त्यसमध्ये ग्लुकोजले विरुवालाई शक्ति प्रदान गर्दछ भने अक्सिजन अनावश्यक वस्तुको रूपमा बिरुवाले वायुमण्डलमा फाल्दछ जुन अक्सिजन जन्तुहरूको लागि प्राणवायु हो। इन्जेनहजले यसरी प्रकाशसंश्लेषण क्रिया पत्ता लगाइसकेपछि सन् १७७९ मा उनले आफ्ना अन्य खोजहरू पनि समेटेर ३०० भन्दा बढी पृष्ठ भएको पुस्तक 'Experiments on Vegetables' (वनस्पतिमाथि परीक्षण) प्रकाशित गरे।

## जान इन्जेनहजको प्रकाशसंश्लेषण सम्बन्धी निष्कर्षहरू

**क) प्रकाशको आवश्यकता :** इन्जेनहजले हरियो बिरुवाहरूलाई पारदर्शी भाँडामा पानीमुनि राखे र सूर्यको प्रकाशमा राखे। उन्ले देखे कि बिरुवाका पातहरूबाट पानीको फोकाहरू (अक्सीजन ग्यास) निस्कन थाल्यो। तर अन्धकारमा




राख्दा यस्तो भएन। यसबाट उनले निष्कर्ष निकाले कि प्रकाशसंश्लेषण क्रियाको लागि प्रकाश आवश्यक छ। तर यस क्रियाको लागि सौर्य प्रकाशबाहेक कृत्रिम प्रकाश ट्युवलाइट, लिड लाइट आदि भए पनि हुन्छ। प्रकाशबिना प्रकाशसंश्लेषण क्रिया असम्भव हुन्छ।

**ख) वनस्पतिमा हरितकण :** उनले आफ्नो प्रयोगमा हरितकण भएको पातहरूमा मात्र प्रकाशसंश्लेषण क्रिया भयो र अक्सिजन उत्पादन भयो। तर हरितकण नभएको जरा, काण्ड, फूलहरू आदिमा प्रकाशसंश्लेषण क्रिया भएन।

**ग) श्वासप्रश्वास क्रिया :** उनले आफ्नो प्रयोगबाट अन्धकारमा बिरुवाले प्रकाशसंश्लेषण क्रिया गर्दैन भन्ने प्रमाणित गरे। राती बिरुवाले पनि जनावरले जस्तै श्वासप्रश्वास क्रिया वा अक्सिजन लिने र कार्वन डाइअक्साइड छोड्ने गर्दछ भनी पत्ता लगाए। यसरी राती बिरुवाले वायुमण्डलमा रहेको अक्सिजन लिएर वायुलाई क्षति पुऱ्याउँछ। यो क्षति दिउँसो बिरुवाले गर्ने प्रकाशसंश्लेषण क्रियाबाट पुर्ति (बिरुवाले राती लिने अक्सिजनभन्दा दिउँसो फाल्ने अक्सिजन कैयौं गुणा बढी हुन्छ) गर्दछ। यसरी बिरुवाले पनि राती श्वास प्रश्वास क्रिया गर्दछ भन्ने कुरा पत्ता लाग्यो।

**घ) ग्लुकोजको उत्पादन :** बिरुवाहरूले जराबाट वृद्धि र विकासको लागि आवश्यक खनीज पदार्थहरू प्राप्त गर्दछ तर जीवन प्रक्रियाको लागि आवश्यक शक्ति भने प्रकाशसंश्लेषण क्रियाबाट उत्पादन हुने ग्लुकोजबाट प्राप्त गर्दछ।

## जान इन्जेनहजको प्रसिद्ध कृतिहरू

**क)** Experiments on Vegetables

**ख)** Discovering Their Great Power of Purifying the Common Air in the Sun-Shine and of Injuring It in the Shade and at Night.

## जान इन्जेनहज सम्बन्धी तथ्यहरू :

**क)** इन्जेनहजको जन्म ८ डिसेम्वर १७३० मा नेदरल्याण्डको ब्रेडा शहरमा एक कुलिन परिवारमा भएको थियो ।

**ख)** उनी एक डच ब्रिटिश चिकित्सक, जीवशास्त्री र रसायनशास्त्री थिए ।

**ग)** उनले १६ वर्षको उमेरमा बेल्जियममा रहेको लेउभेन विश्वविद्यालयमा औषधी विज्ञान अध्ययन गरे ।

**घ)** उनले सन् १७५३ मा लेउभेन विश्वविद्यालयबाट एम.डी. उपाधी हासिल गरे ।

**ङ)** उनी बिफर (Smallpox) विरुद्ध भ्याक्सिनेसनका विशेषज्ञ थिए ।

**च)** सन् १७७९ मा प्रकाशित Experiments on Vegetables मा आफ्नो खोज प्रकाशसंश्लेषण क्रिया सम्बन्धी विवरण प्रकाशित ।

**छ)** उनले बिरुवाको श्वासप्रश्वास, विद्युत् र ब्राउनियन मोशनको पनि अध्ययन गरे ।

**ज)** उनले पहिलो पटक सूक्ष्मदर्शक यन्त्रबाट अवलोकन गर्न पातलो काँचको कभर स्लिप प्रयोग गरेका थिए ।

## जान इन्जेनहजले प्राप्त गरेका सम्मानहरू :

क) Fellow of the Royal Society : सन् 1769 मा निर्वाचित

ख) Member of the American Philosophical Society : सन् 1786 मा निर्वाचित

ग) Personal Physician to Empress Maria Theresa : सन् 1768 मा नियुक्त ।

**पारिवारीक जीवन र निधन** : उनी एक सम्भ्रान्त परिवारमा जन्मेका थिए । उनको शिक्षादीक्षा राम्रोसँग भएको थियो । उनले सन् १७७५ मा अगाथा मारिया ज्याक्विनसँग विवाह गरे । उनले धेरै विदेश यात्रा गरेका थिए जसमध्ये फ्रान्स, ब्रिटेन, स्कटल्याण्ड, स्विजरल्याण्ड, अस्ट्रिया मुख्य थिए । उनले कामको सिलसिलामा नेदरल्याण्ड र अस्ट्रियामा बढी समय बिताए । उनको कुनै सन्तान थिएन । उनको निधन सन् १७९९



सेप्टेम्वर ७ मा ६८ वर्षको उमेरमा ब्रिटेनको विल्टशायर नजिकैको बोवुड हाउसमा भयो । उनको शवलाई काल्नेको सेन्ट मेरी द भर्जिन चर्चको मैदानमा समाधिस्थ गरिएको थियो । उनको पत्नीको निधन त्यसको एकवर्ष पछि भएको थियो । सन् २०१७ डिसेम्बर ८ मा गुगलले उनको २८७ औँ जन्मदिनको सम्मानमा 'डुडल' जारी गऱ्यो ।

**सन्दर्भ सामग्रीहरू :**


१) आजको विज्ञान : विकास बज्राचार्य : खोजी प्रकाशन गृह प्रालि

२) कक्षा १० विज्ञान : जनक शिक्षा सामग्री केन्द्र : २०५६

३) Photosynthesis Two Centuries After its Discovery-Forti G., New York, Springer-Verlag,1999



भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भनपा २, ब्यासी, भक्तपुर

**सहुलियत दरमा कम्पोस्ट मल बिक्रीसम्बन्धी सूचना**

उपरोक्त विषयमा भक्तपुर नगरपालिकाबाट उत्पादित कम्पोस्ट मल २० किलोको प्रतिबोरा रु.३५०।- मा सर्वसाधारणको लागि बिक्री भइरहेकोमा कृषकहरूलाई मध्यनजर गरी सहुलियत दरमा २० किलोको प्रतिबोरा रु.२००।- मा उपलब्ध गराउने भनी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# ल्हासाको आकर्षण : तिब्बती ओपेरा

## रविन

सेप्टेम्बर महिनाको २३ तारिख, बेलुकी ९ बजेको समय । तिब्बतको ल्हासा शहरमा चिसो हावाको स्याँठसँगै सिमसिम पानी पनि परिरहेको थियो । दिनभरिको थकान, अनि बेलुकीको पानीले शरीर पूरै चिसो बनाएको थियो । हामी मानसिक रूपमा शिथिल भइसकेका थियौँ । तथापि चिनियाँ मित्रहरूले हाम्रो सम्मानमा ल्हासामा ओपेरा (तिब्बती ऐतिहासिक गिती नाटक) देखाउन लाने तयारी गर्दै हुनुहुन्थ्यो ।

चिसो समयमा खुला आकासमुनि अग्लो पहाडको छेवैमा बनाइएको खुल्ला थियटरमा झन्डै डेढ घण्टा लामो ओपेरा हेर्न निश्चय पनि सजिलो हुन्न भन्ने लागेको थियो । त्यसमाथि तिब्बती भाषामा देखाइने नाटक हामीले के बुझ्थ्यौँ होला र ? ओपेरा हेर्ने मुड नभए पनि निर्धारित कार्यक्रममा उल्लेख गरिएकोले 'नाइँ' भन्न मात्र नसकेका हामी । शुरुवाती भ्रमण तालिकामा त ओपेरा हेर्ने कार्यक्रम उल्लेख गरिएको थिएन, तर तिब्बत पुगेपछि हामीले नै आग्रह गर्दा समावेश गरिएको थियो । चिनीयाँ मित्रहरूले नबुझिनेगरी एक जना साथीले नेपाली भाषामा अल्छी पाराले भनिहाल्यो, 'नाटक हेरेर के गर्ने, भाषा केही बुझिन्न होला । त्यहाँ गएर आनन्दले एक निद्रा सुत्ने त होला नि !'

चिनियाँ मित्रले ओपेराको टिकट काटिसक्नुभएको रहेछ, प्रतिव्यक्तिको चिनियाँ ६५० युयानको दरले । प्रवेशद्वारमा पुग्नासाथ सबैलाई बाक्लो ओभरकोट जस्तो ज्याकेट दिइयो । चिसोबाट बच्ने अर्को विकल्प पनि त थिएन ।



वास्तविक पोताला दरबारको रात्रीकालीन



ओपेरामा देखाइएको पोताला दरबारको दृष्य

दर्शकदीर्घामा रंगशालामा जस्तै प्यारापिट बनाइएको थियो । कुर्सीहरू सबैजसो भरिएका थिए । हाम्रो टोली एकै लहरमा क्रमशः बस्यौँ । हाम्रो अगाडि चकमन्न अँध्यारो थियो । मधुरो प्रकाशमा हामीले अग्ला दुइटा पहाडहरू हाम्रोसामु उभिएको मात्र देख्यौँ ।

ओपेरा शुरु भएको सङ्केत आउनासाथ अगाडिको मञ्चमा एउटा विशाल र भव्य दरबार देखिन थाल्छ । साँच्चिकैको दरबारको भवन त होइन तर वास्तविक जस्तै देखिने चिनियाँ राजाको थ्रिडी दरबार पाङ्ग्रासहितको लिकमा विस्तारै गुडाउँदै मञ्चको केन्द्र भागमा देखापर्छ । दरबारको छत तथा खुड्किलाहरूमा धेरै सङ्ख्यामा कलाकारहरू नाचिरहेका हुन्छन् । दरबारको मूल प्रवेश द्वारबाट चिनियाँ तत्कालीन राजा बाहिर निस्केर आफ्नी छोरी (राजकुमारी) वेन छनको हात माग्न तिब्बती राजा स्रङचङ गम्पोको सन्देशबाहक दूत आएकोलाई स्वागत गर्छन् । गीत, अभिनय र नृत्यमार्फत संवाद गरिएका दृष्यलाई मञ्चको दायाँ बायाँ राखिएका स्क्रिनहरूमा अङ्ग्रेजी भाषामा अनुवाद गरिएका लाइनहरू पढ्न सकिन्छ । पहिलो दृष्य नै आकर्षक र मनमोहक छ ।



ध्वनि र प्रकाशको संयोजनका कारण दर्शकहरूलाई पहिलो दृष्यबाट दोस्रो दृष्यमा गएको भेऊ पाउन मुश्किल

हुन्छ। दृष्य परिवर्तन गर्दा एक सेकेन्ड पनि समय खेर फालिन्न। लाइटले परको पहाडलाई उज्यालो बनाइदिन्छ, दायाँतिर चैत्यको दृष्य देखाइन्छ र भिक्षुहरू प्रार्थना गरिरहेका हुन्छन्। पहाडको बाटो हुँदै राजा स्रङचङ गम्पोको टोली चीन प्रवेश गर्दै गरेको दृष्य देखाइन्छ। स्थलसेना र घोडसवार सेनाको नेतृत्व गर्दै आएको तिब्बती राजालाई चिनियाँ दरबारमा स्वागत गर्दै राजकुमारी वेन छन र स्रङचङ गम्पोको भव्य विवाह समारोह सम्पन्न हुन्छ।



दुलहा दुलहीको तिब्बत यात्राको क्रममा देखिने ग्रामीण दृष्य मञ्चमा चित्रण गराइन्छ। किसानहरू खेतमा काम गर्दै गरेको, भेडा र चौरी चराउँदै गरेको, ऊनबाट बख्खु बुन्दै गरेको आदि। मञ्चमा साँच्चिकैको भेडा र याकको बथानलाई भोटे कुकुरले नेतृत्व गरेको दृष्य देखाइन्छ। साँच्चिकैको घोडा दौडाइन्छ। कठिन यात्राको क्रममा हुरी चल्ने, हिउँ पर्ने दृष्य पनि देखाइन्छ। दर्शक दीर्घामा समेत हिउँ पर्दा दर्शकहरू आफैलाई पनि ओपेराको पात्र भएको अनुभूति गराइन्छ।

राजकुमारी वेन छनको साथमा चिनियाँ राजाबाट उपहारको रूपमा ल्याइएको सुन्दर बुद्धको मूर्तिलाई प्राकृतिक विपत्तीबाट जोगाउन गरिने सङ्घर्षको कथा निकै रोचक रूपमा प्रस्तुत गरिन्छ। रातिको दृष्यमा चन्द्रमा पनि साँच्चिकैको जस्तो देखाइन्छ। आफ्ना सेनाहरूसँगै राजारानी पनि ढुङ्गाको सहारामा निदाउँछन्। यात्राको क्रममा जन्जिरले बाँधिएका दासहरूलाई मोचन गराइन्छ।



अन्तिम दृष्यमा ल्हासाको पोताला दरबारको भव्य सेट मञ्चमा देखाइँदा वास्तविक दरबारभन्दा सुन्दर देखिएको महसुस सबैले गर्छन्। लिकमार्फत दरबार, तिब्बती शहर, परको गाउँबस्ती मञ्चमा प्रस्तुत गरिँदा दर्शकहरूलाई सोच्न बाध्य गराइन्छ कि 'साँच्चिकैको ल्हासा शहर मञ्चमा प्रस्तुत गर्न कसरी सम्भव भयो ?'

दृष्यहरू सुन्दर र प्राकृतिक लाग्छन्। हजारौँको सङ्ख्यामा कलाकारहरूले अभिनय र नृत्य प्रस्तुत गर्छन्। स्रङचङ गम्पो, वेन छन लगायतको अभिनय जीवन्त देखिन्छ।

नेपालको राष्ट्रिय नाचघर र काठमाडौँका केही बन्द कोठाभित्रका थियटरहरूमा नाटक हेर्ने बानी परेका हामीलाई ल्हासाको खुल्ला आकासमुनिको थियटरमा हरेक दृष्य यथार्थ झैँ लाग्ने र कलाकारहरूको अभिनय पनि जीवन्त लाग्ने ओपेरा (गीति नाटक) हेर्न पाउँदाको आनन्द अनुभूति शब्दमा व्याख्या गर्न मुश्किल हुँदो रहेछ। तिब्बती भाषा नबुझेपनि कलाकारको अभिनय, नृत्यको हाउभाउले कथावस्तु बुझ्न सजिलो बनायो। ठूल्ठूला दुइटा स्क्रिनमा अङ्ग्रेजी भाषामा अनुवाद गरिएका लाइनहरू पढ्दा बुझ्न थप सजिलो भयो।

सारमा, ओपेरामा देखाइएका भव्य सेटहरू, प्रकाश



संयोजन, पार्श्व सङ्गीत, कृत्रिम मौसमी व्यवस्था, प्राकृतिक जीवजन्तुको जीवन्त प्रदर्शनी, हजारौँ कलाकारहरूको एकै पटकको प्रस्तुतिलगायतका आश्चार्यजनक प्रस्तुतिले सबै दर्शकहरूलाई चकित तुल्याएको अनुभव भयो। चीनको आधुनिक प्रविधिलाई ओपेरामा समेत उत्कृष्ट ढङ्गले समायोजन गर्नु सबैका लागि आश्चर्य बन्यो। हामी सबैको मनमा तिब्बती ओपेरा जीवनकै अविस्मरणीय छाप बन्यो।

थियटर छिर्दाको थकित र शिथिल शरीरमा ओपेराले ज्यान भरेको अनुभव भयो। थियटरबाट बाहिर निस्कँदै गर्दा हामी सबैजना पुनः ऊर्जाशील भएका थियौँ। थियटरमा एक निद्रा सुत्ने योजना बनाएका साथीको अनुहारमा देखिएको चमक हेर्नलायकको थियो। 'आँखा झिमिक्क पनि गर्न पाइनँ यार' भन्दै थिए साथी।

## वडाध्यक्षको डायरीबाट

# बानीव्यहोर राम्रो हुनुपऱ्यो नि !

**कुशल**

दोस्रो प्रहरको समय थियो। वडामा सेवाग्राहीहरूको सङ्ख्या कम थियो। त्यसैले भक्तपुर नगरपालिकाको प्रकाशन 'ख्वप पौ' अध्ययन गर्दै थिएँ। त्यही समयमा एक जना आइमाई र भाइ वडामा आए। उनीहरूको हाउभाउबाटै मैले उनीहरू पहिलोपल्ट वडामा आउँदै गरेको अनुमान गरेँ। त्यसैले मैले नमस्कार गर्दै सोफामा बस्न अनुरोध गरेँ। उनीहरू अलि हिच्किचाएको र अप्ठ्यारो मान्दै थिए। दुवै जनाले मलाई नमस्कार फर्काउँदै सोफामा बसे। मैले पत्रिका पन्छाउँदै उनीहरूको परिचय र समस्या सोधेँ। आइमाईले अलि अप्ठ्यारो मान्दै सुस्तरी आफ्नो कुरा राख्दै भन्नुभयो, 'मेरो नाम राम माया मर्हजन (नाम परिवर्तित) हो। मेरो घर बलम्बुमा पर्दछ। तपाईंसँग सर सल्लाह गर्न म बलम्बुबाट आएकी हुँ। मेरो एउटा समस्याको विषयमा छलफल गर्न म यहाँ आएकी हुँ। मेरो विवाह यही टोलमा आजभन्दा एघार वर्ष अगाडि भएको थियो। मेरो श्रीमान्को नाम हरि राम सुवाल (नाम परिवर्तित) हो। ससुरा बाको नाम हरि कृष्ण सुवाल (नाम परिवर्तित) हो। सासू आमाको नाम मसिनु अवाल (नाम परिवर्तित) हो। सायद तपाईंले चिन्नु पनि भएको होला। म तीन वर्षदेखिनै माइतीमा बस्दै आएकी छु। मेरो श्रीमान्ले बिहानैदेखि रक्सी खाने गर्छ। हाम्रोबिचमा धेरै पटक झगडा पनि भयो। छोरा दश वर्ष भइसक्यो। श्रीमान्लाई मतलव छैन। खाली साथीभाइसँग पिएरै मात्र हिँड्छ। काम केही गर्दैन। पहिला पसल थियो। तर अहिले हल्लिएर हिँड्छ। हुनत हाम्रो प्रेम विवाह थियो। तर पनि हाम्रो सम्बन्ध राम्रो छैन। विवाह दर्ता गर्नलाई म यहाँ आएकी हुँ। नागरिकता पनि प्रतिलिपि लिन आएकी हुँ। साथै छोराको जन्म दर्ता पनि लिन आएकी हुँ। श्रीमान्ले लिइदिन मानेन। त्यही भएर म यहाँ आएकी हुँ। विवाह दर्ता, जन्म दर्ता र मेरो नागरिकताको प्रतिलिपि लिन के के कागजातहरू आवश्यक छ। मलाई तपाईंले सहयोग गर्नुपऱ्यो। मसँग त मेरो नागरिकताको फोटोकपी मात्र छ।'

त्यस आइमाईको अनुहार हेर्दा शालीन, सभ्य र भर्खरकै उमेरको देखिन्थ्यो। उनले प्रयोग गरेको भाषाले उनको शिष्टता प्रर्दशन गरिरहेको थियो। उनको अनुहारमा लजालुपन बाँकी नै थियो। साथै अप्ठ्यारो मान्दै बोलिरहेकी थिई। उनको बोलाईले उनलाई आफ्नो पीडा सुनाउन गाह्रो भएको लाग्दथ्यो। मैले उनको मनोविज्ञान बुझेर नै वातावरणलाई अलि सहज बनाउन सहज भाषामा मैले भनेँ, 'बलम्बुमा मेरा पनि धेरै साथीहरू छन्। धेरै वर्ष पहिलेनै म बलम्बुमा गएको छु। साथै पार्टीको राजनैतिक कार्यक्रमहरूमा धेरै पटक गएको छु। तपाई पनि हाम्रो वडाको बुहारी हुनुहुँदो रहेछ। तपाईंको श्रीमान्लाई पनि म चिन्छु होला। तर तपाईंले भन्नुभएको नामबाट अनुहार ठम्याउन सकिँन। धरै वर्ष माइतीमा बस्नुभयो। हाम्रो आफ्नै वडामा बस्नु पर्ला। भाइचाहीँ तपाईंको को पर्छ नि ?' प्रतिउत्तरमा राम मायाले भन्नुभयो, 'मेरा भाइ हो।'

मैले आफ्नो दैनिकी लेख्ने डायरीमा त्यस बहिनीको नाम, श्रीमान्को नाम, सासू र ससुराको नाम र मोवाईल नम्बर टिपेँ र श्रीमान्लाई कल पनि गरी हालेँ। तर फोन रिसिभ भएन। धेरै पटक फोन गर्दा पनि रिसिभ नभएपछि टोल सुधार समितिका अध्यक्षलाई कल गरेँ। वहाँ वडामा आएर कुरा गर्छु भन्नुभयो। त्यसपछि त्यस क्षेत्रका जनप्रतिनिधिलाई कल गरेँ र भनेँ, 'यहाँ तपाईंको टोलको बुहारी राम माया मर्हजन आउनु भएको छ। श्रीमान्को नाम हरि राम सुवाल हो भन्नुहुन्छ। विवाह दर्ता लिन आउनु भएको छ। तपाईंको सहयोग चाहियो।'

प्रतिउत्तरमा वहाँले भन्नुभयो, 'हरि राम सुवाललाई म राम्रोसँग चिन्छु। उनको घर मेरो घरसँगै नै पर्दछ। अलि रक्सी खाने बानी छ। त्यसैले बुहारी माइतीमा बस्दै आएको भन्छन्। सँगत अलि राम्रो छैन। एउटा बच्चा पनि छ। बुहारीलाई म राम्रोसँग चिन्दिन। म एक छिनमा वडामै आउँछु।'

त्यसलगत्तै राम मायाकी श्रीमान् हरि राम सुवाललाई पनि कल गरेँ। धेरै पटक कल गर्दा पनि फोन रिसिभ भएन। त्यसकारण वडामा बोलाउनको लागि कार्यालय सहयोगीलाई हरि राम सुवालकै घरमै पठाएँ। तर कार्यालय सहयोगीले वडामा आउन अनुरोध गर्दा आउन नमानेको जानकारी दिनु भयो।

त्यसपछि हामी एकछिन राम मायाको श्रीमान्को बारेमा छलफल गर्न थालेँ। त्यसवेलासम्म राम माया खुलेर कुरा गर्न थालिन्। बलम्बुको वडा कार्यालयमा विवाह दर्ता, जन्म दर्ता र नागरिकता लिन गएको तर वडाध्यक्षले श्रीमान्को वडामा गएर लिन जानु भनी सल्लाह दिएकोले यहाँ मलाई भेट्न आएको कुरा पनि भन्नुभयो। साथै आफू बलम्बुकै एक सहकारीमा जागिर खाँदै गरेको र छोरा बलम्बुकै एक स्कुलमा कक्षा चारमा पढ्दै गरेको बताउनु भयो। स्कुलमा बच्चाको जन्म दर्ता मागेकोले पनि वडामा आएको वहाँले बताउनुभयो।

कुराकानी गर्दै गर्दा टोल सुधार समितिका अध्यक्ष, सम्बन्धित ठाउँको जनप्रतिनिधि र हरि राम सुवाल पनि आइपुगे। अघिसम्म नआउने भनिरहेको मान्छे एक्कासि वडामा आउँदा म पनि अचम्म परेँ। त्यसपछि हरि राम सुवालसँग मैले विवाह

दर्ता र जन्म दर्ता किन दिनुभएन भनी प्रश्न राखेँ। वहाँले प्रतिउत्तरमा भन्नुभयो, 'मसँग नबस्ने, झगडा गरेर गएकी श्रीमतीलाई किन विवाह दर्ता दिने ? आज तीन वर्ष भैसक्यो, माइतीमा बस्दै आएकी। अनि उनलाई मैले किन विवाह दर्ता गरिदिनु पर्ने ? उनी आफैले विवाह दर्ता गरिहाल्छ नि। मैले मेरो श्रीमती होइन भनेको छैन।' मैले फेरि भनेँ, 'भाइले बिहानै रक्सी खान्छ रे। अनि रक्सी खाएर गाली गर्ने अनि कुट्ने पनि गर्छ रे। काम केही गर्दैन भन्ने पनि सुन्छु। यस्तो स्मार्ट मान्छे भएर आजकलको जमानामा पनि श्रीमतीलाई कुट्न पाइन्छ ? दश वर्षको छोरालाई जन्म दर्ता गरिदिनु पर्दैन ? तपाईंको सक्कल नागरिकता, बुबा र आमाको सक्कल नागरिकता दिनुस्। विवाह दर्ता र जन्म दर्ता आजै म गरिदिउँला।' प्रतिउत्तरमा हरि राम सुवालले भन्नुभयो, 'सँगै नबस्ने श्रीमतीलाई विवाह दर्ता र छोराको जन्म दर्ता किन दिने ?'

त्यसपछि मैले भनेँ, 'विवाह दर्ता र जन्म दर्ता भनेको जन्मसिद्ध अधिकार हो। त्यसरी रोक्न पाइन्छ ? आफूचाहीं रक्सी खाएर हिंड्ने, श्रीमतीलाई पनि पिट्ने, कामसाम केही नगर्ने, गलत मान्छेहरूको सङ्गत गर्ने, अनि आफ्नो श्रीमतीलाई विवाह दर्ता नगर्ने भन्ने पनि हुन्छ र ? तीन तीन वर्ष श्रीमतीलाई किन माइती राखेको ? बोलाउन जानु पर्दैन ? टोलमा रक्सी खाएर होहल्ला गरी हिंड्ने ? आफ्नो श्रीमतीलाई आफै सम्झाउनु पर्दैन ? हामीले सम्झाउनु पर्ने ? दुईजना मिलेर बस्नु पर्दैन ? बाहिरका हामीले बोल्ने अवस्था आउनु भनेको लाजमर्दो अवस्था होइन ? आफ्नो गल्ति सच्याउनु पर्दैन ? आफ्नै श्रीमतीलाई मात्र दोष दिने हो ? झगडा कसको हुँदैन र ? अनि रक्सी खाने सही समाधान हो ? दश वर्षको बच्चाले के भन्लान् ? अलि लाजशरम त हुनु पऱ्यो नि।' त्यसपछि जनप्रतिनिधिले भन्नु भयो, 'रक्सी खाने बानी राम्रो होइन। बिहानै दिउँसै रक्सी खाएर श्रीमती खुसी हुन्छिन् होला त ? त्यति पनि हेक्का छैन। दिनभरि काम नगर्ने अनि बिहानैदेखि रक्सी खाने बानीले श्रीमती घरमा बस्छिन् त ? अलिकति पनि बुद्धि छैन ? बच्चाले के सोच्छ ? छर छिमेकले के भन्छ ? बुहारी नानी हेर्दा कति शालीन र सुशील देखिन्छिन्। तिमी त खराब रहेछौ। मान्छे भएपछि बानी व्यहोरा राम्रो गरेर बस्नु पर्दैन ? इज्जतमा बस्नु पर्दैन ?' टोल सुधार समितिको अध्यक्षले सम्झाउनु भयो।

हामी सबैको कुरा सुनेपछि हरि राम सुवालको अनुहार अलि रातोपिरो देखियो अलि अप्ठ्यारोपन देखियो। ऊ चुपचाप नबोली हाम्रो कुरा सुनिरह्यो। मैले फेरि उनलाई आफ्नो कुरा राख्न अनुरोध गरेँ। त्यसपछि भन्न थाले, 'मैले गत वर्ष नै जन्म दर्ता दिन्छु भनेर यहाँबाट फारम लिएर गएको थिएँ। फारम मसँग अहिलेसम्म छ। ल हेर्नुस्। श्रीमती माइतमा बसेकोले मलाई तनाव भयो। मलाई एक घण्टा पनि निद्रा लाग्दैन। म भोलिनै विवाह दर्ता र जन्म दर्ता गरिदिन्छु। ल यो लिनुस् मेरो नागरिकताको फोटोकपी। फोटोचाहीं भोलि लिएर आउँछु। तपाईंहरू सबै मेरै श्रीमतीको पक्षमा मात्र बोल्ने रहेछन्। मेरो पक्षमा बोल्नु नै भएन। पर्सि देवाली पूजा छ। पर्सिबाट घरमै आएर बस्नुपऱ्यो। म माया गरेर राख्छु। रक्सी पनि खान्न। श्रीमतीलाई कुट्दिन पनि। नभए आजै विवाह दर्ता गरिदिन्छु अनि जन्म दर्ता पनि गरिदिन्छु। तर मेरो श्रीमती घरमा आएर बसिदिनु पऱ्यो।'

त्यसपछि श्रीमती राम मायाले भन्नुभयो, 'रक्सी नखाने भए म पर्सि देवाली पूजाबाट घरमा आएर बस्छु। तर मलाई कुट्न पाईंदैन र रक्सी खान पाईंदैनन। अनि जे भए पनि काम गर्नु पर्दछ। पहिला पनि रक्सी खान्न र काम गर्छु भनेर लिएर गएको मान्छेले तीन दिनपछि फेरि रक्सी खान थालेको बिर्सनु भयो ? अनि कसरी मैले पत्याउने ? आफ्नो बानी राम्रो पार्नुपऱ्यो नि ! बच्चा चार कक्षा पुगिसक्यो। स्कुलमा जन्म दर्ता माग्यो। मेरो सक्कल नागरिकता पनि छैन। बलम्बुको मेरो वडामा लिन गएको तर दिन मिल्दैन भनेर दिएन। त्यसैले मलाई जसरी भए पनि विवाह दर्ता, जन्म दर्ता र नागरिकता दिनु पऱ्यो। घरमा आएर बस्नु परे बसाँला। आफ्नै घर हो। तर बानी राम्रो हुनुपऱ्यो। मलाई प्रेम विवाह गरेर लगेपछि श्रीमतीलाई पाल्ने त के कुरा, आवश्यक कागजात रोक्ने भनेको पनि हुन्छ र ?'

त्यसपछि मैले हरि राम सुवालको नागरिकता मागेँ। उनले फोटो कपी दिए। कार्यालय सहायकलाई बोलाएर विवाह दर्ता र जन्म दर्ताको फारम मगाएँ। राम मायालाई फारम भर्न दिएँ। दुवै जनालाई फारममा हस्ताक्षर गर्न लगाएँ। नपुगेको कागज र फोटो भोलि कुनै पनि हालतमा वडामा लिएर आउन र दुवैले हस्ताक्षर गरेर विवाह दर्ता लिएर जान अनुरोध गरेँ। साथै हरि रामलाई रक्सी नखान, काम गर्न र नपिट्न अनुरोध गरेँ। राम मायालाई पनि घरमा आएर बस्न अनुरोध गरेँ। त्यसपछि बैठक समापन गरेँ।

भोलिपल्ट बिहानै हरि रामले मलाई कल गरेर विवाह दर्ता, जन्म दर्ता नदिने र वडामा पनि नआउने भन जानकारी दिए। मैले बिहानै रक्सी खाएर फोन गरेको हो कि भनी प्रश्न गरेँ। उनले तपाईंले भने पनि म विवाह दर्ता, जन्म दर्ता र नागरिकता दिन्न पनि भने। त्यसपछि मैले फोन राखिदिएँ।

तर, म वडा कार्यालयमा आउँदा दुवै श्रीमान् श्रीमती आवश्यक कागजात लिएर सचिवसँग कुराकानी गरिरहेका थिए। त्यस दिन कार्य व्यस्तताले वडामा धेरै समय बस्न पाइएन। दिनको तेस्रो प्रहरमा वडा सचिवले विवाह दर्ता र जन्म दर्ता लिएर गएको जानरकारी दिनुभयो। साथै सक्कल नागरिकता श्रीमान्ले घरमा लुकाएर राखेको हुँदा त्यो पनि खोजेर श्रीमतीलाई दिएको जानकारी दिनुभयो। त्यसदिन वेलुका खाना खाने समयमा राम मायाले मलाई धेरै धेरै धन्यवाद भनी कल गरिन्। साथै सक्कल नागरिकतानै पाएको जानकारी दिइन्। मैले वहाँलाई घरमै आई बस्न अनुरोध गर्दै फोन राखिदिएँ।




# प्यालेस्टिनी जनतासँग अन्तर्राष्ट्रिय ऐक्यवद्धता दिवस

सन् १९४७ नोभेम्बर २९ का दिन संरा सङ्घ महासभाले प्यालेस्टिन भूमिमा दुई राज्य (अरब र इजरायल) प्रस्ताव पारित गरेको थियो। त्यसवेलाका ५६ सदस्य राष्ट्रमध्ये ३३ पक्षमा, १३ विपक्षमा तथा १० अनुपस्थित रहेका थिए।

तर, इजरायलले त्यस प्रस्ताव विपरीत प्यालेस्टिनीहरूलाई घर-गाउँबाट लखेट्न आक्रमण, भूमि अतिक्रमण, कब्जा, दमन, हत्या, आगजनी गर्दै आजका दिनमा पनि यहुदी बस्ती विस्तार गरिरहेको छ। इजरायलले प्यालेस्टिनीहरूको जाति संहार गर्दै घोर अन्याय गरिरहेको छ।

सन् १९७७ मा संरा सङ्घ महासभाले नोभेम्बर २९ लाई प्यालेस्टिनी जनतासँग अन्तर्राष्ट्रिय ऐक्यवद्धता दिवस मनाउने आह्वान गरेको थियो। त्यसैअनुरूप सन् १९७८ देखि नोभेम्बर २९ का दिन विश्वभरि ऐक्यवद्धता दिवस मनाइन्छ।

पछिल्लो समय युद्धविराम सम्झौता भएदेखि, कम्तीमा ५०० पटक भन्दा बढी इजरायलले युद्धविराम उल्लङ्घन गरेको छ, जसको परिणामस्वरूप थुप्रै प्यालेस्टिनीहरू मारिएका छन् र घाइते भएका छन्। सन् २०२३ अक्टोबर यता इजरायलको नरसंहारमा प्यालेस्टिनीहरू साढे ७० हजारभन्दा बढीको हत्या, एकलाख ७१ हजारभन्दा बढी घाइते र नौ हजार पाँचसयभन्दा बढी हराइरहेका छन्।

सन् २०२५ नोभेम्बर २९ मा गाजामा इजरायलको नरसंहारकारी युद्धको निन्दा गर्दै र संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा भएको युद्धविरामको निरन्तर र घातक उल्लङ्घनविरुद्ध, कडा विश्वव्यापी कारबाहीको माग गर्दै युरोपभरिका सहरहरूमा दसौं हजार मानिसहरूले जुलुस गरी ऐक्यवद्धता दिवस मनाएका छन्।



महासभाले पारित गरेको दुई राज्य विभाजनको नक्सा

घोषणा गरिएको युद्धविरामको बाबजुद गाजामा 'इजरायली अधिकारीहरूले अझै पनि नरसंहार गरिरहेका छन्', नयाँ आक्रमणहरू गरिरहेका छन् र महत्त्वपूर्ण सहायता पहुँचलाई रोकिरहेका छन्।

विभिन्न पेशा र तप्काका लाखौं लाख जनता सहभागी भएको विश्वव्यापी परिचालनले गाजामा मात्र ध्यान केन्द्रित गर्दैन साथै प्यालेस्टिनी अधिकारको व्यापक नसुल्झेको मुद्दामा

पनि ध्यान केन्द्रित गर्दछ ।

इटालीमा, जहाँ इजरायलको युद्धको विरुद्धमा बारम्बार सामूहिक प्रदर्शन र युनियनको नेतृत्वमा हडतालहरू परिचालन भएका छन्, कब्जा गरिएको प्यालेस्टिनी भूभागका लागि संयुक्त राष्ट्रसङ्घका विशेष प्रतिवेदक **फ्रान्सेस्का अल्बानीज** र चर्चित जलवायु कार्यकर्ता **ग्रेटा थनबर्ग**ले राजधानी रोममा भएको मुख्य प्रदर्शनमा भाग लिए ।

संयुक्त राष्ट्र महासचिव **एन्टोनियो गुटेरेस**ले एक विज्ञप्तिमा भनेका छन् – 'यति धेरै नागरिकहरूको हत्या, सम्पूर्ण जनसङ्ख्याको बारम्बार विस्थापन र मानवीय सहायतामा अवरोध कहिल्यै स्वीकार्य हुनुहुँदैन ।'

## ऐक्यवद्धता दिवस २०२५ का केही झलक




बार्सिलोना







क्यालिफोर्निया




आयरल्यान्ड




न्यु योर्क



पाकिस्तान



जेनेभा





लन्डन




फ्रान्स



मास्को







म्याड्रिड



रोम (तलको तस्बिरमा संरा सङ्घका विशेष प्रतिवेदक फ्रान्सेस्का अल्बानीज (१) र चर्चित जलवायु अभियन्ता ग्रेटा थनबर्ग (२)



स्वीडेन



तेहरान






टोक्यो



मिलान




मनिला



जोहान्सबर्ग



बेरुत




ट्युनिस




हामी उठेनौं भने को उठ्छ ?




हामी प्यालेस्टिनसँगै उठ्नेछौं !

तस्बिर : विभिन्न सञ्चारमाध्यम

# बसिल : किक बक्सिङ खेलाडी

राजकुमार लघु




बसिल त्वायना सफल किक बक्सिङ खेलाडी हुन्। उनले सन् २०२५ जुलाई २३ देखि २७ तारिखसम्म उज्बेकिस्तानको तास्केन्डमा सम्पन्न World youth Savat championship 2025 फ्रेन्च किक बक्सिङ प्रतियोगिताको ८५ केजी तौलमा नेपाललाई ऐतिहासिक रजत पदक दिलाएर नेपालको नाम स्वर्ण अक्षरले लेखाउन सफल भए र नेपालीको गौरब बढाए।

उनको जन्म २०६४ साल पुस १ गते भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा नं. ६ सूर्यविनायक टोलमा भएको थियो। बसिल त्वायनाले सन् २०२५ फेब्रुअरीमा भारतको नयाँ दिल्लीमा सम्पन्न Asian Savate Championship 2025 मा स्वर्ण पदक हासिल गरी आफ्नो खेल इतिहासमा थप पदक थापेका थिए। उनको पिताको नाम तुल्सीकुमार त्वायना र माताको नाम लक्ष्मी त्वायना हुनुहुन्छ। उनका पिता तुल्सी भादगाँउ टेलिभिजनका प्रमुख कार्यकारी भई सञ्चार जगतमा क्रियाशिल हुनुहुन्छ भने आमा लक्ष्मी त्वायना गृहणी हुर्नुहुन्छ।

बसिल त्वायनाको विद्यालय शिक्षा सूर्य विनायकमा अवस्थित एजे (आदर्श ज्योति) सेकेण्डरी स्कुलबाट प्राप्त गरेका थिए। उनले एजे स्कुलबाटै एसइइ परीक्षा उत्तीर्ण गरेका थिए भने प्लस टु ख्वप उमावि देकोचाबाट उत्तीर्ण गरेका थिए। हाल उनी ख्वप कलेजमा मानविकी विषयमा स्नातक तह अध्ययनरत छन्।

बसिल त्वायनाको रुचि खेल खेल्नु, अध्ययन गर्नु र कलाकारिताको माध्यमबाट आफ्नो पहिचान बनाउनु हो। उनले सुरुमा एजे स्कूलबाटै एउटा नाटकमा अभिनय गर्ने मौका पाए। त्यसपछि ख्वप कलेजबाट मात्रै ख्याल र नाटक गरी ६ वटा नाटकमा अभिनय गरेका छन्। उनले अभिनय गरेका नाटक तथा ख्यालहरूमा गंगालालको चित्ता, वयँ खिचा लगायतका छन्। उनले नेपाल भाषा साहित्य तःमुंज्या तथा सांस्कृतिक कार्यक्रमको दबुमा पनि नाटकमा अभिनय गरेर आफ्नो कलाकारिता प्रदर्शन गरेका थिए।

बसिल त्वायना धिमाय लालाखिं बाजा र धां बाजाका कलाकार पनि हुन्। उनले घट्खा दाफा भजन समुहबाट लालाखिं बाजाको प्रशिक्षण लिएका थिए भने न्यु फ्युजन कम्प्युटर इन्स्टिच्युटबाट धां बाजाको प्रशिक्षण पुरा गरेका थिए।

बसिलको खेलको प्रेरणश्रोत उनकै बुबा तुल्सीकुमार त्वायना भएको उनी बताउँछन्।

बसिलले विसं २०८० सालदेखि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कमलविनायक बक्सिङ प्रशिक्षण हलमा दुई वर्षसम्म बक्सिङको खेलको प्रशिक्षण लिएका थिए। उनको बक्सिङको गुरु केदार तुइतुइ हुनुहुन्छ। त्यसपछि उनी किक बक्सिङ्गतिर लागे। उनले राष्ट्रिय बक्सिङ सङ्घद्वारा २०८१ सालमा सातदोबाटोमा आयोजित विद्यालयस्तरीय जुनियर व्वाइज बक्सिङ प्रतियोगितामा प्रतिस्पर्धा गरेका थिए।

हालै उनले World Youth Savat Championship



2025 प्रतियोगिता सहभागी भएका थिए। यो प्रतियोगिता ताजकिस्तानको तास्केन्डमा २०२५ जुलाइमा भएको थियो। उनको किक बक्सिङको गुरु लक्ष्मण बस्नेत हुनुहुन्छ। ताजकिस्तानमा सम्पन्न प्रतियोगितामा उनका प्रतिस्पर्धी फ्रान्सका Eda-Pierre Melvin थिए। त्यस ८५ केजीको प्रतियोगितामा उनले रजत पदक प्राप्त गरी नेपालको खेलकुद इतिहासमा आफ्नो नाम स्वर्ण अक्षरले लेखाउन सफल भए।

Savat French kick Boxing खेल किन खेल्ने भन्ने जिज्ञासामा बसिल त्वायना भन्छन्, यस खेल स्वस्थ र अनुशासित रहनका लागि खेल्नु पर्छ। यो खेल एसियाली मुलुकका लागि नयाँ खेल हो।




यो खेलका फाइदाबारे जिज्ञासा राख्दा खेलाडी बसिलभन्छन्, यो खेल आत्मसुरक्षाका लागि र मानसिक स्वास्थ्यका लागि फाइदा जनक छ।

भावि योजना के छ भन्ने प्रश्नमा बसिल भन्छन्, खेलमा निरन्तर लागेर पदक जिती देशको नाम चम्काउने र यस खेलको निरन्तर प्रशिक्षण दिने। त्यसका लागि उनका आदरणीय टोलका बक्सिङ खेलाडीहरू राजाराम साख र गणेश सांगामीसँगै नयाँ प्रशिक्षण स्थलका लागि आवश्यक तयारी गरिरहेका बताउँछन्।

अविस्मरणीय खेलबारे जिज्ञासा राख्दा उनले Savat French kick Boxing प्रतियोगितामा रजत पदक जितेको क्षण उनको अविस्मरणीय क्षण भएको बताए।

युवा खेलाडीहरूका लागि सल्लाह सुझाव के छ भनी प्रश्न गर्दा उनी भन्छन्, आफ्नै देशमा बस्नु, आफ्नै देशमा रोजगारी गरी देशका लागि केही गर्नु। आफूसँग भएको कला क्षमता आफ्नै देशमा प्रस्फुटन गर्नु पर्छ।

(वार्ता र उनको प्रमाणपत्रमा आधारित)

# प्रेरणीय

## सुगालाई साधुको सन्देश

सेठ र उनकी धर्मपत्नी हरेक दिन सत्संगमा जान्थे। सेठले एउटा सुगा पालेका थिए। एक दिन सुगाले सेठसित सोध्यो– सेठजी, तपाईँहरू हरेक दिन कहाँ जानुहुन्छ ? सेठले जवाफ दिए– हामी हरेक दिन साधुमहाराजको सत्संग सुन्न जान्छौँ। सेठजीको जवाफ सुनेपछि सुगाले भन्यो– हजुरहरू सत्संगमा जानुहुन्छ भने कृपया साधुमहाराजसँग म कहिले स्वतन्त्र हुन्छु भनेर पनि सोधिदिनुहोस् न है ? हुन्छ, हामी सोधिदिउँला भनेर उनीहरू सत्संग सुन्न गए। सत्संग समाप्त भयो। सबै श्रोता बाहिरिएपछि सेठजीले सोधे– साधुमहाराज, मैले एउटा सुगा पालेको छु। त्यसले आज एउटा प्रश्न हजुरसामु राखिदिन अनुरोध गरेको छ। ऊ जान्न चाहन्छ कि ऊ कहिले स्वतन्त्र हुनेछ ?

प्रश्न सुन्नासाथ साधु महाराज बेहोस भएर ढले। उनलाई सहयोगीहरूले उठाएर आश्रमको भित्री भागमा लगे। सेठ चुपचाप त्यहाँबाट निस्किए। उनी घर पुग्नासाथ सुगाले सोध्यो– सेठजी, मेरो स्वतन्त्रताबारे साधु महाराजले के भन्नुभयो त ? सेठले भने– तेरो भाग्य नै खोटो रहेछ। प्रश्न सोध्नासाथ साधु महाराज बेहोस भएर ढल्नुभयो। सेठको जवाफ सुनेपछि सुगाले भन्यो– केही छैन सेठजी, मैले बुझेँ।

अर्को दिन बिहान सेठ र उनकी पत्नी सत्संगका लागि निस्किँदै थिए, त्यति नै खेर सुगा पिँजरामा जानाजान छटपटाउँदै बेहोस भएर ढल्यो। सेठलाई लाग्यो, ला ! सुगा त मर्‍यो कि क्या हो ! उनले सुगालाई पिँजराबाट बाहिर निकाले। मौका पाउनासाथ सुगा भुर्र उडेर बेपत्ता भयो।

सत्संगमा पुग्नासाथ साधुले सेठसित सोधे– हिजो तपाईँ सुगाको बारेमा केही सोध्दै हुनुहुन्थ्यो, अब ऊ कहाँ छ ? सेठले भने– महाराज, आज बिहानै ऊ जानाजान बेहोस भएको नाटक गरेर पिँजरामा लडेको रहेछ। मैले ऊ मरेछ भन्ने ठानेर बाहिर निकाल्नासाथ ऊ उडेर बेपत्ता भयो।

सेठको जवाफ सुनेपछि मुसुक्क मुस्कुराउँदै साधुले भने– हेर्नुहोस् त सेठजी, तपाईँ यति धेरै दिनदेखि सत्संग सुनेर पनि अझै सांसारिक मायामोहको पिँजरामा फसिरहनुभएको छ, तर त्यो सुगा भने सत्संगमा नआईकनै पनि मेरो एउटा इसारा बुझेर स्वतन्त्र भयो।

# महिला नौ बाजा वादक मनसादेवी

**सकुन्तला महर्जन**

मनसादेवी रञ्जितकार परम्परागत सांस्कृतिक सङ्गीतमा एक परिचित नाम हो। उहाँका जन्म भक्तपुर जिल्लामा वि.सं. २०३५ सालमा भएको हो। वि.सं. २०६५ सालमा ईश्वर महर्जनसँगको विवाहपश्चात् उहाँ हिजोआज मनसादेवी रञ्जित महर्जन नामले परिचित हुनुहुन्छ।



भक्तपुरको याछेँ टोलमा सङ्गीतमय पारिवारिक वातावरणमा हुर्कनुभएको उहाँले वि.सं. २०५१ सालमा विद्यालयस्तरीय परीक्षा (एसएलसी) पश्चात् मात्र परम्परागत सङ्गीतको ज्ञान लिने अवसर प्राप्त भयो। त्यो वेला महिलाहरूलाई परम्परागत सङ्गीत सिक्ने र सिकाउने वातावरण थिएन। एकातिर नास द्यः (नाट्येश्वर) लाई हेर्न नहुने परम्परागत धारणा अर्कोतिर वाद्यवादनमा नास द्यः को बास हुने विश्वास। महिलाहरूको मासिक धर्मले गर्दा त्यसलाई बिटुलो पार्न सक्छ भन्ने मानसिकता रहेको अवस्थामा बुबा हरिगोविन्द रञ्जितकारले उहाँलाई नौ बाजामध्ये एक धाँ बाजाको ज्ञान अनौपचारिक रूपमै दिनुभयो। बाजाको अनौपचारिक शिक्षा प्राप्त गरेपश्चात् दीक्षा दिने समयमा समाजमा बाजा बजाएर बाहिर निस्कन उहाँलाई केही समस्या भयो। बुबाको सल्लाह र इच्छाअनुसार वि.सं. २०५२ सालको बिस्का जात्राको दिनमा याछेँमा गणेश जात्रा हुने दिन उहाँले सर्वप्रथम आफ्नो प्रतिभा समाजमाझ प्रस्तुत गर्नुभयो। त्यसपछि मङ्गलचौथीको साँझ याछेँको फल्चामा बुबासँगै बाजा बजाउन जानुभयो। मङ्गलचौथी, बिस्का जात्राको महानवमी तथा सकिमना पुन्हिको दिनमा विशेष प्रस्तुति हुने गर्दथ्यो।




उहाँले सर्वप्रथम धाँ बाजा बजाएर जात्रामा सहभागी हुँदा सबैले राम्रो छ त भन्नुभयो तर उहाँको पछाडि धेरैले कुरा काटे। नेपाली समाजमा महिलाहरूको जीवनमा विवाहको ठूलो स्थान रहेको छ। उहाँलाई पनि परम्परागत सङ्गीतमा आबद्ध भएकै कारण पछि विवाह गर्न गाह्रो हुने भन्नेजस्ता कुरा नभएको होइन। उहाँको बुबाको आशीर्वादका साथ पढाइ सँगसँगै उहाँले अन्य बाजा पनि बजाउन सिक्नुभयो। नौ बाजाअन्तर्गत धाँ, कोत, ढोलक, ढाँचा, कोखिँचा, धिमेचा, नायखिँचा, पछिमा, नगडा बाजाहरूको उहाँलाई ज्ञान छ। उहाँले आफूसँग भएको ज्ञान आफूमा मात्र सीमित नराखी आफूजस्तै अरू महिला दिदी बहिनीहरूलाई पनि सिकाउनुभयो। उहाँले भक्तपुरमा अवस्थित द राइजिङ इङ्ग्लिस स्कूलका विद्यार्थीहरूलाई ७ वर्ष सङ्गीतको ज्ञान दिनुभयो।

परम्परागत लोक सङ्गीतमा आफ्नो फरक पहिचान बनाउन सफल मनसादेवीको साङ्गीतिक जीवनमा विवाहपश्चात् भने केही परिवर्तन भयो। भक्तपुर जन्मथलो रहे तापनि उहाँको कर्मथलो कीर्तिपुर भएको छ। दुई ठाउँको सांस्कृतिक भिन्नता तथा भौगोलिक दूरीको कारण उहाँसँग भएको नौ बाजा सङ्गीतको ज्ञान आज खुम्चिन पुगेको छ।

रञ्जितकार समाजबाट प्रथम महिला नौ बाजा वादकको परिचय बनाउन सफल मनसादेवी रञ्जित महर्जन हाल कीर्तिपुर नगरपालिकाको पाँगामा आफ्नै निवासमा टेलरिङ व्यवसाय गर्दै आउनुभएको छ। सांस्कृतिक नगर कीर्तिपुरमा यदि कुनै दिन नौ बाजाले स्थान पाउँछ वा कसैले नौ बाजा सिक्न इच्छा गरेमा आफूले सक्दो सहयोग गर्न तयार रहेको विचार मनसादेवी रञ्जित महर्जनको रहेको छ।

सौजन्य : भादगाउँ टेलिभिजन

## विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८२ - पदक, पुरस्कार र खेल सामग्री वितरण (केही झलक)











































































# योमरी उत्सव २०८२

















# योमारी प्रतियोगिताको परिणाम



तृतीय : स्वप्रिङ ई. एकेडेमी, भनपा ८



प्रथम : छिकोङ समूह, भनपा ८



सान्त्वना : भादगाउँ दिदी बहिनी समूह, भनपा ६



द्वितीय : विश्वकर्मा भैल प्यारवँ खल:, तौलाछैं, भनपा ९



सान्त्वना : सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि., भनपा ४

# गोपालराज वंशावली



[धनवज्र बज्राचार्य (विसं १९८८–२०५१) र कमलप्रकाश मल्ल (विसं १९९३–२०७५) को पुस्तक इन्टरनेट अर्काइभबाट साभार–६]

## पत्र ३६

ने.सं. ३८६ (वि.सं. १३२२) मार्ग कृष्ण षष्ठी सोमवार पूर्वाषाढानक्षत्र प्रीतियोगको दिन श्रीजयसिंहदेवका छोरा श्रीजयतुङ्गमल्लदेवको जन्म भयो। ४६ वर्ष ५ महीनाको उमेरमा, ज्येष्ठ शुक्ल षष्ठी आदित्यवार संध्या वेलामा उनको अस्त भयो।

ने.सं. ३९६ (वि.सं. १३३२) पौष कृष्ण अमावास्याको दिन रावुत श्रीजेतसिंह भारोका छोरा जोतनसिंह रावुतको जन्म भयो।

ने.सं. ३८१ (वि.सं. १३१८) ज्येष्ठ कृष्ण त्रयोदशीको दिन, श्रीजयसिंहमल्लदेवका ल्याइतेपट्टिका छोरा जेत रावुतको जन्म भयो। ५२ वर्षको उमेरमा वैशाख कृष्ण तृतीया आदित्यवारको राति युथुनिमम्की 'डोयिनि माम' (दुई माजु) देवीकहाँ तेजमाल रावुत मारिए।

ने.सं. ३९६ (वि.सं. १३३३) वैशाख कृष्ण षष्ठी श्रीयुवराज जयादित्यदेवका छोरा श्रीजयशक्तिदेवको जन्म भयो। ३९ वर्ष ५ महीनाको उमेरमा कार्त्तिक शुक्ल षष्ठीको दिन अस्त भयो।

ने.सं. ३७९ (वि.सं. १३१५) कार्त्तिक कृष्ण अमावास्याको दिन, कसं देशका चाहिने जति ब्राह्मणहरूले देउपाटनमा कैलासपूजा गरियो।

ने.सं. ३७८ (वि.सं. १३१५) चैत्र शुक्ल त्रयोदशी बुधवार हस्तनक्षत्रको दिन श्रीजयभीमदेव राजा र श्रीजयसिंहमल्लदेव युवराज यी दुवै राजाले पलांचोक देशलाई दबाई रहे; राति प्रत्याक्रमण गरियो; लड्न आउने जति खेत रहे।

ने.सं. ३७९ (वि.सं. १३१५) कार्त्तिक कृष्ण द्वितीया श्रीजयसिंहमल्लदेव युवराजले राति बलैले पसी यौक्वाठ कब्जा गरे। ... तेज भारो, राजकुलका ..., जसब्रह्म राजा, लखिंधर रावुत, माधव भारो, जगत् जसमाल भारो, यति जनाले गुहार दिएका थिए।

ने.सं. ३६४ (वि.सं. १३०१) ज्येष्ठ कृष्ण प्रतिपदाको दिन, खण्डाधार डाँडोमा डोयहरू लड्न आए। (उनीहरूलाई) रोकेर राखियो। धेरै मानिस काटिए। दल–मुखियाका रूपमा राजा रामसिंह लड्न आएका थिए। रोकिराख्नेहरूमा चोछेंका भारदार जगत्ब्रह्म पनि थिए। पछि जित भयो।

## पत्र ३७

(अनि) राजा श्रीअनर्घमल्लदेव जात्रा गरी फर्केर आए।

ने.सं. ३७६ (वि.सं. १३१३) आश्विन शुक्ल चतुर्थीको दिन बहारक्याठ (किल्ला) ले विद्रोह गऱ्यो। भोन्त (बनेपाली) श्रीजयभीमदेव, युरा भारोलाई निकालियो। (यसको) तीन दिनपछि श्रीजशिमाल प्वहले नन्दल (हाँडिगाउँ) मा लुटपीट गरे।

ने.सं. ३७७ (वि.सं. १३१४) आश्विन कृष्ण द्वादशीको दिन श्रीजयसिंहमल्लदेव प्वह पींक्वाठभित्र पुगे। भोन्त (बनेपाली) श्रीजयभीमदेव, युरा भारोले कब्जा जमाएकोमा फिर्ता लिइयो।

ने.सं. ३७६ (वि.सं. १३१३) वैशाख कृष्ण द्वितीयाको दिन ... हार भयो। श्रीजयदेव राजाले ... ठाना हाली राखेको हुनाले श्रीजयसिंहदेव प्वह भक्तपुर भित्रिए।

ने.सं. ३७६ (वि.सं. १३१३) श्रावण शुक्ल अष्टमी राति भोन्त (बनेपाली) श्रीजयभीमदेव प्वहले, श्रीयुरा भारोले भण्डशालमा जाई लागी ठूलठूला मानिस (भारादार) हरूलाई निकाला गरे; धेरै चीजबीजहरू लुटी लिए। यम्बु, यङ्गाल र युरा भारो एक गठ भए; तिपुर राजकुल र मनिगल एक गठ भए। त्यंखाशी भन्ने ठाउँमा आक्रमण गरियो।

ने.सं. ३७७ (वि.सं. १३१३) मार्ग शुक्ल पूर्णिमा आदित्यवार मृगशिरा नक्षत्रको दिन उदयदेखि १९ घडी बितेपछि वृषलग्नमा श्रीजयदेव राजालाई देउपाटन राजलंखुमा मनसर पट्टबन्ध (राज्यारोहण) को विधान गरियो; प्रजाहरूलाई भोज दिइयो। ... यस वेला यिनका गोतियाहरूले ... चारजना महाथ (महामात्य) हरू, चारजना चमर हम्कनेहरू; चारजना खड्ग लिने (खण्डागाह) हरू; चारजना प्रतिहार (द्वारे) हरू; चारजना कठिया (लठी/दण्ड) लिनेहरू; एकजना उपाध्याय (गुरुज्यू); एकजना ज्योतिषी; एकजना कहिहामा (?); एकजना देव,

यतिले वंसाह (कपडा बिछ्याई गरिने विशेष स्वागत) मा भाग लिए। पाटनका (देउपाटनका) जति राजवासमा राजाको आशौच बारी बसे। राजा खाली हुँदा प्रजाहरूले स्नान गरे; गोत्रदान गरियो।

## पत्र ३८

ने.सं. ३७५ (वि.सं. १३१२) श्रावण कृष्ण सप्तमी मङ्गलवार भरणीनक्षत्रको दिन पुह भारो र उनका छोराले चोरी गरेका हुनाले श्रीजयसिंहमल्लदेव प्वहले निकाली दिए।

ने.सं. ३७४ (वि.सं. १३११) आश्विन कृष्ण चतुर्दशीको दिन राति भ्वन्त श्रीजयदेव प्वहले किल्लामा रहेको सुन लिएको हुँदा नेपींक्वाठ र टोखाक्वाठले विद्रोह गरे।

ने.सं. ३७५ (वि.सं. १३१२) आषाढ शुक्ल तृतीया सोमवार पुनर्वसुनक्षत्र ध्रुवयोगको दिन ठूलो भूकम्प भयो; १५ दिनदेखि एक महीनासम्म 'देश' छोडी बाहिर रहनुपऱ्यो। अनेक देवल घरहरू भत्के। श्रीअभयमल्लदेवको विजयराज्यमा (यो भूकम्प भएको हो)। श्रीअभयमल्ल समेत तीन भागमा एक भाग प्रजाको मृत्यु भयो।

ने.सं. ३७६ (वि.सं. १३१२) माघ कृष्ण तृतीयाको दिन राति श्रीजयदेव प्वहले नेपींक्वाठ दखल गरे। भोलिपल्ट श्रीजयभीमदेवले फिर्ता लिए। चोछेंका आनन्द भालाई बाँधी मारे।

ने.सं. ३६२ (वि.सं. १२९८) माघ कृष्ण पञ्चमीको दिन रातिदेखि सात दिनसम्म ठूलो हिउँ पऱ्यो। तल तलसम्म पऱ्यो। पशुहरू मरे।

ने.सं. ३६४ (वि.सं. १३०१) आषाढ कृष्ण अमावास्याको दिन ठूलो पानी पऱ्यो। चार दिनसम्म घरबाट बाहिर निस्कन भएन। महामारी दुर्भिक्ष भयो।

ने.सं. ३६६ (वि.सं. १३०२) मार्ग शुक्ल सप्तमीको दिन कपा (कपन) बाट लड्दै भोयोथली (भुंथली) सम्म आएका डोयहरू घेरिए; धेरै मानिस काटिएपछि जित भयो।

ने.सं. ३६२ (वि.सं. १२९९) ज्येष्ठ कृष्ण चर्तुदशीको दिन दुवै भ्वन्त (बनेपाली) ले चायक्वाठ कब्जा गरे।

ने.सं. ३६२ (वि.सं. १२९९) द्विराषाढ कृष्ण अष्टमीको दिन गुन्देक्वाठ गोछेक्वाठ खुले। क्वाछेंका कीर्तिपाल भारोलाई पकडी ल्याई कैद गरियो; श्रावण शुक्ल प्रतिपदाको दिन बन्धनमुक्ति भयो। यथभोतजेह प्वहलाई त्रिपुरले निकालिदियो

ने.सं. ३६५ (वि.सं. १३०१) पौष कृष्ण षष्ठीको दिन नुवाकोटका कहनहदेवको मृत्यु भयो।

ने.सं. ३७० (वि.सं. १३०६) मार्ग शुक्ल चतुर्थीको दिन श्रीअनन्तमल्लदेवले जोभारोका छोरा भारोलाई युथोनिमम्‌बाट निकाले। श्रीजयसिंहमल्लदेव प्वहले भोन्त फु भारोलाई पक्रे।

## पत्र ३९

ने.सं. ३७० (वि.सं. १३०७) श्रावण शुक्ल सप्तमीको दिनदेखि महीनादिनभर ठाना हालियो। युथोनिमम् र कठ एक गठ भई चारैतिरबाट घेरा हालियो। श्रीजयसिंहमल्लदेव प्वहले निकालिदिए। ...

ने.सं. ३७६ (वि.सं. १३१३) द्वितीय आषाढ शुक्ल द्वादशीको दिन श्रीजयदेव राजाको मेनंटुटिमा नागपट्टबन्धको विधिविधान गरियो। नही प्याखं (नृत्य विशेष) नचाइयो; ...। यस साल श्रावण शुक्ल द्वादशीको दिन उदयदेखि १८ घडी बितेपछि, श्रीजयदेव राजाको एन्दलमा पनि पट्टबन्ध गरियो।

ने.सं. ३७४ (वि.सं. १३११) आश्विन कृष्ण द्वितीया आदित्यवार अश्विनीनक्षत्र हर्षणयोगको दिन देउपाटन, ढंछे आदिले उदयदेखि ६ घडी बितेपछि श्रीजयदेव राजाको पट्टबन्ध गरियो। राजसामग्री सम्पूर्ण (पाँचै) राखिएका थिए। सुनौलापत्र छत्र, हीराधार छत्र, हनकन छत्र, कनकदण्ड छत्र, सिंहध्वज। ढोक २, खिंजा ८, ठूला काहल १६, ट्वाक काहल २४, छत्रधर ३। गुरीछेंमा राजाद्वारा ढाल तरबार राख्ने कार्य भयो। बनेपाली भट्टिही (भट्टारिका/देवी) कहाँ पताका टाँगियो। गोतियाहरूले कोटाय (?) गरे।

ने.सं. ३५२ (वि.सं. १२६२) चैत्र, श्रीअभयमल्लदेवको विजयराज्यमा ठूलो अनिकाल पऱ्यो। एक द्रम्मले दुइ कुडव मात्र चामल पाइने भयो। एक द्रम्मले नून तेल एक पल मात्र पाइने भयो। सुन एक पलको मूल्य द्रम्म पल पौने तीन भयो। एक कर्ष चाँदीको २० द्रम्म पऱ्यो। पहिपो (?) को ७२ द्रम्म पऱ्यो। खष्टखण्डा (?) को २४ द्रम्म पऱ्यो। यो भाउ वर्षभरि नै रह्यो। तीन भागमा एक भाग जनताको मृत्यु भयो। यस वेला पलांखचो (पलांचोक) का श्रीउदयसिंहदेव, महाथ उदमाल भाको विरुद्ध त्रिपुर, देउपाटन, बनेपा, नुवाकोट, फर्पिङ एक गठ भए। पलांचोकले यिनीहरूलाई रोक्यो। पछि हटी चण्डेश्वरचोमा किल्ला बनायो। बनेपाबाट धान लियो। यसपछि जेवछेंमण्डलीले सुन लिई पलांचोकले ... ठूलो आगो लगायो।

(क्रमशः)

व्यक्तिगत घटना दर्ता समयमै गरौं

# नेवा: नां (२)



सङ्कलक :
शान्तराज शाक्य

## मिसा मस्तय्गु नां

| न्हापा | थौंकन्हय् | अर्थ |
|---|---|---|
| ताया | ताया | : मन्तुना, भा:पिया । |
| तासुना | तासुना | : लक्ष्य । |
| तिकि | तिकि | : फुति । |
| तिमिला | तिमिला | : मिला, चन्द्रमा । |
| तिलहिल | तिलहिल | : तियेगु तिसा । |
| तिला | तिला | : चिकं तिइगु । |
| तिलिकता | तिलिकता | : छता स्वां । |
| तिसा | तिसा | : गहना । |
| तिसिना | तिसिना | : निचोड, सारांस । |
| तुम्ला | तुम्ला | : मिला, चन्द्रमा । |
| तेवा | तेवा | : प्रेरणा । |
| थसाची | थसाची | : वहयागु ताहाक:गु सिन्ह: । |
| थापना, थापन | थपं | : नीस्वना, पलिस्था । |
| थापुजा | थापुजा | : थापना याना पुज्यायेगु ज्या । |
| थिनला | थिंला | : ने.सं.या निगूगु महीना । |
| दसि | दसि | : प्रमाण । |
| दाफ्वलस्वान | दाफोस्वां | : व्हाइट जस्मीन, तुयूगु स्वां । |
| दिखा | दिखा | : दिक्षा । |
| दितला | दिल्ला | : ने.सं.या गुगूगु महीना । |
| दिपस्ता | दिपस्ता | : छता मरिया नां । |
| दिपाल | दिपा: | : विश्राम । |
| दिपंखा | दिपंखा | : यलय् बौद्धतय्गु त:धंगु जात्रा । |
| दिसि | दिसि | : महायान बौद्धतय् त:धंगु नख: । |
| दुन्ता | दुन्ता | : अर्पण । |
| दुना | दुना | : पा:ल्हा: । |
| दुबसा, दुबलसा | दुब:सा | : दुनेच्वंगु । |
| दुबिस्ता | दुबिस्ता | : गोप्यनीयता । |
| दुबिना | दुबिना | : प्रवेश (जि छगु मायाय् दुबिना) |
| दुवाला | दुवाला | : मन वाला स्वयेगु । |
| दुसुना | दुसुना | : अदृश्य जुइगु । |
| देछा | देछा | : समर्पण, अर्पण । |
| देछाना | देछाना | : देछा । |
| देजला | देजला | : देशयात्रा । |
| देना | देना | : गुरुजनयात देछायेगु दां । |
| देपा | देपा | : खब:गु । |
| दोहलपा | इहलपा | : समर्पण, उपहार । |
| धोलकिपा | ध्व:किपा | : रेखाचित्र । |
| ध्याउना | ध्याउना | : चिन्तन, ध्यान मग्न । |
| नकिन | नकिं | : नेत्री, नायिका । |
| नचा | नचा | : कलिलो, नूतन । |
| नमिला | नमिला | : तिमिला । |
| नमिँ | नमिँ | : आकासय् नमि ग्याइगु । |
| नवल, नवलि | न:ला, न:लि | : नूतन, नवीन, नव । |
| नवलिस्वान | न:लिस्वां | : मोहनीबलय् पीगु स्वां । |
| नसना, नसति, | नसं | : प्रभात । |
| नसला, नुसला | नसला | : शुद्ध यायेगु । |
| नाला | नाला | : स्वीकार्य । |
| निसरा | निसरा | : अय्ला: निधा: । |
| निसलाख | निसला: | : नैवेद्य, सिधा । |
| निसु | निसु | : मसिन । |
| नुगलकि | नुग:की | : ससुद्य:यागु आखेय् । |
| नुमिला | नुमिला | : तिमिला । |
| पचलि | पचलि | : नाजा:म्ह पचलि द्य: । |
| पतूका | पतूका | : सँ प्याकीबलय् छेनय् हिकिगु का |
| पनजा | पनजा | : सघदानया जा । |
| पनकी | पनकी | : दू (डोली) । |
| पल्पसा, पलिभसा | पल्पसा | : हाबलासा, न्हसला । |
| पलिसा | पलेसा, पौसा | : पौसा, पलेसा । |
| पलिस्था | पलिस्था | : नीस्वना, स्थापना । |
| पलिस्वान, पलेस्वान | पलिस्वां | : कमल । |
| पलेहल | पलेह: | : पलेह: । |
| पसुका | पसुका | : पञ्चसुत्रका । |
| पाचिना | पाचिना | : पाचिनेगु । |
| पामिला | पामिला | : छपागु तिमिला । |
| पारु | पारु | : प्रतिपदा, तिथिया न्हापांगु तिथि |
| पालिजात | पालिजा: | : पारिजात स्वां । |
| पातंका | पातंका | : सँ प्याकीबलय् मा:गु का । |
| पिचु | पिचु | : चुलुसे च्वंगु । |
| पिथना | पिथना | : पिकयागु । |
| पिबलसा | पिब:सा | : आवरण । |
| पियजा | पिइजा | : पीजा । |
| पिलुन | पिलुं | : धैर्य । |
| पिया | पिया | : प्रतिक्षा । |
| पीजा | पीजा | : ब्वाइइया वइगु । |
| पुनथकुन | पुनथकुं | : लोकंह्वा:गु नेवा: नां । |
| पूमिला | पुन्हि | : पूर्णिमा । |
| पोहेला | पोहेला | : ने.सं.या स्वंगूगु ला । |
| फलकी | फलके | : पवित्र नसा । |

(कथहं)

(साभार : 'नेवा: नां', नेसं ११२७ सफुलिं)

## भक्तपुर नगरपालिका गतिविधि

# ३४ औँ अपाङ्गता दिवस

## व्यक्तित्व विकासमा अगाडि बढ्न अपाङ्गता भएकाहरू पनि योग्य र सक्षम हुनुपर्ने




३४ औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा अपाङ्गता दिवस कार्यक्रम मङ्सिर १७ गते वडा नं. १ कार्यालय परिसरमा सम्पन्न भयो ।

सोही अवसर पारेर भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले नगरभित्रका अपाङ्गता भएकाहरूलाई न्यानो ज्याकेट र पोषिलो पिठो (सतु) वितरण गर्नुका साथै ख्वप अस्पतालको प्राविधिक सहयोगमा अपाङ्गता भएका व्यक्ति र परिवारहरूको लागि स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो ।

कार्यक्रममा प्रमुख **सुनिल प्रजापति**ले व्यक्तित्व विकासमा अगाडि बढ्न अपाङ्गता भएकाहरू पनि योग्य र सक्षम हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा अपाङ्गता भएकाहरूलाई प्राथमिकतामा राख्दै आएको बताउनुहुँदै उहाँले अपाङ्गता भएकाहरूले पनि देश विदेशमा पनि उल्लेखनीय काम गरेको उदाहरण प्रस्तुत गर्नुभयो ।

उहाँले अभिभावकको साथ र सहयोगले अपाङ्गता भएकाहरू शैक्षिक, सामाजिक रूपमा अगाडि बढ्न सक्ने बताउनुहुँदै अपाङ्गता भएकाहरूको बिचमा पनि समानता



आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा अपाङ्गतासम्बन्धी अस्थायी समन्वय समितिका संयोजक एवं उपप्रमुख **रजनी जोशी**ले नगरभित्र ७०३ जना अपाङ्गता भएकाहरू रहेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै भक्तपुर नपाले प्रत्येक वर्ष अपाङ्गता भएकाहरूको हक अधिकार सुनिश्चित गराई सामाजिक अस्तित्व कायम गराउन विविध गतिविधिहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले प्रत्येक वर्ष यो दिवसलाई विशेष ढङ्गले मनाउँदै आएको बताउनुहुँदै उहाँले अपाङ्गता भएकाहरूको माग, आवश्यकता र समस्याबारे सम्बन्धित निकाय संवेदनशील हुन जरुरी रहेको बताउनुभयो ।

अपाङ्गतासम्बन्धी अस्थायी समन्वय समितिका सदस्य **हिमालयश्वरलाल मूल**ले बालबालिकामा हुने अपाङ्गता छिटो पहिचान भए त्यसको उपचार पनि सहज हुने बताउनुहुँदै अपाङ्गता भएकाहरूलाई आत्मबल बढाउने गतिविधिहरू सञ्चालन गर्दै जानुपर्ने बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने अपाङ्गता समितिका सदस्य **श्यामकृष्ण खत्री** र कार्यपालिका सदस्य **रोशनमैँया सुवाल**ले अपाङ्गता दिवस मनाउनुको उद्देश्यमाथि प्रष्ट पार्नुभयो ।



कार्यक्रममा भक्तपुर नपाभित्र सञ्चालित अपाङ्गताको क्षेत्रमा कार्यरत सङ्घ संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो ।

## ट्राफिक प्रहरी भक्तपुरलाई सामग्री हस्तान्तरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मङ्सिर २२ गते काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय, ट्राफिक प्रहरी प्रभाग कमलविनायक भक्तपुरलाई केही सामग्रीहरू हस्तान्तरण गर्नुभयो ।

भक्तपुर नगरपालिकाले ट्राफिक प्रहरी प्रभाग कमलविनायक भक्तपुरलाई स्टील दराज, लाइब्रेरी मेच, अफिस टेबुल, प्रिन्टर, खाट, इलेक्ट्रिक वाटर डिस्पेन्सर, कार्पेट र पर्दालगायतका सामग्रीहरू सहयोगको रूपमा प्रदान गरिएको थियो ।

## लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको समापन




हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर मनाइने लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सम्पन्न भयो ।

सोही क्रममा भक्तपुर नगरपालिकाको आयोजनामा 'प्रविधिको सही प्रयोग गरौँ : लैङ्गिक हिंसा अन्त्य गरौँ' भन्ने नाराका साथ लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको समापन कार्यक्रम मङ्सिर २४ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले महिलाहरूलाई आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक रूपले अगाडि बढाउन सकेमात्र व्यवहारमा समानता आउने बताउनुभयो ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा ५० प्रतिशत महिला अनिवार्य हुनुपर्ने व्यवस्थाले राजनैतिक रूपमा महिलाहरूको सहभागितामा वृद्धि हुने उहाँले बताउनुभयो ।

राज्यले पछाडि परेका वर्ग र समुदायलाई शासन प्रणालीमा समावेश गर्न आरक्षणको व्यवस्था गरेको बताउनुहुँदै उहाँले आरक्षणको व्यवस्थाले प्रतिस्पर्धाको भावनामा कमी आउन सक्ने र योग्यहरू ओझेलमा पर्न सक्ने सम्भावना रहेको उल्लेख गर्नुभयो ।



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा मात्र ५९ प्रतिशत छात्राहरू अध्ययनरत रहेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै उहाँले नतिजामा पनि छात्राहरूको प्रदर्शन उत्कृष्ट रहेको बताउनुभयो ।

समाजवादी व्यवस्थामा महिलाहरूले व्यक्तित्व विकासमा समान अवसर पाउने बताउनुहुँदै उहाँले शिक्षामा अगाडि बढेको देशले छिटो विकास गर्ने बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानलाई प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले सबै समुदायदेखि तहसम्म विभिन्न गतिविधि र कार्यक्रम गरी यो दिवस मनाउन थालिएको बताउनुहुँदै महिलाहरू सक्षम, आत्मनिर्भर र सचेत भए हिंसा न्यूनीकरण पनि हुने बताउनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले व्यक्तिगत जीवनलाई आवश्यकभन्दा पनि सार्वजनिक गर्न आवश्यक भएको

बताउनुहुँदै सूचना र प्रविधिको गलत प्रयोगले ठूलो घटना घट्ने बताउनुभयो।

ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी**ले लैङ्गिक हिंसाका कानुनी पक्षबारे प्रस्तुतीकरण दिनुभयो।

आईटी इन्जिनियर **नरेश खत्री**ले प्रविधिमार्फत पनि विभिन्न हिंसा हुनसक्नेतर्फ सचेत पार्नुहुँदै आईटीको प्रयोगबाट समाजमा पर्न सक्ने सकारात्मक र नकारात्मक प्रभावबारे जनचेतना जगाउन आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा कार्यपालिका सदस्य द्वय **रोशनमैंया सुवाल**, **छोरीमैंया सुजखु र** ७ नं. वडाका वडा सदस्य **हेरा ख्याजु**ले पनि बोल्नुभएको थियो।

## सचेतना तथा अभिमुखीकरण




त्यसैगरी 'लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान' अन्तर्गत भक्तपुर नगरपालिका वडा नं. ७ वडा कार्यालयको आयोजनामा सचेतना तथा अभिमुखीकरण कार्यक्रम भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भन्नुभयो, 'आजको २१ औं शताब्दीको युग विज्ञान र प्रविधिको हो। मोबाइल, इन्टरनेट, सामाजिक सञ्जालले हाम्रो दैनिक जीवन सहज सुविधायुक्त बनाएको छ। तर, यसको गलत प्रयोगले समाजमा साइबर हिंसा, लैङ्गिक हिंसा बढिरहेको हुँदा सही प्रयोग गर्नु जरूरी छ।'

भक्तपुर नगरपालिकाको कार्यक्रम र गतिविधिबारे जानकारी दिनुहुँदै उपप्रमुख जोशीले नगरपालिकाले नियमितरूपमा सचेतना कार्यक्रम सञ्चालन गरिरहेको र आजको कार्यक्रम त्यसैको सिलसिला भएको बताउनुभयो।

वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले धार्मिक अन्धविश्वास त्यागेर व्यवहारिक जीवन जिउनुपर्ने बताउनुभयो।

राजनीतिकरूपमा सचेत र सङ्गठित हुनु जरूरी भएको उहाँले बताउनुभयो।

कार्यक्रममा वडा सदस्यहरू **हेरा ख्याजु** र **रञ्जना त्वाती**ले पनि बोल्नुभएको थियो।

## सचेतना कार्यक्रम



त्यस्तै भक्तपुर नगरपालिका-१० वडा कार्यालयको आयोजनामा सचेतना कार्यक्रम भयो।

कार्यक्रममा वडा अध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले भन्नुभयो, 'समाज र घर-घरमा सचेतना नफैलेसम्म सरकारको प्रयास मात्रले लैङ्गिक हिंसा अन्त्य हुँदैन। प्रत्येक नागरिकको सक्रियता समाजलाई सुरक्षित बनाउने आधार हो।'

उहाँले सम्बन्ध बिच्छेदका मुद्दा बढ्नुको मुख्य कारणमध्ये लैङ्गिक हिंसा पनि एक हो भन्नुभयो।

वडा सदस्य **तारादेवी शाक्य**ले शिक्षित र सचेत समाज निर्माण गर्न सके लैङ्गिक हिंसा अन्त्य गर्न सकिने बताउनुभयो।

कार्यक्रममा स्वयम्सेविका **रामलक्ष्मी अवाल** र **देव त्वानाबासु**ले पनि बोल्नुभएको थियो।

## टेलिभिजनसम्बन्धी क्षमता अभिवृद्धि तालिम

# सञ्चारमाध्यमले आस्थाको पत्रकारितामा जोड दिनुपर्ने

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित टेलिभिजनसम्बन्धी १५ दिने क्षमता अभिवृद्धि तालिम मङ्सिर २८ गते सम्पन्न भयो।



तालिम समापन कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव **प्रेम सुवाल**ले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुहुँदै पत्रकारिता राज्यको चौथो महत्त्वपूर्ण अङ्ग भएको बताउनुहुँदै टेलिभिजन सञ्चालनको लागि अनुभवी जनशक्ति र विषयगत जानकारी आवश्यक भएको बताउनुभयो ।

राज्यको महत्त्वपूर्ण अङ्गको रूपमा रहेको सञ्चारमाध्यमले नाफाको लागि नभई आस्थाको पत्रकारितामा जोड दिनुपर्ने बताउनुहुँदै उहाँले सञ्चारमाध्यमहरूले जनताको समस्यालाई अगाडि सार्न मद्दत पुऱ्याउनुपर्छ भन्नुभयो ।

केही सञ्चारमाध्यमहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई डेमोक्र्याट र प्रजग कोरियाका किम जोन उनलाई तानाशाही भन्दै भ्रम र झूटा समाचारहरू प्रचारप्रसार गर्दै आइरहेको बताउनुभयो ।

उहाँले सरकारले २० वर्ष पुरानो गाडी सञ्चालन गर्न नदिने निर्णयको खण्डन गर्नुहुँदै पुराना गाडीहरू मर्मत गरी पुनः सञ्चालन गर्न सकिने र नगरपालिकाले गाडी मर्मतका तालिमहरू सञ्चालन गरी जनशक्ति उत्पादन गर्नेतर्फ पनि जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले नगर र नगरपालिकाका गतिविधिहरू सञ्चारमाध्यममार्फत व्यापक प्रचारप्रसार गर्दै आएको बताउनुहुँदै समाज परिवर्तनको लागि सञ्चारमाध्यम सशक्त माध्यम हो भन्नुभयो ।

उहाँले भक्तपुर नपाले आफ्नै स्वामित्वमा टिभी सञ्चालन गर्ने तयारीलाई मूर्त रूप दिन आवश्यक जनशक्ति व्यवस्थापनको लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरेको बताउनुहुँदै ख्वप टिभी दर्ता सञ्चालन प्रक्रियामा पनि अनेकौँ समस्याहरू पार गर्दै ख्वप टिभीले परीक्षण प्रसारण सुरु गरिरहेको बताउनुभयो ।



सञ्चारमाध्यममा काम गर्ने पत्रकारहरूले अन्तर्राष्ट्रवादी पत्रकारहरूको जीवनी अध्ययन गरी प्रेरणा लिन सकिने बताउनुहुँदै उहाँले पत्रकारहरूले प्रचलित ऐन कानुनको ज्ञान पनि राख्नुपर्छ भन्नुभयो ।

तालिमका प्रशिक्षक **कृष्णकाजी मानन्धर**ले सिक्ने सिकाउने काम जीवन पर्यन्त चलिरहने बताउनुहुँदै १५ दिने तालिममा सबैले सिक्ने र सिकाउने अवसर पाएको बताउनुभयो ।

टिभी सञ्चालन गर्ने भक्तपुर नगरपालिका देशकै पहिलो स्थानीय तह भएको बताउजुहुँदै उहाँले सूचना र प्रविधिको युगमा यसको सही र व्यापक प्रयोगले नगरको प्रचारप्रसार अझ सशक्त बनाउन सकिने बताउनुभयो ।

कार्यक्रममा ख्वप टिभीका व्यवस्थापक **रविन्द्रप्रसाद कुसी**ले पनि बोल्नुभएको थियो भने प्रशिक्षार्थीहरू **रमिता बासुकला** र **शम्भुचरण राजभण्डारी**ले तालिम अनुभव सुनाउनुभयो ।

## पर्यटन विकास गरी आर्थिक स्तर वृद्धि गर्नु महोत्सव आयोजनाको उद्देश्य



भक्तपुर महोत्सव २०८१ भव्य रूपमा सम्पन्न भएको ठिक एक वर्ष पूरा भएको अवसरमा भक्तपुर महोत्सव सचिवालयको आयोजनामा महोत्सवबारे एक विशेष छलफल कार्यक्रम मङ्सिर २८ गते भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले महोत्सव राम्रोसँग सम्पन्न भएकोमा सहयोगी सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्नुहुँदै अथक मिहिनेत गर्नुहुने सचिवालयका सदस्यहरू लगायत विशिष्ट व्यक्तिहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

प्रमुख प्रजापतिले सांस्कृतिक नगर एवम् प्राचीन सहरको मूर्त तथा अमूर्त कला र संस्कृतिको संरक्षण भएको, ऐतिहासिक सम्पदाहरू जीर्णोद्धार र पुनःनिर्माण सम्पन्न भइसकेकोले ती सम्पदाहरू प्रदर्शनमार्फत भक्तपुरको पर्यटन विकास गरी यहाँका

जनताको आर्थिक स्तर बढाउन नगरपालिकाले महोत्सव आयोजना गर्नु नै मुख्य उद्देश्य रहेको कुरा स्पस्ट पार्नुभयो।

उहाँले भक्तपुर महोत्सवबाट भक्तपुर नगरको राम्रो प्रचारप्रसार हुनु नै हाम्रो लागि फाइदा हो भन्नुभयो। नगरको सन्तुलित विकास गर्न विभिन्न समयमा नगरका सबै क्षेत्रहरूमा उत्सव तथा कार्यक्रमहरूको आयोजना गरेको प्रकाश पार्नुहुँदै उहाँले भक्तपुर महोत्सवबाट भक्तपुरको आन्तरिक पर्यटन प्रवर्द्धन गर्न महोत्सव प्रभावकारी भएको बताउनुभयो।

प्रमुख प्रजापतिले ऐतिहासिक नगर भक्तपुर सानो भए तापनि यहाँको मौलिक कला र संस्कृति जगेर्ना गरी भविष्यमा यहाँको जनताको आयआर्जनको मुख्य स्रोत पर्यटन व्यवसाय नै बनाउन लागिपरेको उल्लेख गर्नुहुँदै त्यसका लागि भक्तपुरका पर्यटकीय क्षेत्रहरूमा सवारी साधनमुक्त नगरको रूपमा विकास गर्न प्रयासरत रहेको र यस सहरलाई कसरी पर्यटकीय हिसाबले अझ विशेष बनाउने भन्नेबारे अडिग रहेको बताउनुभयो।

प्रमुख प्रजापतिले प्रजग कोरिया र क्युवा भौगोलिक हिसाबले सानो भएर पनि हरेक हिसाबले सक्षम र सार्वभौम रहेको उदाहरण प्रस्तुत गर्नुहुँदै हामी पनि त्यही बाटो अँगालेर अगाडि बढ्नुपर्नेमा जोड दिनुहुँदै पैसाले नभई भावनाले राम्रो काम गर्ने भएकाले यसबारे सबैलाई सचेत पार्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, 'राज्यले आम्दानी र खर्चको सन्तुलन कायम गर्न नसक्दा राज्य नै असफल हुन्छ। तसर्थ, खर्च र आम्दानीको व्यवस्थापन गर्नु राज्यको दायित्व हो। हामीले हरेक काम जनताको भावनाअनुसार गर्नुपर्ने र आलोचनादेखि डराउने होइन; कमी कमजारीलाई आत्मसात गरी त्यसलाई सच्याउनुपर्छ।'

हामीले फाइदाको लागि भन्दा पनि रोजगारीको अवसर सिर्जना गर्न पनि काम गर्नुपर्ने औँल्याउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले भक्तपुर नगरका शैक्षिक क्षेत्रको विकास गर्न ख्वप कलेजसमेत सञ्चालन गरी ४५ हजार विद्यार्थीहरूलाई अध्यापन गरिसकेको बताउनुभयो। यसबाट भक्तपुर नगर शिक्षाको केन्द्रको रूपमा विकास भइरहेको उहाँले प्रस्ट पार्नुभयो।

जनतालाई स्वास्थ्य सेवा प्रदान गर्न भक्तपुर नगरपालिकाले ख्वप अस्पताल सञ्चालन गरी न्यून शुल्कमा उपचार सेवा दिइरहेको प्रस्ट पार्नुहुँदै उहाँले कोभिडको समयमा जनताको बिचमा गएर जनताकै सहयोगमा अक्सिजन प्लान्ट स्थापना, नि:शुल्क आइसोलेसन सञ्चालन गरेको बताउनुभयो।

महोत्सव सचिवालय संयोजक **गौतमप्रसाद लासिवा**ले भक्तपुर महोत्सवलाई जनताको महोत्सव बनाउने उद्देश्य सफल भएको बताउनुहुँदै भक्तपुर महोत्सव एउटा अध्ययन केन्द्रको रूपमा विकास भएको अतिथि पाहुनाहरूको कथनबारे प्रकाश पार्नुभयो।

भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउन नगरभरि नै महोत्सव विभिन्न गतिविधिहरू प्रदर्शन र सम्पूर्ण जनता सहभागी हुने वातावरण तयार गरेको उल्लेख गर्नुहुँदै भक्तपुर महोत्सव तयारीको क्रममा महोत्सव सचिवालयले महोत्सवलाई सफल पार्न नगरवासी र जनप्रतिनिधिहरूसँग समन्वय गरी कार्य गरेको बताउनुभयो। उहाँले भक्तपुर महोत्सवबाट भक्तपुरको सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा टेवा पुगेको बताउनुभयो।

सचिवालयका सदस्य **दामोदर सुवाल**ले भविष्यमा पनि भक्तपुरमा पर्यटन उद्योगलाई विकास गर्न यस्तै महोत्सवहरूको नियमित आयोजना गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष **दिपेशराज शर्मा**, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका पूर्वअध्यक्ष **वीरेन्द्र जति**, **रामसुन्दर सुजखु**, **मुरज दिदिया**, **विकास प्रजापति**, **रामसुन्दर भेले**, **न्हुज किजु** र **रीना प्रजापति**ले पनि आ-आफ्नो अनुभव व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथिले विशेष सहयोग पुर्‍याउनुहुने सबैलाई मायाको चिनो प्रदान गर्नुभयो।

# महाकाली पीठ परिसरमा सफाइ कार्यक्रम




भक्तपुर नगरपालिका-६ स्थित महाकाली पीठ परिसरमा पुस १ गते सरसफाइ कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष **रविन्द्र ज्याख्व**ले सरसफाइलाई संस्कारको रूपमा अगाडि बढाउँदै आएको बताउनुहुँदै दैनिक क्रियाकलापको अभिन्न अङ्गको रूपमा सरसफाइ सभ्यताको प्रतीक रहेको

समेत बताउनुभयो ।

उहाँले महाकाली पीठमा भनपाले ज्येष्ठ नागरिकहरूको लागि आदर निकेतन बनाउन सञ्चालन गर्ने प्रक्रियामा रहेको समेत बताउनुभयो ।

भनपाले अरनिको सभा भवन बनाउन थालनी गरिसकेको र धमाधम काम हुँदै गरेको र विभिन्न गतिविधि गर्ने अवसर प्राप्त हुने बताउनुभयो ।



कार्यक्रममा वडा नं. ६ का वडा सदस्य **सिद्धिराम अवाल**ले पाक्षिक कार्यक्रम अनुसार गरिँदै आएको बताउनुहुँदै भक्तपुरलाई स्वच्छ सुन्दर बनाउन नगरका विभिन्न स्थलहरू सफाइ गरिँदै आएको बताउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले पनि बोल्नुभएको थियो ।



कार्यक्रममा स्थानीय व्यक्ति, जनप्रतिनिधि तथा कर्मचारी लगायत सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

**पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो ।**

# नगर प्रमुख प्रजापतिद्वारा ज्येष्ठ नागरिकहरुलाई पौष्टिक सातु, ऊनको टोपी र गलबन्दी, लौरो वितरण



नेपाल सरकारले प्रत्येक वर्ष पुस ११ गतेको दिनलाई 'राष्ट्रिय ज्येष्ठ नागरिक दिवस'को रूपमा मनाउँदै आएको छ । पाँचौं राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा भक्तपुर नगरपालिकाले आज नगरपालिकाभित्र सञ्चालित भक्तपुर आदर निकेतन, सिद्धि शालिग्राम वृद्धाश्रम र सहारा केयर होममा रहेका ज्येष्ठ नागरिकहरूलाई पौष्टिक सातु, ऊनको टोपी र गलबन्दी, लौरो वितरण गरेको छ ।

सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर आदर निकेतनका ज्येष्ठ नागरिकहरूलाई पौष्टिक सातु, उनको टोपी र गलबन्दी, लौरोलगायतका सामग्रीहरू वितरण गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले जेष्ठ नागरिकको मिहिनेत र योगदानले नै नयाँ समाज निर्माण हुने बताउनुहुँदै उहाँहरूको योगदानको कदर स्वरूप नगरपालिकाले विभिन्न कार्यक्रमहरू गर्दै आएको बताउनुभयो ।

उहाँले जेष्ठ नागरिकको मानसिक र शारीरिक स्वास्थ्य राम्रो भए मात्र उहाँहरूको आयु पनि लामो हुने बताउनुहुँदै सक्रिय जीवन व्यतीत गर्न पनि जेष्ठ नागरिकहरूलाई आदर निकेतनको खाँचो रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका आफैंले पनि आदर निकेतन सञ्चालनको तयारी गरिरहेको बताउनुहुँदै उहाँहरूको खानपिन, स्वास्थ्य परीक्षण, सरसफाइ, सकारात्मक

सोच विकासतर्फ पनि जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष **रविन्द्र ज्याख्व**ले जेष्ठ नागरिक सम्मानस्वरूप यो दिवस आयोजना गरिएको बताउनुहुँदै भक्तपुर नगरपालिकाले भक्तपुर नगरमा सञ्चालित तीनवटा आदर निकेतनहरूमा सामग्री वितरण कार्यक्रम राखेको बताउनुभयो ।



कार्यक्रममा भक्तपुर आदर निकेतन सञ्चालक समितिका अध्यक्ष **लक्ष्मीप्रसाद कुसी**ले जेष्ठ नागरिकको सेवाको लागि २०७२ सालदेखि नै भक्तपुर बचत तथा ऋण सहकारी संस्थाले आदर निकेतन सञ्चालन गर्न प्रयास गरिरहेको र तीन वर्ष अगाडि मात्र भक्तपुर आदर निकेतन सञ्चालनमा ल्याउन सफल भएको बताउनुभयो । उहाँले जेष्ठ नागरिकहरूको स्वास्थ्य शिविर, विभिन्न ठाउँहरूमा भ्रमण र रचनात्मक गतिविधि गरी जेष्ठ नागरिकहरूलाई सक्रिय बनाउने र मानसिक स्वास्थ्य राम्रो बनाउने काम गर्दै आएको बताउनुभयो ।

## सफाइकर्मीहरूको भेला



भक्तपुर नगरपालिका वातावरण समितिको आयोजनामा भक्तपुर नपामा कार्यरत वडा निरीक्षक, ड्राईभर र हेल्पर हरूको भेला पुस १५ गते भयो ।

भेलामा वातावरण समितिका सदस्य एवम् वडा नं. २ का कार्यपालिका सदस्य **मञ्जुमैया लाखाजु**ले फोहोर छुट्याएर सङ्कलन गर्दा ड्राइभर हेल्परहरूलाई गुनासा आएको चर्चा गर्नुहुँदै जनसङ्ख्या बृद्धिसँगै फोहोरमैलामा पनि समस्या बढिर हेकोले वातावरण जोगाउने कष्टसाध्य काममा हामीले योगदान गर्नुपर्ने बताउनुभयो । उहाँले भक्तपुर राम्रो, सफा सुन्दर हुनुमा सफाइ कर्मचारीको देन रहेको बताउनुहुँदै तल्लो तहमा अझै पनि कमीकमजोरीहरू सुधार गर्नुपर्ने पक्ष रहेको बताउनुभयो ।

उहाँले हाम्रो सांस्कृतिक स्तर उठाउन निरन्तर सिकाइले मात्र व्यवहार परिवर्तन गर्न सक्ने बताउनुभयो ।

उहाँले खौमा इन्द्रायणी मन्दिरमा छाना छाउँदा प्राप्त श्रमदान र आर्थिक सहयोगले बालबच्चादेखि बृद्धबृद्धासम्म हौसिएको बताउनुभयो ।

कार्यक्रममा श्यानिटेशन प्रमुख **दिलिप कुमार सुवाल**ले २०५१ सालमा ७ वटा ट्याक्टरले फोहोर उठाएकोमा फोहोर बढेसँगै कर्मचारी सवारी साधन बढेर ठूलो जमात भएको बताउनुहुँदै ड्राइभर हेल्परहरूले सुधार गर्नुपर्ने, फोहोर न्यूनीकर ण गर्ने, फोहोर छुट्याउने, फोहोरलाई मोहर बनाउने सिकिर हेको बताउनुभयो ।

उहाँले सधैं शिष्ट व्यवहार गर्नुपर्ने कुरामा जोड दिनुहुँदै निरीक्षकहरूले पनि सरसफाइमा थप ध्यान दिए भक्तपुरको वातावरण प्रदूषणबाट बचाउँछ भन्नुभयो ।

कार्यक्रममा वडानिरीक्षक **रामकृष्ण प्रजापति**ले भेला आयोजनाको उद्देश्य हामीले गरिरहेको सफाइ सम्बन्धी जिम्मेवार कामलाई अझ इमानदार, अनुशासित र प्रभावकारी बनाउन हो भन्नुभयो । उहाँले सफाइको काम सानो होइन, यो समाज सेवाको महान् काम भएको बताउनुभयो ।

## हनुमानघाट परिसरमा सरसफाइ



भक्तपुर नगरपालिकाको पाक्षिक सरसफाइ कार्यक्रमअन्तर्गत हनुमानघाट परिसरमा सरसफाइ कार्यक्रम पुस १५ गते सम्पन्न भयो ।

कार्यक्रममा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले हनुमानघाट पवित्र धार्मिक तीर्थस्थल भएकोले यहाँका मठमन्दिर, घाट, देवालय, सम्पदाहरूको संरक्षण र संवर्द्धन भक्तपुर नपाले गरिरहेको र सार्वजनिक सम्पत्ति संरक्षण गरी वातावरण सुधार र विभिन्न विकासका कार्यहरू गर्दै आएको बताउनुभयो ।

खोलामा नियमितरूपमा माटो झिकी नगरवासीहरूको सहयोगमा सरसफाइ गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले कार्यक्रममा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

वडा सदस्य **हेरा ख्याजु**ले भक्तपुर नगरलाई अझ सफा र सुन्दर नगर बनाउन सरसफाइमा विशेष प्राथमिकतामा राखी प्रत्येक घर–घरको कुहिने र नकुहिने फोहोर सङ्कलन गरी नपा आफैले कम्पोस्ट मल बनाई फोहोरलाई व्यवस्थापन गरिरहेको बताउनुभयो ।

## eQmk'/ gkfsf]cgudg

## कमलविनायकमा

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा कमलविनायकमा १० वटा पसलहरूमा पुस १३ गते बजार अनुगमन भयो । अनुगमनमा पेटी र पेटीमुनि सामानहरू राखेको कडाइका साथ हटाउन निर्देशन दिइएको थियो ।

अनुगमनमा कमलविनायक इलेक्ट्रोनिक्समा व्यवसाय नवीकरण तीन दिनभित्र गर्न निर्देशन दिइयो ।

भीआईपी म:म: एन्ड फास्टफुडमा म्याद नाघेका सामान मिरिन्डा जफत गरी नष्ट गरियो भने भान्छा र म:म: बनाउने ठाउँ सफा गर्न, म:म: बनाउने व्यक्तिले हेयर नेट, पञ्जा, मास्क र एप्रोन लगाउन निर्देशन दिई प्याकेजिङ म:म: खाद्य अनुज्ञापत्र लिई लेबल राखी बिक्री वितरण गर्न र पेटीमा रहेको म:म: पकाउने भाँडो हटाउन निर्देशन दिई तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दिइयो ।

जे एन्ड जे स्टोरलाई पेटी र पेटीमुनि सामान नराख्न र हटाउन निर्देशन दिई तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दिइयो ।

एस एन्ड एस स्टोर्सलाई पेटी र पेटीमुनि सामान नराख्न र हटाउन निर्देशन दिई तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दिई प्याकेजिङ सामान खाद्य अनुज्ञापत्र लिई लेबल राखी मात्र बिक्री वितरण गर्न र म्याद नाघेको सामान जीरा जफत गरी नष्ट गरियो ।

यसै गरी पुस १४ मा पनि कमलविनायकमा अनुगमन भयो । टोलीले सबैजसो पसललाई पेटी र पेटी मुनि सामान नराख्न र हटाउन निर्देशन दियो ।

अनुगमनको क्रममा अजय विजय स्टोरमा म्याद नाघेको चिटोस कुरकुरे जफत गरियो ।

एस.पि.जुस सेन्टरलाई पसल तीन दिन भित्र नवीकरण गर्न निर्देशन दियो ।

सन्तोष फुड सेन्टरमा २०७४/०७५ पछि नवीकरण नगरेकोले तीन दिनभित्र नवीकरण गर्न, कुहेको फलफुल पसलमा नराख्न निर्देशन दियो ।

रोजक एण्ड रोजन फेन्सी स्टोरलाई २०७७/०७८ पछि नवीकरण नगरेकोले तीन दिनभित्र नवीकरण गर्न निर्देशन दियो ।

माया फलफुल पसलमा म्याद नाघेको प्राण जुस जफत गरी नष्ट गरियो ।

तिमिल्सिना फेन्सी स्टोर २०७४/०७५ पछि नवीकरण नगरेकोले तीन दिनभित्र नवीकरण गर्न निर्देशन दियो ।

जे बि स्टोरको दर्ता प्रमाणपत्र पसलमा नभएकोले कागजातसहित तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन, म्याद नाघेको सामानहरू फान्टा लेमन जफत गरी नष्ट गरियो ।

सुनापाति मोबाईल रिपेयर सेन्टर दर्ता नभएकोले त्यही दर्ता गरायो ।

ए एल एस किराना पसलमा म्याद नाघेको सामानहरु फान्टा सानो, ठूलो, प्रिङ्गल चिप्स, घिउ, स्प्राइट, फाण्टा लेमन जफत गरी नष्ट गरियो ।

लक्ष्मी सुन्दर न्हुछेको तरकारी पसल दर्ता कागजात नभएकोले तीन दिनभित्र कागजातसहित नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

प्रदिप विनायक जेन्स पार्लर पसल दर्ता कागजात नभएकोले तीन दिनभित्र कागजात सहित नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

उपरोक्त अनुगमन टोलीमा समितिका सदस्य वडाध्यक्ष श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य रोशनमैयाँ सुवाल, वडा सदस्य ज्ञानबहादुर मानन्धर, रीता फसिकवा, भनपा स्यानिटेसनका न.नि. दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्यान्जु, कर शाखाका प्रभाष कुमार चालिसे, जिल्ला प्रशासन कार्यालयका नवराज पोखरेल, महानगरीय प्रहरी प्ररिसरका प्रहरी सहायक निरीक्षक तेजप्रसाद खतिवडा र कमलकुमार श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापाको सहभागिता थियो ।

# शैक्षिक गतिविधि

## 'नेपालको शिक्षा विदेशको लागि सस्तो ज्यामी हुनुहुँदैन'



भक्तपुर नगरपालिकाको आयोजनामा मङ्सिर १६ गते नगरभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक तथा प्रिन्सिपलहरूको भेला भयो।

भेलामा नगरपालिका प्रमुख **सुनिल प्रजापति**ले विद्यालयहरूले भौतिक संरचनामा भन्दा शिक्षाको गुणस्तरमा प्रतिस्पर्धा गर्न अग्रसर हुनुपर्ने बताउनुहुँदै भक्तपुरको शिक्षा राम्रो भएकै कारण ज्ञानविज्ञान र अनुसन्धानको केन्द्रको रूपमा विकास भइरहेको बताउनुभयो।

परीक्षाले शैक्षिक उपलब्धी मापन गर्ने र समग्र शैक्षिक प्रक्रियाको विश्लेषण गर्ने बताउनुहुँदै उहाँले परीक्षा प्रणालीलाई व्यवस्थित बनाउन नगरपालिकाले जोड दिँदै आएको बताउनुभयो।

राज्यले शिक्षामा गरेको लगानीअनुसार प्रतिफल पनि उपलब्धीपूर्ण बनाउने प्रयास शिक्षाकर्मीहरूबाट हुनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले 'नेपालको शिक्षा विदेशको लागि सस्तो ज्यामी हुनुहुँदैन' भन्नुभयो।

नगरका विद्यार्थीहरूलाई शैक्षिक सँगसँगै अतिरिक्त क्रियाकलापमा पनि सक्रिय बनाउन भक्तपुर नगरपालिकाले विद्यार्थी लक्षित विभिन्न गतिविधिलाई अगाडि बढाउँदै आएको बताउनुहुँदै भक्तपुरको शैक्षिक उन्नयनको लागि नगरका विद्यालयहरू योजनाबद्ध ढङ्गले सञ्चालन हुनुपर्ने बताउनुभयो।

प्रमुख प्रजापतिले विद्यार्थीको उत्तीर्ण प्रतिशत बढाउनेमा भन्दा पनि योग्य, संस्कारयुक्त र असल नागरिक तयार गर्नेतर्फ ध्यान केन्द्रित हुनुपर्ने बताउनुहुँदै योग्य शिक्षकबाट योग्य र अनुशासित विद्यार्थीहरू उत्पादन हुने बताउनुभयो।

भेलामा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले नगरपालिकाको आयोजनामा मङ्सिर २५ गतेबाट सुरु हुने विद्यालयस्तरीय खेलकुद प्रतियोगिताबारे विस्तृतमा जानकारी गराउनुहुँदै उक्त प्रतियोगितामा नगरका ९२ वटै विद्यालयको सहभागिता रहने विश्वास व्यक्त गर्नुभयो।

नगर शिक्षा शाखा भक्तपुरका प्रमुख **साधुराम फुयाल**ले प्रिन्सिपल भेलामार्फत नपाको शैक्षिक र खेलकुद नीतिबारे छलफल गर्न समय समयमा भेला कार्यक्रम आयोजना गर्दै आएको बताउनुहुँदै नगरपालिकाले विद्यालय अनुगमन सफ्टवेयरमार्फत गरिरहेको जानकारी गराउनुभयो।



कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुर नगरपालिकाकाले ख्वपको पहिचान सन्दर्भ सामग्री पुस्तकको रूपमा प्रकाशन गर्ने तयारी गरिरहेको बताउनुहुँदै परिमार्जित पाठ्यक्रमअनुसार परीक्षा सञ्चालन गर्न लागेको हुँदा सोहीअनुसार विद्यालयलाई तयारीको लागि अनुरोध गर्नुभयो। नपाको आयोजनामा हुन लागेको योमरी प्रतियोगिता र विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा पनि सक्रिय सहभागिताको लागि अनुरोध गर्नुभयो।

## प्रजातन्त्र सुदृढीकरणमा कानुन व्यवसायीको भूमिकाबारे अभिमुखीकरण



भक्तपुर नपाबाट सञ्चालित ख्वप कलेज अफ लको आयोजना र निर्वाचन आयोगको सहयोग तथा सहकार्यमा मङ्सिर १७ गते 'प्रजातन्त्र र प्रजातन्त्र सुदृढीकरणमा कानुन व्यवसायीको भूमिका' विषयमा एकदिने अभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रम निर्वाचन आयोगको सभाकक्षमा सम्पन्न भयो।

अभिमुखीकरण सत्रको सहजीकरण उपसचिव कमल ज्ञवाली, कम्प्युटर अधिकृत सुमन घिमिरे, शाखा अधिकृत तुल्सीराम भगत, नायब सुब्बा धीरेन्द्र शाही तथा प्रमिला कोइरालाले गर्नुभएको थियो।

हाल देशभर भएका आन्दोलन र राजनीतिक अस्थिरतापछि प्रजातन्त्रको स्थायित्व, विश्वसनीयता र जनविश्वास पुनर्स्थापनामा स्वतन्त्र, निष्पक्ष र पारदर्शी निर्वाचनको अपरिहार्यता सम्बन्धी विषय कार्यक्रमको प्रमुख केन्द्रमा रह्यो। सहभागी प्रशिक्षकहरूले वर्तमान संवेदनशील राजनीतिक परिवेशमा निर्वाचन नै जनताको म्यान्डेट नवीकरण गर्ने, लोकतान्त्रिक संस्थाहरूलाई बलियो बनाउने तथा सामाजिक स्थिरता कायम गर्ने प्रमुख माध्यम हुने कुरा स्पष्ट पार्नुभयो।

आयोगले आसन्न फागुन २१ गते हुने निर्वाचनका लागि गरिरहेको तयारी, मतदाताको सहभागिता वृद्धि गर्न अपनाइएका रणनीति तथा वैकल्पिक मतदान प्रणाली विस्तारमा रहेका कानुनी र स्रोतगत चुनौतीबारे पनि विस्तृत जानकारी प्रदान गऱ्यो। विशेषगरी विदेशमा रहेका नेपाली तथा बेजिल्लामा रहेका मतदाताहरूलाई कानुनी संरचना अभावका कारण मतदान प्रक्रियामा सहभागी गराउन नसकिएको उल्लेख गरियो।

निर्वाचनसम्बन्धी कानुनलाई एकीकृत गरी तयार पारिएको मस्यौदा कानुन गृह मन्त्रालयमा पेस गरिए पनि लामो समयदेखि विधेयक अगाडि नबढाएको कारण वैकल्पिक मतदान प्रणाली र समग्र निर्वाचन सुधार प्रभावित भएको जानकारी पनि प्रशिक्षकहरूले गराउनुभयो।

कार्यक्रममा ख्वप कलेज अफ लका तेस्रो वर्षका विद्यार्थीहरूले नमुना मतदान अभ्याससहित निर्वाचन प्रक्रिया, लोकतान्त्रिक शासन प्रणाली र प्रजातन्त्रको संरक्षण तथा प्रवर्द्धनमा कानुन व्यवसायीहरूको महत्त्वपूर्ण भूमिकाबारे व्यवहारिक ज्ञान तथा अनुभव हासिल गरेका थिए। कार्यक्रममा ख्वप कलेज अफ लका शिक्षक राजु कैती र सिरिषा पोटे पनि सहभागी हुनुहुन्थ्यो।

## ख्वप कलेजको नीति तथा कार्यक्रम सर्वसम्मतिबाट पारित

भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा



ख्वप कलेजको दोस्रो कलेज सभा मङ्सिर २२ गते सम्पन्न भयो।

सभामा प्रमुख **प्रजापति**ले भक्तपुरको शैक्षिक परिवर्तनमा भक्तपुर नपाबाट सञ्चालित कलेजहरूको उल्लेखनीय योगदान रहेको उल्लेख गर्नुहुँदै कलेजहरूले विद्यार्थीको चाहना र मागबमोजिम नयाँ नयाँ विषय थप्दै लाने विषयमा जोड दिँदै आएको बताउनुभयो।

'एक घर एक स्नातक' अवधारणालाई साकार पार्न यी कलेजहरूले विशेष भूमिका खेले पनि सरकारले नियोजित रूपमा विद्यार्थीलाई बिदेसिन बाध्य पारिरहेको उहाँले बताउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, 'शिक्षालाई जोड दिँदै कामदारवर्गलाई माथि उठाउने र कम शुल्कमा गुणस्तरीय शिक्षा दिने उद्देश्यले भक्तपुर नगरपालिकाले कलेजहरू स्थापना गरेको हो; यी कलेजहरू स्थापना गर्नमा जनप्रतिनिधि, भक्तपुर नगरपालिकाबाहेक अप्रत्यक्षरूपमा सहयोग गर्ने नगरवासीहरू हुन्, हामीले उहाँहरूको योगदानलाई कदापि भुल्नु हुँदैन।'

वाग्मती प्रदेशसभाका सांसद एवं कलेज सभाका सदस्य **सुरेन्द्रराज गोसाईं**ले नगरपालिकाबाट सञ्चालित कलेजहरू एउटा स्तरीय ब्रान्ड भइसकेकोले कलेजले स-साना कुरामा ध्यान दिई अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो।

विद्यार्थी, अभिभावक र शिक्षकहरूको समय सुहाउँदो मागलाई सम्बोधन गर्दै ख्वप सर्कलले अन्य शैक्षिक सङ्घसंस्थासँग सहकार्य गरी अगाडि बढ्नुपर्ने उहाँले बताउनुभयो।

प्रतिस्पर्धी होइन सहकार्यको भावना राखी सहकार्य गर्दै अगाडि बढ्नुपर्ने र सामाजिक उत्तरदायित्व बहन गर्न सक्षम हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

भक्तपुर नगरपालिकाका उपमेयर एवं कलेज सभाका उपाध्यक्ष **रजनी जोशी**ले ख्वप सर्कलले दक्ष जनशक्ति उत्पादन गर्दै प्रतिस्पर्धी र देशभक्त नागरिक तयार गरिरहेको बताउनुहुँदै कलेजले भक्तपुरको पहिचानसहितको गतिविधिलाई अगाडि बढाउनुपर्छ भन्नुभयो।

उहाँले वैज्ञानिक समाज निर्माण गर्नेतर्फ संस्था अगाडि बढ्नुपर्ने धारणा राख्नुहुँदै ख्वप विश्वविद्यालय सञ्चालन गर्ने

नगरपालिकाको उद्देश्य रहेको प्रस्ट पार्नुभयो ।

सभामा कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले पेस गर्नुभएको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन र कलेजको आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम सर्वसम्मतिबाट पारित गरिएको थियो ।

प्रतिवेदनमाथि कलेज सभासद्हरू ई. सुनिल दुवाल, ई. सुजन माक, डा. रत्नसुन्दर लासिवा, प्रा.डा. राजुभाइ त्यातले टिप्पणी गर्नुभएको थियो ।

## ख्वप कलेज अफ इन्जिनियरिङको दोस्रो कलेज सभा सम्पन्न



ख्वप कलेज अफ इन्जिनियरिङको दोस्रो कलेज सभा कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा मङ्सिर २४ गते कलेजको सभाहलमा सम्पन्न भयो ।

सभामा प्रमुख **प्रजापति**ले जनताको निरन्तर साथ र सहयोगले विभिन्न चुनौतीहरूसँग सामना गर्दै अगाडि बढ्दै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले गरेको प्रगति गौरव गर्न लायक भएको बताउनुभयो ।

नाफाको लागि नभई जनताको सेवाको लागि नगरपालिकाले शैक्षिक संस्था र अस्पतालहरू सञ्चालन गरिरहेको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले तल्लो वर्गका जनतालाई शिक्षित र सुसंस्कृत बनाई समाजलाई बुद्धिजीवीकरण गर्ने भनपाको लक्ष्य रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'अग्रजहरूको भावना र सोचलाई आत्मसात गर्दै हिजोभन्दा अझ सक्रियरूपमा अगाडि बढ्नु जरुरी छ । विभिन्न जिल्ला, नगर तथा कार्यालयहरूमा पुग्दा ख्वपका विद्यार्थीहरू भेट हुने गरेको र उहाँहरूको कार्यकुशलता तथा सेवा उत्कृष्ट भएको जानकारी पाउँदा हामीलाई खुसी लाग्छ । देशभरबाट मात्र नभई मित्र देशका प्रतिनिधिहरू पनि भक्तपुर नगरपालिका तथा यहाँको शैक्षिक संस्थाहरूको अवलोकन भ्रमण गर्न आउँदा भक्तपुरले धेरै उदाहरणीय कार्य गरेको व्यक्त गर्छन् ।'

विद्यार्थीको रूचि र मागअनुसार कलेजले नयाँ नयाँ विषय अध्यापनको लागि कार्यक्रम थप गर्दै जाने बताउनुहुँदै प्रमुख प्रजापतिले कलेजको प्रगतिको लागि कलेज सभाका सम्पूर्ण सदस्यहरू, जनताको साथ र सहयोग रहने विश्वास दिलाउनुभयो ।

सभामा विशेष अतिथि वाग्मती प्रदेशका सभासद् **सुरेन्द्रराज गोसाईं**ले देश, कलेज तथा जनताको सम्पत्तिको सुरक्षाको लागि सबै सचेत र जिम्मेवार हुनुपर्ने औँल्याउनुभयो ।

देशको सम्पदा जोगाउने दायित्व प्राध्यापक, बुद्धिजीवी र विद्यार्थी सबैको भएको हुँदा उत्तिकै जिम्मेवार हुनुपर्ने र नयाँ पुस्तालाई पनि जिम्मेवार बन्न प्रेरित गर्नुपर्ने उहाँले बताउनुभयो ।

सभामा भक्तपुर नपाका उपप्रमुख एवम् कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने र २१ औँ शताब्दीको लागि योग्य नागरिक तयार गर्न कलेजले पुऱ्याएको योगदानको चर्चा गर्नुहुँदै स्पष्ट सक्षम नेतृत्वले गर्दा नगरपालिकाद्वारा सञ्चालित संस्थाहरूले स्थायित्व पाएको चर्चा गर्नुभयो ।

सभामा कलेजका प्राचार्य ई. **सुनिल दुवाल**ले कलेजको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन र आ. व. २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो ।

सभामा सभासद्हरूले प्रस्तुत प्रतिवेदन तथा नीति तथा कार्यक्रममाथि टीकाटिप्पणी गर्नुभएको थियो ।

सभाले प्रतिवेदन, नीति तथा कार्यक्रम संशोधनसहित पारित गरिएको थियो ।

## ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको वार्षिकोत्सव

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित



ख्वप इन्जिनियरिङ कलेजको २४ औँ र ख्वप कलेज अफ इन्जिनियरिङको १७ औँ वार्षिकोत्सव कार्यक्रमको मङ्सिर २६ गते एक समारोहबिच उद्घाटन गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि **बिजुक्छेँ**ले कलेजमा कार्यरत प्राध्यापक र कर्मचारीको मिहिनेत र कर्तव्यबोधले गर्दा ख्वपको छुट्टै पहिचान कायम भएको बताउनुभयो ।



सशस्त्र क्रान्ति र जनमतले मात्र देशमा आमूल परिवर्तन सम्भव हुने बताउनुहुँदै उहाँले शासकहरूको सामन्तवादी सोचकै कारण ख्वप विश्वविद्यालयले सम्बन्धन नपाएको बताउनुभयो ।

जेनजी आन्दोलनको नाममा देशमा प्रत्यक्ष रूपमा वैदेशिक हस्तक्षेप भएको बताउनुहुँदै उहाँले एनजीओ आइएनजीओले बिनास्वार्थ कुनै पनि देशमा सहयोग गर्दैन भन्नुभयो ।

देशको राजनीति कतातिर गएको छ भन्ने कुरा अझै अन्योल नै रहेको बताउनुहुँदै उहाँले शिक्षक, कर्मचारी, बौद्धिक व्यक्तित्वहरूमा देश र जनताको नि:स्वार्थ सेवा गर्ने भावना हुनुपर्छ भन्नुभयो ।

महिलाहरूलाई रोगको जोखिम तुलनात्मक रूपमा धेरै छ भन्नुहुँदै उहाँले सरकारले गाउँ गाउँमा क्यान्सर परीक्षणका शिविरहरू सञ्चालन गर्नुपर्ने आजको आवश्यकता हो भन्नुभयो ।

कार्यक्रमका सभापति कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शिक्षाको माध्यमबाट समाज परिवर्तन गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले विभिन्न शैक्षिक संस्थाहरू स्थापना गरेको बताउनुभयो ।

जस्तोसुकै कठिन परिस्थितिमा पनि अविचलित भई अगाडि बढेकै कारण आज भक्तपुर शैक्षिक र ज्ञानविज्ञानको केन्द्र बन्न सकेको बताउनुहुँदै उहाँले नेमकिपाको दूरदर्शी सोचले भक्तपुर निर्माणको आधार तय भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालनको लागि आवश्यक सबै भौतिक पूर्वाधार निर्माण गरिसक्दा पनि शासकहरूको पक्षपातपूर्ण व्यवहारले गर्दा सम्बन्धन नपाएको बताउनुहुँदै ख्वप विश्वविद्यालयलाई छुट्टै विशेषताका साथ सञ्चालन गर्ने योजना रहेको बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेश सभा सदस्य **सृजना सैंजु**ले ख्वप सर्कलले विद्यार्थीहरूलाई किताबी ज्ञानसँगसँगै व्यवहारिक र सामाजिक उत्तरदायित्वका विषयमा पनि प्रशिक्षित गर्दै आएको बताउनुभयो ।

ख्वप सर्कलले विश्वविद्यालयको स्तरमा उच्च शिक्षा पठनपाठन गर्दै आएको बताउनुहुँदै उहाँले शासक दलको संकीर्णताकै कारण ख्वप विश्वविद्यालय सम्बन्धनमा ढिलाइ भइरहेको बताउनुभयो ।

उहाँले राज्यको महत्त्वपूर्ण सम्पदा र धरोहर जल्दा पनि मौन बस्ने बौद्धिक जमातले गर्दा देश क्षणभरमै ध्वस्त हुन पुगेको बताउनुभयो ।

यस्तै भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिका सांस्कृतिक र शैक्षिक रूपमा अगाडि बढेको नगर हो भन्नुहुँदै उहाँले ख्वप इ. कलेजले विद्यार्थीहरूलाई यहाँको कला संस्कृतिको महत्त्व र पुन:निर्माणबारे अध्ययन अध्यापन गराउँदै आएको बताउनुभयो ।

त्यस्तै भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले कलेजको वार्षिकोत्सवको उतरोत्तर प्रगतिको कामना गर्नुहुँदै नपाबाट सञ्चालित कलेजहरूले भक्तपुर नगरपालिकाकै पहिचान बढाउने काम गरेको बताउनुभयो ।

उहाँले ख्वप सर्कल नगरपालिकाको सफलताको मानक बनेको बताउनुहुँदै कलेजले अध्ययन अनुसन्धानलाई शिक्षा विकासको मुख्य आधार बनाई अगाडि बढाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक** र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले कलेजको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

ख्वप कलेज अफ इ. का उपप्राचार्य इ. **रत्नशोभा प्रजापति** र कर्मचारी **राजन जति**ले पनि बोल्नुभएको थियो ।



सो अवसरमा कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले कर्मचारी, प्राध्यापकहरूलाई सम्मान पत्र तथा वार्षिकोत्सवको अवसरमा आयोजित खेलकुद प्रतियोगिताहरूका विजेताहरूलाई मेडल तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।

# विद्यार्थीको स्वागत तथा विदाइ कार्यक्रम




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव **प्रेम सुवाल**ले ख्वप इन्जिनियरिङ कलेजको २४ औँ र ख्वप कलेज अफ इन्जिनियरिङको १७ औँ बार्षिकोत्सवको उपलक्ष्यमा मङ्सिर २७ गते आयोजित विद्यार्थी स्वागत, विदाइ तथा सांस्कृतिक कार्यक्रमका प्रमुख अतिथिको आसन ग्रहण गर्दै भन्नुभयो – 'जनताका समस्या, दुःख कष्ट र अपेक्षालाई सरकारले बेवास्ता गर्दा भाद्र २३ र २४ गतेको आन्दोलन भएको हो। हामीले पटक पटक सरकार र शासक दलका नेताहरूलाई जनताको समस्यालाई सम्बोधन गन सचेत गराउँदै आएको तर शासक दलहरूमा चेत आएन।'



प्रधानमन्त्री र मन्त्री बन्नु भनेको झन्डावाल गाडीमा सिंहदरबार भित्र बाहिर गर्नुमात्र नभएको बताउनुहुँदै सर्वसाधारण जनताका छोरा छोरीलाई सस्तो र सुलभ शिक्षा उपलब्ध गराउन संसद्मा पेश भएको ख्वप विश्वविद्यालयको विधेयक किन पास भएन ? उहाँले प्रश्न गनुभयो।

उहाँले अन्य देशमा क्रान्ति भएको १८-२० वर्षमा विकासमा अगाडि बढेको तर नेपालमा २००७ सालमा प्रजातन्त्र आएपनि ७५ वर्षसम्मपनि विकास नहुनु, कृषिप्रधान देशबाट दाल चामल आयात गर्ने देश भएको र बिजुली भारतबाट किन्नु पर्ने अवस्था आएको चर्चा गर्नुभयो।

शिक्षा स्वास्थ्य आवासलगायतको व्यवस्था गर्ने दायित्व सरकारको भएको बताउनुहुँदै उहाँले सुशासन कायम गर्न भ्रष्टाचारको अन्त्य हुनुपर्ने बताउनुभयो।

असल विद्यार्थीको उपलब्धी सिङ्गो देशको उपलब्धी भएको चर्चा गर्नुहुँदै विद्यार्थीले आफैले परीक्षण गरेर आर्जन गरेको ज्ञान दिगो र प्रभावकारी हने प्रमुख अतिथि सुवालले बताउनुभयो।



कार्यक्रममा सभापतिको आसन-बाट भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज संचालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले भक्तपुर ज्ञान विज्ञानको केन्द्रको रूपमा स्थापित हुँदै आएको चर्चा गर्नुहुँदै विद्यार्थीलाई आत्मनिर्भर हुन सुझाव दिनुभयो।

'सित्तैमा पाएँ भन्दैमा नलिनुहोस्, भोलि दासको रूपमा प्रयोग गर्छन्, दलाली गराउँछन्।' प्रजापतिले जोड दिनुभयो। २०७२ सालको भूकम्पपछि भक्तपुर नगरपालिकाका सम्पदाहरूको पुनर्निर्माणको लागि जर्मन सरकारबाट सशर्त १ अर्ब २० करोड रुपियाँ अनुदान आएको तर ती शर्तहरू देशको सार्वभौमसत्ता र संविधानविपरित भएको हुँदा सहयोग अस्वीकार गरी जनताकै पसिनाबाट भक्तपुरका १६९ वटा सम्पदाहरू पुनः निर्माण गरेको उहाँले बताउनुभयो।

उहाँले देश एनजीओ/आइएनजीओले गर्दा परनिर्भर हुने खतरा तर्फ औँल्याउनुहुँदै अमेरिकी र भारतीय स्वार्थअनुसार काम गर्दा दुई दिनमा सयौँ सम्पदा खरानी भई खबौँ सम्पत्ति नष्ट भएको र मानवीय क्षति पुगेको बताउनुभयो।

धेरै इन्जिनियरहरू अख्तियारको फन्दामा परिरहेको समाचारहरू आइरहेको अहिलेको अवस्थामा कलेजबाट उत्तीर्ण विद्यार्थीहरूले इनमादारीका साथ कार्य गर्नुपर्ने बताउनुभयो। इमानदारी, नैतिकता र धैर्य ख्वपको विशेषता भएको बताउनुहुँदै उहाँले विदेशीको सेवाको निम्ति इन्जिनियर तयार गरेको नभई देशलाई आत्मनिर्भर बनाउन हो भन्नुभयो।



कार्यक्रममा वाग्मती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले देशको धरोहर, सम्पदा र इतिहासको विनाश र विध्वंस गर्ने जोकोही-लाई पनि इतिहासले कहिले माफी नदिने बताउनुभयो।

व्यक्तिको छवि स्वच्छ भएन भने जतिसुकै ज्ञान हासिल गरेपनि महत्त्व नराख्ने उहाँले बताउनुभयो ।

प्यालिस्टाइनको ८०-९० प्रतिशत भूभाग ध्वस्त पारिएको छ तर पनि प्लालिस्टिनी जनता आफ्नो मातृभूमिको रक्षाको लागि लडिरहेको छ । हामी नेपाली देशमा केही छैन भन्दै विदेश पलायन हुँदैछौँ गोसाईले बताउनुभयो ।

संसारकै अनुशासित विद्यार्थीहरू तथा धेरै इन्जिनियरहरू रहेको देश उत्तर कोरिया भएको चर्चा गर्नुहुँदै उहाँले आफ्नै देशमा जिम्मेवार भएर देश र जनताको लागि काम गर्नुपर्ने बताउनुभयो ।



कार्यक्रममा नेपाल इन्जिनियरिङ परिषद्का अध्यक्ष प्रा.डा. **पद्मबहादुर शाही**ले नेपाल इन्जिनियरिङ परिषद्ले गुणस्तरीय इन्जिनियरिङ शिक्षाको लागि कार्य गर्दै आएको बताउनु हुँदै इन्जिनियर भई संसारकै सेवा गर्नुपर्ने बताउनुभयो । विश्वविद्यालयको पाठ्यक्रमबाट मात्र होइन जीवनको हरेक क्षणमा निरन्तर हामी केही सिकिरहेका हुन्छौँ । विद्यार्थीहरूले आफ्नो काममा निरन्तर इमानदार भई कार्य गर्नुपर्ने र आफूमा अन्तरनिहित क्षमता विकास गर्नुपर्ने शाहीले बताउनुभयो ।



कार्यक्रममा पूर्वाञ्चल विश्व-विद्यालय, इन्जि-नियरिङ संकायका डीन प्रा.डा. **भोलानाथ शर्मा घिमिरे**ले कडा मिहिनेतले नै गन्तव्यमा पुग्न सकिने बताउनु हुँदै आफ्नो बलबुतामा आफै उभिइ आत्मनिर्भर बन्न सक्यौँ भने अरू कसैले हेला गर्न नसक्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**ले विद्यार्थीको दक्ष र योग्य इन्जिनियर बन्ने सपना पूरा गर्न सम्पूर्ण कलेज परिवार एकतावद्ध भएर लाग्ने बताउनुभयो । देश र जनताको सेवा गर्ने योग्य इन्जिनियर तयार गर्नु नै हाम्रो उद्देश्य हो प्राचार्य माकले जोड दिनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले विद्यार्थीहरू कलेजमा अध्ययनरत रहँदा तथा अध्ययनपश्चात पनि सधैँ साथ र सहयोग रहने बताउनुहुँदै ख्वपको भावना अनुसार इमानदार र नैतिकवान भएर सेवा गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका उप प्राचार्य डा. **सुवेगमान बिजुक्छें**ले स्वागत गर्नुभयो भने कार्यक्रमको महत्त्वमाथि प्रशासन शाखा प्रमुख **सन्जय मानन्धर**ले प्रकाश पार्नुभयो ।



कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका उत्कृष्ट विद्यार्थी ई. **सुमिना अवा** र ख्वप कलेज अफ इन्जिनियरिङका ई. **स्वर्णिम आगन्जा**ले कलेजमा अध्ययन गर्दाको आ-आफ्नो अनुभव सुनाउनुभयो ।

कार्यक्रममा २०८२ सालमा दुवै कलेजमा भर्ना भएका नयाँ विद्यार्थीहरूको स्वागत तथा चार वर्षे इन्जिनियरिङ, पाँच वर्षे आर्किटेक्ट र दुई वर्षे स्नातकोत्तर इन्जिनियरिङ उत्तीर्ण विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गरिएको थियो ।

## ‘प्रजातन्त्रको सबलीकरणमा कानुन व्यवसायीको भूमिका’ विषयक अभिमुखीकरण

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा ‘प्रजातन्त्रको सबलीकरणमा कानुन व्यवसायीको भूमिका’ विषयक अभिमुखीकरण कार्यक्रम मङ्सिर २९ गते सम्पन्न भयो ।

कलेजमा अध्ययनरत स्नातक तहका विद्यार्थी र भक्तपुर नगरपालिकाका महिला जनप्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रममा कलेज सञ्चालक समितिको अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शासक पार्टीहरूले आफ्नो स्वार्थपूर्तिमा सहयोग पुग्ने दृष्टिकोणले कानुनको निर्माण गरिने भएकोले कानुनको पालनाभन्दा पनि कुन वर्गको हितमा कस्तो कानुन बनेको छ त्यसमा ध्यान दिनु महत्त्वपूर्ण हुने धारणा व्यक्त गर्नुभयो ।




कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई विविध विषयमा जानकारी गराउन नियमितरूपमा विशेषज्ञहरूबाट कक्षा सञ्चालन गरिरहेको र यो कार्यक्रम पनि त्यसैको निरन्तरता भएको उहाँले बताउनुभयो ।

'प्रजातन्त्रमा विभिन्न विचारहरूबिच स्वतन्त्रता र प्रतिस्पर्धा हुन्छ । निर्वाचनमा ३ प्रशितत मत ल्याउन नसकेकै आधारमा पार्टीलाई राष्ट्रिय पार्टीको मान्यता नदिने कानुन बनाउनु प्रजातान्त्रिक व्यवस्थाको गलत अभ्यास हो', प्रमुख प्रजापतिले भन्नुभयो ।

कानुन व्यवसायीहरूले कानुन पालना भइरहेको छ छैनभन्दा पनि बहुसङ्ख्यक शोषित–पीडित कामदार जनताको पक्षमा कानुन बनिरहेको छ छैन त्यो पक्षमा ध्यान दिनुपर्ने, यदि बहुसङ्ख्यक कामदार जनताको पक्षमा कानुन बनेको छैन भने त्यस्ता कानुनलाई परिवर्तन गरेर देखाउने साहस कानुनका विद्यार्थीसँग हुनुपर्ने उहाँले जोड दिनुभयो ।

शासक पार्टीको स्वार्थअनुकूल निजीकरणलाई प्राथमिकता दिने कानुन बनाउँदाको परिणाम राज्यको महत्त्वपूर्ण उद्योग तथा कलकारखानाहरू कौडीको मूल्यमा व्यक्तिको हातमा पुग्दा देश झन् झन् गरिब हुँदै गएको स्पष्ट गर्नुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'गणतन्त्र नै समस्याको समाधान नभएको भनी नेमकिपाले जनतालाई सचेत गराएको थियो, अहिले पनि गराउँदै छ । अहिलेको पूँजीपति गणतन्त्रले व्यापक कामदार जनताको हित गर्न सक्दैन ।'

पूँजीवादी गणतन्त्र र समाजवादी गणतन्त्रको भेदबारे व्यापक जनतालाई सचेत पार्नु जरुरी भएको आवश्यकता औँल्याउनुहुँदै प्रमुख प्रजापतिले उत्पादनका मुख्य–मुख्य साधन र स्रोत राज्य अर्थात सारा जनताको स्वामित्वमा हुने, शिक्षा–स्वास्थ्यको बन्दोबस्त निःशुल्क हुने, योग्यताअनुसारको काम र काम अनुसारको ज्यालाको बन्दोबस्त हुने, शोषण विरुद्धको हकको व्यवस्था हुने र जनता एक जुट हुने व्यवस्था समाजवादी गणतन्त्र भएको बताउनुभयो ।

समाजवादी व्यवस्थाकै कारण क्युवाले विश्वमा सबभन्दा राम्रो उपचारको बन्दोबस्त गर्न सकेको त्यस्तै प्रजग कोरिया जनतालाई अनुशासित बनाई आतङ्कवादका नाइके संरा अमेरिकी साम्राज्यवादलाई हाँक दिन सकेको उहाँले बताउनुभयो ।

पूँजीवादी प्रजातन्त्रले निर्वाचनलाई 'सामन्तहरूले बुढो घोडा फेर्ने' जस्तै गरिरहेकोप्रति सचेत हुनु जरुरी भएको धारणा राख्नुहुँदै उहाँले प्रजातन्त्रको नाममा एमाले/काङ्ग्रेस/माओवादी पार्टीहरूले पालैपालो सरकारमा पुगी जनतालाई शोषण गरिरहेको छ भनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'पूँजीवादी प्रजातन्त्रमा सरल जनतालाई बल, पैसाको बलमा र विभिन्न लोभ लालच तथा झूटो आश्वासन दिई पूँजीपतिहरूले निर्वाचन परिणाम आफ्नो पक्षमा पार्ने गर्दछ । यदि निर्वाचनमा कामदार जनताको उम्मेदवारहरूले जित्ने परिस्थिति सृजना भए ऐन–कानुन संशोधन गरी अर्थात निर्वाचन क्षेत्र नै फेर बदल गरी कामदार जनताका उम्मेदवारलाई हराएको गलत उदाहरण हामीले भोग्दै र देख्दै आएको हो । पूँजीपति वर्गले आफ्नो स्वार्थमा धक्का पुर्‍याउनेलाई निर्ममतापूर्वक दबाउने गरेको दृष्टान्त हामीले भुल्नु हुँदैन ।'

'निर्वाचनमा सबभन्दा बढी सचेत हुनुपर्ने जनता नै हो, जनता नसुध्रिएसम्म नेताहरू सुध्रिने छैनन् । जनता सचेत र इमानदार भए निर्वाचित भएकाहरूले बद्मासी गर्ने सम्भावना कम मात्र हुन्छ । भारतको संसद्मा प्रतिनिधित्व गर्नेहरू ३० प्रतिशतभन्दा बढी कुनै न कुनै अपराधमा संलग्न रहेको तथ्यप्रति हामी सचेत हुनैपर्छ', उहाँले भन्नुभयो ।

प्रतिक्रियावादीहरूलाई सजिलैसित जित्न नदिन, जनतालाई राजनीतिकरूपमा सचेत बनाउन, पूँजीपति वर्ग अर्थात शोषक सामन्तहरूले गरेको अन्याय अत्याचारलाई निर्वाचनको बेला जनताबिच उदाङ्ग्याउन र नेमकिपाको सिद्धान्त र विचारलाई जनतामा पुर्‍याउने दबुको रूपमा निर्वाचनलाई नेमकिपाले उपयोग गर्दै आएको स्पष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले नेमकिपाबाट निर्वाचित सांसदहरूले देश र जनताको पक्षमा कानुन बनाउन र जनताको विरोधमा बन्न लागेका कानुनहरूको विरोध गरी सरकारलाई सचेत गर्दै आएको छ भन्नुभयो ।

'निर्वाचन घोषणापत्रको लडाइँ' हुनुपर्छ । निर्वाचन घोषणापत्रअनुसार शासक पार्टीहरूले काम नगर्दाको परिणाम देश समस्यामा फस्दै गएको हो, निर्वाचन मान्छे फेर्ने होइन कामदार जनताको हित हुने शासन पद्धति लागु गर्न केन्द्रित हुनुपर्छ', प्रमुख प्रजापतिले भन्नुभयो ।

पदीय जिम्मेवारीअनुसार काम गर्न नसक्दाको परिणाम भदौ २३ र २४ गतेको विध्वंस भएको उहाँले बताउनुभयो ।

कार्यक्रममा संविधानविद् एवम् वरिष्ठ अधिवक्ता डा. **भीमार्जुन आचार्य**ले 'निर्वाचन पद्धतिका विभिन्न पक्ष' बारे जानकारी दिनुहुँदै राज्यको सबभन्दा ठूलो शक्ति सार्वभौम सत्ता रहेको जसको प्रयोग जनताले निर्वाचनको माध्यमबाट छनोट गरेको जनप्रतिनिधिमार्फत गरिने बताउनुभयो।



प्रजातन्त्रको भनेको निष्पक्ष निर्वाचन हुनु हो भन्नुहुँदै डा. आचार्यले नेपालको निर्वाचन जीवन्त हुन सकिरहेको छैन भन्नुभयो।

उहाँले भन्नुभयो, 'प्रजातन्त्रको सुन्दर पक्ष भनेको नै जनप्रतिनिधि जनताप्रति जवाफदेही हुनु हो तर, नेपालका शासक पार्टीका जनप्रतिनिधिहरू जनताप्रति जवाफदेही नभई घुस, भ्रष्टाचार कमिसनमा केन्द्रित हुनु जनताप्रतिको विश्वासघात हो।'

नेपालको प्रतिनिधिसभाको एकल सदस्य निर्वाचन प्रत्यक्ष नभई पहिलो हुने निर्वाचन प्रणाली भएको स्पष्ट पार्नुहुँदै डा. आचार्यले भन्नुभयो, 'बहुमत र बढी मतको फरकबारे बुझ्नु जरुरी छ। नेपालले अङ्गिकार गरेको बहुमत प्रणाली हो। बढी भनेको खसेको मतको कम्तिमा ५० प्रतिशत ल्याई जित्ने पद्धति हो। संसारको १०० भन्दा बढी देशमा बहुमत निर्वाचन प्रणाली लागु छ। बहुमत प्रणालीको सुन्दर पक्ष भनेको बहुमतको कदर गर्नु हो।'

जनसङ्ख्यालाई आधार बनाएर मात्र निर्वाचन क्षेत्र निर्धारण गर्दा हिमाल र पहाडको प्रतिनिधित्व नहुने खतरा औंल्याउनुहुँदै संविधानविद् आचार्यले निर्वाचन क्षेत्र नेपालको परिवेशअनुसार हिमाल, पहाड र तराई क्षेत्र समेटिएर गर्नुपर्ने सुझाव दिनुभयो।

निर्वाचन पद्धतिबारे जानकारी दिनुहुँदै उहाँले भन्नुभयो, 'जर्मनीलगायत युरोपका ९ वटा देशमा लागु भएको मिश्रित सदस्य निर्वाचन प्रणाली नेपालको लागि राम्रो हुनेछ। यो निर्वाचन प्रणाली लागू गर्न सकेमा समानुपातिक प्रणालीमा नेपालका ठूला पार्टीले बेहिसावले गरिरहेको दुरूपयोग रोक्न सकिन्छ।'

विविधता भएको समाजमा रहेका अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व कायम गर्न, राज्य सबैको हो भन्ने भावना जगाउन र अल्पङ्ख्यकहरूको प्रतिनिधित्व गराउन समानुपातिक प्रणाली आवश्यक भएको उहाँले बताउनुभयो।

कार्यक्रममा ख्वप कलेज अफ ल का प्राचार्य **अनिता जधारी**ले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुहुँदै भन्नुभयो, 'प्रजातन्त्रको मूल अवधारणा जनताको चाहनाअनुसार हुने शासन व्यवस्था हो। यो कुनै बाह्य शक्तिद्वारा थोपरिएको अवधारणा वा शासकले जनतालाई दया गरेर दिएको व्यवस्था होइन। यो जनताले आफ्नो शासक आफैले छनोट गर्न पाउने व्यववस्था हो।'



उहाँले भन्नुभयो, 'प्रजातन्त्र र स्वतन्त्रता एक-अर्काबाट अलग हुन सक्ने अवधारणा होइन। स्वतन्त्रताबिना प्रजातन्त्र केवल औपचारिक संरचना मात्र बन्न सक्छ भने प्रजातन्त्रबिना स्वतन्त्रता असुरक्षित र क्षणिक हुन्छ।'



कार्यक्रममा शिक्षक **राजु कैटी**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा सहभागी विद्यार्थीहरूको जिज्ञासालाई अतिथिहरूले स्पष्ट गर्नुभएको थियो।

## नर्सिङ तेश्रो वर्षको नतिजामा ३७ जना विशिष्ट श्रेणीसहित शतप्रतिशत उत्तीर्ण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीइभीटी) ले २०८२ श्रावण महिनामा सञ्चालन गरेको प्रमाणपत्र तह नर्सिङ तेश्रो वर्षको परीक्षाको नतिजा मिति मङ्सिर २८ गते प्रकाशन गरेको छ।

प्रकाशित नतिजाअनुसार भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहु-प्राविधिक अध्ययन संस्थानका ३९ जना विद्यार्थी सम्मिलित भएकोमा सबै विद्यार्थीहरू उत्कृष्ट अङ्कका साथ उत्तीर्ण भएका छन्।

नतिजामा जेनिशा सुलूले ९३.१८ प्रतिशतसहित उच्चतम अङ्क ल्याएको संस्थानबाट जानकारी प्राप्त भएको छ । परीक्षामा सम्मिलित ३९ जना विद्यार्थीहरूमध्ये १० जना विद्यार्थीहरूले ९० प्रतिशतभन्दा माथि, २७ जनाले ८० प्रतिशतभन्दा माथि र २ जनाले ७७ प्रतिशतभन्दा माथि अङ्क ल्याई उत्तीर्ण भएका छन् ।

## अन्तर्राष्ट्रिय कार्यशाला

# 'खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला २०२५' को उद्घाटन

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभाग, काठमाडौँ विश्वविद्यालय स्कुल अफ साइन्स, भौतिकशास्त्र विभाग, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा भएको 'खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला २०२५' को पुस ७ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा सचिव **सुवाल**ले नेमकिपाले आफ्नो राजनीतिक प्रतिबद्धताअनुसारख्वप शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको बताउँदै अन्तर्राष्ट्रिय कार्यशाला आयोजनाले युवा इन्जिनियर, वैज्ञानिक, अनुसन्धानकर्ता, प्रोफेसरहरू उत्साहित हुने र भौतिक विज्ञानतर्फ विद्यार्थीको आकर्षण बढ्ने विश्वास व्यक्त गर्नुभयो ।



नेपालको पाठ्यक्रम पुरानो भएका कारण धेरै युवा विद्यार्थीहरू उच्च शिक्षा अध्ययन र रोजगारीको नाममा विदेश जान बाध्य भइरहेको उहाँले बताउनुभयो ।

ख्वप इ. कलेज, ख्वप कलेज अफ इन्जिनियरिङलगायतका कलेजमा विद्यार्थी भर्ना योग्यता सूचीको आधारमा हुने बताउनुहुँदै उहाँले भन्नुभयो, 'तोडफोड र आगजनी समस्याको समाधान होइन, भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ, ठूलठूला भ्रष्टाचारीहरूलाई ज्यानसजायको बन्दोबस्त हुनुपर्छ ।'

चीनले इमानदारीपूर्वक कोभिड भाइरसबारे सारा जनतालाई समयमै सचेत गराएको बताउनुहुँदै उहाँले राजनीति सबै नीतिको मूल नीति भएकोले देश र जनताको नि:स्वार्थ सेवा गर्नुपर्नेमा नेमकिपाले जोड दिँदै आएको बताउनुभयो ।

फौजदारी अभियोग लागेकाहरू ठूलठूला पदमा पुग्ने स्थिति सिर्जनाले देशलाई कतातिर डोऱ्याउँदै छ भन्ने विषयमा समीक्षा हुनुपर्ने बताउनुहुँदै उहाँले सबै प्राणीको साझा घर पृथ्वी हो, पृथ्वीलाई रक्षा गर्नु मानव जीवनको कर्तव्य भएको बताउनुभयो ।



सरकारमा गएकाहरूले देश र जनताको समस्या समाधान समयमा गर्न नसक्नु र सरकारले सम्भावित दुर्घटनाको पूर्व अनुमान गर्न नसक्दा जेनजी आन्दोलन भएको राष्ट्रिय मानव अधिकार आयोगको निष्कर्ष रहेको बताउनुहुँदै उहाँले प्रधानमन्त्री र मन्त्रीहरूले देश र जनताको समस्या समयमै समाधान गर्नुपर्छ भन्ने विषयमा नेमकिपाले सडक र सदनमार्फत आवाज उठाउँदै आएको बताउनुभयो ।



भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले विश्वविद्यालयहरू अनुसन्धानमा केन्द्रित हुनुपर्छ भन्ने विषयलाई जोड दिँदै आइरहेको बताउनुहुँदै नगरपालिकाअन्तर्गत सञ्चालित कलेजहरूको लागि अनुसन्धान गर्न छुट्टै बजेट विनियोजन गर्दै आइरहेको बताउनुभयो ।



कृषिमा ६० प्रतिशतभन्दा बढी जनता आश्रित देशमा कृषि क्षेत्रमा राम्रो अनुसन्धानको बन्दोबस्त नहुनु विडम्बनाको विषय हो भन्नुहुँदै उहाँले कृषिमा व्यापक रूपमा अनुसन्धान गर्न सकेमा नेपाल खाद्यान्न आयातमा मात्र होइन, निर्यात गर्ने स्थितिमा पुग्न सकिने बताउनुभयो ।

कृषि वैज्ञानिकहरूलाई उचित सम्मान र सेवा सुविधा नहुँदा नेपालका राम्रा राम्रा कृषि वैज्ञानिकहरू विदेश पलायन भइरहेको यथार्थबारे प्रष्ट पार्नुहुँदै उहाँले वैज्ञानिकहरूलाई नेपालमै काम गर्ने वातावरण तयार गर्नु आवश्यक रहेको बताउनुभयो ।



चीनका वैज्ञानिक युआन लोङफिङले गरेको हाइब्रिड बीऊको आविष्कारले चीनलाई भोकमरीमुक्त देश बनाएको प्रसङ्ग जोड्नुहुँदै उहाँले हाम्रा विश्वविद्यालयहरूले धान, गहुँ, फलफूल, पशु, जडिबुटीको अनुसन्धान गरेर देशलाई कृषिमा आत्मनिर्भर मात्र होइन कृषि उत्पादन निर्यात गरेर पर्याप्त मात्रामा विदेशी मुद्रा आर्जन गर्नेतर्फ जोड दिनुपर्छ भन्नुभयो ।

सरकारले देशको दीर्घकालीन हितलाई ध्यानमा राखेर अनुसन्धानलाई प्राथमिकतामा दिनुपर्ने आजको आवश्यकता भएको बताउनुहुँदै उहाँले राज्यको ध्यान अनुसन्धानतर्फ केन्द्रित हुनुपर्छ भन्नुभयो ।



आयोजक समितिका संयोजक प्रा.डा. **राजु खनाल**ले भक्तपुरमा 'खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला' आयोजना गर्नुको महत्त्व र उद्देश्यमाथि प्रकाश पार्नुहुँदै स्थानीय तहबाट सञ्चालित ख्वप इ. कलेजलगायतसँग समन्वय र सहकार्यमा काम गर्न निकै सजिलो भएको बताउनुभयो ।



कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**ले ख्वप सर्कलले देशको शिक्षा विकासमा खेलेको भूमिका अग्रणी रहेको बताउनुहुँदै पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सञ्चालित ख्वप इ. कलेज पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका कलेजहरूमध्ये उत्कृष्ट कलेजको रूपमा सञ्चालनमा रहेको बताउनुभयो ।

मन्तव्य

## 'विश्वविद्यालयहरू अध्ययनसँगै अनुसन्धानमा केन्द्रित हुनुपर्छ'

- सुनिल प्रजापति

प्रमुख, भक्तपुर नगरपालिका



त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभाग, काठमाडौं विश्वविद्यालय स्कुल अफ साइन्स, भौतिकशास्त्र विभाग, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा अन्तर्राष्ट्रिय कार्यशाला गर्न पाउँदा हामी ज्यादै खुशी छौं ।

विश्वविद्यालयहरूमा फिजिक्सका विद्यार्थी घट्दै गइरहेको बेला आज हामीले 'खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला २०२५' को उद्घाटन गर्दैछौं । यस कार्यशालाले नेपालका विश्वविद्यालयहरूमा फिजिक्स पढ्ने विद्यार्थीहरूलाई उत्साहित गर्ने र नयाँ विद्यार्थीहरूको आकर्षण बढ्ने हामीले आशा

गरेका छौँ ।

भक्तपुर नगरपालिकाले दुई वटा इन्जिनियरिङ कलेजसहित ७ वटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको छ । ती मध्ये ख्वप कलेजमा विज्ञान विषयमा उच्च शिक्षाको कक्षा सञ्चालन हुँदै आएको छ । त्यहाँ हामीले फिजिक्स पढ्ने विद्यार्थीहरूको कमी अनुभवगर्दै आएका छौँ । यो कार्यशालाले हाम्रा कलेजमा पनि विद्यार्थीको आकर्षण बढ्ने आशा गरेका छौँ ।

भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यले हामीले भक्तपुर नगरपालिकामा काम गरिरहेका छौँ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले आजभन्दा दुई दशक अघि 'सय वर्षपछिको भक्तपुर'नाउँको किताब लेखेर भक्तपुरको सयवर्ष पछिको रूपरेखा कोर्नु भएको थियो । हामीले त्यसैको आधारमा काम गरिरहेका छौँ । हामी जनप्रतिनिधिहरू नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित भएर पार्टीको नीति र निर्देशनअनुसार काम गरिरहेका छौँ । शैक्षिक क्षेत्रमा पनि हामीले निर्वाचन घोषणापत्रको आधारमा काम गरिरहेका छौँ ।

नेपालका विश्वविद्यालयहरू अनुसन्धान केन्द्रित हुन नसकेको आलोचनाहरू सुनिरहेका छौँ । भक्तपुर नगपालिकाले विश्वविद्यालयहरू अनुसन्धानमा केन्द्रित हुनुपर्छ भन्ने कुरामा जोड दिँदै आइरहेको छ । नगरपालिकाअन्तर्गत सञ्चालित कलेजहरूमा अनुसन्धानको लागि छुट्टै बजेट विनियोजन गरी अनुसन्धानलाई प्राथमिकतामा राखेर काम गर्दै आइरहेका छौँ ।

कृषिमा ६० प्रतिशतभन्दा बढी जनता आश्रित देशमा कृषिक्षेत्रमा अनुसन्धानको राम्रो बन्दोबस्त छैन । कृषि अनुसन्धान परिषद् (नार्क) नाममात्रको छ । त्यहाँ दरबन्दीअनुसारको वैज्ञानिकहरू छैनन् ।कृषिमा व्यापक रूपमा अनुसन्धान गर्न सकेमा नेपाल खाद्यान्न आयात होइन, छिटै नै निर्यात गर्ने स्थितिमा पुग्न सम्भव छ । दरबन्दीअनुसार वैज्ञानिकहरू उपलब्ध नहुँदा नेपालको विभिन्न स्थानमा रहेका कृषि अनुसन्धान केन्द्रहरू बन्दप्रायः छन् । वैज्ञानिकहरूलाई उचित सम्मान र सेवा सुविधा नहुँदा नेपालका राम्रा राम्रा कृषि वैज्ञानिकहरू विदेश पलायन भइरहेका छन् । सरकारले त्यस्ता वैज्ञानिकहरूलाई नेपालमै काम गर्ने वातावरण तयार गर्नु आवश्यक छ ।

चीनका वैज्ञानिक युआन लोङफिङले हाइब्रिड बीऊको आविष्कार गरे । सन् १९७९ मा त्यो हाइब्रिड बीऊ संरा अमेरिका पठायो । चीनको इतिहासमा त्यो नै बौद्धिक सम्पत्ति हस्तान्तरणको पहिलो उदाहरण बन्यो । हाइब्रिड बीऊको आविष्कारले चीनलाई भोकमरी मुक्त देश बनायो । चीनले हाइब्रिड बीऊ निर्यात गरेर देशको अर्थतन्त्रलाई मद्दत पुऱ्याइरहेको छ । हाम्रा विश्वविद्यालयहरूले पनि धान, गहुँ, फलफूल, पशु, जडिबुटीको अनुसन्धान गरेर देशलाई कृषिमा आत्मनिर्भर मात्र होइन कृषि उत्पादन निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्नेतर्फ सोच्नु आवश्यक छ ।

औषधी खरिदको लागि वर्षको अर्बौं अर्ब रुपैञा पैसा विदेश गइरहेको छ । नेपालमा भएका जडिबुटीहरूको अनुसन्धान गरेर देशको आवश्यकताअनुसार धेरै किसिमका औषधीहरू उत्पादन गर्न सकिन्छ । पश्चिम नेपालका पहाडहरू जडिबुटी खेतीका लागि उपयुक्त छन् । सरकारले त्यसतर्फ ध्यान दिइरहेको छैन । नेपालले उपलब्ध जडिबुटीबाट औषधी उत्पादन गर्न नसक्दा हाम्रा जडिबुटीहरू कौडीको मूल्यमा भारतलाई बेचेर सुनको भाउमा किन्नु परेको छ । नेपाल विगतमा राम्रो आयुर्वेदको उपचार हुने देश पनि थियो । अहिले औषधीको लागि पूरै परनिर्भर हुँदै गएको छ । नेपाल औषधी लि. र सिंहदरबारवैद्यखाना बन्द हुने अवस्थामा पुगेका छन् । त्यहाँ उत्पादन हुने औषधी नबिकेर कर्मचारीहरूलाई तलब खुवाउन नसकेको समाचारहरू बाहिर आइरहेका छन् । नेपालका अस्पतालहरूले स्वदेशमा उत्पादित औषधि खरिद गर्नेतर्फ ध्यानदिएको देखिँदैनन् ।

यी सबै सरकारले अनुसन्धानलाई प्राथमिकतामा नराख्नु र विश्वविद्यालयहरू अनुसन्धानमा केन्द्रित हुन नसक्नुको परिणाम हो । सरकारले तत्कालको लागिमात्र सोच्ने होइन, देशको दीर्घकालीन हितलाई सोच्नु पर्ने हो । तर नेपालमा त्यस्तो भइरहेको छैन । जुनसुकै पार्टी सरकारमा गए पनि शासक पार्टीहरूले आफ्नो र दलको मात्र हित हेर्दै आएका छन् । व्यापक जनताको हितमा कसैले सोचेका छैनन् । परिणाम देश क्रमशः ऋणमा डुब्दै गएको छ । सार्वजनिक ऋण २७–२८ खर्ब पुगेको छ । देशको अर्थतन्त्र धरासायी हुँदैछ ।

अमेरिका, जापान र चीनको अर्थतन्त्र त्यत्तिकै राम्रो बनेको होइन । ती देशहरूले विश्वविद्यालयहरूलाई अनुसन्धानको केन्द्र बनाए । अनुसन्धान प्रतिवेदनहरूलाई राज्यले कार्यान्वयन गर्दै गए । वैज्ञानिकहरूलाई सम्मान र सुविधा दिए । आफ्नै देशमा बस्ने वातावरण बनाए । अझ विभिन्न देशका वैज्ञानिकहरूलाई पनि आकर्षित गरे । त्यसले राज्यको अर्थतन्त्रलाई पनि फाइदा गऱ्यो । अध्ययन र अनुसन्धानमा अगाडि बढेकै कारण ती देशहरू विश्व अर्थतन्त्रमा पनि अगाडि बढेका हुन् ।

चीनले अनुसन्धानको क्षेत्रमा असाध्यै धेरै लगानी गरेको




अन्तर्राष्ट्रिय कार्यशालामा सहभागीहरूको सामुहिक तस्बिर

छ। एक रिपोर्टअनुसार त्यहाँ १०,९०० अनुसन्धान गर्ने संस्थाहरू रहेको र ती संस्थाहरूमा ६२ लाख १० हजारभन्दा बढी मानिस अनुसन्धान र विकास (आरएण्डडी) मा संलग्न भएको देखाइएको छ। सन् २०१७मा अनुसन्धानमा प्रत्यक्ष संलग्न पूर्णकालीनहरूको सङ्ख्या ४० लाख रहेको देखाइएको छ। चीन, अमेरिका र जापानपछि तेस्रोमा सूचिकृत छ।

चिनियाँजनताको अथक मिहिनेत पछि चीनले विज्ञान र प्रविधिमा उल्लेख्य प्रगति गर्‍यो। अनुसन्धान र विकासको लागि चीनले हरेक वर्ष २० प्रतिशतको दरले औसत वृद्धि गरिरहेको पाइन्छ। सन् २०१७मा अनुसन्धान र विकासको लागि मात्र १७ खर्ब ६० अर्ब युआन खर्च गरेको अभिलेख छ। चीनको राष्ट्रिय तथ्याङ्कअनुसार त्यो कुल ग्राहस्थ उत्पादनको २.१३ प्रतिशत हो।

अहिले बौद्धिक सम्पत्तिको पनि त्यत्तिकै महत्त्व बढ्दै गएको छ। अमेरिका चीनबिच बौद्धिक सम्पत्ति खरिद बिक्री भइरहेको छ। अमेरिकाको बौद्धिक सम्पत्ति प्रयोग गरेबापत चीनले हरेक वर्ष भुक्तानी बढाइरहेको छ। अमेरिका चीनले बौद्धिक सम्पत्ति आयात गर्ने मुख्य स्रोत बनेको छ। सन् २०१२–२०१६ सम्म चीनले अमेरिकाबाट २८ हजारवटा बौद्धिक सम्पत्ति आयात गरेको तथ्याङ्क छ। सन् २०१७ मा मात्र चीनले अमेरिकालाई बौद्धिक सम्पत्ति आयात गरेबापत ७.२ अर्ब अमेरिकी डलर भुक्तानी गर्‍यो।

यस्ता कुराहरूबाट नेपालले कहिले सिक्ने ?

हाम्रा शासक दलहरू देश विकासका राम्रा राम्रा नारा दिन्छन्। नाराले विकास हुने होइन, अनुसन्धानबाट मात्र देश विकासको पथमा अगाडि बढ्न सम्भव छ। त्यसैले अब राज्यको ध्यान अनुसन्धानतर्फ केन्द्रित हुनुपर्छ भन्नेमा हामी पुनः जोड दिन्छौँ।

भक्तपुर नगरपालिकाले पनि यो वर्षको बजेटमा उपयुक्त स्थानमा अनुसन्धान केन्द्र बनाउने निर्णय गरेको छ। हामी त्यसको निम्ति प्रयास गरिरहेका छौँ। वैज्ञानिक र अनुसन्धानकर्ता साथीहरूबाट त्यस कार्यमा साथ र सहयोग पाउने आशा गर्छौँ। सरकारको भरमा मात्र बस्यौँ भने प्रगतिको सम्भावना पनि देख्दैनौँ। सबैले आआफ्नो क्षेत्रबाट देशको लागि योगदान गरौँ! दुई दिनसम्म चल्ने यस कार्यशालाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौँ।

(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभाग, काठमाडौँ विश्वविद्यालय स्कूल अफ साइन्स, भौतिकशास्त्र विभाग, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा पुस ७ गते भएको 'खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला २०२५' को उद्घाटन कार्यक्रममा व्यक्त मन्तव्यको सार)

# नियुक्तिपत्र हस्तान्तरण



भक्तपुर नगरपालिकाका प्रमुख तथा कलेज सञ्चालन समितिका अध्यक्ष सुनिल प्रजापतिले ख्वप कलेज अफ इन्जिनियरिङमा नवनियुक्त शिक्षक तथा कर्मचारीहरूलाई पुस १० गते एक कार्यक्रमबिच नियुक्तिपत्र हस्तान्तरण गर्नुभएको छ ।

नवनियुक्त शिक्षक तथा कर्मचारीहरूलाई कलेज परिवारमा स्वागत गर्नुहुँदै नगर प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरू देशकै उदाहरणीय शैक्षिक संस्थाका रूपमा विकास हुँदै गएको बताउनुभयो । कलेज स्थापनाकालमा विभिन्न सङ्घर्षहरू गर्नुपरे पनि शिक्षक, कर्मचारी, जनप्रतिनिधि तथा स्थानीय समुदायको अथक प्रयासका कारण आज कलेज नमुना संस्थाका रूपमा स्थापित भएको उहाँले स्पष्ट गर्नुभयो ।

शिक्षक इमानदार, असल र मिहिनेती भए विद्यार्थी पनि अनुशासित हुने उल्लेख गर्नुहुँदै उहाँले सबैलाई आ–आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्न आग्रह गर्नुभयो । विगतमा कलेजलाई कमजोर पार्ने प्रयासहरू भए पनि स्थायित्वका लागि अविचलित रूपमा अघि बढ्नुपर्ने आवश्यकता रहेको उहाँले स्पष्ट गर्नुभयो ।

कार्यक्रममा कलेज सञ्चालन समितिका उपाध्यक्ष तथा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले सबैको साथ र सहयोगकै कारण नगरपालिकाले हाल ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको बताउनुभयो । उहाँले कलेज सञ्चालन गर्ने पहिलो नगरपालिका भक्तपुर भएको उल्लेख गर्नुहुँदै सबै कलेजमा कार्यरत शिक्षक तथा कर्मचारीहरू अनुशासित र लगनशील रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. **सुजन माक** तथा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ. **सुनिल दुवाल**ले नवनियुक्त शिक्षक तथा कर्मचारीहरूलाई स्वागत गर्नुहुँदै दुवै कलेज व्यक्तिगत लाभका लागि नभई समाजलाई बौद्धिक रूपमा सशक्त बनाउन स्थापना र सञ्चालन हुँदै आएको बताउनुभयो । उहाँहरूले कलेजको वर्तमान अवस्था र शैक्षिक गतिविधिबारे पनि चर्चा गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले नवनियुक्त शिक्षक तथा कर्मचारीहरूलाई नियुक्तिपत्र हस्तान्तरण गर्नुभएको थियो । सो अवसरमा कलेज प्रशासन शाखाका प्रमुख **सञ्जय मानन्धर**ले पनि नवनियुक्त शिक्षक तथा कर्मचारीहरूलाई स्वागत व्यक्त गर्नुभयो ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**स्वीकृति लिएर मात्र ईँट्टा पार्ने र माटो ओसार पसार गर्नेसम्बन्धी भक्तपुर नगरपालिकाको अत्यन्त जरुरी सूचना**

भक्तपुर नगरक्षेत्र भित्रबाट माटो झिक्न, ईँट्टा पार्न, काँचो ईँट्टा तथा माटो ओसार पसार गर्न नियमानुसारको दस्तुर तिरी नगरपालिकाको स्वीकृति लिनुपर्ने व्यवस्था भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०८२ को दफा १२ मा व्यवस्था भएकोमा हालका दिनहरूमा भक्तपुर नगरपालिका वडा नं. १० को वन्ती, सुकुना फाँटलगायतका क्षेत्रबाट बिनास्वीकृति माटो झिक्ने, ईँट्टा पार्ने, काँचो ईँट्टा तथा माटो ओसार पसार गर्ने कार्य भइरहेको भन्ने जानकारीमा आएकोले व्यवसायीहरूले नगरपालिकाको स्वीकृति लिएर मात्र उल्लेखित कार्य गर्न हुन अनुरोध गरिन्छ । बिनास्वीकृति उल्लेखित कार्य गरेको पाइएमा जरिवानासहित रकम असुललगायतका कारबाही हुने व्यहोरासमेत जानकारी गराइन्छ ।


## Word Search

### The Industrial Revolution

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| E | V | I | T | O | M | O | C | O | L | C | B |
| F | R | Y | T | I | R | U | P | M | I | M | I |
| I | P | R | E | S | S | U | R | E | T | A | B |
| B | D | R | N | C | E | E | E | S | E | N | E |
| E | O | E | B | E | L | L | I | L | F | U | S |
| R | A | N | N | M | T | M | E | A | F | F | S |
| A | O | C | I | T | O | S | B | T | I | A | M |
| S | L | A | A | N | I | O | B | E | C | C | E |
| S | D | A | O | P | I | C | T | R | I | T | R |
| E | E | C | B | L | I | E | A | L | E | U | B |
| M | E | O | E | F | S | T | A | L | N | R | D |
| B | E | R | U | J | N | I | A | I | T | E | X |
| L | M | O | R | S | E | F | I | L | I | R | O |
| E | R | D | T | T | R | O | P | X | E | B | E |

CAPITAL
ORE
ECONOMIST
MANUFACTURER
EXPORT
FIBERASSEMBLE
BESSMER
IDENTICAL
IMPURITY
LOCOMOTIVE
EFFICIENT
BOILER
PRESSURE
INJURE
SLATER
MORSE
BELL
DAIMLER

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस् ।)

# स्वास्थ्य सेवा

## राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य दिवस

# तीन जना स्वास्थ्य स्वयम्सेविकाहरू सम्मानित



हरेक वर्ष डिसेम्बर ५ का दिन अन्तर्राष्ट्रिय स्वयम्सेवक दिवस पारेर नेपालमा पनि राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका दिवस मनाइँदै आएको छ।

भक्तपुर नगरपालिकाले 'राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य दिवस २०८२' को अवसरमा मङ्सिर १९ गते भक्तपुर नगरपालिकाका तीन जना उत्कृष्ट स्वास्थ्य स्वयम्सेविकाहरूलाई पुरस्कृत गरेको छ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उत्कृष्ट स्वास्थ्य स्वयम्सेविकाहरू भनपा वडा नं. ४ का रेश्मी हालेय जोशी, वडा नं. ७ का श्रीलक्ष्मी लवजू र वडा नं. ९ का लुद्रीमाया प्रजापतिलाई नगदसहित प्रमाणपत्र वितरण गर्नुभयो।

कार्यक्रममा प्रमुख **प्रजापति**ले महिला सामुदायिक स्वास्थ्य दिवसको अवसरमा बधाई तथा शुभकामना दिनुहुँदै सामुहिक हितको लागि गरिने स्वयम्सेवा गौरवको विषय हो भन्नुभयो।

भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले जनताको निःस्वार्थ रूपमा सेवा गर्दै आएको बताउनुहुँदै उहाँले देशलाई सङ्कट परेको अवस्थामा स्वतःस्फूर्त रूपमा काम गर्नु नागरिक कर्तव्य भएको बताउनुभयो।

स्वयम्सेवी भावनाले देश विकास पनि महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै स्वयम्सेवा गर्ने उद्देश्यले सञ्चालित सङ्घ संस्थाहरूमा भ्रष्टाचार हुनु अनैतिक कार्य हो भन्नुभयो। उहाँले स्वयम्सेवकहरूले आफ्नो कामप्रति आत्मगौरव गर्न सक्नुपर्छ भन्नुहुँदै व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समाज र राष्ट्रका लागि काम गर्नेहरू सधैँ सम्मानका पात्र बन्ने उहाँले बताउनुभयो।

उपप्रमुख **रजनी जोशी**ले स्वास्थ्य क्षेत्रको विकास र प्रगतिमा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरूले समाजको



मेरुदण्डको रूपमा काम गरिरहेको बताउनुभयो।

उहाँले नगरको स्वास्थ्य तथ्याङ्कलाई अझ व्यवस्थित बनाउन स्वयम्सेविकाहरूले भूमिका खेल्नुपर्ने बताउनुहुँदै स्वास्थ्य स्वयम्सेविकाहरूलाई समयसापेक्ष तालिमहरू दिइनुपर्ने बताउनुभयो।

प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले स्वास्थ्य स्वयम्सेविकाहरूले नसर्ने रोगको जोखिम न्यूनीकरणमा केन्द्रित भएर स्वास्थ्य स्वयम्सेविकाहरू अगाडि बढनुपर्ने आवश्यकता औँल्याउनुभयो।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले महिला सामुदायिक स्वास्थ्य







स्वयम्सेविकाहरूले सामुदायिक स्वास्थ्य क्षेत्रमा पुऱ्याउँदै आएको योगदान अत्यन्त सराहनीय छ भन्नुभयो ।

कार्यक्रममा स्वास्थ्य कार्यालयका प्रतिनिधि **तिव्रता शर्मा**, स्वास्थ्य स्वयम्सेविकाको तर्फबाट प्रतिनिधि **तारादेवी धन्छा**, डाक्टर रत्नसुन्दर लासिवा र हेल्थ एसिस्टेन्ट **कमलकेशरी राजचल**ले पनि बोल्नुभएको थियो ।

# पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी स्वास्थ्य शिविर



भक्तपुर नगरपालिका वडा नं. ४ को आयोजनामा मङ्सिर २० गते महिला पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न भयो ।

नेमकिपा केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिका प्रमुख **सुनिल प्रजापति**ले जिल्ला र उपत्यका बाहिरका नागरिकले स्वास्थ्य उपचार सुलभ तरिकाबाट उपलब्ध गर्न सकिने वातावरण निर्माणमा नगरपालिकाले गरिरहेको प्रयासमा नगरवासीहरूको सकारात्मक सहयोग जुटिरहेको बताउनुहुँदै मोफसलका सामुदायिक स्वास्थ्य केन्द्रहरूमा अहिलेसम्म पनि थर्मोमिटर बाहेक अन्य उपकरणहरूको व्यवस्था नहुँदा सर्वसाधारण जनताले महँगो शुल्क तिरेर निजी अस्पताल र क्लिनिकहरूमा गई उपचार गराउनु पर्ने बाध्यता रहेको अनुभव सुनाउनुहुँदै विद्यालय कलेजहरूमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी अभाव रहेको कारण विद्यार्थीले गुणस्तरीय शिक्षा प्राप्त गर्ने कुरामा शङ्का व्यक्त गर्नुहुँदै त्यसको ठीक विपरित भक्तपुरलाई शिक्षा, स्वास्थ्य र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न जनप्रतिनिधिहरूले पार्टीको चुनावी घोषणापत्रबमोजिक उदाहरणीय काम गर्दै आइरहेको चर्चा गर्नुभयो ।

प्रमुख प्रजापतिले नगरभरिका विभिन्न वडाहरूमा स्वास्थ्य शिविर गर्नु नियमित प्रक्रिया भएको जानकारी गराउनुहुँदै स्वास्थ्य, सरसफाइका साथै घर घरमा नर्सिङ सेवा, क्यान्सर अस्पताल, मानव अङ्ग प्रत्यारोपन, ख्वप अस्पताल, ख्वप ई. कलेजलगायत नगरको सन्तुलित विकासमा ध्यान दिँदै आइरहेको दृष्टान्त प्रस्तुत गर्नुहुँदै ख्वप मोडेलबारे अन्तर्राष्ट्रिय स्तरमा चर्चा पाइरहेको कुरामा गर्व गर्नुपर्ने उल्लेख गर्नुभयो ।

बर्सेनि ऐतिहासिक भक्तपुर नगरको अवलोकन गर्न लाखौं पर्यटकहरू ओइरिरहेको बताउनुहुँदै लोक सेवा आयोगमा ख्वप इन्जिनियरिङ कलेजका विद्यार्थीहरूले अब्बल नतिजा हासिल गरिरहेको प्रसङ्ग उल्लेख गर्नुहुँदै देशभरका विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा दिन कुनै कसर बाँकी नराखेको बताउनुभयो । खान नपाएरभन्दा पनि मानिसले खाने तरिका नजानेर रोगको शिकार हुनु परेको भन्नुहुँदै जति धेरै पैसा भए पनि स्वस्थले साथ नदिए केही अर्थ नहुनेतर्फ सचेत रहन आग्रह गर्नुभयो ।

ख्वप अस्पतालका निमित्त निर्देशक डा. **मजेशप्रताप मल्ल**ले बर्सेनि १२ हजार महिलाहरूलाई पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर लाग्ने र जसमध्य ७ हजार ५ सय जना क्यान्सरबाट मृत्यु हुने गरेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै समयमै उपचार गर्नसके स्वस्थ निरोगी जीवन बाँच्न सकिने भनाइ राख्नुभयो । रोगलाई पालेर केही फाइदा नहुने, रोगबारे बताउन लज्जाउने, हिच्किचाउने गर्न नहुने र पायपस्मेयर परीक्षणमा रङ्गमा परिवर्तन भए सङ्क्रमण बढेको थाहा हुने बताउनुहुँदै शिविरमा सहभागी महिलाले बेलैमा उपचार पाउने विश्वास व्यक्त गर्नुभयो । हाल ख्वप अस्पतालमा अण्डासयको क्यान्सरसमेतको उपचार सेवा उपलब्ध भएको जानकारी गराउनुभयो ।

स्थानीय समाजसेवी **विश्वराम त्वायना**ले रोग लागेपछि उपचार गर्नुभन्दा रोगै लाग्न नदिन खानपिन, शारीरिक व्यायाममा ध्यान दिनुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

निवर्तमान कार्यपालिका सदस्य **कृष्णलक्ष्मी दुवाल**ले केवल महिलालाई मात्र नभई पुरुषलाई पनि क्यान्सर रोग लाग्न सक्नेबारे सचेत हुनुपर्ने धारणा राख्नुहुँदै स्वास्थ्य नै धन भएको हुनाले सबैजनाले समय समयमा स्वास्थ्य जाँच गराउनुपर्ने आवश्यकताबारे औँल्याउनुभयो । २० वर्ष पहिले आदर्श महिला समूहले स्वास्थ्य परीक्षण गरेर वडाका महिलाहरूलाई क्यान्सर रोगबाट बचाएको अनुभव सुनाउनुहुँदै शिविरबाट लाभ उठाउन सल्लाह दिनुभयो ।

भ.न.पा. ४ वडाका वडाध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा वडा नर्स बिनिता प्रजापति, स्वास्थ्य स्वयम्सेविका बुद्धलक्ष्मी त्वायनालगायतले बोल्नुभयो ।

## हाडजोर्नी तथा नसासम्बन्धी स्वास्थ्य शिविर




भक्तपुर नगरपालिका वडा नं. ५ को आयोजना तथा ख्वप अस्पतालको सहयोगमा हाडजोर्नी तथा नसासम्बन्धी रोगको शिविर कार्यक्रम मङ्सिर २१ गते सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले शिक्षा र स्वास्थ्य, सरसफाइ तथा सम्पदा संरक्षणमा नगरपालिकाले गरिरहेको गतिविधिबारे चर्चा गर्नुहुँदै वडा वडामा स्वास्थ्य शिविरको सञ्चालन यसैको निरन्तरता हो भन्नुभयो।

उहाँले भन्नुभयो, 'हाम्रो दैनिक जीवनमा आएको विभिन्न परिवर्तनको कारण सर्नेभन्दा नसर्ने रोग बढ्दै गएको छ। अहिले हाडजोर्नी र नसासम्बन्धी रोग बढ्दै गइरहेकोले आजको शिविर राखिएको हो। रोगबाट मुक्त हुन औषधि उपचारमात्र पर्याप्त नहुने भएकोले हामीले हाम्रो जीवनशैली र खानपानलाई स्वस्थकर बनाउनु जरूरी छ।'

स्थानीय **गोपाल राजचल**ले भक्तपुर नगरपालिकाले विगतदेखि नै जनताको स्वास्थ्यलाई प्राथमिकतामा राखी लायकूको एउटा सानो कोठाबाट जनस्वास्थ्य क्लिनिक सञ्चालन गरी सेवा पुऱ्याउँदै आज १०० शय्याको ख्वप अस्पतालसम्म स्थापना गर्न सफल भएको बताउनुभयो।

कार्यक्रमका सभापति एवं वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छैं**ले नेमकिपाको निर्देशनअनुसार जनप्रतिनिधिहरू जनताकै सेवामा लागिरहेको र भनपाले शिक्षा र स्वास्थ्यमा प्राथमिकता दिई देशकै सेवा गरिरहेको छ भन्नुभयो।

कार्यक्रममा हाड जोर्नी तथा नसा विशेषज्ञ **मनिस प्रधानाङ्ग**, महिला स्वास्थ्य स्वयम्सेवी **राजमति ढुकुछु** र **सजना कवां**ले पनि बोल्नुभएको थियो।

हाडजोर्नी तथा नसा विशेषज्ञ डा. प्रधानाङ्ग र डा. एलिना सुजखुले सेवा दिनुभएको शिविरमा ११३ जना महिला तथा पुरूष वडावासीहरूले स्वास्थ्य जाँच गराउनुभएको थियो।

## स्क्यान गरी ल्याब रिपोर्ट



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा Lab Report लिन लाइन बस्न नपर्ने गरी बिलको QR code scan मार्फत केही सेकेन्डमै Report प्रिन्ट भएर आउने व्यवस्था भएको छ।

## हाडजोर्नी तथा नसा रोगबारे स्वास्थ्य शिविर

भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा हाडजोर्नी तथा नसा रोगबारे स्वास्थ्य शिविर मङ्सिर २५ गते सम्पन्न भयो।

कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले युवा स्वास्थ्यलाई ध्यानमा राखी नगरस्तरीय खेलकुद प्रतियोगिता र विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको आयोजना हुन गइरहेको बताउनुभयो। उहाँले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, खेलकुद, सम्पदालगायत युवालक्षित उद्यमशील ऋण रु. ५,००,०००/– सम्म ऋण दिई रोजगारी सृजना गर्ने गरेको बताउनुभयो।

जनताको आवश्यकताअनुसार श्रमदान गरी विकास निर्माण कार्य उपभोक्ता समितिमार्फत सम्पन्न गर्नु भक्तपुरको विशेषता रहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले देशका सबै जिल्लाका विद्यार्थीहरूलाई शिक्षामार्फत सेवा दिँदै आएको चर्चा गर्नुभयो ।

उहाँले नमुना नगरको रूपमा विकास गर्ने उद्देश्यअनुसार भनपाले कार्य गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा डा. **श्रीकृष्ण कासिछ्वा**ले भक्तपुर नपाले गरिरहेको स्वास्थ्य सेवाबारे देशभरि चर्चा परिचर्चा भइरहेको बताउनुभयो ।

**रत्नकाजी नायभारी**ले भनपाले जनताको स्वास्थ्यलाई ध्यानमा राखी सेवा दिइरहेको सराहनीय रहेको बताउनुहुँदै जनताको साथ र सहयोगले कार्य सहजरूपमा गर्न सकिएको बताउनुभयो ।

कार्यक्रममा वडासदस्यहरू **श्यामसुन्दर माताँ, न्हुछेराम कोजु** र **मञ्जुमैया लाखाजु**ले पनि बोल्नुभएको थियो ।

उक्त शिविरमा १३८ जना स्थानीयवासीले हाडजोर्नी तथा नसा रोग परीक्षण गराएका थिए ।

## पाठेघर तथा स्तन परीक्षण शिविर सम्पन्न




भक्तपुर नगरपालिका वडा नं. ९ कार्यालयको आयोजनामा मङ्सिर २७ गते वडावासी महिलाहरूको पाठेघर परीक्षण (भीआईए टेस्ट) तथा स्तन परीक्षण शिविर सम्पन्न भयो ।

नगर उपप्रमुख रजनी जोशीले ख्वप अस्पतालका चिकित्सक डा. श्रीजा किसीलाई परीक्षण सामग्री हस्तान्तरण गरी शिविरको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले नगरवासीहरू स्वस्थ र निरोगी बनेमा नगरपालिका नै निरोगी हुने र आत्मनिर्भर बन्ने बताउनुभयो ।

उहाँले नगरपालिकाले स्वास्थ्य उपचार सेवालाई प्राथमिकतामा राखेको चर्चा गर्नुहुँदै ख्वप अस्पतालमार्फत गरिब कामदार जनताको सहज उपचार गराइरहेको प्रस्ट पार्नुभयो ।

पुरुषहरूको तुलनामा महिलाहरूलाई ४३ वटाभन्दा बढी रोग लाग्ने चिकित्सकहरूको भनाइ उद्धृत गर्नुहुँदै उपप्रमुख जोशीले नियमित स्वास्थ्य परीक्षण गरी चिकित्सकको सल्लाहमा औषधि सेवन गर्न सबैमा अनुरोध गर्नुभयो ।

वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले नगरपालिकाले सबै जनताको स्वास्थ्य अवस्थाबारे जानकारी लिन हेल्थ प्रोफाइल तयार गरिरहेको बताउनुभयो ।

कार्यपालिका सदस्य **छोरीमैया सुजखू**ले शिविरको महत्त्वबारे प्रस्ट पार्नुहुँदै महिलाहरूले पाठेघर परीक्षण नियमित रूपमा गर्नुपर्ने र रोग लागेमा आत्तिनेभन्दा पनि मनोबल बलियो बनाई उपचारमा लाग्नुपर्ने सुझाव दिनुभयो ।

नर्स **रचना सुवाल**ले भीआईए टेस्ट महिलाहरूको पाठेघर क्यान्सर परीक्षणको लागि प्रभावकारी रहेको र यसले १० वर्षपछि क्यान्सर हुनसक्ने भएमा त्यसको समेत सङ्केत देखाउने भएकोले सबै महिलाहरूले परीक्षण गर्न अनुरोध गर्नुभयो ।



वडा सदस्य **इन्द्रबहादुर प्याथ**ले स्वागत गर्नुभएको उक्त शिविरमा जम्मा १५४ जना महिलाहरूले पाठेघर तथा स्तनको परीक्षण गरेको बताइएको छ ।

परीक्षणमा समस्या देखिएका केही महिलाहरूलाई तुरुन्त अस्पतालमा थप स्वास्थ्य परीक्षण गरी चिकित्सकको सल्लाह लिन सुझाव दिइएको शिविरमा संलग्न स्वास्थ्यकर्मीले बताउनुभयो ।

# झन्डै ३६ हजार विद्यार्थीको मुटु परीक्षण शिविर सञ्चालन हुने




भक्तपुर नगरपालिकाले २०८२ पुस ८, ९, १० र ११ गते विद्यालयका बालबालिकाहरूको मुटु परीक्षण शिविर सञ्चालन गर्ने भएको छ ।

भक्तपुर नगरपालिकाको आयोजना र मित्र राष्ट्र चीनको युनानस्थित फुवाई युनान कार्डियो भास्कुलर अस्पतालमा कार्यरत विज्ञ चिकित्सकहरूको सहभागितामा भक्तपुर नपाभित्र सञ्चालित संस्थागत र सामुदायिक विद्यालयका शिशु कक्षादेखि कक्षा १० सम्मका विद्यार्थीहरूको मुटु परीक्षण शिविर सञ्चालन गर्ने विषयमा पुस ४ गते प्रधानाध्यापक तथा प्रिन्सिपलहरूको भेला भयो ।




भेला कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शिक्षा र स्वास्थ्य क्षेत्रमा भक्तपुर अहिले प्रगतिको मार्गमा अगाडि बढिरहेको छ भन्नुभयो ।

भक्तपुरका सामुदायिक र निजी विद्यालयहरू शैक्षिक गुणस्तरमा समान रूपमा अगाडि बढिरहेको बताउनुहुँदै उहाँले यहाँ अध्ययनरत प्रत्येक नागरिकहरूलाई स्वस्थ बनाउने उद्देश्यले स्वास्थ्य क्षेत्रलाई जोड दिँदै १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी विशिष्टकृत स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउनुभयो ।

उहाँले भक्तपुर क्यान्सर अस्पताल सरकारीकरण भएसँगै जनताले सहज र सुलभ रूपमा क्यान्सर उपचार सेवा गर्न पाइरहेको बताउनुहुँदै भक्तपुर नपाले टोल टोलमा विभिन्न रोगको स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले जापान सरकारको प्राविधिक सहयोगमा श्वासप्रश्वास पुन:स्थापना केन्द्र पनि सञ्चालन गरिरहेको बताउनुहुँदै उहाँले भक्तपुरलाई सहज र व्यवस्थित उपचार हुने र स्वस्थ नागरिक बसोबास गर्ने ठाउँ बनाउने सोच रहेको बताउनुभयो ।

ख्वप अस्पतालका छात्ती रोग विशेषज्ञ डा. **अमर प्रजापति**ले जन्मजात हृदय रोगलाई समयमै उपचार गर्न सके भविष्यमा मुटु रोगको जोखिम कम हुने बताउनुहुँदै बालबालिकाहरूमा देखिने मुटु रोगका लक्षणहरूलाई अभिभावकले संवेदनशीलताका साथ लिनुपर्ने बताउनुभयो ।



भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले शिविरमा नगरभित्रका ३५ हजार ८८० जनाको हाराहारीमा विद्यार्थीहरूको सहभागिता रहने बताउनुहुँदै पुस १० गते सार्वजनिक विदा भए पनि उक्त दिन मुटु परीक्षण शिविर सञ्चालन गरिने जानकारी गराउनुभयो ।

नगर शिक्षा शाखा प्रमुख **साधुराम फुयाल**ले शिक्षा र स्वास्थ्य एउटै सिक्काका दुई पाटा हुन् भन्नुहुँदै बालबलिकाको मुटु परीक्षणले सम्भावित जोखिम न्यूनीकरणमा मद्दत पुग्ने बताउनुभयो ।

चीनको खुनमिङ चिकित्सा विश्वविद्यालयमा जनस्वास्थ्य विषय अध्ययनरत **कृष्ण गरु**ले कार्यक्रमको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्नुहुँदै मुटु परीक्षण गरिएका विद्यार्थीमध्ये मुटुमा गम्भीर समस्या देखिएकाहरूलाई नि:शुल्क उपचार गरिने बताउनुभयो ।

# पाठेघर तथा स्तन परीक्षण शिविर





भक्तपुर नपा वडा नं. ८ को आयोजनामा पुस ५ गते पाठेघर तथा स्तन परीक्षण शिविर सम्पन्न भयो।

## हाडजोर्नी तथा नसा रोगसम्बन्धी शिविर




भक्तपुर नगरपालिका वडा नं. ३ को आयोजना तथा ख्वप अस्पतालको प्राविधिक सहयोगमा पुस ६ गते वंशगोपालमा हाडजोर्नी तथा नसा रोगसम्बन्धी नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भयो।

कार्यक्रममा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले भक्तपुर नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखी समय समयमा वडा समितिमार्फत विविध रोगको नि:शुल्क शिविर सञ्चालन गरिरहेको बताउनुहुँदै नगरवासी स्वस्थ रहेमात्र राम्रो, स्वस्थ नगर बन्ने भएकोले आआफ्नो स्वास्थ्य परीक्षण गरी उपचार गर्न सके धनजनको क्षतिबाट बच्ने प्रष्ट पार्नुभयो।

कार्यक्रममा ख्वप अस्पतालमा डा. **मनिष प्रधानाङ्ग**ले भक्तपुर नपाले भक्तपुर नगरवासी मात्र होइन देशभरिका बिरामीलाई विविध रोगको बारेमा सेवा प्रदान गर्दै हाडजोर्नी नसा लगायतमा पनि सम्पूर्ण उपचार दिइरहेको बताउनभयो।



उहाँले भक्तपुरवासीलाई टाढा गएर होइन, सबै आफ्नै ठाउँमा सेवा दिन अग्रसर भइरहेको बताउनुभयो।

कार्यक्रममा कार्यपालिका सदस्य **सुनिता अवाल**, वडा सदस्य **कृष्णगोपाल चौगुठी**ले पनि बोल्नुभएको थियो।

उक्त शिविरमा १३९ जना पुरुष तथा महिलाले आफ्नो स्वास्थ्य परीक्षण गराएका थिए।

शिविरमा ख्वप अस्पतालका डा. मनिष प्रधानाङ्ग र श्रेया शर्माले परीक्षण गर्नुभएको थियो। साथै आवश्यक औषधीहरू नि:शुल्क वितरण गरिएको थियो।

## जन्मजात हृदयरोगको प्रारम्भिक परीक्षण शिविर



भक्तपुर नगरपालिकाको आयोजना र मित्र राष्ट्र चीनको युनानस्थित फुवाई युनान कार्डियो भास्कुलर अस्पतालमा कार्यरत विज्ञ चिकित्सकहरूको सहभागितामा भक्तपुर नगरका विद्यार्थीहरूको नि:शुल्क मुटु परीक्षण शिविर सञ्चालन भएको छ।



पुस ८ गते भक्तपुरको वागीश्वरी माध्यमिक विद्यालय कमलविनायकमा विद्यार्थीहरूको नि:शुल्क मुटु परीक्षण शिविर शुभारम्भ भयो ।

कार्यक्रमको शुभारम्भ गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले मुटु शरीरको अत्यन्त महत्त्वपूर्ण र संवेदनशील अङ्ग भएको हुँदा मुटुमा हुने कुनै पनि किसिमको समस्याले मानव जीवनलाई नै जोखिममा पार्न सक्ने हुँदा सजग हुनुपर्ने बताउनुभयो ।

आजबाट ४ दिन सञ्चालन हुने मुटुरोगको प्रारम्भिक परीक्षण शिविरमा भक्तपुरका ३५ हजारभन्दा बढीको मुटु परीक्षण हुने बताउनुहुँदै उहाँले भविष्यमा हुने जोखिम नियन्त्रणमा यसले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।



अन्नपूर्ण न्युरो अस्पतालका निर्देशक डा. **बसन्त पन्त**ले मुटु परीक्षण शिविर सञ्चालनसँगै भक्तपुरमा सम्भाव्यता अध्ययनमा पनि जोड दिने बताउनुभयो ।

उक्त शिविर विभिन्न विद्यालयमा केन्द्र स्थापना गरी नजिकका विद्यालयका विद्यार्थीहरूको मुटु परीक्षण गरिएको थियो । त्यसक्रममा वागीश्वरी मावि/कलेज, जेन्युइन मावि, शारदा मावि र आदर्श आजाद माविमा केन्द्र स्थापना गरिएको थियो ।



उक्त शिविरहरूमा शहीद गंगालाल, अन्नपूर्ण न्युरो र खवप अस्पतालले चिनियाँ विशेषज्ञहरूलाई प्राविधिक सहयोग गरेको थियो ।

एक जानकारीअनुसार परीक्षण गरिएकाहरू मध्ये विभिन्न विद्यालयका १४४ जना विद्यार्थीमा जन्मजात मुटुको रोग देखिएको छ । ९० विद्यालयका ३२ हजारभन्दा बढी विद्यार्थीहरू परीक्षणमा सहभागी भएका थिए ।

## विभिन्न शिविर केन्द्रका केही झलक


















# पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर

भक्तपुर नपा वडा नम्बर ७ को आयोजनामा पुस ११ गते पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर भयो ।




भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले एक कार्यक्रमबिच उक्त शिविरको उद्घाटन गर्नुभयो ।



# पाठेघर र स्तन परीक्षण स्वास्थ्य शिविर

भक्तपुर नगरपालिका १ वडा कार्यालयको आयोजनामा पाठेघरको मुखको क्यान्सर र स्तन परीक्षण सम्बन्धी स्वास्थ्य



शिविर पुस १२ गते सम्पन्न भयो।

शिविरको उद्घाटन समारोहका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका उपमेयर **रजनी जोशी**ले सम्पूर्ण नगरवासीलाई आफ्नो स्वास्थ्यप्रति सचेत रहन आग्रह गर्नुहुँदै भावी पुस्तालाई अनुशासित जीवन जिउन प्रेरित गर्नु पर्ने कुरा बताउनुभयो ।

शिक्षा स्वास्थ्यजस्ता आधारभूत आवश्यकताका क्षेत्रहरूमा सरकारले नि:शुल्क सेवाको व्यवस्था गर्नु पर्ने कुरामा जोड दिनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई मध्यनजर गरेर समय समयमा स्वास्थ्य शिविर तथा घरदैलो नर्सिङ सेवा लगायत विभिन्न कार्यक्रम मार्फत जनचेतनामूलक अभियान चलाउँदै आएको बटाउनुभयो।

कार्यक्रममा भक्तपुर नपा १ का वडाध्यक्ष **श्याम कृष्ण खत्री**ले नगरपालिकाले गर्दै आएका विभिन्न कार्यक्रमहरूमा सहभागी भएर लाभ उठाउन अनुरोध गर्नुहुँदै वडामा हुँदै आएका विकास निर्माणका कार्यहरूबारे जानकारी दिनुभयो।

स्थानीय समाजसेवी **कृष्ण बहादुर दुगुजु**ले नेपाल मजदुर किसान पार्टीको चुनावी घोषणापत्र बमोजिम यहाँका जनप्रतिनिधिहरूले नि:स्वार्थ भावले काम गरेको कारण शिक्षा, स्वास्थ्य र संस्कृतिलगायतका क्षेत्रमा भक्तपुर नगरपालिका अब्बल रहेको कुरा औँल्याउनु भयो।

ख्वप अस्पतालका नर्स **रचना सुवाल**ले महिला दिदीबहिनीहरूमा हुने पाठेघरको क्यान्सरबारे समयमै सचेत हुन सके यसको सम्भावित क्षति न्यूनीकरण गर्न सकिने कुरा बताउनुभयो ।

कार्यक्रममा १ वडाका जनप्रतिनिधिहरू **कल्पना शिल्पकार**, **गङ्गा लक्ष्मी बमनु** र **सूर्य प्रसाद श्रेष्ठ**ले पनि बोल्नु भएको थियो।

प्रमुख अतिथि उपप्रमुख रजनी जोशीले स्वास्थ सामग्री हस्तान्तरण गर्नुभई सुरु भएको शिविरमा जम्मा १५१ जना महिला दिदीबहिनीहरूले स्वास्थ्य परिक्षण गराउनुभएको थियो ।

## हाडजोर्नी तथा नसासम्बन्धी शिविर

भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजना र नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको प्राविधिक सहयोगमा पुस १२ गते हाडजोर्नी तथा नसा रोगसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न भयो।

शिविरमा १२३ जनाले हाडजोर्नी तथा नसा रोगको




नि:शुल्क परीक्षण तथा उपचार सेवा प्राप्त गरेको आयोजकले बताएको छ। उक्त शिविरमा स्थानीय जनतासँगै त्यस क्षेत्रमा अस्थायी बसोबास गरिरहेका जनताले पनि स्वास्थ्य लाभ पाएका थिए ।

यसअघि शिविरको उद्घाटन समारोहमा वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले स्वस्थ नागरिकले पनि नियमित रूपमा स्वास्थ्य परीक्षण गर्नुपर्ने चिकित्सकहरूको सुझाव रहेको बताउनुभयो। मानव शरीरभित्र रोगको लक्षण नदेखिन पनि सक्ने र लक्षण देखिएको बेला उपचार गर्न ढिलो भइसकेको हुनसक्नेबारे सचेत रहन आग्रह गर्नुहुँदै वडाध्यक्ष ज्याख्वले सवारी साधनको नियमित सर्भिसिङ गरेझैं हाम्रो शरीरको पनि नियमित जाँच गर्दा शरीरलाई स्वस्थ राख्न सकिने बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले नगरवासीहरूलाई निरोगी र स्वस्थ बनाउन उपचार सेवालाई प्राथमिकतामा राखेको उल्लेख गर्नुहुँदै ख्वप अस्पतालमा अत्याधुनिक सेवा विस्तार गर्दै लगेको बताउनुभयो। अस्पतालमा चाँडै नै सिटी स्क्यान सेवा सुरु हुने उहाँले जानकारी दिनुभयो।

ख्वप अस्पतालका हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डा. **श्रीकृष्ण अवाल**ले बाथ रोग, हाड खिइने र नसा च्यापिने रोगको लक्षणहरूबारे जानकारी दिनुहुँदै ख्वप



अस्पतालका चिकित्सकहरू कुनै पनि बखत बिरामीको सेवा गर्न तत्पर रहेको बताउनुभयो। झारफुक र अन्धविश्वासमा लाग्दा केही बिरामीहरू अकालमै मृत्यु भएको चर्चा गर्नुहुँदै उहाँले विज्ञान र अनुसन्धानले पुष्टि गरेको उपचार विधिमा मात्र विश्वास गर्न सबैमा अनुरोध गर्नुभयो।

कार्यपालिका सदस्य **छोरीमैया सुजखू**ले रुघाखोकी र ज्वरोलाई हेलचेक्राइँ नगरी समयमै चिकित्सकको सल्लाहमा उपचार गर्न अनुरोध गर्नुभयो। रुघाखोकी र ज्वरो आफैमा रोग नभई अर्को रोगको लक्षण हुनसक्ने भएकोले अस्पतालमा स्वास्थ्य परीक्षण गर्नुपर्ने उहाँको बताउनुभयो।

वडा नर्स **अञ्जना सुवाल** र महिला स्वास्थ्य स्वयंसेविका **मनेश्वरी कोजू**ले नगरपालिकाले जनताको घरदैलोमा स्वास्थ्य उपचार सेवा पुन्याइरहेको विषयमा जानकारी गराउनुभयो। अस्पतालसम्म पुग्न नसक्ने ज्येष्ठ नागरिक, सुत्केरी तथा दुर्घटनामा परेका बिरामीहरूका लागि घरदैलो नर्सिङ सेवा निकै प्रभावकारी रहेको उहाँहरूले बताउनुभयो।

## आँखा स्वास्थ्य उपचारसम्बन्धी एकदिने तालिम



भक्तपुर, १३ पुस। ख्वप तिलगंगा आँखा अस्पतालको आयोजनामा भक्तपुर नगरपालिकाका वडा नर्स तथा विद्यालय नर्स एवम् चाँगुनारायण नगरपालिका र सूर्यविनायक नगरपालिकाका विद्यालय नर्सहरूलाई आधारभूत आँखा स्वास्थ्य उपचारसम्बन्धी एकदिने तालिम पुस १३ गते सम्पन्न भयो।

विद्यालय उमेरका स-साना बालबालिकाहरूको आँखा परीक्षण गर्ने सीप सिकाउने उद्देश्यले सञ्चालित उक्त तालिममा २९ जना नर्सहरूको सहभागिता थियो।

सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुहुँदै भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष तथा ख्वप तिलगंगा आँखा अस्पताल व्यवस्थापन समितिका सदस्य **रवीन्द्र ज्याख्व**ले बालबालिकाहरूको स्वास्थ्य संवेदनशीलताबारे सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

स्वस्थ बालबालिका समुन्नत भविष्यको आधार भएको चर्चा गर्नुहुँदै उहाँले बालबालिका आफैले रोगबारे बताउन नसक्ने र अभिभावकहरूमा स्वास्थ्य सचेतना कम हुने भएकोले विद्यालय तथा वडा नर्सहरूको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिका र तिलगंगा आँखा केन्द्रको संयुक्त सहकार्यमा ख्वप तिलगंगा आँखा अस्पताल सञ्चालन भएको उल्लेख गर्नुहुँदै अस्पतालमार्फत आर्थिक अवस्था कमजोर भएका जनतालाई समेत सहज उपचार सेवा प्रदान गरिरहेको बताउनुभयो।

यसअघि तालिमको सुरुआतमा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले अस्पतालको एउटै भवनबाट सबै प्रकारका रोगको सहज उपचार गराउने उद्देश्यले ख्वप अस्पताल र ख्वप तिलगंगा आँखा अस्पतालबिच सहकार्य भएको बताउनुभयो।

ख्वप तिलगंगा आँखा अस्पतालका प्रमुख डा. **सुदिप राजभण्डारी**, व्यवस्थापक **धिरज अधिकारी** र चिकित्सक **कृजन सुवाल**ले आँखाको हेरचाह तथा आँखासम्बन्धी लाग्ने विभिन्न रोगहरूको बारेमा अभिमुखीकरण गर्नुभयो।

## हाडजोर्नी तथा नसारोगसम्बन्धी स्वास्थ्य शिविर




भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा ख्वप अस्पतालको प्राविधिक सहयोगमा पुस १५ गते चोछेँ टोलमा हाडजोर्नी तथा नसारोगसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न भयो।

उक्त स्वास्थ्य शिविर कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले नेपाल मजदुर किसान पार्टीको चुनावी घोषणापत्रअनुसार भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले नगरवासीहरूको साथ, सहयोग र सल्लाहमा काम गरिरहेको बताउनुभयो। विभिन्न रोग लागेका पीडितलाई नेपाल सरकारबाट प्रदान गरिने रु. एक लाख र प्रदेश

सरकारबाट प्रदान गरिने रु. पचास हजार उपचार सुविधा प्राप्तिको लागि सिफारिस दिइरहेको उल्लेख गर्नुहुँदै उहाँले उपचारको लागि भक्तपुर नगरपालिकाले रु. १५ हजार आर्थिक सहयोग गरिरहेको बताउनुभयो । उच्च शिक्षा हासिल गर्नबाट वञ्चित नहोस भनेर भनपाले रु. पाँच लाखसम्म शैक्षिक ऋणको सुविधा दिइरहेको बताउनुभयो ।

युवाहरू विदेश पलायन भइरहेकोमा सरकार चिन्तनशील हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले न्यून शुल्कमा शिशु स्याहार केन्द्र, विभिन्न ७ वटा कलेज तथा विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको बताउनुभयो । उहाँले नगरवासीहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै ख्वप अस्पताल सञ्चालन गरी वडामै हाडजोर्नी तथा नसारोग, पाठेघर क्यान्सरलगायत विभिन्न स्वास्थ्य शिविरहरू सञ्चालन गरेरे नगरवासीहरूको स्वास्थ्य समस्या हल गर्न निरन्तर क्रियाशील रही अघि बढिरहेको छ भन्नुभयो ।

स्वास्थ्य शिविर कार्यक्रमका सभापति एवं भ.न.पा. ६ का वडा अध्यक्ष **हरिराम सुवाल**ले वडामा खानेपानी समस्या सुल्झाउन सम्बन्धित खानेपानी संस्थानसित समन्वय गरी कार्य गरिरहेको बताउनुहुँदै पुरातात्त्विक चोछेँ छ्मा गणेश द्यःछेँ स्थानीय उपभोक्ता समितिमार्फत मौलिक शैलीमा पुनः निर्माण कार्य सम्पन्न भइसकेको बताउनुभयो ।

उहाँले ज्येष्ठ नागरिकहरूको हेरचाह गर्न ख्वप आदर निकेतन सञ्चालनको लागि आवश्यक कार्य भइरहेको बताउनुभयो ।

समाजसेवी **गोपीकृष्ण चाँगुभारी**ले विगतमा किसानहरू खेती कृषि क्षेत्रमै व्यस्तताका कारण सरसफाइमा कमी भएको उल्लेख गर्नुहुँदै हाल विभिन्न जनचेतनामूलक कार्यले सरसफाइ, स्वास्थ्य क्षेत्रमा परिवर्तन भइरहेको बताउनुभयो ।

हाडजोर्नी तथा नसारोगका डा. **श्रीकृष्ण कासिछ्वा**ले मानिसको २२ वर्षपछि हड्डी खिइन सुरु हुने जानकारी दिनुहुँदै खानपिन, रहनसहन, बस्ने तौरतरिका नमिल्दा हाडजोर्नीको समस्या हुने विचार बताउनुभयो ।

कार्यक्रममा वडा नर्स **पूर्णिका लाखे** र वडा सदस्य **सिद्धिराम अवाल**ले पनि आ-आफ्नो धारणा व्यक्त गर्नुभयो ।

## पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर

भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा स्थानीय वडाका महिलाहरूको पाठेघरको मुखको क्यान्सर (VIA) तथा स्तन क्यान्सर परीक्षणसम्बन्धी शिविर पुस १५ गते



भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले रोगको समयमै पहिचान गर्न भक्तपुर नपाले वडा वडामा निरन्तर स्वास्थ्य शिविर सञ्चालन गर्दै आइरहेको बताउनुभयो । अहिले खानपिन, जीवनशैलीमा आएको परिवर्तनले नसर्ने रोग बढी फैलिरहेको विचार व्यक्त गर्नुहुँदै उहाँले समयमै उपचार भएमा निको पार्न सकिने हुँदा शिविरमा सहभागी भई परीक्षण गराउन जोड दिनुभयो ।

पूँजीवादी व्यवस्थामा सरकारमा रहेका शासकहरूले आफ्नो स्वार्थको लागि काम गर्ने तर समाजवादी व्यवस्थामा शिक्षा, स्वास्थ्यलगायतका सम्पूर्ण बन्दोबस्त निःशुल्क हुने भएकोले नेपाल मजदुर किसान पार्टीले समाजवादी व्यवस्थाबारे बहुमत जनतालाई सचेत र सङ्गठित गर्ने कार्य गरिरहेको चर्चा गर्नुभयो ।

उहाँले युवा पुस्ता शिक्षित सँगसँगै आफ्नो पहिचान जोगाउन, कला, संस्कृति संरक्षण र संवर्द्धन गर्न सामाजिक दायित्व निभाउन अग्रसर हुनुपर्नेमा जोड दिनुभयो ।

स्थानीय समाजसेवी **गणेशप्रसाद सुवाल**ले जनताको स्वास्थ्यलाई प्राथमिकता राख्दै घरदैलो नर्सिङ सेवा सञ्चालनका साथै शिविरहरू सञ्चालन गर्नु सकारात्मक भएको चर्चा गर्नुहुँदै महिलाहरूले पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिबारे जानकार हुन सङ्घर्षमा योगदान पुऱ्याएका व्यक्तिहरूको सङ्घर्षबारे अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो ।

नर्स **रचना सुवाल**ले शरीरमा अनावश्यक रूपमा मासु पलाउनु क्यान्सरको लक्षण हुनसक्छ, नङ र कपालबाहेक शरीरका कुनै पनि अङ्गमा क्यान्सर हुनसक्ने भएकोले समयमै रोगको पहिचान गर्न शिविरमा सहभागी हुन आवश्यक रहेको चर्चा गर्नुभयो ।

वडा अध्यक्ष **हरिप्रसाद बासुकला**ले वडामा भइरहेको विकास निर्माणका कार्यहरूबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा बासु मा.वि.का प्रअ **रविलाल प्रधान**, वडा सदस्यद्वय **श्यामसुन्दर मातां** र **मन्जु लाखाजु**ले पनि बोल्नुभएको थियो ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Mansir Report, 2082

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 1825 | 6.98 |
| 10-14. | 941 | 3.60 |
| 15-19 | 850 | 3.25 |
| 20-59 | 16074 | 61.44 |
| ≥60 | 6474 | 24.74 |
| Total | 26164 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 467 | 1.78 |
| General | 3076 | 11.76 |
| Insurance | 22621 | 86.46 |
| Total | 26164 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Accham | 1 | 0.01 |
| Panchthar | 1 | 0.01 |
| Darchula | 1 | 0.01 |
| Dadeldhura | 1 | 0.01 |
| Gorkha | 1 | 0.01 |
| Nuwakot | 1 | 0.01 |
| Parsa | 1 | 0.01 |
| Rukum | 1 | 0.01 |
| Sunsari | 1 | 0.01 |
| Palpa | 1 | 0.01 |
| Kanchanpur | 2 | 0.01 |
| Saptari | 2 | 0.01 |
| Banke | 3 | 0.01 |
| Bara | 3 | 0.01 |
| Dhanusha | 3 | 0.01 |
| Mahottari | 3 | 0.01 |
| Sankhuwasabha | 3 | 0.01 |
| Gulmi | 3 | 0.01 |
| Siraha | 4 | 0.02 |
| Solukhambhu | 4 | 0.02 |
| Mustang | 4 | 0.02 |
| Mugu | 4 | 0.02 |
| Chitwan | 5 | 0.02 |
| Dang | 5 | 0.02 |
| Ilam | 5 | 0.02 |
| Rolpa | 5 | 0.02 |
| Dhading | 6 | 0.02 |
| Surkhet | 6 | 0.02 |
| Bardiya | 7 | 0.03 |
| Kailali | 9 | 0.03 |
| Makwanpur | 9 | 0.03 |
| Sarlahi | 9 | 0.03 |
| Dailekh | 10 | 0.04 |
| Kaski | 10 | 0.04 |
| Udayapur | 10 | 0.04 |
| Rautahat | 11 | 0.04 |
| Kalikot | 12 | 0.05 |
| Okhaldhunga | 12 | 0.05 |
| Tanahun | 12 | 0.05 |
| Khotang | 17 | 0.06 |
| Morang | 21 | 0.08 |
| Dolkha | 23 | 0.09 |
| Jhapa | 24 | 0.09 |
| Lalitpur | 24 | 0.10 |
| Sindhuli | 24 | 0.09 |
| Jumla | 31 | 0.12 |
| Kathmandu | 66 | 0.25 |
| Sindhupalchowk | 66 | 0.25 |
| Ramechap | 75 | 0.29 |
| Kavrepalanchok | 506 | 1.93 |
| Bhaktapur | 25096 | 95.92 |
| Total | 26164 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 248 |
| Suryabinayak | 1605 |
| Changu | 5053 |
| Bhaktapur | 18190 |
| Total | 25096 |

| Department | Number | In Percentage |
|---|---|---|
| Physiotherapy | 4 | 0.02 |
| Neuro Surgery | 66 | 0.25 |
| Nephrology | 95 | 0.36 |
| Urology | 113 | 0.43 |
| Cardiologist | 226 | 0.86 |
| Psychiatric | 250 | 0.96 |
| Laboratory | 304 | 1.16 |
| Inpatients (Ward) | 321 | 1.23 |
| Dermatology | 567 | 2.17 |
| MDGP | 653 | 2.50 |
| General Surgery OPD | 941 | 3.60 |
| Emergency Ward | 1193 | 4.56 |
| Dental | 1279 | 4.89 |
| ENT | 1335 | 5.10 |
| Paediatric | 1405 | 5.37 |
| Internal Medicine | 1511 | 5.78 |
| Obs. & Gynaecology | 1855 | 7.09 |
| Orthopedic | 3649 | 13.95 |
| General OPD | 10397 | 39.74 |
| Total | 26164 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 321 |
| Discharge | 309 |
| LAMA | 9 |
| Refer | 16 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2147 |
| Total Cataract Surgery | 60 |

### Operation

| | |
|---|---|
| Major | 139 |
| Minor | 95 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 15423 | 58.95 |
| Male | 10741 | 41.05 |
| Total | 26164 | 100.00 |

Safe Motherhood Program 94

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको
२०८२ मङ्सिर महिनाको सेवा प्रगति

## अनुभव आदान–प्रदान

# दमक नपाका प्रमुख रामकुमार थापा भक्तपुर नपामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग झापाको दमक नगरपालिकाका नगर प्रमुख रामकुमार थापा नेतृत्वको जनप्रतिनिधि र कर्मचारीहरूको टोलीले भनपा सभाकक्षमा पुस ३ गते भेट गर्‍यो। नगर प्रमुख प्रजापतिले टोलीलाई खादा र भादगाउँले टोपीले नगरपालिकामा स्वागत गर्नुभयो।

भेटको क्रममा नगर प्रमुख **प्रजापति**ले नगरको भौगोलिक, ऐतिहासिक, सांस्कृतिक र जनसाङ्ख्यिक विवरणको जानकारी गराउनुहुँदै फोहोर व्यवस्थापनबारे मौलिक अभ्यासको जानकारी गराउनुभयो।

'सय वर्षपछिको भक्तपुर' पुस्तकको चर्चा गर्नुहुँदै उहाँले पुस्तकका लेखक नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले परिकल्पना गरेअनुसार शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, संस्कृति उत्थानको क्षेत्रमा भक्तपुर नपाले गर्दै आएको मुख्य मुख्य गतिविधिबारे जानकारी दिनुभयो।

शैक्षिक ऋण, छात्रवृत्ति प्रदान गरी विपन्न वर्गलाई शिक्षामा पहुँच पुर्‍याउँदै आएको चर्चा गर्नुहुँदै शिशुशालादेखि कलेजसम्म सञ्चालन गरी उच्च गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको जानकारी गराउनुभयो।

नगरपालिकाले आत्मनिर्भर हुँदै उपभोक्ता समितिमार्फत २०७२ सालको भूकम्पले क्षति पुर्‍याएका सांस्कृतिक र ऐतिहासिक १६९ वटा सम्पदाहरू जीर्णोद्धार र पुन:निर्माण सम्पन्न गरिसकेको उहाँले जानकारी गराउनुभयो।

ख्वप टीभी, ख्वप एफएम, भक्तपुर मासिक, ख्वप पौ पाक्षिक पत्रिका, फेसबुक पेज, वेभसाइट, अनलाइन पत्रिकामार्फत पारदर्शी ढङ्गले नगरपालिकाका गतिविधिहरू सार्वजनिक गर्दै आएको प्रमुख प्रजापतिले बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले घरदैलो नर्सिङ सेवाबाट घरघरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै आएको र स्वास्थ्यसम्बन्धी आधारभूत तथ्याङ्क सङ्कलन गरिरहेको जानकारी गराउनुभयो। कोरोना महामारीको सामना गर्न ख्वप अस्पताल सुरु गरेको स्मरण गर्नुहुँदै उहाँले उक्त अस्पतालले कम शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको जानकारी गराउनुभयो।

दमक नपाका प्रमुख **रामकुमार थापा**ले भक्तपुर नपाको स्वागत र आत्मीयताको लागि धन्यवाद ज्ञापन गर्नुहुँदै शिक्षा, स्वास्थ्य क्षेत्रमा भनपाको असल अभ्यासको स्थलगत अवलोकन गरी सिकाइको लागि ख्वप अस्पताल भ्रमणको लागि भक्तपुर भ्रमणमा आएको जानकारी गराउनुभयो।

उहाँले दमकमा २५ शय्याको अस्पताल सञ्चालनको क्रममा रहेको र केही वर्षभित्र १०० शय्याको अस्पतालको रूपमा स्तरोन्नति गर्ने प्रयासरत रहेको जानकारी गराउनुभयो।

भक्तपुर नपाले स्थानीय सरकारको रूपमा उदाहरणीय काम गरिरहेको अनुभव गरेको बताउनुहुँदै उहाँले शिक्षा र स्वास्थ्यलाई व्यवसायीकरण गर्न दिन नहुने र यसको लागि तीनै तहको सरकारले काम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।



प्रमुख थापासहितको टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज अफ ल र ख्वप कलेज/ख्वप माविको स्थलगत अवलोकन भ्रमण गर्‍यो।

उक्त कार्यक्रममा दमक नपा वडा नं. १० का वडाध्यक्ष राजेन्द्रप्रसाद भण्डारी, वडा नं. ९ का वडाध्यक्ष कुवेरप्रसाद भट्टराई, निमित्त मेडिकल सुपरिटेन्डेन्ट कृष्णप्रसाद साह र जिन्सी शाखा प्रमुख श्यामनारायण राजवंशीको समेत उपस्थिति थियो।

# सङ्क्षेपमा

## छलफल कार्यक्रम




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति नगरपालिका १ नं. वडाको आयोजनामा आलाबुँ टोल सुधार समितिमा विभिन्न समसामयिक विषयमा मङ्सिर २० गते छलफल कार्यक्रममा सम्बोधन गर्नुहुँदै ।

## हनुमन्ते नदीमा थुप्रिएको माटो निकालिँदै



भक्तपुर नगरपालिका वडा नं. ७ स्थित प्रसिद्ध धार्मिकस्थल हनुमानघाटमा हनुमन्ते नदीमा थुप्रिएको माटो निकालेर नदी सफाइ गरिँदै ।

तस्बिर : एलपी रन्जित/मजदुर दैनिक

## श्रमदान भक्तपुरको विशेषता

भक्तपुर नगरपालिका वडा नं. २ अवस्थित निर्माणाधीन इन्द्रायणी द्यःछैँको पुस १० गते छाना छाउने काममा स्थानीय जनताले श्रमदान गरेका छन् । त्यस अवसरमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति लगायतका जनप्रतिनिधिहरू पनि उपस्थित हुनुभएको थियो ।









# विविध समाचार

## भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्थाको वार्षिक साधारणसभा




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्था लि. को १८ औं वार्षिक साधारणसभा मङ्सिर २९ गते सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै नपा प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिका भ्रष्टाचारमुक्त, पारदर्शी र इमानदारीपूर्वक जनताको सेवा गर्ने संस्थाको रूपमा पहिचान कायम गर्न सफल भएको बताउनुभयो ।

आर्थिक कारोबार हुने संस्थामा आर्थिक अनियमितता हुन सक्ने हुँदा सजगता आपनाएर काम गर्नुपर्ने बताउनुहुँदै उहाँले सहकारी संस्थाले सदस्यहरूको बौद्धिक र राजनीतिक स्तर उकास्ने गतिविधिमा जोड दिनुपर्ने बताउनुभयो ।

नगरपालिकाको नीतिहरू कार्यान्वयन गर्ने विषयमा कर्मचारीहरू चनाखो हुनुपर्ने बताउनुहुँदै नगरपालिका जनताको समस्या समाधानको लागि सहजीकरण गर्ने संस्था भएको उहाँले बताउनुभयो ।

समाजवादी देशमा सहकारी संस्थाहरूले बचत तथा कारोबारमा मात्र सीमित नरही उत्पादनमूलक काम पनि गरिरहेको उदाहरण प्रस्तुत गर्नुहुँदै उहाँले सरकारले नै सहकारी संस्थालाई लगानी गर्न उत्साहित गर्नुपर्ने बताउनुभयो ।

कर्मचारीहरू इमादार भए मात्र संस्था राम्रो हुने बताउनुहुँदै उहाँले नयाँ पुस्तालाई देशको समसामयिक राजनीतिक घटनाक्रमबारे सचेत पार्न नसक्दा देशका महत्त्वपूर्ण सम्पदाहरू क्षणभरमै ध्वस्त भएको बताउनुभयो ।

राजनीतिलाई कमाइ खाने भाडो बनाउँदा र भ्रष्टाचारलाई बढावा दिँदा शासकहरू बद्नाम छन् भन्नुहुँदै उहाँले देश खरानी पारेर खरानीको व्यापार गर्नेहरूले गर्दा देश आर्थिक र राजनीतिक रूपमा पछाडि पर्दै गएको बताउनुभयो ।

त्यस्तै उपप्रमुख **रजनी जोशी**ले सहकारी संस्थाहरू बचत तथा ऋणमा मात्र सीमित हुन नहुने बताउनुहुँदै नगरपालिकाका गतिविधिहरूबारे कर्मचारीहरू जानकार र सुसूचित हुनुपर्छ भन्नुभयो ।

उहाँले कर्मचारीहरूले आफूलाई समयसापेक्ष ढङ्गले योग्य बनाउनतर्फ लाग्नुपर्ने बताउनुहुँदै भक्तपुर श्रमिक साकोसले नपाका कर्मचारीहरूको हकहितमा सेवा सुविधा ल्याउनुपर्छ भन्नुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवम् नपा सहकारी समितिका संयोजक **हरिप्रसाद बासुकला**ले भक्तपुरका समुदायमा आधारित सहकारी संस्थाले रसायनिक मल वितरण, आदर निकेतन सञ्चालन, शिक्षा र स्वास्थ्य शिविर, सीपमूलक तालिम, भूगोल अध्ययनजस्ता गतिविधि सञ्चालन गरिरहेको बताउनुहुँदै नपाभित्र सञ्चालित सहकारी संस्थाको कडा अनुगमनमा नपाले जोड दिँदै आएको बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसियन भक्तपुरका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले कर्मचारीहरूले आर्थिक लाभको लागि मात्र काम गर्‍यो भने सामुहिक र संस्थागत हितमा काम गर्नेहरूको कमी हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला बचत सङ्घका अध्यक्ष **राजकुमार लघु**ले सङ्घअन्तर्गत रहेका २०३ वटा सहकारीहरूलाई अझ राम्रो बनाउन सक्दो प्रयास गरिरहेको बताउनुहुँदै सहकारी संस्थाबाट लिएको ऋणको उचित सदुपयोग भएको छ कि छैन भन्ने विषयमा ध्यान दिनुपर्छ भन्नुभयो ।

संस्थाका अध्यक्ष **दिलकृष्ण माक**ले जनप्रतिनिधिमूलक स्थानीय तह र सो अन्तर्गतका कर्मचारीहरूको सामूहिक प्रयासबाट सञ्चालित भक्तपुर श्रमिक साकोसले न्यून आयस्रोत भएका कर्मचारी सदस्यहरूलाई सेवा सुविधा प्रदान गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष **पुन्यराम लाखा** र संस्थाका व्यवस्थापक **रामसुन्दर सुजखु**ले पनि बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा प्रस्तुत लेखा सुपरिवेक्षण समितिका संयोजक **दिव्यलक्ष्मी बज्राचार्य**ले लेखा सुपरिवेक्षण समितिको

तर्फबाट आ.व. २०८१/८२ को प्रतिवेदन, सचिव **दिलिपकुमार सुवाल**ले आ.व. २०८१/८२ को प्रगति प्रतिवेदन, कोषाध्यक्ष **भरत अवाल**ले आय व्यय विवरण तथा लेखा परीक्षक एस एण्ड एम एसोसिएसट्सले लेखा परीक्षण गरी दिएको लेखा परीक्षण प्रतिवेदन पारित गर्नुका साथै आ.व. २०८२/८३ को बजेट तथा भावी कार्यक्रम साधारणसभाबाट सर्वसम्मतिमा पारित भयो ।

## भक्तपुरमा १३औं घरेलु उत्पादन प्रवर्द्धन मेला



भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजनामा उद्योग वाणिज्य कार्यालय र गो लोकलको सहकार्यमा भक्तपुरको संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धनका लागि पुस ३ गतेदेखि घरेलु उत्पादन मेला भयो ।

न:पुखू परिसरमा सञ्चालित तीनदिने घरेलु उत्पादन मेलाको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले घरेलु उद्योगहरूले देशका धेरै युवाहरूलाई रोजगारी प्रदान गरिरहेको बताउनुहुँदै हाम्रा उत्पादनहरू विश्व बजारमा पुऱ्याउन सङ्घ र प्रदेश सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर धेरै घरेलु उत्पादन हुने ठाउँ हो भन्नुहुँदै उहाँले भक्तपुरमा ससाना मेला तथा उत्सवहरू समय समयमा भइरहेको बताउनुभयो ।

भक्तपुरको घरेलु उत्पादनको प्रयोग र खरिदमा जनतालाई उत्साहित गर्दै आएको उल्लेख गर्नुहुँदै उहाँले नगरपालिकाले युवा लक्षित सीपमूलक तालिम सञ्चालन र युवा उद्यमशील ऋणको व्यवस्था गर्दै आएको बताउनुभयो ।

उहाँले घरेलु उद्योगहरूलाई सक्दो सहज ऋणको व्यवस्था गर्नु उपयुक्त हुने बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **उमेशकुमार ढकाल**ले तीनदिने घरेलु मेला सफलताको शुभकामना दिनुहुँदै घरेलु उद्योगले स्थानीय उत्पादन प्रवर्द्धन गर्नुका साथै देशको आर्थिक विकासमा पनि महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घका उपाध्यक्ष **चन्दनकृष्ण श्रेष्ठ**ले उद्यमीहरूको उद्यम प्रवर्द्धनमा उद्यमीहरू नै सङ्गठित हुनुपर्ने बताउनुहुँदै स्थानीय सरकारको साथ र सहयोगले मात्र भक्तपुर घरेलु उद्योगहरू सञ्चालनमा सहजता मिल्ने बताउनुभयो ।

उक्त कार्यक्रममा उद्योग तथा वाणिज्य कार्यालयका कार्यालय प्रमुख **रामप्रसाद कुस्मा**, गो लोकका संयोजक **वीरेन्द्र जति**, पत्रकार महासङ्घ भक्तपुरका अध्यक्ष **सुन्दर शिल्पकार**, महिला उद्यमी समितिका अध्यक्ष **कमलश्वरी खर्बुजा**ले पनि बोल्नुभएको थियो ।

मेलामा जुजु धौ, भादगाउँले टोपी, ख्वप बजी, घरबुना कपडा, काष्ठकला, हस्तकला, धातुकला, प्रस्तर कला, माटाका भाँडाहरू, कृषि उत्पादनहरू, तोरीको तेल, नेपाली अचार, पाउँका प्रकारहरू, नर्सरी तथा अन्य थुप्रै घरेलु उत्पादनहरूका साथै नेवारी खाजाका परिवार र च्याउका परिकारहरू राखिएको आयोजकले जनाएको छ ।

प्रवेश शुल्क नि:शुल्क रहेको मेला सफलताका साथ सम्पन्न भयो ।

## साइनिङ स्टूडेण्टस्मा 'फोहोरलाई मोहर बनाऔं' प्रदर्शनी



साईनिङ स्टुडेण्टस् एकेडेमीले पुस ४ गते 'फोहोरलाई मोहर बनाऔँ' विषयमा प्रदर्शनी सम्पन्न गऱ्यो।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल भनपा स्यानिटेसन शाखाका प्रमुख दिलिप सुवालद्वारा संयुक्त रूपमा प्रदर्शनीको शुभारम्भ गरियो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले फोहोरबाट मोहर बनाउँदा आर्थिक वृद्धि गर्न सकिने कुरामा जोड दिनुभयो। कुहिने फोहोरलाई प्राङ्गारिक मलको रूपमा प्रयोग गर्न सकिने र नकुहिने फोहोर प्लाष्टिक जस्ता वस्तुहरूबाट जुत्ता, मुढा आदि बनाएर आर्यआर्जन गर्न सकिने कुरा बताउनुभयो। घरदैलोबाट नै फोहोर मैलालाई व्यवस्थित गर्न सकेको खण्डमा नगरपलिकाको खर्च न्यूनीकरण गर्न सकिने र अर्थतन्त्रमा सुधार ल्याउन मदत पुग्ने बताउनुभयो।

उहाँले विद्यालयले लगातार ३ वर्षदेखि विभिन्न विषयमा प्रदर्शनी गरेर अभिभावकको विश्वास जित्न सफल भएको र हालसम्म एसइइ परीक्षामा १००प्रतिशत नतिजा ल्याउन सफलहुनुका साथै अतिरिक्त क्रियाकलापमा समेत अब्बल रहेको बताउनुभयो।

कार्यक्रममा भनपा स्यानिटेसन शाखाका प्रमुख **दिलिप सुवाल**ले फोहोर शब्द हेर्दा र सुन्दा सामान्य तर यस भित्र थुप्रै कुराहरू लुकेको छ भन्नुभयो। विद्यालयले जनमानसमा फोहोर भन्ने बित्तिकै छिछि र दुर्दुर् गर्ने बानीलाई हटाउन सकारात्मक रूपमा अभिभावक समक्ष पुऱ्याउने कोसिस गरेको कुरा प्रष्ट पार्नुभयो।

उहाँले फोहोरबाट हुने असर र विभिन्न किसिमका रोगबारे जानकारी दिनुहुँदै सचेत रहन र यसको व्यवस्थापनमा ध्यान दिनुपर्ने बताउनु भयो।

विद्यालयका प्रिन्सिपल **रविन छुस्याकी**को सभापतित्वमा सम्पन्न कार्यक्रममा विद्यार्थीहरूलाई फोहोरमैला व्यवस्थित गरी सही सदुपयोग गर्न प्रष्ट पार्दै सम्पन्न गरियो।

## नेमकिपाका अध्यक्ष बिजुक्छेँबाट इन्द्रायणी द्यःछेँ पुनःनिर्माणको स्थलगत निरीक्षण

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले इन्द्रायणी द्यःछेँ पुनःनिर्माणको पुस ११ गते स्थलगत निरीक्षण गर्नुभयो। उहाँलाई उपभोक्ता समितिका पदाधिकारीले स्वागत गर्नुभयो।



त्यस अवसरमा उहाँले पुनःनिर्माणमा श्रमदान गरिरहनुभएका स्थानीय जनसमुदाय र उपभोक्ता समितिका पदाधिकारीसँग जानकारी लिनुभयो।



नेमकिपाका सचिव प्रेम सुवाल पनि उक्त अवसरमा सहभागी हुनुहुन्थ्यो।

## तालाकोमा पोटरी स्क्वायर स्ट्रिट फेस्टिभल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले एकीकृत हाकुज्या प्रजापति समाज र कल्चर क्याफे एण्ड



बारको संयुक्त आयोजनामा पुस ११ र १२ गते हुने पोटरी स्क्वायर स्ट्रिट फेस्टिभलको चाखःमा माटोको भाँडा बनाएर उद्घाटन गर्नुभयो ।

उद्घाटनपश्चातको कार्यक्रममा प्रमुख **प्रजापति**ले सडक महोत्सव पूर्ण सफलताको शुभकामना दिनुहुँदै भाषा, कला र संस्कृति बचाउन सकेमात्र हामीले आफ्नो पहिचान कायम गर्न सकिने बताउनुभयो ।




उहाँले माटोको भाँडा बनाउने काम मानव विकास र सभ्यतासँग जोडिएको विषय हो भन्नुहुँदै यो पेशा प्रजापति समुदायको मुख्य पेशा र रोजगारीको प्रमुख स्रोत पनि भएको बताउनुभयो ।

पुराना सीपहरू संरक्षण गर्नु भनेको नयाँ पुस्तालाई मानव सभ्यतासँग परिचित गराउनु पनि हो भन्नुहुँदै उहाँले माटोको भाँडा बनाउने पेशामा धेरै चुनौती थपिएता पनि यहाँका समुदायहरूले यसलाई जीवन्तता दिने काम गर्दै आएको सराहनीय छ भन्नुभयो ।

भक्तपुरको तालाको क्षेत्र ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय हिसाबले पनि एकदम महत्त्वपूर्ण ठाउँ भएको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले विदेशी पर्यटकको मात्र भर नपरी आन्तरिक पर्यटन प्रवर्द्धनमा पनि जोड दिँदै आएको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर महोत्सव र विभिन्न समयमा आयोजना गरेका ससाना महोत्सवहरूले गर्दा भक्तपुरलाई वर्षैभरि महोत्सवमय बनाउन टेवा पुऱ्याएको बताउनुहुँदै पुराना पुस्ताको अनुभव नयाँ पुस्तालाई हस्तान्तरण गर्ने अभिप्रायले पनि भक्तपुर नगरपालिकाले विविध गतिविधिहरू सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले नाचगानको राजधानी भक्तपुरलाई सार्थक रूप दिन स्थानीय स्तरबाट भएका यस्ता महोत्सव आयोजनाले पनि महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । तालाको क्षेत्र ऐतिहासिक र सांस्कृतिक रूपमा पनि महत्त्वपूर्ण ठाउँ भएकोले यसको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न पनि महोत्सव आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रमका सभापति हाकुज्या प्रजापति समाजका अध्यक्ष **बालकृष्ण प्रजापति**ले कार्यक्रमलाई भव्य, सभ्य र सफल बनाउन सबैको साथ र सहयोग रहने अपेक्षा गर्नुहुँदै भक्तपुर नगरपालिकाले आगामी दिनहरूमा पनि यस्ता गतिविधिमा साथ दिँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडा सदस्य **कृष्णसुन्दर प्रजापति**ले कुम्हः त्वबाट परिचित यस ठाउँमा जन्मदेखि मृत्युसम्मलाई चाहिने माटाका भाँडाकुँडाहरू बनाइने बताउनुहुँदै भक्तपुरको परम्परागत पेशालाई आधुनिकतासँगै परिमार्जित गरि अगाडि बढ्न सके नयाँ पुस्तालाई पनि यसप्रति आकर्षित गर्दै लान सकिने बताउनुभयो ।



कार्यक्रम संयोजक **उकेश प्रजापति**ले भक्तपुरको मौलिक उत्पादन र सीपलाई संरक्षण गर्ने उद्देश्यले स्ट्रीट फेस्टिबलको आयोजना गरिएको बताउनुभयो ।

उक्त दुई दिने महोत्सवमा विदेशी तथा स्वदेशी गरी ३० हजारभन्दा बढी पर्यटकको आगमन भएको महोत्सवका संयोजक उकेश प्रजापतिले जानकारी दिनुभयो । भक्तपुरको तालाक्व क्षेत्र ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण ठाउँ रहेको पोटरी स्क्वायरमा माटो तथा काष्ठकला, हस्तकलालगायतका विभिन्न सामान निर्माण गरेको प्रत्यक्ष अवलोकन गर्न तथा स्थानीय परिकारको स्वाद चाख्न विदेशी तथा स्वदेशी पर्यटकको घुइँचो लागेको उहाँले जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाले विदेशी पर्यटकको मात्र भर नपरी आन्तरिक पर्यटन प्रवर्द्धनमा पनि जोड दिन आवश्यक ठानेर आयोजना गरेको कार्यक्रममा शनिबार रातिसम्म सांस्कृतिक कार्यक्रम एवं कन्सर्टको आयोजना गरिएको छ ।

मौलिक उत्पादन र सीपलाई संरक्षण गर्ने उद्देश्यले आयोजना गरिएको महोत्सवमा स्थानीय खाद्य, विभिन्न स्थानीय परिकार, कृषि, माटाका भाँडाकुँडाको स्टल तथा प्रदर्शनी, सांस्कृतिक नाच र सांस्कृतिक प्रस्तुतिसमेत प्रस्तुत गरिएको थियो ।

## का. स्तालिन र का. माओको जन्म दिवसमा प्रवचन



नेपाल कर्मचारी समाज र नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिको संयुक्त आयोजनामा विश्व सर्वहारा वर्गका महान् गुरुहरू का. स्तालिनको १४७ औँ र का. माओको १३२ औँ जन्म दिवसको अवसरमा नगरपालिकाका कर्मचारीहरूबिच प्रवचन कार्यक्रम पुस १६ गते भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले का. माओ र का. स्तालिन कामदार वर्गका इमानदार नेता हुन् भन्नुभयो ।




समाजवादी क्रान्तिको लागि अन्तर्राष्ट्रिय जगतमा का. स्तालिन र का. माओले खेल्नुभएको योगदानको स्मरणमा भक्तपुर नगरपालिकाले कर्मचारीहरूबिच उहाँहरूको जन्म दिवसको अवसरमा प्रवचन कार्यक्रम आयोजना गर्दै आएको स्पष्ट पार्नुभयो । का. माओको योगदानको जगमा चीन विश्वको उदीयमान देशको रूपमा अगाडि बढ्न सफल भएको बताउनुहुँदै उहाँले शत्रुको जालझेल र धम्कीबाट अविचलित भई का. माओले चीनको विकासको लागि गरेको त्यागले चीनमा आमूल परिवर्तन सम्भव भएको बताउनुभयो ।

'बन्दुकको गोलीले जित्न नसकेका क्रान्तिकारी र कम्युनिष्टलाई गुलियो पोतेको चास्नीले बिगार्न सक्छ' भन्नुहुँदै उहाँले एनजीओ तथा आइएनजीओहरू साम्राज्यवादीहरूको सशक्त आर्थिक हतियार भएको हुँदा डलरको लोभ देखाएर नयाँ पुस्ताको मानसिकता बिगार्ने यस्ता संस्थाहरूबारे नयाँ पुस्तालाई सचेत पार्नु आवश्यक छ भन्नुभयो ।

एमसीसी सम्झौता नेपालको लागि देशघाती र दूरगामी असर पार्ने सम्झौता हो भन्नुहुँदै विदेशी सहयोगमा उनीहरूको स्वार्थ लुकिएको हुन्छ भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले कुनै पनि विषयको सतही र एकतर्फी अध्ययनले नयाँ पुस्तालाई गलत बाटोमा लान सक्ने बताउनुहुँदै सैद्धान्तिक विषयवस्तु अध्ययनको लागि पुस्तक अध्ययनमा जोड दिनुपर्छ भन्नुभयो ।

उहाँले का. माओ र का. स्तालिनबारे सञ्चारमाध्यमका भ्रम र झूटबारे सचेत हुनुपर्ने बताउनुहुँदै उहाँहरूको जीवनी अध्ययनबाट समाजवादी क्रान्तिमा खेलेको भूमिका र योगदान प्रष्ट हुने बताउनुभयो ।



का. स्तालिनले सोभियतका जनतालाई अन्तिम समयसम्म देशको रक्षाको लागि लड्न उत्साहित गर्ने व्यक्तित्व हुन् भन्नुहुँदै वडाध्यक्ष ज्याख्वले फागुनमा चुनाव हुने र नहुने भन्दा पनि देशलाई बंगलादेशको स्थितिमा पुऱ्याउनबाट रोक्नुपर्छ भन्नुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले समाजवादी देशहरूको जनमुखी नीतिका कारण त्यहाँका नागरिकहरूले सुस्वास्थ्य र सुखी जीवन उपभोग गर्ने अवसर पाएको बताउनुभयो । का. माओ र का. स्तालिनको जन्म दिवस मनाउनुको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै उहाँहरूको जीवनी अध्ययनबाट धेरै प्रेरणा प्राप्त हुने बताउनुभयो ।

समाजका उपाध्यक्ष **काजीबहादुर पञ्च**, नेपाल कर्मचारी एशोसियसन भनपा एकाइ समिति सदस्य **गणेशलाल फाँजु**, सचिव **शिवराम धुख्वा** र समाजका कोषाध्यक्ष **दिव्यलक्ष्मी बज्राचार्य**ले का. माओ र स्तालिनको सङ्क्षिप्त जीवनी र उहाँहरूको योगदानबारे चर्चा गर्नुभयो ।

# पनौतीमा भृकुटीको जन्मघर र उद्यान बनाइँदै



राष्ट्रिय विभूति भृकुटीको जन्मघर र उद्यान निर्माणका लागि पनौती नगरपालिका कार्यालयले सरोकारवाला निकायसँग पुस ६ गते छलफल र अन्तक्रिया थालेको छ।

भृकुटी स्मृति प्रतिष्ठानका अनुसार भृकुटीको उद्यानसहितको जन्मघर खोपासीमा बन्न लागेको हो। उक्त भौतिक संरचना निर्माणका लागि जिल्लास्थित सहरी विकास तथा भवन कार्यालय, पनौती नगरपालिका, भृकुटी प्रतिष्ठान र कृष्ण इन्जिनियरिङ एन्ड डिजाइन कन्सल्टेन्सीले संयुक्त रूपमा छलफल थालेका हुन्।

प्रतिष्ठानका अध्यक्ष विश्व उलकका अनुसार मल्लकालीन सबैभन्दा पुरानो मन्दिरलाई आधार मानेर चालु आर्थिक वर्षभित्रै बुद्धको अनुयायीका रूपमा स्थापित भृकुटीको उद्यानसहितको जन्मघर निर्माण सुरु गरिनेछ।

वाग्मती प्रदेश सरकारले चालु आवमा रु. एक करोड विनियोजन गरेको जनाइएको छ। परामर्शदाता इन्जिनियर पारस महतले प्रस्तावित भवन निर्माणस्थल, भवनको स्वरूप र लागत तयार पारेका छन्।

उनका अनुसार भृकुटी जन्मघर निर्माणमा १३ करोड ३९ लाख र भृकुटी पार्क निर्माणमा पाँच करोड दुई लाख ४३ हजार लाग्ने अनुमान गरिएको छ। दुवै आयोजना सम्पन्न गर्न करिब रु. २६ करोड आवश्यक पर्ने उनको भनाइ छ।

भृकुटीको जन्म विसं ६८१ (सन् ६२४) माघ १ गते मकर सङ्क्रान्तिको दिन राजा उदयदेव र रानी भद्रावतीको कोखबाट काभ्रेको खोपासीमा भएको विभिन्न अध्ययनले पुष्टि गरेको छ।

नगरप्रमुख रामशरण भण्डारीले पनौतीको ऐतिहासिक तथा धार्मिक महत्त्वलाई पनौतीमै महासत्व बुद्धको जन्म भएको तथा पनौतीको खोपासीबाट भृकुटी बुद्धको विवाह भई तिब्बत पुगेर बौद्ध धर्मको प्रचारप्रसार भएको इतिहासले बताएको छ भन्नुभयो।

खोपासीमा भृकुटीको जन्मघर निर्माण हुँदा पनौतीमात्र नभई समग्र राष्ट्रकै हितमा रहने अपेक्षा गरिएको छ।

# तेलको लागि रगत नबगाऊ !




संरा अमेरिकाले दक्षिण अमेरिकी देश भेनेजुयलामाथि सैनिक आक्रमण गर्न लागेको विरोधमा संरा अमेरिकाको विभिन्न राज्यका सहरहरूमा 'भेनेजुयलामा अमेरिकी युद्ध नगर', 'संरा अमेरिका क्यारिबियाली क्षेत्रबाट निस्क' लगायतका नारा अङ्कित प्लेकार्डसहित दिसेम्बर ६ मा विरोध प्रदर्शन भयो।









यस्तै जुलुसहरू संरा अमेरिकाको राजधानीलगायत विभिन्न ६५ वटा सहरमा भएका थिए।

## बस्ती बढाउने इजरायली निर्णयको विरोध

प्यालेस्टिन भूमि बेस्ट बैंक (पश्चिम किनार)मा बनाइएका यहुदी बस्तीलाई अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अवैध मानिन्छ। तर त्यहाँ बसिरहेका प्यालेस्टिनीहरूलाई इजरायलले दमन र आक्रमण गर्दै धपाइरहेको छ र यहुदी बस्ती विस्तार गरिरहेको छ।




हालै इजरायली सुरक्षा क्याबिनेटले त्यहाँ १९ वटा नयाँ बस्ती निर्माण गर्ने निर्णय अनुमोदन गरेको छ। इजरायलको त्यस कदमले अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गर्ने र अस्थिरता बढाउने भनी विभिन्न चौध देशले विरोध र निन्दा गरेका छन्।

चौध देशले संयुक्त विज्ञप्ति जारी गर्दै 'हामी इजरायललाई बस्तीको विस्तार रोक्न र पछिल्लो निर्णय उल्ट्याउन आह्वान गर्छौं' भनेका छन्।

बेलायत, क्यानडा, फ्रान्स, जर्मनी, बेल्जियम, डेनमार्क, इटली, आइसल्यान्ड, आयरल्यान्ड, जापान, माल्टा, नेदरल्यान्ड्स, नर्वे र स्पेनले जारी गरेको संयुक्त विज्ञप्तिमा 'वेस्ट बैंक क्षेत्रमा एकपक्षीय रूपमा बस्ती निर्माणको तीव्रताले अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन मात्र गर्दैन, थप अस्थिरतालाई पनि बढावा दिन्छ,' भन्दै 'हामी इजरायललाई संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव २३३४ अनुसार यो निर्णय उल्ट्याउन आह्वान गर्छौं।'



प्यालेस्टिनीहरू अवैध बस्ती विस्तारविरुद्ध सङ्घर्ष गर्दै

इजरायलको पछिल्लो विस्तार योजनामा यसअघि सन् २००५ मा असंलग्न योजनामा खाली गरिएका दुई बस्तीसमेत समावेश छ। वर्तमान सुरक्षा क्याबिनेटले वेस्ट बैंकमा यहुदी बस्तीको सङ्ख्या बढाउँदै लगेको छ। सन् २०२२ मा वेस्ट बैंकमा १४१ बस्ती थिए। पछिल्लो स्वीकृतिपछि, यहुदी बस्तीको सङ्ख्या २१० पुगेको वेस्ट बैंकमा यहुदी बस्ती विस्तारको विरोधी संस्था पिस नाउले जनाएको छ।

विज्ञप्तिमा 'प्यालेस्टिनीहरूको आत्मनिर्णयको अधिकारको' दृढ समर्थन गर्ने बताएका छन्। 'हामी संयुक्त राष्ट्र सङ्घ सुरक्षाको परिषद्को प्रस्तावअनुसार दुई-राज्य समाधानमा आधारित व्यापक, न्यायपूर्ण र दिगो शान्तिप्रतिको हाम्रो प्रतिबद्धतालाई पुनः पुष्टि गर्छौं। हामी पहिले सहमत भएको दुई-राज्य समाधानको कुनै विकल्प नभएको पुनः



पश्चिम किनारमा अवैध बस्ती विस्तार

दोहोऱ्याउँछौँ,' विज्ञप्तिमा भनिएको छ।

स्मरणीय छ, इजरायलले पश्चिम किनारमा मात्र होइन गाजालगायत प्यालेस्टिन अधिनस्थ क्षेत्रहरूमा पनि अन्तर्राष्ट्रिय कानुनविरुद्ध जबरजस्ती बस्ती विस्तार गरिरहेको छ।

## विश्व पावरलिफ्टिङ च्याम्पियनसिपमा नेपाललाई २६ स्वर्णसहित ४१ पदक



श्रीलंकाको कोलम्बोमा नोभेम्बर २८–३० सम्म सम्पन्न विश्व पावरलिफ्टिङ च्याम्पियनसिपमा नेपालले ऐतिहासिक विजय हासिल गरेको छ। प्रतियोगितामा १२ देशका २०० भन्दा बढी खेलाडीले प्रतिस्पर्धा गरेका थिए। नेपालका लागि डा. जितेन्द्रकुमार साह र भेषकुमारी अस्लामीले दोहोरो स्वर्ण पदक जितेका छन्। नेपालले २६ स्वर्ण, १० रजत र ५ कास्य सहित कुल ४१ पदक जित हासिल गरेको छ।

### प्रतियोगितामा स्वर्ण विजेता नेपाली

जितेन्द्र कुमार साह, रमेश श्रेष्ठ, अर्चना मानन्धर, लक्ष्मी महर्जन, समान मधिकर्मी, कल्पना खत्री, रुवी श्रेष्ठ, निमेष छुकान, पुनम चौधरी, प्रमिला विष्ट, सुकदेव कार्की, भेषकुमारी आस्लामी, आकृत बानियाँ, बिकेश जोशी, ज्ञानरत्न शाही, सौगत कर्माचार्य, ओजश चरण जोशी, सुजीत अवाले, सर्मिला शाह, देवकी खड्का, सबिता श्रेष्ठ, र मनोज श्रेष्ठ रहेका छन्।




यस प्रतियोगितामा भक्तपुरका तीन खेलाडी समान मधिकर्मी, बिकेन जोशी र मिमेश छुकानले पनि स्वर्ण पदक हासिल गरेका छन्।

### प्रतियोगिताका पदक विजेता खेलाडीहरूलाई सम्मान



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले एसियन पावर लिफ्टिङ च्याम्पियनसिप तथा विश्व पावर लिफ्टिङ च्याम्पियनसिपमा नेपालको प्रतिनिधित्व गरी स्वर्ण तथा रजत पदक हासिल गर्न सफल भक्तपुरका खेलाडीहरू विकिन जोशी, निमेश छुकां, समन मधिकर्मी, किरण सुवाल, दिपेश सैंजु र ओजशचरण जोशीलाई पुस १७ गते खादा र भादगाउँले टोपी लगाइदिनुभई सम्मान गर्नुभयो।

प्रमुख **प्रजापति**ले खेलाडीहरूलाई बधाई तथा शुभकामना दिनुहुँदै खेलकुद क्षेत्रमार्फत पनि भक्तपुरले छुट्टै पहिचान कायम गरिरहेको बताउनुभयो।

खेलकुद क्षेत्रको विकासमा भक्तपुर नगरपालिकाले गरिरहेका गतिविधिबारे अवगत गराउनुहुँदै उहाँले नपाले वर्षेनी उत्कृष्ट खेलाडी सम्मान, विद्यालयस्तरीय र नगर

---

## कति शब्द बन्छको उत्तर

**विद्यार्थीको लागि उत्तर-** ORE, ORES, SORE, PORE, PORES, POSE, REPOSE, ROPER, ROPES, ROSE, SEE, SEEP

व्यापी खेलकुद प्रतियोगितालाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

खेलाडीले राष्ट्रको लागि खेल्नुपर्ने बताउनुहुँदै उहाँले स्वस्थ समाज निर्माणमा खेलाडीहरूले आफ्नो क्षेत्रबाट भूमिका खेल्न आग्रह गर्नुभयो ।

सोही क्रममा भनपा वडा नं. ४ का वडाध्यक्ष तथा खेलकुद समितिका सदस्य **उपेन्द्र सुवाल**ले खेलाडीहरूको अथक मिहिनेत र परिश्रमले सफलता हासिल हुने बताउनुहुँदै खेलाडीहरूको सफलतामा अभिभावकहरूको भूमिका रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले खेलाडीहरूलाई नपाका प्रकाशनहरू उपहारस्वरुप प्रदान गर्नुभयो ।

## नेपाली बक्सरलाई ऐतिहासिक पदक



विश्व बक्सिङ च्याम्पियनसिप, २०२५ मा नेपाली बक्सर चन्द्रबहादुर थापामगरले कांस्य पदक जितेर इतिहास रचेका छन्, यससँगै उनले ७५ हजार अमेरिकी डलर पनि हात पारेका छन् ।

नेपाली बक्सरले विश्व च्याम्पियनसिपमा पदक जितेको यो पहिलोपटक हो ।

दुबईमा जारी प्रतियोगिताको सेमिफाइनलमा बिहीबार थापाले ५४ केजी तौल समूहमा काजकस्तानका खेलाडी बिबोसिनोसँग प्रतिस्पर्धा गरेका थिए, जसमा उनी ५–० को स्कोरमा पराजित भए । बिबोसिनो विश्व च्याम्पियनसिप र ओलम्पिकका पदक विजेता हुन् । अन्तर्राष्ट्रिय बक्सिङ महासंघले विश्व च्याम्पियनसिपमा सेमिफाइनलमा पुग्ने खेलाडीलाई कम्तीमा कांस्य पदक प्रदान गर्ने प्रावधान बनाएको छ ।

यसअघि थापाले क्वार्टरफाइनलमा इरानी खेलाडी महेदी काजमीमाथि ५–० को जित निकाल्दै सेमिफाइनलमा स्थान पक्का गरेका थिए ।

नेपाली खेलकुद इतिहासमा कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिताअन्तर्गत एकल स्पर्धामा ७५ हजार अमेरिकन डलर हात पार्ने थापा पहिलो खेलाडी बनेका छन् ।

नेपाली टोलीका मुख्य प्रशिक्षक दीपक महर्जनले विश्व




च्याम्पियनसिपमा आफ्ना खेलाडीले ऐतिहासिक प्रदर्शन गरेको बताए । 'अहिलेसम्म नेपाली बक्सिङ इतिहासमा कुनै पनि खेलाडीले विश्व च्याम्पियनसिपको सेमिफाइनलमा स्थान सुरक्षित गरेका थिएनन्, आज चन्द्रले कांस्य हात पारेका छन्,' उनले भने, 'यो ऐतिहासिक क्षण हो ।'

खेलाडीका रूपमा महर्जनले पनि विश्व च्याम्पियनसिपमा सहभागिता जनाएका थिए । तर, उनको पदक जित्ने धोको अपूरै रहेको थियो । आफूले प्रशिक्षित गरेका खेलाडीले सपना पूरा गरेको उनले बताए । '

## नेपाल प्रिमियर लिग-२ को च्याम्पियन लुम्बिनी लायन्स

नेपाल प्रिमियर लिग (एनपिएल) को दोस्रो संस्करणमा लुम्बिनी लायन्सले साविक उपविजेता सुदूरपश्चिमलाई हराउँदै उपाधि जितेको छ । गत सिजनमा लुम्बिनी पुछारमा रहेको थियो ।

मङ्सिर २७ गते त्रिवि क्रिकेट मैदानमा भएको फाइनल खेलमा ८६ रनको लक्ष्य पछ्याएको लुम्बिनीले ९ ओभरमा ६ विकेटले खेल जितेको छ ।

एनपीएलको पहिलो संसकरणमा जनकपुर बोल्ट्सले सुदूरपश्चिम रोयल्सलाई ५ विकेटले हराउँदै उपाधि जितेको थियो ।

उपाधिसँगै लुम्बिनीले एक करोड १० रूपैयाँ पुरस्कार पनि जितेको छ ।

प्रतियोगितामा लुम्बिनी लायन्सका कप्तान रोहित पौडेल




नेपाल प्रिमियर लिग (एनपीएल)को उत्कृष्ट नेपाली खेलाडी भए ।

त्यस्तै, उपविजेता सुदूरपश्चिमले ५१ लाख रूपैयाँ नगद पुरस्कार जितेको छ। तेस्रो स्थानमा रहेको विराटनगर किंग्सले २५ लाख र चौथो स्थानमा रहेको काठमाडौँ गोर्खाजले १५ लाख रूपैयाँ नगद पुरस्कार जितेको छ।

सर्वोत्कृष्ट खेलाडी बनेका लुम्बिनीका रुबेन ट्रम्पलम्यानले पाँच लाख रूपैयाँ पुरस्कार पाएका छन्।

एनपीएलमा नेपालीतर्फ रोहित पौडेलले सर्वोत्कृष्ट खेलाडी बने। उनले ओमोडा कार पाएका छन्।

प्रतियोगिताको सर्वोत्कृष्ट ब्याटर पोखराका एडम रोसिङटनले ५० हजार रूपैयाँ पुरस्कार पाए।

सर्वाधिक रन बनाउने नेपाली खेलाडी रोहित पौडलले मोटरसाइकल पुरस्कार पाए।

प्रतियोगितामा सर्वोत्कृष्ट बलर विराटनगर किंग्सका सन्दीप लामिछानेले मोटरसाइकल पुरस्कार पाए।

यसैगरी, प्रतियोगिताको उत्कृष्ट इमर्जिङ खेलाडी लुम्बिनीका शेर मल्लले मोटरसाइकल पुरस्कार पाए।

सुदूरपश्चिमका अविनाश बोहरा रेडबुल इनर्जेटिक प्लेअर अफ टुर्नामिन्ट भई दुई लाख रूपैयाँ पुरस्कार पाए।

प्रेजिडेन्सिअल ग्राजुएट स्कूल इमर्जिङ प्लेअर अफ टुर्नामिन्टको उपाधि पाएका लुम्बिनीका तिलक भण्डारीले एक लाख रूपैयाँ पुरस्कार पाए।

फाइनल खेलमा प्लेअर अफ म्याच बनेका लुम्बिनीका रुबेल ट्रम्पलम्यानले २५ हजार रूपैयाँ पुरस्कार पाए।

**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं।**

# 23 rd FIFA World Cup, 2026




हरेक चार वर्षमा हुने विश्व कप फुटबल सन् २०२६ मा हुँदैछ। सन् २०२६ को जुन ११ देखि जुलाइ १९ सम्म तदनुसार २०८३ जेठ २८ गतेदेखि साउन ३ गतेसम्म सञ्चालन हुनेछ ।

यसपटकको २३ औँ फिफा विश्व कपका आयोजकमा मेक्सिको, क्यानाडा र संरा अमेरिका रहेका छन्। विगतमा भन्दा बढी ४८ टीम सहभागी विश्व कपका १०४ खेल आयोजक तीन देशका १६ स्थानमा खेलाइने छ ।

विव कपको पहिलो खेल मेक्सिकोमा र फाइनल खेल संरा अमेरिकामा हुने छ ।

यसपटकका सहभागी टीम, समूह र खेल तालिका निम्नअनुसार हुने प्रकाशमा आएको छ –

**Group A**
Mexico South Korea South Africa
Denmark/ Macedonia/ Czechia/ Ireland

**Group B**
Canada Switzerland Qatar
Italy/ Northern Ireland/ Wales/ Bosnia

**Group C**
Brazil Morocco Scotland Haiti

**Group D**
USA Australia Paraguay
Turkiye/ Romania/ Slovakia/ Kosovo

**Group E**
Germany Ecuador Ivory Coast Curacao

**Group F**
Netherlands Japan Tunisia
Ukraine/ Sweden/ Poland/ Albania

**Group G**
Belgium Iran Egypt New Zealand

**Group H**
Spain Uruguay Saudi Arabia Cape Verde

**Group I**
France Senegal Norway
Iraq/ Bolivia/ Suriname

***Group J***

Argentina Austria Algeria Jordan

***Group K***

Portugal Colombia Uzbekistan
DRC/ Jamaica/ New Caledonia

***Group L***

England Croatia Panama Ghana

## Group stage

**Thursday, June 11**

Mexico vs South Africa at 21:00 GMT
South Korea vs TDB* at 04:00 GMT

**Friday, June 12**

Canada vs TBD at 20:00 GMT
USA vs Paraguay at 05:00 GMT on Saturday

**Saturday, June 13**

Qatar vs Switzerland at 23:00 GMT
Brazil vs Morocco at 23:00 GMT
Haiti vs Scotland at 02:00 GMT on Sunday
Australia vs TBD at 08:00 GMT on Sunday

**Sunday, June 14**

Germany vs Curacao at 19:00 GMT
Netherlands vs Japan at 22:00 GMT
Ivory Coast vs Ecuador at 00:00 GMT on Monday
TBD vs Tunisia at 04:00 GMT on Monday

**Monday, June 15**

Spain vs Cape Verde at 17:00 GMT
Belgium vs Egypt at 23:00 GMT
Saudi Arabia vs Uruguay at 23:00 GMT
Iran vs New Zealand at 05:00 GMT on Tuesday

**Tuesday, June 16**

France vs Senegal at 20:00 GMT
TBD vs Norway at 23:00 GMT
Argentina vs Algeria at 03:00 GMT on Wednesday
Austria vs Jordan at 08:00 GMT on Wednesday

**Wednesday, June 17**

Portugal vs TBD at 19:00 GMT
England vs Croatia at 22:00 GMT
Ghana vs Panama at 00:00 GMT on Thursday
Uzbekistan vs Colombia at 04:00 GMT on Thursday

**Thursday, June 18**

TBD vs South Africa at 17:00 GMT
Switzerland vs TBD at 23:00 GMT
Canada vs Qatar at 02:00 GMT on Friday
Mexico vs South Korea at 03:00 GMT on Friday

**Friday, June 19**

Scotland vs Morocco at 23:00 GMT
USA vs Australia at 23:00 GMT
Brazil vs Haiti at 02:00 GMT on Saturday
TBD vs Paraguay at 08:00 GMT on Saturday

**Saturday, June 20**

Netherlands vs TBD at 19:00 GMT
Germany vs Ivory Coast at 21:00 GMT
Ecuador vs Curacao at 04:00 GMT on Sunday
Tunisia vs Japan at 06:00 GMT on Sunday

**Sunday, June 21**

Spain vs Saudi Arabia at 17:00 GMT
Belgium vs Iran at 23:00 GMT
Uruguay vs Cape Verde at 23:00 GMT
New Zealand vs Egypt at 05:00 GMT on Monday

**Monday, June 22**

Argentina vs Austria at 19:00 GMT
France vs TBD at 22:00 GMT
Norway vs Senegal at 01:00 GMT on Tuesday
Jordan vs Algeria at 07:00 GMT on Tuesday

**Tuesday, June 23**

Portugal vs Uzbekistan at 19:00 GMT
England vs Ghana at 21:00 GMT
Panama vs Croatia at 00:00 GMT on Wednesday
Colombia vs TBD at 04:00 GMT on Wednesday

**Wednesday, June 24**

Switzerland vs Canada at 23:00 GMT
TBD vs Qatar at 23:00 GMT
Scotland vs Brazil at 23:00 GMT
Morocco vs Haiti at 23:00 GMT
TBD vs Mexico at 03:00 GMT on Thursday
South Africa vs South Korea at 03:00 GMT on Thursday

**Thursday, June 25**

Ecuador vs Germany at 21:00 GMT
Curacao vs Ivory Coast at 21:00 GMT
Japan vs TBD at 01:00 GMT on Friday
Tunisia vs Netherlands at 01:00 GMT on Friday
TBD vs USA at 06:00 GMT on Friday
Paraguay vs Australia at 06:00 GMT on Friday

**Friday, June 26**

Norway vs France at 20:00 GMT
Senegal vs TDB at 20:00 GMT
Cape Verde vs Saudi Arabia at 02:00 GMT on Saturday
Uruguay vs Spain at 02:00 GMT on Saturday
Egypt vs Iran at 07:00 GMT on Saturday
New Zealand vs Belgium at 07:00 GMT on Saturday

**Saturday, June 27**

Panama vs England at 22:00 GMT
Croatia vs Ghana at 22:00 GMT
Colombia vs Portugal at 02:30 GMT on Sunday
TBD vs Uzbekistan at 02:30 GMT on Sunday
Algeria vs Austria at 04:00 GMT on Sunday
Jordan vs Argentina at 04:00 GMT on Sunday

## Knockout stage

### Round of 32 fixtures

**Sunday, 28 June**

Match 73 – Group A runners-up v Group B runners-up at 23:00 GMT

**Monday, 29 June**

Match 74 – Group E winners v Group A/ B/ C/ D/ F third place at 19:00 GMT

Match 75 – Group F winners v Group C runners-up at 22:30 GMT

Match 76 – Group C winners v Group F runners-up at 03:00 GMT

**Tuesday, 30 June**

Match 77 – Group I winners v Group C/ D/ F/ G/ H third place at 19:00 GMT

Match 78 – Group E runners up v Group I runners-up at 22:00 GMT

Match 79 – Group A winners v Group C/ E/ F/ H/ I third place at 03:00 GMT on Wednesday

**Wednesday, 1 July**

Match 80 – Group L winners v Group E/ H/ I/ J/ K third place at 17:00 GMT

Match 81 – Group D winners v Group B/ E/ F/ I/ J third place at 00:00 GMT on Thursday

Match 82 – Group G winners v Group A/ E/ H/ I/ J third place at 04:00 GMT on Thursday

**Thursday, 2 July**

Match 83 – Group K runners-up v Group L runners-up at 23:00 GMT

Match 84 – Group H winners v Group J runners-up at 00:00 GMT on Friday

Match 85 – Group B winners v Group E/ F/ G/ I/ J third place at 07:00 GMT on Friday

**Friday, 3 July**

Match 86 – Group J winners v Group H runners-up at 21:00 GMT

Match 87 – Group K winners v Group D/ E/ I/ J/ L third place at 23:00 GMT

Match 88 – Group D runners-up v Group G runners-up at 03:30 GMT on Saturday

### Round of 16 fixtures

**Saturday, 4 July**

Match 89 – Winner match 74 v Winner match 77 at 19:00 GMT

Match 90 – Winner match 73 v Winner match 75 at 22:00 GMT

**Sunday, 5 July**

Match 91 – Winner match 76 v Winner match 78 at 21:00 GMT

Match 92 – Winner match 79 v Winner match 80 at 02:00 GMT on Monday

**Monday, 6 July**

Match 93 – Winner match 83 v Winner match 84 at 21:00 GMT

Match 94 – Winner match 81 v Winner match 82 at 04:00 GMT on Tuesday

**Tuesday, 7 July**

Match 95 – Winner match 86 v Winner match 88 at 17:00 GMT

Match 96 – Winner match 85 v Winner match 87 at 00:00 GMT on Wednesday

### Quarter-final fixtures

**Thursday, 9 July**

Match 97 – Winner match 89 v Winner match 90 at 21:00 GMT

**Friday, 10 July**

Match 98 – Winner match 93 v Winner match 94 at 23:00 GMT

**Saturday, 11 July**

Match 99 – Winner match 91 v Winner match 92 at 22:00 GMT

Match 100 – Winner match 95 v Winner match 96 at 03:00 GMT on Sunday

### Semi-final fixtures

**Tuesday, 14 July**

Match 101 – Winner match 97 v Winner match 98 at 21:00 GMT

**Wednesday, 15 July**

Match 102 – Winner match 99 v Winner match 100 at 20:00 GMT

### Bronze final

**Saturday, 18 July**

Match 103 – Loser match 101 v Loser match 102 at 22:00 GMT

### Final

**Sunday, 19 July**

Match 104 – Winner match 101 v Winner match 102

at 20:00 GMT

*TBD - To be determined

**समय** : GMT **भन्दा नेपालको समय ५ घण्टा ४५ मिनेट अगाडि छ अर्थात्** GMT **मा ५:४५ जोड्दा नेपालको समय हुन्छ ।**

### भ्रष्टाचारीलाई संरक्षण कि मृत्युदण्ड ?

## भ्रष्टाचारै भ्रष्टाचार

# नलिञ्चोक हेलिपोर्ट भ्रष्टाचारमा सात जनाविरुद्ध मुद्दा




अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का महानिर्देशक प्रदीप अधिकारीविरुद्ध मङ्सिर १८ गते भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

भक्तपुरको नलिञ्चोकमा हेलिपोर्ट निर्माण गर्दा आर्थिक अनियमितता गरेको आरोपमा अधिकारी र प्राधिकरणका तत्कालीन निर्देशक मुरारी भण्डारी, प्रबन्धक नलबिक्रम थापा, उपप्रबन्धक इन्जिनियर सवृद्धि श्रेष्ठ, परामर्शदाता गुरुदत्त अधिकारी, परामर्श कम्पनी अभियन्त्र कन्सल्टिङ प्रालि तथा उक्त कम्पनीका तत्कालीन सञ्चालक विजय थापाविरुद्ध विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरिएको हो ।

उक्त प्रकरणमा आयोगले महानिर्देशक अधिकारी र प्राधिकरणका तत्कालीन निर्देशक मुरारी भण्डारीलाई नियन्त्रणमा लिइएको थियो ।

हेलिपोर्ट निर्माण गर्दा प्राधिकरणले कानुनी, प्राविधिक, आर्थिक र व्यावहारिक कुनै पनि पक्षलाई पालना नगरेको आयोगको दाबी छ । यसबाट सरकारलाई साढे १३ करोड रुपियाँभन्दा धेरै आर्थिक क्षति भएको पनि आयोगको दाबी छ ।

प्रतिवादी सबैलाई जनही १३ करोड ५७ लाख ४६ हजार २१३ रुपियाँ बिगो कायम गरी कैद तथा जरिबाना र भ्रष्टाचार निवारण ऐन अनुसार कारबाहीको माग गरिएको आयोगले जनाएको छ ।

साढे १७ करोड लागत अनुमानमा तयार गरिएको हेलिपोर्ट हालसम्म पनि पूर्ण रुपमा सञ्चालनमा आउन सकेको छैन । प्राधिकरणले निर्माण गरेको भक्तपुरको नलिन्चोक हेलिपोर्ट हेलिकोप्टर उडाउनै नमिल्ने र सुरक्षाको दृष्टिले सञ्चालनमा ल्याउन नसकिने विज्ञहरूको ठहर रहेको छ ।

# पोखरा विमानस्थलमा ८ अर्ब ३७ करोड भ्रष्टाचारको मुद्दा



दुई वर्षदेखि छानबिनमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भ्रष्टाचार भएको निष्कर्षसहित अख्तियार विशेष अदालत पुगेको छ । विशेष अदालतमा दायर मुद्दामा ८ अर्ब ३६ करोड ७३ लाख ५५ हजार रुपैयाँ बिगो कायम गरिएको छ । यो रकम तत्कालीन नेपाली विनियम ११२.५५ रुपैयाँका दरले निर्धारण गरिएको हो ।

संसदीय समितिले आयोजनामा भ्रष्टाचार भएको ठहर गरेर थप कारबाहीका लागि प्रतिवेदन अख्तियार पठाएको थियो । तत्कालीन सार्वजनिक लेखा समितिमातहत गठित उपसमितिले विमानस्थल निर्माणमा कारिब १० अर्बभन्दा बढी भ्रष्टाचार भएको ठहर गरेको थियो ।

यस अनियमिततामा ठूला दल र ठूला कर्मचारीकै संलग्नता देखिएको छ ।

विमानस्थल निर्माणका लागि स्वीकृत तथा बोलपत्रमा समेत आह्वान भएको लागत १६ करोड ९६ लाख ९७ हजार अमेरिकी डलर थियो । तर, त्यसलाई बढाएर २४ करोड ४० लाख ४० हजार ४५० डलरमा ठेक्का सम्झौता कार्यान्वयन गरेर भ्रष्टाचार गरिएको अख्तियारको निष्कर्ष छ । चिनियाँ एक्जिम बैंक विमानस्थल बनाउन लिइएको २१ करोड ५९ लाख ६५ हजार डलर ऋण लिएको थियो । लागत नै आठ अर्ब बढाएर ठेक्का प्रक्रियाबाटै भ्रष्टाचारको सुरुवात गरिएको उपसमितिको निष्कर्ष छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा आठ अर्ब ३७ करोड भ्रष्टाचार भएको ठहर गर्दै अख्तियारले पाँच पूर्वमन्त्री र १० पूर्वसचिवसहित ५५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । अख्तियारले तत्कालीन पर्यटनमन्त्रीहरू पोष्टबहादुर बोगटी, रामकुमार श्रेष्ठ, भीम आचार्य र दीपकचन्द्र अमात्य तथा तत्कालीन अर्थमन्त्री डा. रामशरण महतको संलग्नता किटान गरेको हो ।

बोगटीको निधन भइसकेकाले अख्तियारले उनकी पत्नी राममायालाई हकवाला प्रतिवादी कायम गरेको छ। चिनियाँ ठेकेदार सिएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेडविरुद्ध पनि मुद्दा दायर भएको छ।




भ्रष्टाचारमा डामिएका पूर्वसचिवहरूमा पर्यटन मन्त्रालयका सुशील घिमिरे र सुरेशमान श्रेष्ठ तथा अर्थ मन्त्रालयका सुमनप्रसाद शर्मा र कानुनका भेषराज शर्मा छन्। त्यस्तै, तत्कालीन समयमा पर्यटन मन्त्रालयमा सहसचिव रहेका मोहनकृष्ण सापकोटा, सुरेश आचार्य र रञ्जनकृष्ण अर्याल तथा अर्थ मन्त्रालयका सहसचिव मधुकुमार मरासिनी र भन्सार विभागका तत्कालीन महानिर्देशक सूर्यप्रसाद आचार्य पनि डामिएका छन्। उनीहरू सबै सचिवबाट अवकाश पाएका कर्मचारी हुन्। सचिवबाट अवकाश पाएका सर्वोच्च अदालतका पूर्वरजिस्ट्रार डा. रामकृष्ण तिमिल्सिनाविरुद्ध पनि मुद्दा दायर भएको छ।

### यी हुन् मुद्दा दायर भएका १० पूर्वसचिव




तत्कालीन महानिर्देशकद्वय त्रिरत्न मानन्धर र रतिशचन्द्रलाल सुमन तथा तत्कालीन उपप्रबन्धक प्रदीप अधिकारीविरुद्ध मुद्दा दायर भएको हो।




विशेष अदालतका न्यायाधीशहरू हेमन्त मल्ल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइराला नलिन्चोक हेलिपोर्ट निर्माणमा १३ करोड बिगोको भ्रष्टाचारमा प्रदीप अधिकारीलाई पुर्पक्षका लागि जेल पठाएको छ।

तर विशेषका अध्यक्ष सुदर्शनदेव भट्ट र सदस्य डिल्लीरत्न श्रेष्ठको आइतबारको इजलासले आठ अर्ब ३६ करोडको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको भ्रष्टाचार मुद्दामा पाँच लाख धरौटीमा छाड्न आदेश दिएको छ।

त्यस्तै, पोखरा विमानस्थल भ्रष्टाचारमा क्यानका निलम्बित निर्देशक मुरारी भण्डारीसँग पनि विशेषले एक लाख धरौटी मागेको छ।

स्मरणीय छ, विगतमा शासक दलहरूले भागबन्दामा न्यायाधीशहरू नियुक्त गराएको थियो।

## पोखरा विमानस्थलका प्रमुखसँग अकुत सम्पत्ति



अख्तियारले नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रबन्धक बिनेश मुनकर्मीविरुद्ध अकुत सम्पत्ति आर्जनको अभियोगमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। उनीसँग दुई करोड ५० लाख ३४ हजार ५१७ रुपैयाँ स्रोत नखुलेको गैरकानुनी सम्पत्ति भेटिएकाले सोहीबराबरको बिगो कायम गरी मुद्दा दायर गरिएको आयोगले जनाएको छ। उनीसँग ६ करोड २४ लाखबराबरको सम्पत्ति भेटिएकोमा त्यसमध्ये साढे दुई करोड भ्रष्टाचारबाट आर्जन गरेको अख्तियारको अभियोग छ। सम्पत्ति जफतको प्रयोजनका लागि आयोगले उनकी श्रीमती पूर्णकुमारी गोसाईविरुद्धसमेत मुद्दा दायर गरेको छ। मुनकर्मी पछिल्लो समय पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको आयोजना प्रमुख थिए।

## करोडौंको घरजग्गा ९१ लाख तिरेर जोगाउन चलखेल

अदालतले खुमबहादुर खड्काको सानेपास्थित घरजग्गा जफत गर्न फैसला गरे पनि रमेश लेखक नेतृत्वमा हुँदा गृह

मन्त्रालयले मुद्दा दर्ताको वेलाकै मूल्याङ्कनअनुसारको २० लाख ९२ हजार तिराएर खड्काकै परिवारलाई दिलाउने निर्णय गरेको थियो। यही नजिरलाई आधार बनाएर भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका पूर्वइन्जिनियर मेघुप्रसाद जायसवाल पनि ९१ लाख तिरेर करोडौँको घरजग्गा जोगाउने चलखेलमा लागेका थिए।

सर्वोच्चको फैसलाअनुसार बाराको कलैयास्थित घरजग्गा जफत गर्नुपर्ने हुन्छ। फैसला आएको करिब तीन वर्षसम्म कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले कार्यान्वयनमा सुस्तता देखाएपछि उनले घरजग्गा जोगाउने प्रयास गरेका हुन्। विशेष अदालतले भने त्यसलाई अस्वीकार गरेको छ।

विशेषले उनको निवेदनलाई दरपीठ गरेपछि पनि उनको सम्पत्ति जफत प्रक्रिया पनि अघि बढेको छैन। 'जफत हुने ठहर भएको घरजग्गाको अहिलेको मूल्याङ्कन १० करोडभन्दा धेरै पर्ने सुनिएको छ,' विशेषका एक अधिकारीले भने, 'तर, उनले दुई दशकअघिको सरकारी दररेटको मूल्याङ्कनअनुसारको पैसा तिरेर जग्गा फुकुवा गर्न माग गरेपछि हामीले नमानेका हौँ।'

काङ्ग्रेसका नेता खुमबहादुर खड्काको सम्पत्ति जफतमा पनि यस्तै चलखेल भइरहेको छ। फैसलामा सानेपाको एक रोपनी सात आना जग्गामध्ये मूल्याङ्कनको समयको २० लाख ९२ हजारबराबरको जग्गा जफत गर्ने फैसला भएको थियो। तर, फैसलाको आफूअनुकूल व्याख्या गरी अहिलेको २० लाख ९२ हजार तिरेर जग्गा जोगाउने प्रयास भएको थियो। त्यसलाई पनि विशेष अदालतको प्रशासनले कार्यान्वयन अस्वीकार गरेपछि हाल खड्काको परिवारले विशेष अदालतको इजलासमा निवेदन दिएको छ। जुन विचाराधीन छ।

भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका अरू पनि मूल्यांकनको समयको पैसा तिरेर अहिले करोडौँको सम्पत्ति जोगाउने प्रयासमा छन्। यो नजिरले भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरणजस्ता कसुरमा जफत हुनुपर्ने सयौँ घरजग्गा गुम्ने जोखिम रहेको विशेष अदालतका अधिकारी बताउँछन्।

## खाना पकाउने ग्यास दुई वर्षअघिकै महँगो भाउमा बेच्दै

मासिक ५० करोड नाफा कमाइरहेको आयल निगमले एलपी ग्यासको मूल्य विश्वबजारमै घट्दासमेत दुई वर्षअघि तोकेकै दरमा बेचेर उपभोक्तामाथि अन्याय गरिरहेको छ।

नेपाल आयल निगम (एनओसी) आर्थिक वर्ष ०८०/८२ देखि नै नियमित र सञ्चित नाफामा छ। तर, खाना



पकाउने ग्यासको मूल्य विश्वबजारमै घट्दा र पछिल्लो समय भारतले समेत निरन्तर घटाएर पठाउँदा पनि निगमले भने दुई वर्षअघि तोकेकै दरमा बेचेर उपभोक्तामाथि अन्याय गरिरहेको छ।

नेपाललाई पेट्रोलियम पदार्थ बिक्री गर्दै आएको सरकारी स्वामित्वको इन्डियन आयल कर्पोरेसन (आइओसी)ले नेभेम्बर र डिसेम्बरमा दुईपटक गरी प्रतिसिलिन्डर २८ रुपैयाँ घटाएर पठाएको थियो। नोभेम्बरमा प्रतिसिलिन्डर २० रुपैयाँ घटाएर पठाएकोमा डिसेम्बरमा थप आठ रुपैयाँले घटाएको निगम स्रोत बताउँछ। तर, एनओसीले दुई वर्षअघि तोकेको दररेट प्रतिसिलिन्डर १९१० रुपैयाँमै बिक्री गरिरहेको छ। जबकि ०८०/८१ मा चार अर्ब ८३ करोड सञ्चित नाफा गरेको आयल निगमले ०८१/८२ मा पनि करिब १४ अर्ब नाफा कमाएको थियो। चालू आवको पहिलो चार महिना (साउन–कात्तिक)मा पनि दुई अर्ब नाफा 'बुक' भइसकेको निगम स्रोत बताउँछ।

निगम प्रवक्ता मनोज ठाकुर भने भारतबाट घटेर आए पनि तत्काल ग्यासको मूल्य घटाउन नसकिने बताउँछन्।

अहिले देशभर दैनिक खपत भइरहेको एक लाख सिलिन्डर ग्यासमा प्रतिसिलिन्डर ४४ रुपैयाँ घटाएर उपभोक्तालाई राहत दिँदा निगमको नाफा मासिक १३ करोड २० लाखले मात्रै कम हुन्छ। अर्थात् समग्रमा निगम मासिक ३६ करोड ८० लाख नाफामै हुन्छ।

अहिले उद्योगीले ढुवानी भाडा, प्रशासनिक खर्च, कमिसनलगायतका शीर्षकमा प्रतिसिलिन्डर ३०५ रुपैयाँ पाइरहेका छन्। उक्त खर्च धेरै भएकाले अध्ययन गरी घटाउन विभिन्न समितिले दिएको निर्देशनसमेत निगमले टेरेको छैन।

# पाइपलाइन भए पनि मासिक पाँच करोड ढुवानी भाडा




पाइपलाइन बिछ्याएको ठाउँमै महिनामा पाँच करोड रुपैयाँसम्म ढुवानी भाडा खर्चिनु संस्थागत हानि–नोक्सानी भएको अख्तियारले प्रारम्भिक ठहर गरेको छ ।



रक्सौलदेखि अमलेखगञ्जसम्मको पेट्रोल ल्याउने पाइप

पेट्रोलियम पाइपलाइन पूर्ण क्षमतामा चल्न सक्ने अवस्था हुँदाहुँदै पनि नेपाल आयल निगमले कमिसनको लोभमा भारतबाट ट्यांकरमार्फत पेट्रोल ढुवानी गरेको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभागीय मन्त्रालयसँग छानबिन प्रतिवेदन मागेको छ ।

ढुवानीका नाममा मासिक करिब पाँच करोड रुपैयाँ अनावश्यक खर्च गरेको आरोपमा आयोगले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई छानबिन प्रतिवेदन उपलब्ध गराउन लिखित पत्र पठाएको हो ।

# उपचार खर्चमाथि पनि अख्तियारको छानबिन




जनस्वास्थ्य ऐन, २०७५ को दफा ३० मा स्पष्ट व्यवस्था छ – 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई विदेशमा उपचार गर्नुपर्ने भएमा सोका लागि लाग्ने खर्च नेपाल सरकारबाट उपलब्ध गराइनेछैन ।' तर, कानुनको बेवास्ता गर्दै बहालवाला राष्ट्रपति रामचन्द्र पौडेल, पूर्वराष्ट्रपति रामवरण यादव, पूर्वप्रधानमन्त्रीद्वय केपी ओली र झलनाथ खनाललगायतलाई सरकारी ढुकुटीबाट विदेशमा उपचार गर्न भुक्तानी दिइएको छ । ऐन जारी भएयता मात्रै उनीहरूले विदेशमा उपचार गर्न झन्डै तीन करोड रुपैयाँ बुझेका छन् । यसलाई भ्रष्टाचार मान्दै अख्तियारले छानबिन थालेको छ ।

प्रधानमन्त्री कार्यालयले अख्तियारलाई पठाएको विवरणअनुसार सबैभन्दा धेरै रकम लिनेमा निवर्तमान प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओली छन् । विदेशमा स्वास्थ्योपचार गराएबापत उनका लागि एक करोड १६ लाख भुक्तानी भएको छ ।

ओलीपछि विदेशमा उपचार गराएर राज्यकोषबाट कानुनविपरीत धेरै रकम पाउनेमा पूर्वराष्ट्रपति रामवरण यादव छन् । उनका लागि ६५ लाख २५ हजार भुक्तानी गरिएको छ ।

त्यसअघि ०६२/६३ देखि ०७३ सम्म यादवले एक करोड ४० लाख भुक्तानी लिएका थिए ।

राष्ट्रपति रामचन्द्र पौडेलले पनि भारतमा उपचार गरेबापत ५५ लाख भुक्तानी लिएको विवरण प्रधानमन्त्री कार्यालयले अख्तियारलाई उपलब्ध गराएको छ । उनका लागि उपचार खर्चको रकम भुक्तानीको निर्णय १२ असार ०८० मा भएको थियो । जबकि १९ वैशाखमै राष्ट्रपति पौडेलले 'भारतमा गरिएको उपचार खर्च आफैले व्यहोर्ने' जनाएका थिए ।

पूर्वप्रधानमन्त्री झलनाथ खनालले पनि विदेशमा उपचार गर्दा लागेको खर्चबापत ५० लाख ८२ हजार भुक्तानी लगेका छन् ।

स्वदेशमै कैयौँ रोगको उपचार पद्धति र सुविधा हुँदाहुँदै पनि राजनीतिक पदाधिकारीहरूले राज्यशक्ति र पहुँचको दुरुपयोग गर्दै मन्त्रिपरिषद्‌बाट निर्णय गराएर स्वास्थ्योपचारका लागि ठूलो आर्थिक सहायता प्राप्त गरेका छन् ।

पूर्वसचिव शारदाप्रसाद त्रिताल २ असोज ०७५ पछि विदेशमा उपचार गराएको खर्च लिने र दिने दुवैमाथि भ्रष्टाचारमा कारबाही हुनुपर्ने बताउँछन् । उनले भने, 'दुवैउपर भ्रष्टाचारमा कारबाही हुनुपर्छ, यो राष्ट्रपतिदेखि जोसुकै र सबैको हकमा लागू हुनुपर्छ ।'

कानुन आउनुअघि विदेशमा उपचार गराएर राज्यकोषबाट खर्च लिनेहरूको सूची लामै छ । ०६२/६३ देखि ०७३ सम्म एक दशकमा वैदेशिक उपचार गराएर उच्चपदस्थले राज्यकोषबाट तीन अर्ब ८८ करोड भुक्तानी लिएको अर्थ मन्त्रालयले रिपोर्ट तयार पारेको थियो । जसमा पूर्वराष्ट्रपति यादव, पूर्वप्रधानमन्त्री ओलीले मात्रै होइन, पूर्वप्रधानमन्त्रीहरू सुशील कोइरालाले एक करोड ८७ लाख र तुल्सी गिरीले २० लाख भुक्तानी लिएका थिए । त्यस्तै, अर्का पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले पाँच लाख लगेका थिए ।

त्यस्तै,पूर्वउपप्रधानमन्त्री तथा पूर्वपरराष्ट्रमन्त्री सुजाता कोइरालाले ५० लाख, पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले ३८ लाख, पूर्वगृहमन्त्री गोविन्दराज जोशीले २७ लाख ८० हजार, खुमबहादुर खड्काले २० लाख, पूर्वगृहराज्यमन्त्री देवेन्द्रराज कँडेलले १५ लाख ८४ हजार, महेन्द्र राय यादवले १५ लाख, पूर्वउपराष्ट्रपति परमानन्द झाले नौ लाख ३० हजार र पूर्वपरराष्ट्रमन्त्री चक्रप्रसाद बाँस्तोलाले ५० लाख उपचार खर्च राज्यकोषबाट लिएका थिए ।

'यो रकमले नेपालमा एउटा स्तरीय अस्पताल खोल्न सकिन्थ्यो, जहाँ नेता तथा जनताको निःशुल्क उपचार गर्न सकिन्थ्यो,' स्वास्थ्य मन्त्रालयका एक अधिकारी भन्छन्, 'तर, ठूलाबडाको ध्यान विदेशमै उपचार गर्ने भन्ने छ, त्यसैले पैसा विदेश गएको छ, देशको स्वास्थ्य सेवा पछाडि परेको छ ।'

यसलाई व्यवस्थित गर्न सरकारले ०७५ मा जारी गरेको थियो । तर, ऐन आएपछि पनि दुरुपयोग रोकिएको छैन । जनस्वास्थ्य ऐन, २०७५ आउनुअघि सरकारले 'नागरिक राहत, क्षतिपूर्ति आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०७३' अनुसार पूर्वविशिष्ट पदाधिकारीलाई स्वास्थ्योपचारमा अधिकतम १५ लाख रुपैयाँसम्म दिने व्यवस्था गरेको थियो । तर, कार्यविधिले तोकेभन्दा धेरै रकम लिने गरेका थिए ।

# ४५ करोडको मालिक को हो ?




विवादास्पद व्यापारी दीपक भट्टको सन्देहपूर्ण आर्थिक कारोबार छानबिन गर्न सरकारले गठन गरेको संयुक्त अनुसन्धान टोलीले विभिन्न निकायलाई पत्राचार गरेर विवरण मगाउन थालेको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको नेतृत्वमा गठन भएको टोलीले उनका सम्पूर्ण कारोबार र सम्पत्तिको विस्तृत छानबिन थालेको हो ।

नेपाल राष्ट्र बैङ्क, केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) तथा राजस्व अनुसन्धान विभागका प्रतिनिधि सदस्य रहेको टोलीले भट्टका सबै कम्पनीको कारोबार विवरण मगाएर विश्लेषण गर्न थालेको छ । विगतमा पनि राष्ट्र बैङ्कले छानबिन गर्न पत्राचार गरेको थियो । तर, तत्कालीन केपी ओली नेतृत्वको सरकारको दबाबमा रोकिएको थियो । अहिले नयाँ सरकार बनेपछि छानबिन फेरि सुरु भएको हो ।

टोलीले नेपाल बिमा प्राधिकरणलाई पत्राचार गरेर हिमालयन रिइन्स्योरेन्स कम्पनीमा ४५ करोड सेयर लगानी भएको विषयमा विस्तृत छानबिन गरेर यथाशीघ्र प्रतिवेदन बुझाउन निर्देशन दिएको छ । टोलीले जगदम्बा स्टिल्ससँगको शंकास्पद कारोबारबारे पनि विश्लेषण गर्न भनेको छ ।

हिमालयन रिइन्स्योरेन्स भट्ट तथा शंकर ग्रुपको लबिङमा स्थापना भएको कम्पनी हो । जुन स्थापनामा ठूलो नीतिगत भ्रष्टाचारको आरोप लाग्दै आएको छ ।

काठमाडौँका एक वरिष्ठ प्रहरी अधिकृत भन्छन्, 'जेनजी आन्दोलनका नाममा जसले कांग्रेस, एमाले, माओवादीका कार्यलय, नेताका घरमाथि आक्रमण गर्न उचाले, निर्देशन दिए, उनैले दीपक भट्टको साम्राज्यमा भने नछुन निर्देशन दिएको जस्तो देखियो ।' हामी नेपाली नामक सुदन गुरुङको सस्थालाई उनी र उनको ब्यापारिक साझेदार सुलभ अग्रवाल (शंकर ग्रुप्र) लगायतको साथ र आर्थिक लगानी रहेको विवरण अहिले सार्वजनिक हुँदैछ ।

तर, दबाब र प्रभावका कारण भट्टमाथिको छानबिन विगतमा झैँ प्रभावित हुने आशंका गरिएको छ ।

# नेपाल ट्रस्टको मुद्दा दायर





थामसेर्कुले हडपेको सडक विभागको जग्गा

जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौँले काठमाडौँ जिल्ला अदालतमा नेपाल ट्रस्टको दरबारमार्गस्थित जग्गा लिजमा लगाउँदा भएको अनियमिततामा ट्रस्टका पूर्वसचिव अर्जुन कार्की र पूर्वसहसचिव लेखबहादुर कार्की तथा यती समूहको थामसेर्कु ट्रेकिङ प्रालि र यसका अध्यक्ष ल्हाक्पा सोनाम शेर्पाविरुद्ध मुद्दा दायर गरेको छ। मुद्दामा पाँच अर्ब २५ करोड ६३ लाख ८३ हजार ६८६ रुपैयाँ बिगो दाबीका साथै तीनै जनालाई पाँच वर्ष कैद सजायको पनि माग गरिएको छ।

ट्रस्टको उक्त जग्गामा भएको अनियमितताको जरा तत्कालीन प्रधानमन्त्री केपी ओलीसम्म जोडिएको छ।

'यती काण्ड' केपी ओली सरकारको ठूलो नीतिगत भ्रष्टाचारका रूपमा चर्चित छ। यती समूहले गोकर्ण रिसोर्टदेखि दरबारमार्ग, ताहाचल र चितवनमा समेत नेपाल ट्रस्टको जग्गा लिजमा लिएको थियो। ती सबै लिज प्रकरण विवादित छन्।

सरकारी वकिल कार्यालयले पूर्वप्रधानमन्त्री केपी ओलीका पिए राजेश बज्राचार्यले यती समूहबाट लिएको घरको विषयलाई 'होल्ड'मा राखेको छ। सिआइबीले बज्राचार्य र उनकी श्रीमती रश्मि शाक्यलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमार्फत छानबिन गर्नुपर्ने राय दिएको थियो। सिआइबीले यती समूहको थामसेर्कु ट्रेकिङका अध्यक्ष लाक्पा सोनाम शेर्पाको बयानसमेत नलिई सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको थियो।

तर, सरकारी वकिलको कार्यालयले अख्तियारलाई लेखेर पठाउने विषय अभियोगपत्रमा उल्लेख नगरी मुद्दा दायर गरेको छ।

## न्यून धरौटीमा रिहा

यस मुद्दामा जिल्ला अदालत, काठमाडौँका न्यायाधीश रामचन्द्र खड्काको इजलासले थुनछेक बहस पछि अभियुक्तहरूसँग धरौटी माग गरेको छ।

तीन कसुरमा एक मुस्ट सवा पाँच अर्ब बिगो दाबी र पाँच वर्ष कैद सजाय मागिएकोमा अदालतले तत्कालीन सचिव अर्जुनबहादुर कार्कीसँग ६ लाख र सहसचिव लेखबहादुर कार्कीसँग १० लाख रुपैयाँ धरौटी माग भएको छ।

बिगोको तुलनामा न्यून धरौटी माग भएको छ। सो मुद्दामा यती समूहका प्रमुख ल्हाक्पा सोनाम शेर्पा भने फरार छन्।

## यती समूहको शृंखलाबद्ध बदमासी

नेपाल ट्रस्टको जग्गा लिजमा लिएर व्यापार गरिरहेको यती समूहको थामसेर्कु ट्रेकिङले सरकारलाई ठूलो नोक्सान हुने गरी शृंखलाबद्ध बदमासी गरेको भेटिएको छ। ट्रस्टका कर्मचारीसँगको मिलेमतोमा दरबारमार्गस्थित सडक विभागको तीन आना तीन पैसा जग्गासमेत हत्याएको प्रहरी अनुसन्धानमा खुलेको छ।

नेपाल ट्रस्टको कित्ता नम्बर ४६०५ को एक रोपनी १४ आना जग्गा लिजमा लगाउने सूचना प्रकाशन, तर 'सेटिङ'मा सडक विभागको कित्ता नम्बर ४६०६ को तीन आना तीन पैसा जग्गा पनि समावेश गरेर दुई रोपनी एक आना तीन पैसाको सम्झौता गरेको छ।

सम्झौतामा बेसमेन्टसहित तीन तला बनाउने उल्लेख छ। तर, थामसेर्कुले हाल पाँच तला बनाएर भाडामा लगाएको छ। तर, सरकारलाई लिजको रकम भने तीन तलाबराबरको



राजेश बज्राचार्य

तिर्दै आएको छ।

हाल तीन तलाको हिसाब गरेर थामसेर्कुले वार्षिक चार करोड ५० लाख भाडा तिर्दै आएको छ। नेपाल ट्रस्टले स्वतन्त्र मूल्याङ्कन समितिमार्फत थपिएको तलाको वार्षिक एक करोड ३८ हजार ५४१ रुपैयाँ बुझाउनुपर्ने निर्णय २८ चैत ०७९ मा नेपाल ट्रस्टको सञ्चालक समितिले गरेको थियो।

२०७३ मा केपी ओली प्रधानमन्त्री हुँदा दरबारमार्गस्थित नेपाल ट्रस्टको जग्गा यती समूहलाई लिजमा दिने प्रक्रिया थालियो, १ साउन ०७५ मा ओलीका पिए राजेश बज्राचार्यले यती समूहकै तारा एयरबाट झन्डै चार आना जग्गामा बनेको रोजभिलेज हाउजिङको ए-२४ नम्बरको अढाईतले घर सात वर्षअघि राजेशकी श्रीमती रश्मि शाक्यको नाममा पास भएको थियो। ०७६ मा ओली दोस्रोपटक प्रधानमन्त्री हुँदा ट्रस्टकै गोकर्णको जग्गा पनि सम्झौता सकिनुअगावै यतीलाई नै सन् २०५० सम्मका लागि लिजमा दिइएको थियो।

## भ्रष्टाचारका दोषी एमालेको अनुशासन आयोगको अध्यक्ष

प्रम पदमा छँदा भ्रष्टाचार नगर्ने र गर्न नदिने भन्दै आएका केपी ओलीको एमालेको केन्द्रीय अनुशासन आयोगको अध्यक्षमा प्रा.डा. भरतराज पहारी निर्विरोध निर्वाचित भएको समाचार छ। एमालेको ११ औँ महाधिवेशनमा आयोगको अध्यक्षमा एकल उम्मेदवारी परेपछि उनी निर्विरोध भएका हुन्।

पहारी भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका व्यक्ति हुन्। पुल्चोक इन्जिनियरीङ क्याम्पसको डिन हुँदा अकुत सम्पत्ति आर्जन गरेको भनेर अख्तियार दुरुपयोग अनुसन्धानले उनीविरुद्ध मुद्दा दायर गरेकोमा विशेष अदालतले २०७५ सालमा दोषी ठहर गरी १० महिना कैद र १८ लाख जरिवानाको सजाय सुनाएको थियो। हाल उनी पोखरामा होटल व्यवसाय गर्छन्।

## भिजिट भिसामा नौविरुद्ध मुद्दा

### असुली धन्दाको 'कनेक्सन' गृहमन्त्रीसम्मै, मुद्दा सहसचिवसम्म मात्रै

भिजिट भिसामा सङ्गठित रूपमा भएको असुलीको सञ्जाल तत्कालीन गृहमन्त्री रमेश लेखकसम्मै रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भेटाएको छ। तर, मुद्दा भने विमानस्थल अध्यागमनका तत्कालीन प्रमुख सहसचिव तीर्थराज भट्टराईसम्मका कर्मचारी र ट्राभल व्यवसायीमाथि मात्रै दायर गरेको छ।

अख्तियारले करिब साढे ६ महिना लगाएर गरेको अनुसन्धानपछि पहिलो चरणमा विशेष अदालतमा मुद्दा दायर गर्दै तत्कालीन गृहमन्त्री लेखकलगायत उच्चपदस्थमाथि अनुसन्धान जारी रहेको उल्लेख गरेको छ। प्रमुख प्रतिवादी बनाइएका भट्टराईको तत्कालीन गृहमन्त्री लेखक, गृहसचिव गोकर्णमणि दुवाडी, अध्यागमन विभागका तत्कालीन महानिर्देशक, मन्त्रालयको शान्तिसुरक्षा महाशाखा हेर्ने तत्कालीन महाशाखा प्रमुखसँग गैरकानुनी रकम लेनदेन भएको हुन सक्ने देखिएको औँल्याएको छ। सहसचिव भट्टराईको निवेदनसाथ प्राप्त भएको डायरी तथा नेपाल टेलिकमबाट प्राप्त सिडिआर विवरणबाट तत्कालीन गृहमन्त्री लेखकका निजी सचिव बद्रीप्रसाद तिवारी (हाल म्याग्दीका प्रमुख जिल्ला अधिकारी) तथा स्वीकृत सचिव जनक भट्टसँग अस्वाभाविक सम्पर्क भएको खुल्न आएको पनि उल्लेख गरेको छ।

तर, अभियोगपत्रमा तत्कालीन गृहमन्त्री लेखक, गृहसचिव दुवाडीलगायत उच्चपदस्थको बयान भने छैन। दबाबमुक्त भएर अख्तियारले अनुसन्धान गरे तत्कालीन गृहमन्त्री लेखक यो मुद्दामा तानिने निश्चित देखिएको छ।

गैरकानुनी सेटिङ गरेर यात्रुबाट घुस-रिसवत लिएर भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसमेत गरेको आरोपमा भट्टराईलाई प्रमुख प्रतिवादी कायम गरेको अख्तियारले विमानस्थल अध्यागमन कार्यालयकै तत्कालीन अध्यागमन अधिकृत यज्ञराज अर्याल, ट्राभल कम्पनी ग्रिनलाइन होलिडेज प्रालि, उक्त कम्पनीका अध्यक्ष बालकृष्ण खड्का र सोही कम्पनीका तत्कालीन संस्थापक सेयर सदस्य एवं सञ्चालक राम खड्काविरुद्ध मुद्दा दायर गरेको छ।

भट्टराई, कविता पौडेल (भट्टराई) र खेम (खगेन्द्र) सुवेदीलाई जनही ७९ लाख ८० हजार, अर्याल, ग्रिनलाइन होलिडेज र खड्काद्वयविरुद्ध जनही ३० लाख २० हजार, फेमिली होलिडेज ट्राभल्स एन्ड टुर्स प्रालि र उक्त कम्पनीका संस्थापक सेयर सदस्य एवं सञ्चालक दीपक भण्डारीलाई १० लाख ६० हजारका दरले बिगो कामय गरेको छ।

तीर्थराज भट्टराई, कविता पौडेल र खेम (खगेन्द्र) सुवेदीविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दासमेत दायर गरेको छ। यो मुद्दामा जनही एक करोड तीन लाख ७९ हजार ६ सय बिगो कायम गरिएको छ।

# पूर्वमेयर सन्तोष चालिसेको परिवारैविरुद्ध भ्रष्टाचार मुद्दा

गोकर्णेश्वर नगरपालिकाको मेयर हुँदा तीन करोड ६८ लाख रुपैयाँ अवैध आर्जन गरेको अभियोगमा कांग्रेसका नेता सन्तोष चालिसेविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। काठमाडौं– ३ का निवर्तमान सांसदसमेत रहेका चालिसेविरुद्ध पदको दुरुपयोग गरी अकुत आर्जन गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको हो।



उनीसँग आठ करोड ५६ लाख ८३ हजार ५९५ रुपैयाँबराबरको सम्पत्ति भेटिएको थियो। त्यसमध्ये तीन करोड ६८ लाख ४७ हजार ७६१ रुपैयाँबराबरको सम्पत्तिको स्रोत नखुलेकाले सोबराबरको सम्पत्ति जफत र सोहीबराबरको जरिवाना सजाय मागदाबीसहित अख्तियारले मुद्दा दायर गरेको हो।

अकुत सम्पत्ति श्रीमती, छोराहरू तथा बुहारीको नाममा रहेकाले उनीहरूलाई समेत सम्पत्ति जफतका लागि प्रतिवादी बनाइएको छ। अकुत सम्पत्ति उनले मेयर भएको समयमा कमाएको अख्तियारले जनाएको छ।

कांग्रेस नेता सन्तोष चालिसेले गोकर्णेश्वर नगरपालिकाको मेयर भएपछि आफ्नो र परिवारको नाममा १० ठाउँमा जग्गा खरिद गरेका थिए।

विभिन्न कम्पनीमा ५० लाख ३१ हजार ६ सय रुपैयाँ लगानी भएको अनुसन्धानमा देखिन्छ। परिवारसँग ५० तोला सुन र एक सय तोला चाँदी रहेको अनुसन्धानमा भेटिएको छ।

उनी ०७९ को प्रतिनिधिसभामा निर्वाचित भई संसद्को अर्थ समितिको सभापतिसमेत थिए। तर, संसद् भएपछिको उनको सम्पत्ति भने छानबिन भएको छैन।

उनी विरुद्ध सम्पत्ति शुद्धीकरण कसुरमा छुट्टै अनुसन्धान थालेको बताइएको छ।

*यसरी भ्रष्टाचारै भ्रष्टाचारको कारण सत्तामा जाने दलहरूले भदौ २२ मा फर्कने जमर्को गरेको देखिन्छ।*




# हाम्रो स्वास्थ्य

## मनोवैज्ञानिक प्राथमिक उपचार र यसको आवश्यकता



प्राडा धनरत्न शाक्य

### १. मनोवैज्ञानिक प्राथमिक उपचार किन ?

समस्या वा चोट पर्दा त्यो थाहा पाएर आफूले सकेको कोसिस गर्नु, कदम चाल्नु र आवश्यक परेमा अरूबाट सहयोग लिनु भनेको अस्तित्वको लागि उपयुक्त पहुँच हो। यसको निर्दिष्ट ज्ञान, अनुभव, सीप, तालिम वा दक्षताबिना यस्तो समस्याग्रस्त अवस्थामा चालिने कदम उपयुक्त नभएमा थप जटिल बन्नसक्छ एकातिर भने अर्कोतिर यस्ता कदम नलिँदा समस्या झन् जटिल र कडा बन्न जान्छ। यस्तो अवस्थामा के कस्ता कदम कसरी उठाउँदा राम्रो हुन्छ भन्ने जानकारी राख्नुपर्ने हुन्छ।

नेपालमा व्यक्तिगत (खतरा बढी तर तनाव व्यवस्थापनबारे शिक्षा, कुराकानी र जानकारी नगन्य भएको), पारिवारिक ( जस्तैः वैदेशिक रोजगारीको परिप्रेक्ष्यमा विशेष गरेर निगरानी, साथसहयोग कम तर कलह, झैंझगडा, बैमनस्यता ज्यादा भएको), सामाजिक (जस्तैः भरोसा, सद्भावना, सुशासनको अभाव र परिवर्तनशील सामाजिक व्यवस्था र संरचनामा सहयोगको कमी भएको) र राज्यको तहमा (जस्तैः राजनीतिक अस्थिरता, गरिबी, प्राकृतिक प्रकोप ब्याप्त भएको) तनाव, विपद् र समस्या बढी भएको समयकाल र परिस्थिति छ।

तर, सर्वसाधारणदेखि उच्च पठित सबैमा यसको सरोकार, साक्षरता र जानकारीको कमी देखिन्छ। समयमै उपयुक्त कदम चाल्न नसक्दा रोकथाम हुनसक्ने कतिपय जटिलताहरू भइरहेको देखिन्छ। यस्तो परिप्रेक्ष्यमा मानसिक रोगको भार, आत्महत्या, हत्या, हिंसा, दुर्घटना र अशान्ति शारीरिक रोग र चोटपटक जस्तै ब्याप्त छ। शारीरिक चोटपटकमा जस्तै मानसिक चोट, मनोवैज्ञानिक आघातमा पनि प्राथमिक उपचारको आवश्यकता पर्दछ।

### २. मनोवैज्ञानिक प्राथमिक उपचार के हो ?

मानसिक चोट, मनोवैज्ञानिक आघात लागेका वा बेचैनीमा रहेका मानिसलाई सघाउने सीप, कला, ज्ञान वा प्रक्रियालाई मनोवैज्ञानिक प्राथमिक उपचार (psychological first aid) भनिन्छ। अप्ठ्यारो परिस्थितिमा रहेका मानिसलाई शान्त पार्ने र परिस्थितिसँग जुध्न सघाउने प्रक्रिया नै मनोसामाजिक समस्याको मनोवैज्ञानिक प्राथमिक उपचार हो। शरीरमा चोटपटक लाग्दा उपचारमा पुग्न अगाडि प्राथमिक उपचारको आवश्यकता हुन्छ। जीवनमा हर समय नयाँ परिस्थिति, सङ्घर्ष, समस्या आइपर्छ। त्यस्तोमा समायोजनको लागि विशेष पहल गर्नुपर्छ। यस्तो अवस्थालाई तनाव भनिन्छ र तनाव सकारात्मक, नकारात्मक वा तटस्थ खालको हुनसक्छ।

कतिपयलाई त्यस्तो अवस्थामा समायोजन गर्न गाह्रोसाह्रो परी बेचैनी पैदा हुन्छ। त्यस्तो अवस्थामा व्यक्तिलाई परिस्थितिसँग जुध्न सरल बनाउने र मन शान्त पार्ने उद्देश्यले अर्को मान्छेले सघाउने जुन प्रक्रिया हुन्छ, त्यही नै मनोवैज्ञानिक प्राथमिक उपचार हो। यस हिसाबले हरेक व्यक्तिलाई प्राथमिक स्वास्थ्य उपचारको ज्ञान, सीप र दक्षता जरुरी हुन्छ। र, यो सिक्न सकिन्छ।

मनोवैज्ञानिक प्राथमिक उपचारको सीप भनेको–

**क.** परिस्थितिलाई कसरी बुझ्ने वा मूल्याङ्कन गर्ने,

**ख.** विपद्को बेलामा के कस्ता प्रतिक्रियाहरू हुन्छन्,

**ग.** यस्ता बेचैन मान्छेहरूसँग कसरी पहुँच राख्ने,

**घ.** यस्ता व्यक्तिलाई कसरी शान्त बनाउने, र

**ङ.** कसरी भावनात्मक सहयोग तथा व्यावहारिक सहायता पुऱ्याउने भनेर जान्नु हो।

विपद्मा बेचैनीमा रहेका व्यक्तिलाई शान्त महसुस गराउनु, उसका आवश्यकता र पिरहरू बुझ्नु, उसलाई थप हानि नहोस् भनेर बचाउनु, उसलाई भावनात्मक सहायता प्रदान गर्नु, उसका तत्कालका आधारभूत आवश्यकताहरू पूरा गर्न सघाउनु तथा आवश्यक जानकारी, सेवा वा सामाजिक सहायता प्रदान गर्नु मनोवैज्ञानिक प्राथमिक उपचारका अंशहरू हुन्।

प्राथमिक मनोवैज्ञानिक उपचार भनेको स्वास्थ्यकर्मीको सम्पर्कमा जानुभन्दा पहिले चालिने कदम, उठाइने प्रयास हो। यो उपचार, मनोपरामर्श वा थेरापी होइन, यो घटनाको विस्तृत छलफल, विवरण विश्लेषण होइन, घटनाबारे विवरण उल्लेख गर्न दबाब दिनु पनि होइन। न यो घटनाप्रतिको दृष्टिकोण, अनुभूति वा प्रतिक्रिया नै हो।

### ३. मनोवैज्ञानिक प्राथमिक उपचार कसले कसलाई दिने ?

समस्या, विपद् वा तनाव जो कसैलाई हुनसक्छ। यस्तोमा कतिपयले जुध्न सक्छ भने कतिपयलाई गाह्रो भई बेचैनी हुन्छ, समस्यासँग जुझ्न अप्ठ्यारो हुन्छ र उनीहरूलाई सहयोगको जरुरी हुन्छ। विशेष गरेर विपद्, सङ्घर्ष, हिंसाको अवस्थामा यस्तो बेचैनी वा तनावको अवस्था आइपर्छ। यस्तोमा मानिसहरूले विभिन्न किसिमले प्रतिक्रिया जनाउँछन्, कतिपयले आफैं परिस्थितिको सामना गर्दछन्। सबैले यस्तो बेलामा अरूको सहयोग चाहन्छ वा आवश्यक हुन्छ भन्ने होइन तर

कतिपयलाई अरूको सहयोग जरुरी हुनसक्छ ।

अक्सर विपद् वा समस्या भइरहेको अवस्थामा वा केही समयपछि नै यस्तो सहायताको जरुरी पर्नसक्छ तर घटना भएको जुनसुकै अवस्थामा, निकै पछिसम्म पनि उसलाई सहयोगको जरुरी पर्नसक्छ । यस्तो बेलामा शान्त र डिस्टर्ब नहुने ठाउँमा यस्तो सहायता प्रदान गर्नु पर्छ । विशेष गरेर यौन हिंसा जस्ता कुराहरूमा गोपनियताको जरुरी हुन्छ र यस्तोमा व्यक्तिको मर्यादाको ख्याल राख्नुपर्ने हुन्छ । यस्तो सहायता जो कोही भोलेन्टियर, साथीभाइ, शिक्षक, धार्मिक गुरुदेखि लिएर जनमानस, जो कसैले पनि प्रदान गर्नुपर्ने हुनसक्छ ।

### ४. मनोवैज्ञानिक प्राथमिक उपचारमा के गर्नुपर्ने हो?

यस्तो खालको सहयोग व्यक्तिले औपचारिक तालिम नपाए पनि समस्या परेको व्यक्तिको कुरा सुन्न, उसलाई सहयोग गर्न, उसलाई शान्त बनाउन र परिस्थितिसँग सामना गर्न सघाउनको लागि आवश्यक हुन्छ । यसरी सघाउने व्यक्तिले घटनास्थल वा परिस्थितिलाई नजिकबाट नियाल्नु (look) जरुरी हुन्छ । व्यक्तिसँग घटना र उसको आवश्यकता र अवस्थाको बारेमा सोध्न र उसको कुरा सुन्न, बुझ्न (listen) जरुरी हुन्छ । उसको कुरा सुनेर बुझेर आवश्यकता, अवस्था र परिस्थितिअनुसार कदम उठाउन र सम्बोधन (link) गर्न जरुरी छ । घटना के कस्तो भएको थियो वा भइरहेछ, कसलाई सहयोग जरुरी हुन्छ, सुरक्षा र हानिको खतरा, शारीरिक चोटपटक, तत्काल आवश्यक आधारभूत र व्यावहारिक आवश्यकताहरू, व्यक्तिमा देखिएका भावनात्मक प्रतिक्रियाहरू नजिकबाट नियाल्न, अवलोकन (look) गर्न जरुरी हुन्छ ।

समस्यामा रहेका बेचैन व्यक्तिको पहुँचमा पुगेर, आफ्नो परिचय दिएर उसको समस्या ध्यान दिएर सुन्न, बुझ्न (listen) जरुरी हुन्छ । उसका अनुभूतिहरूलाई शान्तपूर्वक सुन्न र उसका आवश्यकता र सरोकार के छन् भनेर बुझ्न जरुरी हुन्छ । उसको आवश्यकता अनुसारको उपयोगी जानकारी दिन, उसका आफन्त र सामाजिक सहायता श्रोतसँग जोडिन (link), व्यावहारिक समस्याहरू समाधान गर्न र आवश्यक स्वास्थ्य वा अन्य सेवाहरूको पहुँचमा पुग्न सघाउन जरुरी हुन्छ ।

### ५. ढिला नगरी उपचारमा पुऱ्याउनुपर्ने अवस्था कस्तो हो ?

यदि व्यक्तिमा मानसिक लक्षणहरू पैदा भए, अवस्था जटिल भएर गए, भनेको मतलब लामो समय रहे, उसको काम कारबाहीमा असर पऱ्यो, विविध पाटाहरूमा उसको नियन्त्रणभन्दा बाहिर जाने हिसाबले असर गरेको छ र अरू पनि लक्षणहरू पैदा भएका छन् भने, यस्तो अवस्थामा व्यक्ति समयमै उपचार सेवामा पुग्नुपर्ने हुन्छ । शारीरिक चोटपटक लागेर चिकित्सकीय सेवा चाहिने, यौन हिंसा, धेरै व्यक्तिहरूलाई एकसाथ सहयोग जरुरी भएको अवस्था, बच्चा, महिला, अपाङ्ग वा निश्चित आवश्यकता भएका वा अघि भनिए जस्तै विविध खालका लक्षणहरू उत्पन्न भएका व्यक्तिहरूलाई तत्काल उपचारका लागि सघाउनुपर्ने हुन्छ ।

यस्ता व्यक्तिहरूमा विभिन्न खालका व्यवहार, बोली अनुभूति वा भावना, सोच, ज्ञानेन्द्रिय ज्ञान, होस्, चेत, स्मृति, बुद्धि, निर्णय क्षमता वा अन्तरज्ञानमा गडबडी आउने लक्षणहरू हावी हुने, नशालु पदार्थहरूको सेवन गर्ने वा आफैलाई हानि पुऱ्याउने वा आत्महत्या गर्ने व्यवहारहरू भएमा यस्तो अवस्थालाई जटिल अवस्था मानेर तत्काल उपचार सेवामा पुऱ्याउनको लागि सघाउनुपर्ने हुन्छ ।

### ६. मनोवैज्ञानिक प्राथमिक उपचारका मुख्य अङ्गहरू के के हुन् ?

मनोवैज्ञानिक प्राथमिक उपचारका मुख्य अङ्गहरूमा :

१. सबभन्दा पहिले उसलाई व्यावहारिक रूपमा हेर विचार र सहायता पुऱ्याउनु,

२. उसका आवश्यकता र सरोकारहरू बुझ्नु,

३. उसका आधारभूत आवश्यकताहरू पूर्ति गर्न सघाउनु,

४. उसको कुरा सुन्नु तर बोल्न दबाब नदिनु,

५. उसलाई शान्त र आरामदायी रहन सघाउनु,

६. आवश्यक सेवा र जानकारी प्रदान गर्नु र जोड्नु,

७. उसलाई थप अरू हानि नहोस् भनेर चनाखो हुनु,

८. विशेष गरेर बालक, महिला, अपाङ्ग, अल्पसङ्ख्यक व्यक्तिहरूलाई मानसिक मनोवैज्ञानिक हिसाबले आघात पर्ने विशेष खतरा रहेकाले होसियार रहनु पर्दछ ।

व्यक्तिको सांस्कृतिक, सामाजिक, शैक्षिक र बौद्धिक क्षमता र पृष्ठभूमिको आधारमा उपयुक्त ढङ्गले व्यवहार र सहयोग गर्न जरुरी हुन्छ ।

### ७. मेरो भन्नु यति छ :

व्यक्ति, परिवार, समाज, सङ्घ, संस्था, स्थानीय सरकारदेखि केन्द्रसम्म सबैले यसबारे सरोकार, सुचना, व्यवस्था, सञ्जाल, सम्बन्ध (कनेक्सन), प्रणाली (सिस्टम), जानकारी, कार्यक्रमहरू, तालिम इत्यादिको लागि आवश्यक पैरवी र आवाजको उत्थान गर्दै हर तहमा समावेश गर्न जरुरी हुन्छ । शारीरिक रोग, चोट, समस्यामा जस्तै रेडक्रस जस्ता संस्थाहरूले मनोवैज्ञानिक प्राथमिक उपचारमा कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

मनोवैज्ञानिक प्राथमिक उपचारको पनि नियमित र निरन्तर कार्यक्रम, परियोजना र बजेट हुनुपर्छ । स्कुल, क्लब, सङ्घ-संस्था, समाज, उद्योगहरू मार्फत यसबारे आवश्यक कला, जानकारी, ज्ञान दिएर सबलाई सबल बनाउन तालिम, कार्यक्रम आवश्यक हुन्छ । यसबारे जानकारी सबैलाई जरुरी हुन्छ । त्यसैले, यो सामग्री बढीभन्दा बढी मानिसहरू, आफ्ना प्रियजन, आफन्त, नातागोता, साथीभाइ, सहकर्मीहरूसम्म पुऱ्याउन, शेयर गर्न हार्दिक अनुरोध गर्दछु ।

(डा. शाक्य वरिष्ठ स्नायु, दुर्व्यसन तथा मनोरोग विशेषज्ञ)

स्वास्थ्य खबरपत्रिका

## आ.व. २०८२/८३ मंसिर महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ६४८ | ६३७ | ६४५ | ७३९ | ८४० | ७४० | ६४३ | ६०० | ५७३ | ५३८ | ६२९ | ४७८ | ४१९ | ४५५ | ३११ |
| ■ सार्क तथा चिनियाँ | २३१ | २४० | २५४ | १२५ | ४६३ | ३३८ | ३४१ | १६२ | २४२ | १८८ | १८५ | २०५ | ३२० | १९७ | ३०६ |

| गते ➡ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २५८ | २८४ | ३८५ | ३२८ | ३५२ | ३७६ | ३८८ | १८९ | १८५ | २०२ | २२६ | २१३ | १९० | ९४ |
| ■ सार्क तथा चिनियाँ | १२६ | १८९ | ७८ | २४० | २०० | २४० | १७७ | २६३ | २०६ | १४९ | २५८ | १८० | २३० | २५८ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक सङ्ख्या |
|---|---|---|---|
| २०८२ मंसिर | १२,५६५ | ६,५९१ | १९,१५६ |
| २०८१ मंसिर | १४,१२८ | ८,८५५ | २२,९८३ |
| प्रगति | -१,५६३ | -२,२६४ | -३,८२७ |

सम्पादकको पृष्ठ

# उत्सवमय मङ्सिर

सांस्कृतिक नगर भक्तपुरमा बितेको मङ्सिर महिना दुईवटा प्रतियोगिताले उल्लासमय बन्यो– योमारी प्रदर्शनी तथा प्रतियोगिता र विद्यालयस्तरीय खेलकुद प्रतियोगिता। पाँच दिनको अन्तरमा भएका यी दुई प्रतियोगिताले भक्तपुर नगर उत्सवमय बनेको थियो।

मङसिर २० गते योमारी उत्सव मनाइयो। योमारी पुन्हि नेवारहरूको एउटा महत्त्वपूर्ण चाड हो। योमारी सांस्कृतिक सभ्यताको परिचय, संस्कृतिको ज्वलन्त प्रमाणका साथै सीप र कलाको मूर्त सम्पदा पनि हो।

यही सीप र कला प्रदर्शनीको लागि भक्तपुर नपाको आयोजनामा प्रतियोगिता गरिएको थियो। प्रतियोगीहरूले थरीथरीका योमारी बनाई प्रदर्शन गरेका थिए। परम्परागत सीप र कलालाई नयाँ पुस्तामा सम्प्रेषण गर्न प्रतियोगिताको आयोजनाले धेरैलाई उत्साहित बनायो। त्यस प्रतियोगितामा व्यक्ति र संस्थाको लागि ६८ स्टल राखिएका थिए। प्रदर्शनीको अवलोकन गर्न आन्तरिक र बाह्य पर्यटकहरूको घुइँचो लागेको थियो।

योमारी प्रतियोगिताकै क्रममा सांस्कृतिक नृत्य र बाजाको प्रदर्शनी भएको थियो भने विभिन्न स्थानमा परम्परागत खाजा स्टल राखिएको थियो। यस्तो गतिविधिले भक्तपुरको सांस्कृतिक सम्पन्नताका उजागर गर्नुका साथै भक्तपुरको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने निश्चित छ। यस्तो प्रदर्शनी र प्रतियोगिताले मौलिकता जोगाउँदै नयाँ पुस्तामा गर्विलो पहिचानबारे थप संवेदनशील बनाउने आशा गर्न सकिन्छ।

योमारी उत्सव सकिएको लगत्तै भक्तपुर नपाकै आयोजनामा मङ्सिर २५ गतेदेखि पुस १ गतेसम्म नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता भयो। विभिन्न १५ खेलमा ८४ वटा विद्यालयका ३,२९१, जना खेलाडीले प्रतिस्पर्धा गरे। १० वटै वडामा विभिन्न खेलहरू सञ्चालन गरिँदा त्यो हप्ता नगर खेलकुदमय बन्यो।

स्वास्थ्यको लागि आवश्यक खेलकुदमा विद्यार्थी जीवनदेखि नै लागेकाहरूको स्वास्थ्यमा जति सकारात्मक प्रभाव पर्छ त्यतिकै अनुशासन, सामुहिक भावना, रचनात्मक प्रतिस्पर्धाको बानीको विकासमा पनि ठूलो मद्दत गर्छ। भोलीका कर्णधारहरूमा यस्तो भावना र बानीको संस्कृतिले हाम्रो भविष्य उजिल्याउन टेवा पुग्ने आशालाई खँदिलो बनाउने छ।

खेलकुद क्षेत्र आजको विश्वमा प्रतिष्ठाको एउटा नापो पनि हो। आजका कलिला र सिकारु खेलाडीबाटै भोली राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी खेलाडी उत्पादन हुने कुरामा दुईमत छैन। यही उद्देश्य र विश्वासले भक्तपुर नपाले हरेक वर्ष विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको आयोजना गर्दै आएको हो। हरेक वर्ष नगरस्तरीय खेलकुद प्रतियोगिताको पनि आयोजना गरिरहेको छ।

भक्तपुर नपाले खेलकुद प्रतियोगितामात्र गरिरहेको छैन, शिक्षकहरूलाई खेल प्रशिक्षक प्रशिक्षण, विद्यालयहरूलाई खेलकुद सामग्री वितरण, अन्य संस्थाले गर्ने प्रतियोगिताहरूलाई सहयोग, उत्कृष्ट खेलाडीहरूको वार्षिक सम्मान गरिरहेको छ र खेलका मैदान र कभर्ड हल निर्माणमा जोड दिँदै आएको छ।

भक्तपुर नपाको यो निरन्तरको प्रयासले हाम्रो देशले पनि खेल क्षेत्रमा भोली विश्व चर्चित खेलाडी उत्पादन गर्नमा टेवा पुग्ने बलियो पूर्वाधार खडा गर्ने छ।



भक्तपुर नपाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा ख्वप कलेज अफ इन्जिनियरिङको दोस्रो कलेज सभा सम्पन्न । मङ्सिर २४ गते



भक्तपुर नपाले 'राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य दिवस २०८२' को अवसरमा नगरपालिकाका तीन जना उत्कृष्ट स्वास्थ्य स्वयमसेविकाहरू पुरस्कृत । मङ्सिर १९ गते




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)बाट भक्तपुर नपाको आयोजनामा दत्तात्रयमा योमारी प्रतियोगिता तथा प्रदर्शनीको पानसमा दीप प्रज्वलन गरी उद्घाटन । मङ्सिर २० गते